# रास्कोट नगरपालिकाको शिक्षा क्षेत्रको १० वर्षे योजना

## (आ.व. २०८१/०८२ – २०९०/०९१)

**शिक्षा, युवा तथा खेलकुद शाखा**
**नगर कार्यपालिकाको कार्यालय**
**रास्कोट नगरपालिका**
**रास्कोट, कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**

**प्रकाशन मिति : २०८१ पौष २९**

## विषय सूची


**शिक्षा क्षेत्रको १० वर्षे योजना निर्माणमा संलग्न बिभिन्न समिति तथा पदाधिकारीहरू** ........ i

**विषय प्रवेश** ........ vii

**क) भूमिका** ........ vii

**ख ) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य** ........ vii

**ग) योजना निर्माणका आधारहरु** ........ vii

**घ) योजना निर्माणको प्रक्रिया** ........ viii

**ङ) योजनाको लेखाजोखा** ........ viii

**परिच्छेद : १ परिचय** ........ **१**

**१.१ पृष्ठभूमि** ........ 1

१अवधारणा १.१. 1

१ रास्कोटको २.१.ऐतिहासीक परिचय 1

१भौगोलिक अवस्थिति ३.१. 2

१जनसाङ्खिकीय संरचना ४.१. 2

१सामाजिक सांस्कृतिक अवस्था ५.१. 3

१नगरपालिकाको शिक्षा तथा साक्षरताको अवस्था ६.१. 3

१आर्थिक अवस्था ७.१. ६

१विगतका योजनाको प्रगति समीक्षा ८.१. ६

१शिक्षा क्षेत्रका प्रमुख समस्या तथा चुनौतिहरु ९.१. ६

१शिक्षा क्षेत्रका अवसरहरु १०.१. ८

**परिच्छेद २: दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण** ........ **९**

**२.१ सन्दर्भ, औचित्य र आधार** ........ ९

**२.२ दूरदृष्टि** ........ ९

**२.२ लक्ष्य** ........ ९

**२.३ उद्देश्य तथा रणनीति** ........ 10

**२.४ उपलब्धि तथा प्रमुख नतिजा** ........ 15

**२.५ प्रमुख कार्यसम्पादन सूचकहरु र लक्ष्य निर्धारण** ........ 16

**परिच्छेद: ३ विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र** ........ **२४**

**३.१ प्रारम्भिक बाल विकास र शिक्षा** ........ २४

३परिचय १.१. २४

३१..२ वर्तमान अवस्था २४

३रचुनौति तथा अवस  .३.१. 24
३लक्ष्य ४.१. 24
३उद्देश्य ५.१. 24
३ रणनीति ६.१./ क्रियाकलाप 24
३.१प्रमुख उपलब्धि तथा नतिजा ७. **Error! Bookmark not defined.**

**३.२ आधारभूत शिक्षा** ......3

३यपरिच १.२. 3
३वर्तमान अवस्था २.२. 3
३चु ३.२.नौती तथा अवसर 4
३लक्ष्य ४.२. 4
३उद्देश्यहरु ५.२. 4
३रणनीतिहरु .६.२. 5
३तथा परिमाणात्मक लक्ष्य प्रमुख क्रियाकलाप ७.२. 8

**३.३ माध्यमिक शिक्षा** ......10

३परिचय .१.३. 10
३वर्तमान अवस्था .२.३. 10
३चुनौती र अवसर .३.३. 11
३उ .४.३.द्देश्यहरु 12
३रणनीतिहरु ५.३. 12
३प्रमुख उपलव्धि तथा नतिजा ६.३. 14
३७.३. प्रमुख क्रियाकलाप तथा लक्ष्य 16

**३.४ अनौपचारिक शिक्षा र जीवनपर्यन्त शिक्षा**......20

३.४.१ परिचय 20
३.४.२ वर्तमान अवस्था 20
३.४.३ अवसर तथा चुनौतीहरु 20
३.४.४ लक्ष्य 21
३.४.५ उद्देश्यहरु 21
३.४.६ रणनीति 21
३.४.७ प्रमुख उपलब्धि तथा नतिजा 21
३.४.८ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य 23

**परिच्छेद – ४ अन्तरसम्बन्धित विषय तथा क्षेत्र** ......24

**४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाई सामग्री तथा मूल्याङ्कन** ......24

४.१परिचय . . 24
४.१.२ उद्देश्यहरू 25
४.१.३ रणनीतिहरु 25
४.१.४ प्रमुख उपलब्धि तथा  नतिजा 25
४.१.५ क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य 27

**४.२ शिक्षक व्यवस्थापन र विकास** ......29

४.२ परिचय . 29
४२.२. वर्तमान अवस्था 29
४.२.३ चुनौती र अवसर 35
४.२.४ उद्देश्यहरू 35
४.२.५ रणनीतिहरु 36
४.२.६ प्रमुख पलउब्धि, तथा नतिजा, 37
४.२.७ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य 38

**४.३ शिक्षामा समता र समावेशीकरण**.......................................................................................................42

४ .३.१ वर्तमान अवस्था 42
४.३.२ लक्ष्य 42
४.३.३ उद्धेश्य 42
४.३.४ रणनीति 43
४.३.५ प्रमुख उपलब्धि तथा नतिजा 43
४.३.६ प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य 45

**४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम** .........................................................................................46

४.४.१ परिचय 46
४.४.२ लक्ष्य 46
४.४.३ उद्देश्य 46
४.४.४ रणनीतिहरु 46
४.४.५ प्रमुख उपलब्धि तथा नतिजा 47
४.४.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य 49

४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता.................................................................... ७७

४.५.१ वर्तमान अवस्था ७७
४.५.२ लक्ष्य ७७
४.५.३ उद्धेश्य ७७
४.५.४ रणनीतिहरु ७७
४.५.५ प्रमुख उपलब्धि तथा नतिजा ७८
४.५.६ प्र मुक लक्ष्यख क्रियाकलाप र परिणात्म ८०

४.६ विद्यालय भौतिक पूर्वाधार विकास.......................................................................................................... ८२

४.६.१ वर्तमान अवस्था ८२
४.६.२ लक्ष्य ८२
४.६.३ उद्धेश्य ८२
४.६.४ रणनीति ८२
४.६.५प्रमुख उपलब्धि तथा नतिजा ८३
४.६.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ८५

४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि............................................................................................. ८७

४.७.१ वर्तमान अवस्था ८७
४.७.२ लक्ष्य ८७
४.७.३ उद्धेश्य ८७

४.७.४ रणनीतिहरु ८७
४.७.५ प्रमुख उपलब्धि र नतिजा ८८
४.७.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ९०
**परिच्छेद -५ अन्य उप-क्षेत्र** ........ **९१**

**५.१ उच्च शिक्षाको व्यवस्थापन** ........ ९१

५.१.१ वर्तमान अवस्था ९१
५.१.२ चुनौती र अवसर ९१
५.१.३ उद्देश्य ९२
५.१.४ रणनीति ९२
५.१.५ प्रमुख उपलब्धि र नतिजा ९२
५.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ९४
**परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन** ........ **९५**

६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ........ ९५

६.१.१ परिचय ९५
६.१.२ वर्तमान अवस्था ९५
६.१.३ चुनौति र अवसर ९६
६.१.४ उद्धेश्य ९७
६.१.५ रणनीतिहरु ९७
६.१.६ प्रमुख उपलब्धि तथा परिमाणात्मक लक्ष्य ९८
**६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध** ........ १०१

६.२.१ वर्तमान अवस्था १०१
६.२.२ लक्ष्य. १०१
६.२.३ उद्धेश्य १०१
६.२.४ रणनीतिहरु १०२
६.२.५ मुख उपलब्धि तथा नतिजाप्र १०२
६.२.१ प्रमुख क्रियाकलाप र परिमाणत्मक लक्ष्य १०४
**परिच्छेद :७ लगानि र स्रोत व्यवस्थापन** ........ **१०५**

७.१ परिचय ........ १०५

७.२ वर्तमान अवस्था ........ १०६

७.३ चुनौतीतथा अवसरहरु ........ १०६

७.४ लक्ष्य ........ १०६

७.५ उदेश्य : ........ १०६

७.६ रणनीति ........ १०६

७.७ प्रमुख उपलब्धि र नतिजा ........ १०७

७.८ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष ........ १०८

७.९ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान ........ १०९

**परिच्छेद ८: अनुगमन तथा मूल्याङ्कन ........ ११३**

८.१ वर्तमान अवस्था ........ ११३

८.२ लक्ष्य ........ ११३

८.३ उद्देश्य ........ ११३

८.४ रणनीतिहरू ........ ११४

८.५ प्रमुख उपलब्धि र नतिजा ........ ११४

८.९ प्रमुख क्रियाकलाप र परिणात्मक लक्ष्य ........ ११६

अनुसूचीहरू ११७

**सन्दर्भ सामग्रीहरू** १२२

# शिक्षा क्षेत्रको १० वर्षे योजना निर्माणमा संलग्न बिभिन्न समिति तथा पदाधिकारीहरू

**संरक्षक समितिः**

श्री धर्मराज शाही, नगर प्रमुख - संयोजक
श्री मनिराज बराल, नगर उप-प्रमुख -सदस्य
श्री जवानसिंह बम, प्रमुख प्रशासकीय अधिकृत, - सदस्य
श्री मन तिरुवा, सामाजिक विकास समिति संयोजक -सदस्य
श्री दिनेश संज्याल, वडा नं. ४ अध्यक्ष - सदस्य
श्री अमरराज नाथ योगी, प्र. अ. श्री मोतिराम मा. वि, सेराचौर -सदस्य
श्री नगराज उपाध्याय, प्र. अ. श्री जनाजागृति मा. वि, फुकोट - सदस्य
श्री सरिता भटराई, शाखा प्रमुख योजना विकास - सदस्य
श्री जनकराज न्यौपाने, शाखा प्रमुख स्वास्थ्य शाखा - सदस्य
श्री कलराज न्यौपाने, विपत सम्मपर्क व्यक्ति - सदस्य
श्री अबिलाल बराल, अध्यक्ष, शिक्षक महासंघ - सदस्य
श्री बिर्ख थापा, अध्यक्ष, वि व्य स कालासिल्ला मा. वि. - सदस्य
श्री दिनेश शाही, अध्यक्ष, शि. अ. स. वडिमालिका मा. वि. - सदस्य
श्री पुष्पा रोकाया, बालकल्याण अधिकारी, महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा- सदस्य
श्री खेमराज शाही, शाखा प्रमुख शिक्षा युवा तथा खेलकुद शाख - सदस्य सचिव

**सल्लाहकारहरुः**

श्री मनिराज बराल, नगर उप- प्रमुख - संयोजक
श्री सरद पौडेल - सदस्य
श्री फर्सुराम पन्थ, युनिसेफ नेपाल - सदस्य
श्री हरिभक्त तिवारी, स्याक नेपाल - सदस्य
श्री लक्ष्मी बराल, शिक्षा स्रोत व्यक्ति, रास्कोट नगरपालिका - सदस्य

**योजना निर्माण कार्यदलः**

श्री खेमराज शाही, शिक्षा शाखा प्रमुख - संयोजक
श्री वेदप्रसाद बराल, प्र अ पिङ्गला देवि आ वि तल्कोट - सदस्य
श्री तपराज न्यौपाने, प्र अ मालिका आ वि कोलिगाँउ - सदस्य
श्री हुकुम शाही, प्रमुख पञ्जिकरण शाखा - सदस्य
श्री डम्बर महरा, प्रमुख, राजश्व शाखा - सदस्य
श्री ध्रुब नाथ योगी,शिक्षा अधिकृत, स्याक नेपाल - सदस्य
श्री दल बहादुर जि.सी, शिक्षा प्रा. स. रास्कोट नगरपालिका - सदस्य सचिव

**विषयगत लेखन उप समितिहरूः**

**प्रारम्भिका बालविकास र शिक्षामा समानता र समावेशीकरण**

संयोजक श्री नगराज उपाध्याय
सदस्य श्री हुकुम शाही

सदस्य श्री राजु कुमारी शाही
सदस्य श्री पुष्पा रोकाया

**आधारभूत शिक्षा र विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम**

संयोजक श्री अमरराज नाथ योगी
सदस्य श्री जनकराज न्यौपाने
सदस्य श्री दल बहादुर जि.सी.

**माध्यमिक शिक्षा र विद्यालय सुरक्षा, विपत न्यूनीकरण तथा उत्थानशिलता**

संयोजक श्री पुष्पराज बराल
सदस्य श्री कलराज न्यौपाने
सदस्य श्री लक्ष्मीप्रसाद बराल

**अनौपचारिक शिक्षा र आजीवन सिकाइ र लगानि र स्रोत व्यवस्थापन**

संयोजक श्री वेदप्रसाद बराल
सदस्य श्री दिनेश शाही
सदस्य श्री सरस्वती वली
सदस्य श्री हरिश्चन्द्र बराल

**अन्तर सम्बन्धित बिषय र क्षेत्र हरु:**
**पाठ्यक्रम र मुल्याङ्कन, विद्यालयमा सूचना तथा सञ्चार प्रविधि**

संयोजक श्री देवराज चौलागाई
सदस्य श्री डम्बर महरा
सदस्य श्री नगेन्द्र आचार्य

**शिक्षक व्यवस्थापन र विकास, सुशासन तथा व्यवस्थापन**

संयोजक श्री तपराज न्यौपाने
सदस्य श्री प्रेम नाथ योगी
सदस्य श्री महाप्रसाद बराल

**अनुगमन तथा मूल्याङ्कन**

संयोजक श्री खेमराज शाही
सदस्य श्री पुष्पराज बराल
सदस्य श्री प्रभुलाल न्यौपाने
सदस्य श्री देवराज चौलागाई
सदस्य श्री हरिभक्त तिवारी

**प्राविधिक सहयोग**

यूनिसेफ नेपाल
समाज जागरण केन्द्र (स्याक) नेपाल, विरेन्द्रनगर नगरपालिका सुर्खेत

## मेरो भनाइ

असल र गुणस्तरीय शिक्षाले व्यक्ति, परिवार, समाज र राष्ट्रको विकासका लागि अहम् मद्दत गरिरहेको हुन्छ । गुणस्तरीय शिक्षाको विकासका लागि प्रभावकारी र उपयुक्त योजनाको खाँचो रहेको हुन्छ । सही र वास्तविक योजनाले मात्र शैक्षिक विकासलाई गति दिन्छ र गन्तव्यसम्म पुऱ्याउने काम गर्दछ । नेपाल सरकारले तय गरेको विद्यालय शिक्षा क्षेत्र योजना तथा कर्णाली प्रदेश सरकारले तयार पारेको नयाँ शिक्षा क्षेत्र योजनासँगै तादाम्यता मिलाउने गरी यस रास्कोट नगरपालिकाले पनि वर्तमान शैक्षिक अवस्थाको विश्लेषण र समीक्षा गर्दै आगामी शैक्षिक विकासका कार्यक्रमहरु समावेश गरी यो दशवर्षीय शिक्षा योजना (२०८०/०८१-२०९०/०९१) तयार पारेको छ, जसलाई आगामी शैक्षिक सत्र २०८२ सालको वैशाख महिनादेखि कार्यान्वयन गरिनेछ ।

नेपालको संविधान २०७२ ले आधारभूत तथा माध्यमिक शिक्षाको अधिकार स्थानीय तहमा स्थापित गरेसँगै आधारभूत तथा माध्यमिक शिक्षाको सञ्चालन, रेखदेख, व्यवस्थापन तथा नियमन गर्ने जिम्मेवारी स्थानीय तहको काँधमा आएको छ । नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्था अनुरुप शिक्षाको नविनतम संरचना तथा परिवेश अनुरुप रास्कोट नगरपालिका विद्यालय शिक्षा क्षेत्र योजनामा र त्यसको व्यवहारिक कार्यान्वयनमा जुटेको छ । संवैधानिक व्यवस्थामा भए बमोजिमको गुणस्तरीय शिक्षा प्राप्ति गर्न पाउने मानिसको नैसर्गिक अधिकारलाई संरक्षण गर्नका लागि यस नगरपालिकाले विभिन्न शैक्षिक कार्यहरु गर्दै आएको छ र ती कार्यहरुलाई थप व्यवस्थित र प्रभावकारी बनाउनका लागि यो योजना तयार पारिएको छ । गुणस्तरीय शिक्षामार्फत शिक्षित र सचेत बनाउदै सीपयुक्त दक्ष जनशक्तिको उत्पादन गरी समाज र राष्ट्रलाई विकसित बनाउनु हो । असल र गुणस्तरीय शिक्षाबिना सुन्दर र समृद्ध देशको परिकल्पना गर्न सकिदैन । त्यसैले व्यक्ति, परिवार, समाज र राष्ट्रको समुन्नत विकासका लागि शिक्षा क्षेत्रको विकासलाई प्राथमिकतामा राख्ने गरी यस रास्कोट नगर शिक्षा योजनाको लक्ष्य, उद्देश्य, रणनीति एवम् त्यसका आधारमा अनुमानित बजेट सहित शैक्षिक क्रियाकलापहरु तय गरेको छ । जसले गर्दा यस योजनालाई रास्कोट नगरपालिकाको शिक्षा क्षेत्र सुधार र विकासको एक महत्वपूर्ण दस्तावेज मान्न सकिन्छ ।

रास्कोट नगरपालिकाको समग्र शैक्षिक विकास तथा सुधारका लागि तयार पारिएको यस दशवर्षीय शिक्षा योजनाले शिक्षाका विभिन्न उपक्षेत्र अन्तर्गत शिक्षामा सबै बालबालिकाहरुको पहुँच तथा प्रभावकारिता, विद्यालयको भौतिक पूर्वाधार निर्माण तथा विकास,विद्यालय व्यवस्थापन, शिक्षक व्यवस्थापन र विकास, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोग, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा प्राप्तिको निरन्तरता , शैक्षिक गुणस्तर सुधार, नियमित विद्यालय अनुगमन, सुपरिवेक्षण, अवलोकन, पृष्ठपोषण र मूल्याङ्कन, शैक्षिक जनशक्तिहरुको क्षमता विकास तथा पेशाप्रतिको लगाव, गुणस्तरीय पाठ्यक्रम, पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री एव शैक्षिक सन्दर्भ सामग्रीको व्यवस्थापन र प्रयोग, समयानकुलको अनौचारिक शिक्षा तथा निरन्तर सिकाइ जस्ता महत्वपूर्ण विषयवस्तुलाई समावेश गरेको छ । संवैधानिक व्यवस्था अनुरुपको निःशुल्क र अनिवार्य आधारभूत शिक्षा एवं निःशुल्क माध्यमिक शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि रास्कोट नगरपालिका निरन्तर रुपमाप्रतिवद्ध र क्रियाशील हुँदै आएकोमा यस योजनाले उक्त कार्यका लागि थप महत्वपूर्ण सहयोग गर्ने अपेक्षा लिएको छु । यस शिक्षा योजनाले नगरपालिकाको समग्र शैक्षिक गुणस्तर सुधारका लागि नगरपालिकाका जनप्रतिनिधि, नगर शिक्षा समिति, विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र अभिभावकलाई थप जिम्मेवार र सक्रीय बनाउदै सम्पूर्ण शैक्षिक सरोकारवालहरूको भूमिका र जिम्मेवारी सशक्त हुन मद्दत गर्ने विश्वास लिएको छु ।

रास्कोट नगरपालिकाको शिक्षा क्षेत्रको विकासलाई योजनावद्ध र प्रभावकारी बनाउनका लागि तयार पारिएको यस दशवर्षीय शिक्षा योजनाको निर्माणमा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधिहरु, नगर शिक्षा समितिका पदाधिकारी ज्यूहरु, शिक्षा शाखाका राष्ट्रसेवकहरु, शिक्षा कार्दलका सम्पूर्ण पदाधिकारी ज्युहरु, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरु ,विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरु, आम अभिभावक , विद्यार्थी वर्ग लगायत सम्पूर्ण सरोकारवालाहरुलाई हृदय देखि नै धन्यवाद दिन चाहन्छु । साथै यस योजनामा समावेश भएका सम्पूर्ण शैक्षिक कार्यक्रमहरुको सफल कार्यान्वयनका लागि हरपल सहयोग गर्नेप्रतिवद्धता सहित आम सरोकारवालाहरु सबैमा योजनाको प्रभावकारी कार्यान्वयनमा सहयोग गर्न हार्दिक अपील गर्न चाहन्छु । धन्यवाद !

धर्मराज शाही
नगर प्रमुख

## मेरो भनाई

रास्कोट नगरपालिकाको समग्र शैक्षिक विकासलाई दिशानिर्देश गर्ने उद्देश्य सहित यस दशवर्षीय शिक्षा योजना निर्माण भएकोमा ज्यादै खुसी लागेको छ । शैक्षिक विकासको दुरदृष्टि बोकेको यस शिक्षा योजनाले नगरपालिकाको शैक्षिक गुणस्तर सुधार एवम् विकासका लागि महत्त्वपूर्ण योगदान गर्ने अपेक्षा गरेको छु । नेपाली जनताको त्याग, तपस्या र बलिदानीले मुलुकमा गणतान्त्रिक राज्य व्यवस्थाको प्राप्ति भएसंगै संविधान सभाबाट बनेको नेपालको संविधान, २०७२ ले शिक्षालाई नागरिकको नैसर्गिक अधिकारको रुपमा स्थापित गरेको छ । त्यतिमात्रै हैन नेपालको वर्तमान संविधानले आधारभूत तथा माध्यमिक शिक्षाको एकल अधिकार स्थान तहमा प्रत्यायोजन गरेसंगै आधारभूत तथा माध्यमिक शिक्षाको सञ्चालन, व्यवस्थापन तथा नियमन गर्ने दायित्व र जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भइ आएको छ । संवैधानिक रुपमा अधिकार प्रत्योजन भएतापनि स्पष्ट योजना, नीति नियम तथा कानूनको अभावले गर्दा अहिले शिक्षा क्षेत्रमा अस्तव्यस्तता एवम् अन्यौलता देखिएको छ । तिनै शिक्षा क्षेत्रमा देखिएका शैक्षिक अन्यौलता र व्यतिथिहरुलाई व्यवस्थापन एव समाधान गर्नका लागि एउटा उपयुक्त योजनाको आवश्यकता पर्ने महसुस गरी रास्कोट नगरपालिका कालिकोटले यो दशवर्षीय शिक्षा योजना (२०८०/०८१-२०९०/०९१) तयार पारेको छ ।

“ समृद्ध रास्कोट सबैको इच्छा एक मात्र विकल्प गुणस्तरीय शिक्षा” भन्ने दृघकालिन सोच सहित रास्कोट नगरपालिकाले नगरपालिका स्थापना भएको वर्षदेखि नै विद्यालय शिक्षाको विकास तथा सुधारका लागि विभिन्न शैक्षिक कार्यक्रमहरुमा जोड दिदै आएको छ । शिक्षाको बहुआयामिक महत्वलाई आत्मसात गर्दै हाम्रो संविधानले शिक्षालाइ मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । मुलुकको आर्थिक, सामाजिक, सांस्कृतिक, प्रशासनिक र भौतिक पूर्वाधार विकासको आधारशिलाका रूपमा लिइने शिक्षालाई विश्वभर मानव जीवनका लागि आवश्यक ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्ने महत्वपूर्ण माध्यमका रूपमा स्वीकार गरिएको छ । शिक्षालाइ आम जनताको पहुँचमा पुर्‍याउन एकातिर सामुदायिक शिक्षा प्रणाली प्रभावकारी तवरले अगाडि बढाउनुपर्ने छ भने अर्कोतिर गुणस्तरीय, जीवनोपयोगी, व्यवसायिक र प्राविधिक शिक्षाको प्रवद्धन गर्दै समग्र विकासका लागि आवश्यक जनशक्ति नगरभित्रै उत्पादन गर्न जोड दिनुपर्ने स्थिति छ । युवा विद्यार्थी, अभिभावकहरुलाई नगरमै गुणस्तरीय शिक्षा र रोजगारीको सुनिश्चितता गरी विश्वास जगाउनु आजको आवश्यकता रहेको छ। विद्यालयको भौतिक पूर्वाधार विकास, न्युन शिक्षक भएका विद्यालयहरुमा नगर अनुदानका शिक्षक दरबन्दिको व्यवस्थापन, बालविकास केन्द्रहरुको स्थापना तथा बालविकास सहजकर्ताहरुको व्यवस्थापन, कक्षाकोठा व्यवस्थापन तथा सुधार ,शिक्षक तालिम कार्यक्रम, शैक्षिक सामग्री व्यवस्थापन तथा नियमित विद्यालय अनुगमन, पृष्ठपोषण तथा मूल्याङ्कन लगायतका विविध शैक्षिक कार्यक्रमहरुलाई यस नगरपालिकाले उच्च प्राथमिकतामा राखेर कार्य गर्दै आएको कुरा अवगत गराउन चाहन्छु । त्यसैगरी यस योजनाले पनि विगतका कार्यहरुको समीक्षा गर्दै विद्यमान राम्रा कार्यक्रमहरुलाई नछुटाउने गरी शिक्षाका विभिन्न उपक्षेत्रगत रुपमा शैक्षिक क्रियाकलापहरु समावेश गरी यस योजना तयार पारिएकाले आगामी दिनहरुमा सञ्चालन हुने शैक्षिक कार्यक्रमहरु थप योजनाबद्ध, सु-व्यवस्थित, लाभदायी एवम् प्रभावकारी हुने कुरामा कुनै दुइमत छैन । साथै यस योजनाको कार्यान्वयनका लागि विभिन्न साझेदार निकायहरुसँग पनि समन्वय, सहकार्य र साझेदारी गरिने भएकाले योजनामा समावेश भएका शैक्षिक क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयनमा सहजता हुने अपेक्षा राखेको छु ।

अन्तमा यस रास्कोट नगरपालिकाको दशवर्षीय शिक्षा योजना निर्माणमा खटिने यस नगरपालिकाका शिक्षा अधिकृत ज्यू, प्राविधिक सहायक, नगर शिक्षा समितिका पदाधिकारी ज्यूहरु, प्राविधिक सहयोग गर्नुहुने " गुणस्तरीय सिकाइका लागि बिद्यालय शिक्षा क्षेत्र योजना निर्माण तथा बजेट कार्यान्वयनमा स्थानीय तहको क्षमता सवलीकरण कार्यक्रम " युनिसेफ नेपाल र समाज जागरण केन्द्र (स्याक) नेपाल तथा योजना निर्माण कार्यदलका सदस्यहरु लगायत सहयोग गर्ने सम्पूर्ण सरोकारवालाहरुप्रति हार्दिक धन्यवाद एवम् आभार व्यक्त गर्न चाहन्छु । साथै यस योजनाको प्रभावकारी कार्यान्वयनमा निरन्तर सहयोग गर्नेप्रतिवद्धता व्यक्त गर्दै यसको सफल र फलदायी कार्यान्वनयमा आ-आफ्नो तह र तप्काबाट सहयोग गर्नहुन सम्बन्धित सरोकारवाला सबैलाई आग्रह समेत गर्दछु । धन्यवाद !

.................

मनिराज बराल

नगर उप-प्रमूख

## मेरो भनाइ

सर्वप्रथम शिक्षा एक आधारभूत मौलिक अधिकार हो प्रारम्भिक अवस्था देखि सिकाइका अवसरहरू मार्फत विद्यालय शिक्षाका लागि सफलताको जग बसाल्ने देखि माध्यमिक शिक्षासम्म बालबालिकाका लागि शिक्षाको अधिकार सुनिश्चित गर्न रास्कोट नगरपालिका प्रतिबद्ध छ, जसका लागि दशवर्षीय नगर शिक्षा योजना (२०८०/०८१-२०९०/०९१) निर्माण भएकोमा खुसी व्यक्त गर्न चाहन्छु ।

शिक्षा मानव सभ्यताको जननी हो । शिक्षाले व्यक्ति , परिवार र समाजका हरेक पक्षको गुणात्मक सुधार सहित समग्र राष्ट्रको विकासमा महत्वपूर्ण योगदान गरिरहेको हुन्छ । त्यसैले यसलाई देश विकासको बलियो आधार पनि भनिन्छ । देशको विकासका लागि पहिलो पूर्वाधारका रुपमा रहेको शिक्षालाई गुणस्तरीय बनाउनु आजको आवश्यकता रहेको छ । नेपालको संविधान २०७२ ले नागरिकलाई आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने भनी मौलिक हकको व्यवस्था गरेको छ । साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) मा आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धि स्थानीय तहका २३ वटा काम, कर्तव्य र अधिकार उल्लेख गरेको छ । संवैधानिक रुपमा यति व्यवस्था हुदाँ हुँदै पनि शिक्षा क्षेत्रमा संघीय सरकारबाट बन्नुपर्ने शिक्षा ऐन तथा नियमावली निर्माण तथा संसोधन नहुनुले स्थानीय तहले के, कसरी, कुन कुन क्षेत्रमा शिक्षा सम्बद्ध कानुन तर्जुमा गर्ने भन्ने कुरा हालसम्म स्पष्ट नहुनुले शिक्षा क्षेत्रको विकासमा थुप्रै अन्यौलताहरु देखिएका छन् । तथापि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को अनुसुच ८ ले दिएको शिक्षा सम्बन्धी २३ वटा अधिकारहरुको कार्यान्वयनका लागि यस नगरपालिकाले शिक्षा क्षेत्रमा विभन्न नयाँ अभ्यास तथा कार्यक्रमहरु सञ्चालन गर्दै आउनुका साथै शैक्षिक व्यवस्थान तथा सञ्चालनका लागि आवश्यक स्थानीय शिक्षा ऐन, शिक्षा नियमावली, कानुन, नीति तथा कार्यविधि तर्जुमा देखि तिनको कार्यान्वयनमा रास्कोट नगरपालिकाको तर्फबाट हरसम्भव प्रयासहरु भईरहेका छन् । विगतका वर्ष देखि शिक्षाको क्षेत्रमा नगरपालिकाले उल्लेखनीय प्रगति गरेको छ । व्यवस्थित परीक्षा प्रणाली नेपाली अङ्ग्रेजी दुवै माध्यामबाट हुने पठनपाठन र निरन्तर हुने रचनात्मक अतिरिक्त क्रियाकलापका कारण आधारभुत तथा माध्यमिक विद्यालयहरूमा विद्यार्थीहरूको भर्ना दर बढेको छ। शिक्षामा न्युन गुणस्तर र असमान पहुँच, भौगोलिक विकटता, लिंग, र आर्थिक-सामाजिक तथा जातीय भिन्नताहरु आदि समस्याहरू शिक्षामा व्याप्त छन्। गरिबी, सामाजिक बहिष्करण, अपांगता, बसाईसराई, बाल श्रम, सामाजिक मुल्य मान्यताहरू तथा लैंगिक भेदभाव आदिका कारण सबै बालबालिका विद्यालयमा भर्ना हुन र नियमित उपस्थित हुन सक्दैनन्। त्यसैले शैक्षिक विकासको गतिलाई निरन्तरता दिदै आगामी दिनहरुमा थप व्यवस्थित, योजनावद्ध र प्रभावकारी शैक्षिक विकासका लागि यस क्षेत्रमा देखिएका विद्यामन चुनौती तथा समस्याहरुलाई उचित तरिकाबाट समाधान गरी यस नगरपालिकाको समग्र शिक्षा क्षेत्रको सुधारका लागि यस शिक्षा योजना निर्माण गरिएको छ । रास्कोट नगरपालिकालाई शैक्षिक विकासको नमुना पालिकाको रुपमा विकास गर्ने उद्देश्यका साथ तयार पारिएको यस नगर शिक्षा योजनामा पहुँचयोग्य र समावेशी तथा प्रविधिमैत्री अनिवार्य तथा निःशुल्क विद्यालय शिक्षाको सुनिश्चितता , गुणस्तरीय भौतिक पूर्वाधारहरुको विकास , पेशाप्रतिप्रतिवद्ध दक्ष जनशक्तिको व्यवस्थापन, उपयुक्त तथा युगसुहाउँदो निरन्तर शिक्षा , गुणस्तरीय उच्च शिक्षा तथा सीपयुक्त र व्यवहारिक प्राविधिक शिक्षा जस्ता शिक्षाका उपक्षेत्रगत कार्यक्रमहरु अनुमानित बजेट सहित समावेश गरिएकाले यस योजनाको प्रभावकारी कार्यान्वयनबाट यस नगरपालिकाको गुणस्तरीय शैक्षिक विकास हुने अपेक्षा लिएको छु ।

अन्तमा रास्कोट नगरपालिकाको सुधार र विकासको रोडम्यापको रुपमा रहेको यस दशवर्षीय शिक्षा योजना निर्माणमा खटिने यस नगरपालिकाका शिक्षा शाखाका राष्ट्रसेवकहरु, नगरपालिकाका जनप्रतिनिधि ज्यूहरु, नगर शिक्षा समितिका पदाधिकारी ज्यूहरु, " गुणस्तरीय सिकाइका लागि बिद्यालय शिक्षा क्षेत्र योजना निर्माण तथा बजेट कार्यान्वयनमा स्थानीय तहको क्षमता सवलीकरण कार्यक्रम " युनिसेफ नेपाल र समाज जागरण केन्द्र (स्याक) नेपाललाई तथा योजना निर्माण कार्यदलका सम्पूर्ण सदस्यज्युहरु लगायत सम्बद्ध सम्पूर्ण सरोकारवालाप्रति हार्दिक धन्यवाद एवम् कृतज्ञता व्यक्त गर्दै यस योजनाको सफल कार्यान्वयनमा सदा तत्पर रहनेप्रतिवद्धता सहित सहयोगका लागि सरोकारवालाहरु सबैमा हार्दिक अपिल गर्न चाहन्छु । धन्यवाद ।

.................

जवान सिंह बम

नि. प्रमुख प्रशासकीय अधिकृत

## मेरो भनाइ

संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना सँगै केन्द्रीकृत शासन व्यवस्थाको विकेन्द्रीकरण भएको छ । त्यसैले स्वायत्त संवैधानिक अधिकार प्राप्त स्थानीय सरकारले सुशासन युक्त सेवा प्रवाह गर्नको लागि आवश्यक नीति ऐन कानुन योजना कार्यविधि आफै निर्माण गर्नु पर्ने हुन्छ । Bottom up apporuch को अवधारणा अनुसार यस नगरपालिकाले शिक्षालाई विकासको मुल आधारमानी गुणस्तरीय शिक्षामा सबैको सर्वशुलभ पहुँच पुर्याउन योजनाबद्ध रुपमा लागेको छ । **"समृद्ध रास्कोट सबैको इच्छा, एक मात्र विकल्प गुणस्तर शिक्षा"** दुरदृष्टिका साथ रास्कोट नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखा मार्फत सरोकारवालाको सक्रीय सहभागितामा नगर शिक्षा योजना निर्माण गरिएको छ । रास्कोट नगरपालिकाको समग्र शैक्षिक विकासलाई निश्चित गन्तव्यतर्फ निर्देशित गर्ने एक दस्तावेजको रुपमा यस दशवर्षीय शिक्षा योजना (२०८०/०८१-२०९०/०९१) निर्माण भएकोमा ज्यादै हर्षित भएको छु । शिक्षा देश विकासको आधारशिला हो । गुणस्तरीय शिक्षा प्राप्त गरी उत्पादन भएका सक्षम जनशक्तिले नै देशमा उपलब्ध स्रोत साधनहरुको सहि रुपमा सदुपयोग र तिनिहरुको परिचालन गरी देशलाई विकासको गतिमा डोहोऱ्याउने गर्दछन् । शिक्षा कुनै पनि देशको समग्र विकासको आधार भएकाले यसको विकासमा विशेष ध्यान दिइन्छ । हाम्रो देशमा पनि पछिल्ला केही वर्षदेखि साक्षरहरूको संख्यामा लगातार वृद्धि भएको छ । शिक्षा र विकास एकै सिक्काका दुई पाटा हुन् । अहिले हामीले दिने शिक्षा व्यावहारिक र जीवनोपयोगी हुन नसकेको गुनासो सर्वत्र सुनिँदै आएको छ । सीपयुक्त र व्यावहारिक शिक्षाको विकास भयो भने मात्र देश विकासको गतिमा तीव्रता आउँछ । शिक्षा समयसापेक्ष भएन भने देश विकासले मूर्तरूप लिन सक्दैन । शिक्षामा जुन मात्रामा लगानी भइरहेको छ त्यो पर्याप्त त होइन तैपनि त्यसकोप्रतिफल भने नगण्य रहेको छ । योजना वर्तमान अवस्थाको विश्लेषण गर्दै आगामी भविष्यमा गरिने सुधारात्मक क्रियाकलापहरुको दस्ताबेज हो । असल योजनाले मात्र शिक्षा क्षेत्रको गुणस्तर सुधारमा सहयोग गरी आर्थिक र सामाजिक रुपमा समाजको रुपान्तरणमा सहयोग पुऱ्याउँछ । रास्कोट नगरपालिको वर्तमान शैक्षिक अवस्थाको पहिचान गरी त्यसको सुधारका लागि आगामी दिनमा गर्नुपर्ने क्रियाकलापहरुको मार्गदर्शनका रुपमा यस दशवर्षीय शिक्षा योजना निर्माण गरिएको छ । यस योजनामा रास्कोट नगरपालिकाको वर्तमान शैक्षिक अवस्थाको उपक्षेत्रगत रुपमा समीक्षा गर्दै त्यसको सुधार र विकासका लागि दुरदृष्टि एवम् लक्ष्य र उद्देश्यहरु तय गर्नुका साथै ति लक्ष्य र उद्देश्य पूर्तिका लागि अवलम्बन गरिने रणनीति तथा मुख्य क्रियाकलापहरुलाई बजेट पूर्वानुमान सहित प्रस्तुत गरिएको छ । जसले गर्दा रास्कोट नगरपालिकाको शैक्षिक विकास र सुधारमा यसले कोशेढुङ्गाको रुपमा काम गर्ने अपेक्षा लिएको छु । यस योजनाले रास्कोट नगरपालिकाको शिक्षा क्षेत्रमा बजेट विनियोजन गर्ने, कार्यक्रम तय गर्ने र त्यसलाई कार्यान्वयन गर्ने कार्यका लागि पालिकाका जनप्रतिनिधि, कर्मचारी, शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, आम अभिभावक लगायत सम्पूर्ण साझेदार निकाय एबम् सरोकारवालाहरुलाई सहयोग पुऱ्याउने विश्वास लिएको छु ।

रास्कोट नगरपालिकाको शैक्षिक सुधारका लागि कोशेढुङ्गा मानिएको यस दशवर्षीय शिक्षा योजनाको निर्माणका लागि आवश्यक समन्वय, निर्देशनका साथै महत्वपूर्ण सहयोग तथा रचनात्मक सल्लाह सुझाव प्रदान गर्नुभएकोमा नगरपालिकाका श्रदेय नगर प्रमुख ज्यू, उपप्रमुख ज्यू एवम् प्रमुख प्रशासकीय अधिकृत ज्यू, सम्पूर्ण जनप्रतिनिधि ज्यूहरु, शिक्षा समितिका सदस्य ज्यूहरुलाई विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु । त्यसैगरी तोकिएको जिम्मेवारी भरपूर रुपमा निर्वाह गर्दै यस शिक्षा योजना निर्माण कार्यमा निरन्तर मेहनतका साथ खटिनुहुने शिक्षा योजना निर्माण कार्यदलका सम्पूर्ण सदस्य ज्यूहरूलाई पनि हृदयदेखि नै धन्यवाद दिन चाहन्छु । साथै शिक्षा योजना निर्माणका लागि नियमित रुपमा सहयोग तथा पृष्ठपोषण प्रदान गर्नुहुने विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारी ज्यूहरु, सम्पूर्ण विद्यालयका प्रधानाध्यापक तथा शिक्षक ज्यूहरु, कर्मचारी साथीहरु, राजनीतिकर्मी, शिक्षाप्रेमी, समाजसेवी, बुद्धिजिवी, आम अभिभावक, विद्यार्थी भाइबहिनीहरु लगायत सम्पूर्ण सरोकारवालाहरुमा आभार व्यक्त गर्दछु । शिक्षा योजना निर्माणका लागि निरन्तर रचनात्मक सल्लाह र सुझावसहित प्राविधिक सहयोग प्रदान गर्ने, प्राविधिक कार्यदलका सम्पूर्ण साथीहरुलाई हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्न चाहन्छु । अन्तमा रास्कोट नगरपालिकाको समग्र शिक्षा प्रणालीलाई दिशा निर्देश गर्ने गरी निर्माण गरिएको यस दशवर्षीय शिक्षा योजनाको सफल र प्रभावकारी कार्यान्वयनका लागि सदा सर्वदा सहयोग गर्नेप्रतिबद्धता व्यक्त गर्दै सहयोगका लागि आम सरोकारवाला सबैमा हार्दिक अपिल गर्दछु । धन्यवाद !

खेमराज शाही
शिक्षा अधिकृत
रास्कोट नगरपालिका,कालिकोट

# विषय प्रवेश

## क) भूमिका

नेपालको संविधान, २०७२ ले तीन तहको राज्य संरचना सहित समाजवाद उन्मुख राज्य प्रणालीमा आधारित भएर प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको पहुँचको हकको सुनिश्चितता गरि प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क पाउने हकको सुनिश्चितता गरेको छ । यसै गरी विंधानले नै अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने साथै नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको व्यबस्था गरेको छ । राज्यको आर्थिक विकास, समृद्धि, सामाजिक न्याय सहितको समतामूलक समाज निर्माणका लागि गुणस्तरीय शिक्षा तथा जीवनपर्यन्त शिक्षाको समान अवसरले नै दीगो शान्ति, असल संस्कृति, सामाजिक सहिष्णुता तथा साझा मूल्य मान्यताको प्रवर्द्धन र राष्ट्र निर्माणमा शिक्षाको अहम् भूमिका रहन्छ ।

प्रारम्भिक बालविकास शिक्षा, औपचारिक शिक्षा आधारभूत तथा माध्यमिक तहको शिक्षाको जिम्मेवारी र अधिकार समेतलाई ध्यानमा राखेर स्थानीय तहमा समेत शिक्षालाई कसरी व्यावहारिक, जीवनोपयोगी, वैज्ञानिक तथा रोजगार उन्मुख गुणस्तरीय तथा समयानकुल एवम् स्थानीय तहको कला, संस्कृति, परम्परागत ज्ञान, सीप, स्थानीय प्रविधि लागायतलाई एकिकृत गरि नगरपालिकाको शैक्षिक क्षेत्रको सुधार गर्न र समृद्ध पालिका निर्माणको अभियानमा लाग्न व्यवहारिक ज्ञान सहितको दक्ष जनशक्ति उत्पादनमा जोड दिनका लागि नगरपालिकाले पनि शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको छ । संघीय सरकारले १० बर्षे विद्यालय शिक्षा क्षेत्र योजना निर्माण गरी कार्यान्वयन गरेको अवस्थामा उक्त शिक्षा क्षेत्र योजनालाई प्रदेश तथा स्थानीय तहमा स्थानीयकरण गरी स्थानीय तहले पनि संघीय शिक्षा क्षेत्र योजना अनुरुपको शैक्षिक योजना निर्माण र कार्यान्वयन गर्न आवश्यक छ । यसै सन्दर्भमा रास्कोट नगरपालिका, कालिकोटले यो शिक्षा योजना निर्माण गरेको छ ।

## ख ) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ ले स्थानीय तहलाई शिक्षाका २३ वटा अधिकार क्षेत्रहरु दिएको र उक्त अधिकार क्षेत्रहरुको प्रभावकारी कार्यान्वयनले नै शिक्षाका लक्ष्य तथा उदेश्यहरु पुरा हुने तथा उक्त अधिकार क्षेत्र भित्र स्थानीय तहले शिक्षाको योजना तर्जुमा गरि कार्यान्वयन गर्न सक्ने उल्लेख भए अनुसार स्थानीय अवस्था, श्रोत र आवश्यकताका आधारमा शिक्षा योजना निर्माण गरि कार्यान्वयन गर्ने जमर्को गरिएको छ । नगरपालिकाको शैक्षिक सुधारको लागि नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, १० बर्षे विद्यालय शिक्षा क्षेत्र योजना लगायतको मार्गदर्शनका आधारमा संघीय सरकार तथा प्रदेश सरकारले समेत परिकल्पना गरेको लक्ष्य उदेश्य प्राप्तिमा मद्धत गर्न र नगरपालिकाको शैक्षिक सुधारका लागि मार्गदर्शनको रुपमा सहायता लिन शिक्षा योजना निर्माणको आवश्यकता देखिएको हो । यो शिक्षा योजनाले शिक्षा क्षेत्रको विकासको लक्ष्य पुरा गर्न मद्धत गर्ने साथै राष्ट्रिय अपेक्षा पुरा पनि सहयोग गर्ने अपेक्षा गरिएको छ

## ग) योजना निर्माणका आधारहरु

नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा उल्लेख गरी कार्यान्वयन गर्न कानून निर्माणको कार्य थालनी गरेको र सोही बमोजिम निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५, बालबालिका सम्बन्धी ऐन, २०७५, राष्ट्रिय शिक्षा नीति, २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ ।

संघीय स्वरुपको व्यवस्थामा सबै तहका सरकार बीचको आपसी समन्वय र सहकार्यबाट राज्यले परिलक्षित गरेका उदेश्यहरु प्राप्त गर्न सकिने भएकाले सबै तह संविधानले तोकेको अधिकार बमोजिमको जिम्मेबारी निर्वाह गर्नुपर्ने देखिन्छ । राष्ट्रिय दीर्घकालिन सोच, राष्ट्रिय शिक्षा नीति र राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, सामुदायिक विद्यालय सबलीकरण दशक (२०७६-२०८५), १५ वर्षे दिगो विकास लक्ष्य, (२०८१-२०८६ ) सोह्रौ आवधिक योजना, बिद्यालय शिक्षा क्षेत्र योजना (२०७८-२०८७) लगायत शिक्षा क्षेत्रका विभिन्न योजनाहरुका लक्ष्य, उद्देश्य तथा

गन्तव्यलाई मध्यनजर गर्दै संविधानको अनुसूची ८ अनुसार स्थानीय सरकारलाई उपलब्ध भएका अधिकार क्षेत्र भित्र रहेर राष्ट्रिय ध्येय, लक्ष्य, उदेश्य,प्रतिवद्धतालाई आधार मानेर स्थानीय आवश्यक्ता र परिवेश अनुसार शिक्षा क्षेत्रको विकास गर्नु आवश्यक रहेको छ । नेपालको दिर्घकालिन ध्येय अनुसार सन् २०४३ सम्म समृद्ध नेपाल सुखी नेपालीकोको अभिप्राय, सन २०३० सम्मको दीगो विकास लक्ष्य, नगरपालिकाको वार्षिक शिक्षा नीति तथा कार्यक्रमहरु, नगरपालिकाको आवधिक योजना लगायतको आधारमा स्थानीय तहले शिक्षा योजना निमार्ण गरेको छ ।

### घ) योजना निर्माणको प्रक्रिया

शिक्षा योजना निर्माणका लागि पालिका कार्यपालिकाले आवश्यकता महशुस गरी शिक्षा योजना निर्माणको लागि नीतिगत व्यबस्था मार्फत आ.व ०८० ।८१ मा शिक्षा योजना निर्माणको प्रक्रिया थालनी गरेको छ । यस अन्तर्गत नगर कार्यपालिकाको बैठकको निर्णय अनुसार योजना निर्माणका लागि नगर पालिकाको प्रमुखको संयोजकत्वमा योजना निर्माण मुल समिति र नगर उपप्रमुख को संयोजकत्वमा सल्लाहकार समिति गठन भयो । योजना लाइ कार्यरुप दिनका लागि शिक्षा शाखा प्रमुख संयोजकत्व र शिक्षा शाखा प्राविधिक सहायक सदस्य सचिव रहने गरि शिक्षा क्षेत्र योजना लेखन समिति गठन भएको छ । कार्यदलको प्रारम्भिक बैठक तथा अभिमुखीकरण मार्फत बिभिन्न लेखन उपसमितिहरु गठन भयो । लेखन उपसमितिहरुले विभिन्न सरोकारवालाहरु संगको कार्यशाला बैठक मार्फत शिक्षाको उप क्षेत्र निर्माणकालागि विषयगत कार्यदल तथा अन्तरसम्बन्धित क्षेत्रकालागि लेखनकालागि विभिन्न सरोकारवालाहरुलाइ लेखन कार्यदल गठन तथा परिचालन गरि तथ्याङ्क संकलन, सल्लाह तथा सुझाव संकलन, छलफल गरी प्रारम्भिक लेखन गरियो । प्रारम्भिक लेखन पश्चात योजना लेखन कार्यदलले सबै विषय क्षेत्रका विषय वस्तु संकलन गरी योजनाको मस्यौदा लेखन कार्य गरेको हो । तत् पश्चात मस्यौदा माथि विभिन्न क्षेत्रका सरोकारवालाहरुबाट सल्लाह सुझाव प्राप्त गरी अन्तिमिकिकरण गरियो । यस शिक्षा योजनामा बाह्य विज्ञ मार्फत लेखाजोखा गरी थप सल्लाह सुझाव प्राप्त गरी योजनामा समेटेर कार्यपालिकाबाट स्वीकृत गरि कार्यान्वयनमा लिने गरी प्रक्रिया पुरा गरियो ।

### ङ) योजनाको लेखाजोखा

योजनाको तयारी गरि सके पछि योजनाको विश्वसनियता, वस्तुनिष्ठ र लगानी योग्य भए-नभएको लगायत यसका विविध पक्षहरु समेटेर यसको लेखाजोखा गरिनु पर्छ । जुन योजना कार्वान्वियन गर्नु पूर्व महत्वपूर्ण कार्य तथा अङ्ग मानिन्छ । निर्माण भएको योजना लेखाजोखा कार्यलाई सम्वन्धित स्थानीय तहले आन्तरिक र बाहिरका विभिन्न विषयगत समिति तथा क्षेत्रगत कार्यदल गठन तथा परिचालन गरियो । साथै स्थानीय विज्ञ, शिक्षा शास्त्री, शिक्षक, बौद्धिक व्यक्तित्व र शिक्षा क्षेत्रमा लामो समय अनुभव संगालेका व्यक्तित्वहरुको सुझाव सल्लाह समावेश गरिएको थियो । योजना निर्माणको क्रममा समावेशीकरण हुनेगरी महिला, अपाङ्ग संजाल, शिक्षक महासंघ तथा विद्यालय व्यवस्थापन समिति,शिक्षक अभिभावक संघको सक्रीय सहभागिता रहेको थियो भने, शिक्षा योजना निर्माण मूल समितमा यस पालिकाका प्रमुख संयोजक सदस्यमा नगरपालिकाको उप-प्रमुख लगायत सम्पूर्ण कार्यपालिका सदस्यहरु र सदस्य सचिवमा शिक्षा शाखा प्रमुख रहुनभएको छ । योजनाको सान्दर्भिकतामा यस नगरपालिकाको खुद भर्ना दर, कुल भर्नादर, लैङ्गिक समता र प्रारम्भिक बालविकासको अनुभव सहित कक्षा १ मा भर्नाहुने दर, कक्षा १-३, कक्षा १-५, कक्षा १-८, कक्षा ९-१० र कक्षा ११-१२ मा उत्तीर्णदर र विद्यार्थीको टिकाउ दर, शिक्षक दरबन्दि, उमेरगत जनसाङ्खिक संरचना, भौगोलिक अवस्थिति, साक्षरता अवस्था, तथा नगरपालिकाको आर्थिक लगाएत यस योजनाको कार्यान्वियन पश्चात नगरपालिकाको शिक्षा क्षेत्रको उपलब्धि हासिल गर्न सहायक हुने भएकाले यस योजनाको निर्माण तथा कार्यान्वियन गर्नु परेको हो ।

यस योजनामा आठ ओटा परिच्छेदको निर्माण गरिएको, परिच्छेद एकमा नगरपालिकाको वर्तमान अवस्था, मुख्य समस्या र चुनौतिको विश्लेषण, अवसर, परिच्छेद दुइमा दुरदृष्ट्रि, लक्ष्य,उद्धेश्य, रणनीतिको निर्माण गरिएको छ भने परिच्छेद ३ र ४ मा शिक्षा क्षेत्रको उप-क्षत्र र यससंग सम्बन्धित अन्तरसम्बन्धित क्षेत्रहरुलाइ प्रस्तुत गरिएको छ , जसमा उप-क्षेत्रको परिचय, वर्तमान अवस्था, अवसर र चुनौतिहरु, उद्धेश्य, रणनीति, उपलब्धि र प्रमुख नतिजा तथा उप-क्षेत्रअनुसारको क्रियाकलाप र परिमाणात्मक लक्ष्य निधार्ण गरिएको छ भने परिच्छेद ६ सुशासन तथा व्यवस्थापन, परिच्छेद ७ मा लगानी र स्रोत व्यवस्थापन र परिच्छेद ८ मा अनुगमन तथा मुल्याङ्कन विषयलाई राखेर निर्माण गरिएको छ । यसका साथै परिच्छेद ४ मा अन्तर सम्बन्धित क्षेत्रहरु राखिएको छ भने परिच्छेद ५ मा प्राविधिक तथा व्यवसायिक शिक्षा र पुस्तकालय व्यवस्थापनलाई प्रस्तुत गरिएको छ । परिच्छेद ६ सुशासन तथा व्यवस्थापनलाई ६.१ संस्थागत संरचनाको विकास र ६.२ योजना कार्यान्वयको प्रवन्धमा राखेर विकास

गरिएको छ । प्रत्येक उप-क्षेत्रको लगानिको र स्रोतको व्यवस्थापन र स्रोतको खोजि गरि योजनावद्ध तरिकाले प्रस्तुत गरिएको छ भने योजनाको प्रभावकारी कार्यन्वयनका लागि अनुगमन मुल्यांकन र यसको प्रभावको बारेमा व्याख्या गरिएको छ।

# परिच्छेद : १ परिचय

## १.१ पृष्ठभूमि

### १.१.१ अवधारणा

नेपालको संविधान (२०७२) को धारा ४ ले 'नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो' भनि व्यवस्था गरिएको छ । नेपालको संविधान भाग ५ ले राज्यको संरचना र राज्यशक्तिको बाँडफाड सम्बन्धि कानूनको व्यवस्था गरेको छ । संविधानले राज्यको संरचनामा 'संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ,प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ ।' भनि व्यवस्था गरे बमोजिम नेपालको शासन प्रणालीमा तीन तहका सरकारहरु बनेका छन् । सबैभन्दा तल्लो तह स्थानीय सरकार हो । यसलाई घरदैलोको सरकार भन्ने गरिन्छ । राज्यको संरचनाअनुसार संविधानले राज्यशक्तिको बाँडफाँड गरेको छ । धारा ५७ (४) मा ' स्थानीय तहको अधिकार अनुसूची ८ मा उल्लिखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र गाउँ सभा वा नगर सभाले बनाएको कानूनबमोजिम हुनेछ' भनि उल्लेख गरिएको छ । अनुसूची ८ मा स्थानीय तहका २२ वटा अधिकारका सूची राखीएकोमा अधिकार नं. ८ मा आधारभूत र माध्यमिक शिक्षाको व्यवस्था गरिएको छ । साथै अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची राखिएको छ, जसको अधिकार नं २ मा शिक्षा, खेलकुद र पत्रपत्रिकाको अधिकार सम्बन्धि व्यवस्था गरिएको छ ।

नेपालको संविधानको धारा ५६ मा सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र सोहि बमोजिम राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले संविधान तथा कानुन बमोजिम गर्नुपर्ने व्यवस्था उल्लेख छ । धारा ५७ मा राज्यशक्तिको बाँडफाँडलाई संविधानको अनुसूची ५, ६ र ८ मा सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकार सूची र अनुसूची ७ मा संघ र प्रदेश तथा अनुसूचि ९ मा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीको प्रबन्ध गरिएको छ । शिक्षासम्बन्धी सङ्घ, प्रदेश र स्थानीय तहलाई संविधानले निर्दिष्ट गरेका एकल तथा साझा अधिकारको व्यावहारिक कार्यान्वयन गर्न सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई अवलम्बन गरी शिक्षाको राष्ट्रिय गन्तव्य तथा अन्तराष्ट्रियप्रतिबद्धता पूरा गर्नुपर्ने देखिन्छ । विगतमा नेपालले शिक्षा क्षेत्रको योजना एकात्मक शासन व्यवस्था बमोजिम केन्द्रिय स्तरबाट विकास तथा निर्माण गर्ने र कार्यान्वयन क्षेत्रीय र जिल्लास्तरबाट गराउने गरेको सन्दर्भमा राज्यको पुनः संरचनासँगै शिक्षासम्बन्धी अधिकार, स्रोत साधन, जिम्मेवारी र उत्तरदायित्व पनि स्थानीय निकार्यमा हुने गरी संवैधानिक रूपमा व्यवस्था गरएिको छ ।

नेपाललाई अल्पविकसित राष्ट्रबाट विकासशील राष्ट्र बनाउने र सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका रुपमा विकास गरी ‘समृद्ध नेपाल र सुखी नेपाली’ को चाहना पूरा गर्न शिक्षासम्बन्धी हालसम्म भएका प्रयास, उपलब्धि र पहिचान गरिएको समस्या तथा चूनौतीको समीक्षा गर्दै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सङ्घ, प्रदेश र स्थानीय तहको शिक्षा क्षेत्र योजनाको ढाँचामा एकरूपता आउने गरी १० वर्षे (२०८१-२०९१) शिक्षा क्षेत्रको नयाँ योजना निर्माणलाई अगाडि बढाएको परिवेशमा यो नगरपालिकाले यो शिक्षा क्षेत्र योजना विकास गरेको हो ।

### १.१.२ रास्कोटको ऐतिहासीक परिचय

कालिकोट जिल्ला तत्कालिन मध्यपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत कर्णाली अञ्चलमा पर्ने र हाल आएर कर्णाली प्रदेश अन्तरगत पर्ने एक हिमाली जिल्ला हो । यस जिल्लाको नाम “कालिकोट” कसरी रहन गयो भन्ने सम्बन्धमा विभिन्न किंवदन्तीहरु प्रचलित छन् । यो जिल्ला वि.सं. २०३४ सालमा जुम्ला जिल्ला स्थित तिब्रिकोट गा.वि.स. विस्थापित भई बनेको हुनाले नेपालको कान्छो जिल्लाको रुपमा चिनिन्छ । यो जिल्ला तत्कालिन कालिका (मुग्राहा) गा.वि.स. स्थित कालिका गाउँमा कालिका भगवती मन्दिर रहेको र यो ठाउँ भुरे टाकुरे राजाहरुको कोटदरबार रहने किसिमको उच्च स्थानमा रहेको हुनाले सोही आधारमा जिल्लाको नाम कालीकोट रहन गएको भन्ने भनाई छ । यस जिल्लालाई वि.स.२०३२ सालमा छुट्टयाउने निर्णय भए तापनि यस जिल्लाको जिल्ला प्रशासन कार्यालय लगायत अन्य कार्यालयहरु विधिवत रुपमा २०३४ सालमा

स्थापना गरिएका हुन् । सुरुमा तत्कालिन मान्म गा.वि.स.३ मान्म गाउँमा जिल्ला सदरमुकाम कायम गरिएको थियो भने वि.स. २०४० साल देखि सोही गा.वि.स.को वडा नं. ५ स्थित खाँडाचक्र डाँडामा सदरमुकाम कायम गरिएको हो । सुरुमा कालिकोट जिल्लामा ३३ गा.वि.स. रहेका थिए । नेपालको कान्छो जिल्ला भनेर चिनिने कालिकोट जिल्लाको सबैभन्दा सानो तर अति सुन्दर, भौगोलिक रुपमा मिलेको नगरपालिका रास्कोट नगरपालिका हो । साबिकका स्यूना, सिपखाना र फुकोट गा. वि. स. को भूभागलाई मिलाएर यस नगरनगरपालिकाको स्थापना वि स २०७३ फागुन २७ गते भएको हो । नगरपालिकाको पूर्वमा पचालझरना गाउँपालिका, पश्चिममा शान्नित्रिवेणी गाउँपालिका , उत्तरमा बाजुरा जिल्ला र दक्षिणमा पचालझरना रहेका छन् । यस नगरीमा प्रसिद्ध पर्यटकीय स्थलहरु शम्भुनाथ मन्दिर, देउरा मालिका मन्दिर, मलयागिरी पाटन, रास्कोटी राजाको दरवारको अवषेश, रानिवन रहेका छन् । बाजुरा जिल्लामा रहेको प्रशिद्ध तिर्थस्थल बडिमालिका जाने बाटो समेत यसै नगरपालिकाबाट रहेको छ । जमुनाहा - हिल्सा अन्तराष्ट्रिय सडक सञ्जालमा जोडिएको र फुकोट कर्णाली हाइड्रो पावरको ड्याम समेत यसै नगरपालिकामा बन्ने भएकोले यस नगरपालिकाको भविष्य सुन्दर रहेको छ ।

### १.१.३ भौगोलिक अवस्थिति

रास्कोट नगरपालिका समुन्द्री सतहबाट लगभग १७७५ मिटरको उचाइमा रहेको र ५९.७३ वर्ग किलोमिटरमा फैलिएको छ । यो नगरपालिका १९ डिग्री १४ मिनेट ३० सेकेण्ड उत्तरी अक्षांश र ०८१ डिग्री ३८ मिनेट २३० सेकेण्ड पूर्वी देशान्तरमा अवस्थित रहेको छ । नगरपालिकाको पूर्व र दक्षिणमा पचालझरना गाउँपालिका, पश्चिममा सान्नी त्रिवेणी गाउँपालिका र उत्तरमा बाजुरा जिल्ला रहेका छन् । करिव ३१९४ घरधुरी रहेको नगर क्षित्रमा ९ वटा वडा तथा ५८ वटा बस्तिहरु रहेको छ । स्रोत; रास्कोट नगरपालिका आवधिक योजना २०८१

### १.१.४ जनसाङ्खिकीय संरचना

नेपालको राष्ट्रिय जनगणना वि.स २०७८ अनुसार यस नगरपालिकाको कुल जनसङ्ख्या १७४२५ रहेको छ जसमा पुरुष ४९.०% र महिला ५१.०% छन । यहाँको जनघनत्व २९२प्रति बर्गकिलोमिटर रहेको छ साथै जम्मा घरधुरी सङ्ख्या ३१९४ रहेका छन् । यस नगरपालिकाको साक्षरता दर ७२.०% जसमा ७९.३% पुरुष र ६५.२% महिला साक्षर रहेका छन भने लैङ्गिक अनुपात ९६.२१ पुरुषप्रति १०० महिला रहेको छ यस नगरपालिकामा जम्मा जनसङ्ख्याको २.२प्रतिशतमा अपाङ्गता रहेको छ, जसमा २.६प्रतिशत पुरुष तथा १.१९प्रतिशत महिला रहेका छन् । जन्म भएका बालबालिका मध्ये ९३.९प्रतिशतको जन्म दर्ता भएको छ भने ६.१प्रतिशत बालबालिकाको जन्मदर्ता हुन बाँकी छ । यो नगरपालिका रुपैडिया-हिल्सा-कर्णाली राजमार्गको विच भागमा अवस्थित रहेको छ । (स्रोत : राष्ट्रिय जनगणना - २०७८ )

**उमेरगत जनसंख्या र घरधूरि विवरण र जनसंख्या**

| नयाँ वडा | साविक गाविस | साविक वडा | जनसङ्ख्या | | | क्षेत्रफल हेक्टर ( ( | घरधुरी |
|---|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | जम्मा | | |
| १ | सिपखाना | २, ३४, ६ | १०८४ | ११०७ | २१९१ | ५७४ | १७६ |
| २ | सिपखाना | १, ५ | ८९३ | ९२० | १८१३ | ६०९ | ४९ |
| ३ | सिपखाना | ७, ८, ९ | ८३७ | ८३२ | १६६९ | ४१३ | ४२० |
| ४ | स्युना | १, २, ३ | ७९३ | ८७९ | १६७२ | ७६६ | ३४८ |
| ५ | स्युना | ४, ५, ७ | ११५७ | १२१६ | २३७३ | २३२ | ७१४ |
| ६ | स्युना | ६, ८, ९ | ९७२ | १०२५ | १९९७ | ४०१ | ४२७ |
| ७ | फुकोट | ५, ६ | ५१६ | ५७० | १०८६ | ३६६ | ४३० |
| ८ | फुकोट | ४, ७, ८, ९ | ११७९ | १२१६ | २३९५ | ३६६ | ५२० |
| ९ | फुकोट | १, २, ३ | १११३ | १११६ | २२२९ | २२४६ | ४२२ |

स्रोत;

संक्षिप्त रास्कोट विवरण

### १.१.५ सामाजिक सांस्कृतिक अवस्था

यस नगरपालिकामा विभिन्न जातजातिहरुको बसोबास रहेको छ । यहाँ विशेषगरि क्षेत्री, कामी, ठकुरी, व्राम्हण, मगर, दमाई, सार्की, सन्यासी, सुनार, गुरुङ्ग आदीको बसोवास रहेको छ । राष्ट्रिय जनगणना – २०७८ अनुसार यस नगरपालिका भित्र बसोवास र्ने जातजातिमा - व्राम्हण (२१.९%), विश्वकर्मा (२०.५%), ठकुरी (१९.९%), क्षेत्री (१७.२%), मिजार (९.५ %), परियार (५.४%), सन्यासी / दसनामी (३.१ %), कुमाल (२.३%), गडेरी /भेडियार (०.२%) र अन्य ०.२ % रहेका छन् । यस नगरपालिकाका नागरिकहरु मध्ये ९८.९८ % ले नेपाली, ०.४६% ले गुरुङ्ग/मगर र ०.५% ले अन्य भाषा बोल्ने गर्दछन् ।

यस नगरपालिकामा बसोवास गर्ने सबैजसो जनसंख्याले हिन्दू धर्म मान्दछन् । यो नगरपालिका भित्र दनाइने मुख्य चाडपर्वहरूको बिवरण तलको तालिकामा दिइएको छ ।

| क्र स | चाडपर्वहरु | मनाईने महिना | तिथी मिति | मनाउने जातजाति / धर्म |
|---|---|---|---|---|
| १ | बैशाख पूर्णिमा | बैशाख | बैशाख शुक्ल पुर्णिमा | हिन्दू बौद्ध |
| | मेला पैठ | भदौ असोज | भदौ शुक्ल पूर्णिमा पात्रो अनुसार | हिन्दू |
| २ | जनै पूर्णिमा | साउन /भदौ | श्रावण शुक्ल पुर्णिमा | हिन्दू |
| ३ | कृण्ण जन्माष्टमी | भाद्र | भाद्र कृष्ण सप्तमी | हिन्दू |
| ४ | हरितालिका तिज | भाद्र | भाद्र शुक्ल तृतिया | हिन्दू |
| ५ | मष्टो पुजा भाद्र पूर्णिमा | श्रावण र भाद्र | भाद्र शुक्ल पक्ष | हिन्दू |
| ६ | विजया दशमी | असोज कात्तिक | घटस्थापना देखि कोजाग्रत पुर्णिमा | हिन्दू |
| ७ | तिहार | कात्तिक मंसिर | कात्तिक कृष्ण त्रयोदशी देखि कात्तिक शुक्ल द्वितिया | हिन्दु |
| ८ | क्रिसमस डे | पौष | डिसेम्वर २५ | क्रिश्चियन |
| ९ | तमु लोह्सार | पौष- १५ | | गुरुङ्ग |
| १० | माघे सक्रांन्ति | माघ – १ | माघ | हिन्दु |
| ११ | महा शिव रात्रि | फागुन | फागुन कृष्ण त्रयोदशी | हिन्दु |
| १२ | फागु पुर्णिमा | फागुन | फागुन शुक्ल चतुर्दशी | हिन्दु |
| १३ | चैते दशै | चैत्र बैशाष | चैत शुक्ल अष्टमी | हिन्दु |

### १.१.६ नगरपालिकाको शिक्षा तथा साक्षरताको अवस्था

यस नगरपालिकाको साक्षरता ७२.०% (पुरूष साक्षरता ७९.३% र महिला साक्षरता ६५.२%) रहेको छ । १५-५९ उमेर समुहको साक्षरता झन्डै ९५प्रतिशत पुगेकाले हाल यस नगरपालिका साक्षरता अभियानका विभिन्न कार्यक्रम पश्चात साक्षरता नगरपालिका घोषणा गरिएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकाको साक्षरताको अवस्था निम्न तालिकाअनुसार रहेको छ ।

| साक्षरताको अवस्था | महिला सङ्ख्या | महिलाप्रतिशत | पुरुष सङ्ख्या | पुरुषप्रतिशत | जम्मा सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| पढ्न र लेख्न सक्ने | ५१५६ | ६५.२ | ५९१६ | ७९.३ | ११०७२ | ७२.० |
| पढ्न मात्र सक्ने | | ०६. | | ०.६ | | ०.६ |
| पढ्न लेख्न नसक्ने | २६९८ | ३४.० | १४९४ | २०.० | ४१९२ | २७.३ |

स्रोत : राष्ट्रिय जनगणना - २०७८

रास्कोट नगरपालिका भित्र ४० वटा प्रारम्भिक वाल विकास केन्द्र , २८ वटा सामूदायिक विद्यालय, ४ वटा संस्थागत विद्यालय, ४० वटा वालविकास, ३ वटा सामुदायिक सिकाइ केन्द्र, १ वटा सामुदायिक विद्यालयमा प्राविधिक धारका विद्यालय सञ्चालित छन् । यस नगरपालिकामा आ. वि. र मा. वि. मा स्थायी, राहत र संघीय अनुदान दर्वन्दिमा १५० जना, बालबिकासमा - संघीय २१ र नगरबाट अनुमति प्राप्त १९ गरी ४० जना शिक्षक तथा जम्मा ३३ जना विद्यालय कर्मचारी कार्यरत छन् । त्यस्तै नगर अनुदानबाट तहगत रुपमा जिरो दरवन्दी भएका र मा. वि. तथा आधारभुत तहमा विषयगत शिक्षक व्यवस्थापन गर्न विद्यालयमा रास्कोट नगरपालिकाबाट ४३ वटा शिक्षक दरवन्दिको व्यवस्था गरिएको छ । नगरपालिका भित्र कक्षा १ देखि १२ सम्म सञ्चालित विद्यालय ४ वटा, १ देखि ८ सम्म सञ्चालित विद्यालय ६ वटा, १ देखि ५ सम्म सञ्चालित विद्यालय १३ वटा र १ देखि ३ सम्म सञ्चालित विद्यालय ८ वटा रहेका छन् । महिला प्रधानाध्यापक ४ जना, छन् भने १ जना दलित समुदायको प्रधानाध्यापक रहुन भएको छ । नगरभित्र बाल विकास तहमा ४० र विद्यालय तहमा ३८ गरी जम्मा ७८ जना महिला शिक्षक (४४.८३प्रतिशत) कार्यरत हुनुहुन्छ । नगरभित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयका बालबिकासमा १३५७, १ देखि ५ मा ३२००, ६ देखि ८ सम्म १३३९, ९ देखि १० सम्म ८०३ जना र कक्षा ११ देखि १२ मा ५५० गरी कूल ७२४९ र संस्थागत विद्यालयतर्फ ६३५ समेत गरी म्मा ७८८४ विद्यार्थीहरु अध्ययनरत छन्

तहगत आधारमा नगरपालिका भित्र रहेका विद्यालयहरूको सूची

| **क्र. सं.** | **प्रकार** | **प्रारम्भिक बालविकास** | **कुल विद्यालय संख्या** | **आधारभूत १-५** | **आधारभूत १-८** | **माध्यमिक तह १-१०** | **माध्यमिक तह १-१२** |
|---|---|---|---|---|---|---|---|
| १ | सामुदायिक | २८ | २८ | १९ | ६ | ० | ४ |
| २ | संस्थागत | ४ | ४ | ४ | | | |
| | **जम्मा** | **३२** | **३२** | **२५** | **६** | **०** | **४** |

स्रोत : शिक्षा तथा मानव स्रोत विकास केन्द्र फल्यास प्रतिवेदन -२०८०

नगरपालिकामा शैक्षिक सत्र २०८१/८२ को विद्यार्थी विवरण

| **क्र.सं.** | **तह** | **कुल विद्यार्थी सङ्ख्या** | | | **कुल दलित विद्यार्थी सङ्ख्या** | | | **कुल जनजाति विद्यार्थी सङ्ख्या** | | | **कुल मधेशी विद्यार्थी सङ्ख्या** | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | प्रारम्भिक बालबिकास | ६४९ | ७०८ | १३५७ | | | | | | | ० | ० | |
| २ | आधारभूत १-५ | १७३२ | १५०८ | ३२४० | ७६३ | ६६९ | १४३२ | ५ | २ | ७ | ० | ३ | ३ |
| ३ | आधारभूत ६-८ | ९३७ | ७९४ | १७३१ | ३६७ | ३३० | ६९७ | २ | १ | ३ | ० | ० | ० |
| ४ | माध्यमिक तह ९-१० | ३०२ | ३३८ | ६४० | १०३ | १०६ | २०९ | १ | २ | ३ | ० | ० | ० |
| ५ | माध्यमिक तह ११-१२ | ४७८ | ४१७ | ८९५ | १२१ | १०७ | २२८ | १ | २ | ३ | २ | २ | ४ |
| जम्मा | | ३४४९ | ३०५७ | ६५०६ | १३५४ | १२१२ | २५६६ | ९ | ७ | १६ | २ | ५ | ७ |

स्रोत : शिक्षा तथा मानव स्रोत विकास केन्द्र फल्यास प्रतिवेदन -२०८०

रासकोट नगरपालिकामा शिक्षक कर्मचारी दरबन्दी विवरण

| क्र.स. | तह | स्थायी दरबन्दी | राहत | संघीय अनुदान | नगर अनुदान | सट्टा | अंग्रेजी माध्यम | विषेश शिक्षा | कर्मचारी | स.का.स. | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मा.वि.(९-१२) | ४ | ८ | | २ | | | | | | १७ |
| २ | मा.वि. | ७ | ४ | ५ | ६ | | | | ८ | | ३२ |
| ३ | नि.वि.मा. | ६ | ४ | ७ | १६ | ४ | ३ | | ६ | | ४६ |
| ४ | प्रा.वि. | ४९ | २८ | | १० | | | | १९ | | १०६ |
| ५ | प्राविधिक धार | ४ | | | | | | | | | ४ |
| ६ | सामुदायिक अध्यन केन्द्र | | | ३ | | | | | | | ३ |
| ७ | बालविकास शिक्षक | | | २१ | १९ | | | | | २ | ४२ |
| ८ | खेलकुद प्रशिक्षक | | | | ४ | | | | | | ४ |
| ९ | सुरक्षा गार्ड | | | | ४ | | | | | | ४ |
| १० | आया | | | | | | | २ | | | २ |
| जम्मा | | ७० | ४४ | ३६ | ६३ | ४ | ३ | २ | ३३ | २ | २५७ |

यस नगरपालिकाको शैक्षिक सत्र २०८१ को शैक्षक सूचक अनुसारको तथ्याङ्क तपशिल अनुसार रहेको छ ।

| क्र. सं. | सुचकहरु | प्रारम्भिक बालबिकास र शिक्षा | आधारभूत शिक्षा १-५ | आधारभूत शिक्षा ६- ८ | आधारभूत शिक्षा १-८ | माध्यमिक शिक्षा ९-१० | माध्यमिक शिक्षा ११-१२ | माध्यमिक शिक्षा ९-१२ |
|---|---|---|---|---|---|---|---|---|
| १ | कुल भर्ना दर | ९४६. | १५४४. | १२९९. | १३४२. | ८८६. | ९६३. | ९३०. |
| २ | खुद भर्ना दर | ६१०. | ९७४. | ९२. | ९५६. | ७२९. | ५२२. | ६२२. |
| ३ | विद्यार्थी टिकाउ दर | | | | | | | |
| ४ | नयाँ भर्ना दर | | ५४. | ३६. | | २७. | १०. | |
| ५ | औसत विद्यार्थी उत्तीर्ण दर २०८० | | ४६.५ कक्षा ५ | ८९ कक्षा ८ | | ४८.२५ कक्षा १० | | |
| ६ | कक्षा दोहोर्याउने दर | | ३४६. | ४१८. | | ५४४. | ७६. | |
| ७ | विद्यालय छाड्ने दर | | १८. | १९. | | ११. | ००. | |
| ८ | कक्षा ८ सम्मको टिकाउ दर | | | | ८७९. | | | |

**स्रोत** : शिक्षा तथा मानव स्रोत विकास केन्द्र फल्यास प्रतिवेदन -२०८०

### १.१.७ आर्थिक अवस्था

उत्पादनशील जमीन र चरन क्षेत्र भएको रास्कोट नगरपालिकामा कृषि र पशुपालन नै मुख्य पेशा हो । कुल जनसङ्ख्यामध्ये ६०५४ जना कृषि र पशुपालन व्यवसायलाई मुख्य पेशा बनाएको पाइन्छ । नगरपालिकामा नोकरी या जागिर गर्ने जनसङ्ख्या ५६२ रहेको छ भने बैदेशिक रोजगारीमा जाने जनसङ्ख्या २०८ रहेको छ । उद्योग व्यापार गर्ने जनसङ्ख्या ७६ जना छ भने ठेक्कापट्टा परामर्श वकालत लगायतका पेशा गर्ने जनसङ्ख्या ६० रहेको छ । ज्याला मजदुरीमा जीवन विताउनु पर्ने जनसङ्ख्या ९७८ छ भने बेरोजगारको सङ्ख्या पनि ८५२ रहेको छ । कुल जनसङ्ख्या मध्ये पठनपाठनमा रहेका विद्यार्थीको सङ्ख्या ६०८५ रहेको छ । अरु स्थानीय तहको अवस्थाभन्दा रास्कोट अवस्था तुलनात्मक रूपले राम्रो भए तापनि बेरोजगारी समस्या भोगेका युवा र मजदुरी गरी खाने गरिवको अवस्थालाई सम्बोधन गर्नु पर्ने आवश्यकता देखिन्छ । (श्रोतः रास्कोट न.पा. को पार्श्वचित्र, २०७७)

### १.१.८ विगतका योजनाको प्रगति समीक्षा

यस रास्कोट नगरपालिकाको विभिन्न समयमा शिक्षा विकासको क्षेत्रमा विभिन्न तह र तप्काबाट सहयोग भएको प्रयाप्त प्रमाणहरू छन् । यस विभिन्नको शैक्षिक उन्नतीका लागि विगतका दिनहरूमा शिक्षा क्षेत्रमा भएका प्रयासहरू लाईपूर्व अग्रजहरूले सञ्चालन गरेको लेख, श्रेस्ता, गुरूकुल जस्ता अनौपचारिक शिक्षाको थालनी, अभिभावक ज्युहरूवाट जग्गा दान तथा चन्दा प्राप्त भएको , विद्यालयको भौतिक पूर्वाधार निर्माण तर्फ नेपाल सरकार, गैर सरकारी सङ्घ सस्था लगायत अन्य सरोकारवाला निकायवाट अनुदान सहयोग प्राप्त भईरहेको, यस नगरपालिकामा सवैका लागि शिक्षा आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम सहस्राव्दी विकास लक्ष्य, विद्यालय क्षेत्र विकास योजना, दिगो विकास लक्ष्य लगायतका विभिन्न योजना तथा कार्यक्रमले शिक्षामा पहुँच वृद्धि गरेको, २० वटा नयाँ वाल विकास केन्द्रहरूको स्थापना, नमुना बाल विकास केन्द्रहरूको निर्माण भई बाल तथा अभिभावक शिक्षा, बाल शिक्षक तालिम, बाल विकास केन्द्रका लागि शैक्षिक सामग्रीको व्यवस्थापन , गुणस्तरीय शिक्षाका लागि लगानी, शिक्षा ऐन, नियमावली, कार्यविधिहरूको निर्माण, शैक्षिक अभियान विभिन्न शैक्षिक कार्यक्रम सँग सम्वन्धित जनचेतनामूलक कार्यक्रम विद्यालय शिक्षक कर्मचारीको व्यवस्थापन, भौतिक संरचनाको व्यवस्थापन, यो योजाना निर्माणको आधारशिलाका रूपमा लिईएको छ ।

### १.१.९ शिक्षा क्षेत्रका प्रमुख समस्या तथा चुनौतिहरु

**मुख्य चुनौतिहरू**

- सामुदायिक विद्यालयमा पर्याप्त शिक्षक दरबन्दी व्यवस्था गर्नु, भएका दरबन्दीमा विषयगत र दक्ष शिक्षक नियुक्ति गरि काममा लगाउनु र पेशाप्रति जिम्मेवार बनाउनु,
- शिक्षण सिकाइका लागि आवश्यक पर्ने ICT सम्बन्धि सीप र दक्षता शिक्षकमा अद्यावधिक गर्नु,
- विद्यालय शिक्षालाई राजनीतिक प्रभावबाट मुक्त बनाउनु,
- सामुदायिक विद्यालयप्रति सम्बन्धित समुदाय तथा अभिभावकमा सकारात्मक धारणा र अपनत्वको विकास गर्नु,
- शिक्षक विद्यार्थी अनुपात मिलाउनु,
- शिक्षक, विधार्थी, अभिभावक र शैक्षिक प्रशासक बीचको सम्बन्ध सिकाइ केन्द्रित रूपमा बलियो बनाउनु,
- विद्यार्थीको पारिवारिक वातावरणलाई सिकाइ केन्द्रित तथा सहज बनाउनु आदि चुनौती रहेका छन् ।

- कुल बजेटको कम्तीमा संघीय सरकारले २० प्रतिशतभन्दा माथि शिक्षामा लगानी हुनुपर्ने अन्तराष्ट्रिय मान्यता अनुरुप बजेटको व्यबस्थापन गर्न नसक्नु ।

**प्रमुख समस्याहरू**

- सीमान्तकृत तथा विपन्न समुदायका लगायत अन्य बालबालिकाहरूलाई विद्यालय शिक्षामा सहभागितामूलक पहुँच र गुणस्तरीय सुनिश्तता गर्न नसक्नु ।
- विद्यालय शिक्षाको अवसरको नक्शाङ्कन हुन नसक्नु ।
- विद्यालयहरु बालमैत्री विद्यालय प्रारूप अनुरुप वालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरण सुधार नहुनु तथा सञ्चालन हुन नसक्नु
- स्थानीय पाठ्यक्रम तथा कक्षागत शैक्षक पाठ्यक्रमले प्रभावकारी रुपमा कार्यान्वियन गर्ना नसक्नु
- शिक्षकहरुलाई समयानुकल अध्यावधिक गर्न नसक्नु र प्राप्त तालिम गोष्ठि तथा कार्याशालाबाट प्राप्त ज्ञान र सिपलाइ शैक्षिणक कृयाकलापमा प्रयोगमा नल्याउनु ।
- विषयगत रुपमा र कक्षागत शिक्षकहरुको दरवन्दी नहुनु ।
- निरीक्षण तथा अनुगमन प्रभावकारी नहुनु
- शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँच नहुन र प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसक्नु
- विद्यालयहरु भौतिक रुपले सुरक्षित, मनोवैज्ञानिक रुपले भयरहित र विद्यालय शान्ति क्षेत्र हुन नसक्नु
- अपांगता भएका वालबालिकाहरुको लागि पर्याप्त श्रोत कक्षाहरुको कमी तथा त्यस्ता बालबालिकाहरुको लागि पाठ्य सामाग्रीको कमि
- साक्षरता निरन्तर शिक्षा र जीवनपर्यान्त शिक्षाका अवसरहरु उपलब्ध गराउन नसक्नु,
- सबै समूदायमा सामुदायिक सिकाइ केन्द्र स्थापना हुन नसक्नु, सिकाइ केन्द्रले आफ्नो जिम्मेवारी अनुसारको भुमिका निर्वाह गर्न नसक्नु ।

**समस्या समाधानका उपायहरु**

- सामुदायिक विद्यालयप्रति सम्बन्धित समुदाय तथा अभिभावकमा सकारात्मक धारणा र अपनत्वको विकास हुनु पर्ने,
- शिक्षक, विधार्थी र अभिभावक बीचको त्रिकोणात्मक सम्बन्ध सिकाइ केन्द्रित रूपमा बलियो हुनुपर्ने,
- पाठ्यक्रम, विधालय र समाज बीच तालमेल हुनुपर्ने,

- शैक्षिक सरोकारवालाहरु शिक्षक, अभिभावक, विधार्थी, विधालय, सरकार, समुदाय सबै जिम्मेवार र उत्तरदायी हुनु पर्ने,
- शिक्षक विधार्थि र कर्मचारी नियमित हाजिर हुनुपर्ने, आचारसंहिताको अक्षरस पालना हुनुपर्ने,
- वि व्य स, शिअस र सम्बन्धित निकायले प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गर्नुपर्ने,
- निरन्तर विधार्थी मुल्यांकनलाई प्रभावकारी बनाउने तथा खस्किदो गुणस्तरलाई सुधार गर्न परीक्षा प्रणालीमा सुधार गर्नुपर्ने,
- समय परिवेश अनुसार शिक्षण सिकाइ क्रियाकलाप बालमैत्री र प्रविधि मैत्री बनाउन ictमा शिक्षकपोख्तहुनुपर्ने,
- विद्यालय क्षेत्र र शिक्षक राजनीतिक प्रभावबाट मुक्त हुनुपर्ने,
- अभिभावक शिक्षा लागू गर्नुपर्ने,
- अतिरिक्त क्रियाकलापलाई सिकाइको महत्त्वपूर्ण अङ्गको रूपमा लिनुपर्ने,
- आवासीय विद्यालयको अवधारणा कार्यन्वयन गर्नुपर्ने
- शिक्षा क्षेत्रमा लगानी बढाउनु पर्ने तथा लगानी, प्रक्रिया र उत्पादनमा ध्यान दिनुपर्ने ।

**१.१.१० शिक्षा क्षेत्रका अवसरहरु**

- स्वायत्त अधिकार सहितको स्थानीय सरकार गठन भइ आफ्नो सेवाप्रदायक संरचना स्थापना गर्नु,
- संवैधानिक तथा कानुनी हिसाबले अधिकारको विकेन्द्रीकरण हुनु,
- सूचना र प्रविधिको विकास हुनु,
- शिक्षाप्रति स्थानीय सरकार र सरोकारवालाको चासो हुनु,
- सरकारी तथा गैरसरकारी संघ सस्थाको सहयोग र सहकार्य उपलब्ध रहुन
- उपयुक्त भौतिक संरचना निर्माण हुँदै जानु,
- संवैधानिक रूपमा शिक्षालाई निःशुल्क र अनिवार्य बनाइनु,
- नगरस्तरमा शैक्षिक अनुगमन तथा सुपरिवेक्षण संयन्त्र विकास हुनु,
- शिक्षामा लगानी वृद्धि गरी गुणस्तरीय बनाउन सकिनु, स्थानीय सरकार सञ्चालन ऐन मार्फत शिक्षाका अधिकारहरु स्थानीय तहमा प्रदान गरिनु, तीनवटै सरकार तथा अन्य संघ संस्थाहरुबाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुन,
- विभिन्न साझेदारी संस्थाको लगानी तथा सहभागितावाट शिक्षा क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गर्न सिक्ने वातावरण हुनु

- स्थानीय पाठ्यक्रम तयार भई कार्यान्वयनको चरणमा हुनु,

## परिच्छेद २: दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

### २.१ सन्दर्भ, औचित्य र आधार

नेपाललाई सन् २०२२ सम्म अल्पविकसित राष्ट्रबाट विकासशील राष्ट्र र सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका रुपमा विकास गरी 'समृद्ध नेपाल र सुखी नेपाली' को चाहना पूरा गर्न शिक्षासम्बन्धी हालसम्म भएका प्रयास, उपलब्धि र पहिचान गरिएका समस्या तथा चूनौतीको समीक्षा गर्दै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले संघ, प्रदेश र स्थानीय तहको शिक्षा क्षेत्र योजनाको ढाँचामा एकरुपता आउने गरी शिक्षा क्षेत्रको १० बर्षे नयाँ योजना निर्माण/परलमार्जनको कार्यलाई अगाडि बढाएको परिवेशमा यस नगरपालिकाले यो योजना विकास गरेको हो । कर्णाली प्रदेश अन्तर्गत २७१९ बालविकास केन्द्र, ३१६७ विद्यालयहरु, २७ वटा विद्यालयमा प्राविधिक धारका कार्यक्रमहरु सञ्चालनमा छन् । रास्कोट नगरपालिकामा ४० बालविकास केन्द्र, २८ वटा सामुदायिक विद्यालयहरु ४ वटा संस्थागत विद्यालयहरु गरेर ३२ वटा विद्यालयहरु तथा उच्च शिक्षा प्रदान गर्नका लागि १ वटा क्याम्पस रहेको छ । शिक्षा क्षेत्रको क्षेत्रगत विकासका लागि शिक्षाको राष्ट्रिय गन्तव्य र अन्तराष्ट्रिय रुपमा दिगो विकास लक्ष्यको लक्ष्य नम्बर ४ पूरा गर्न तथा राज्य पुनर्संरचनाको वर्तमान सन्दर्भमा संघ, प्रदेश र स्थानीय तहबीचको शैक्षिक योजनामा एकरुपता ल्याउनका लागि समेत रास्कोट नगरपालिकाले १० बर्षे शिक्षा क्षेत्रको योजना (२०८०/८१ देखि २०९०/९१) निर्माण गरएको हो ।

परिवर्तित शासकीय संरचनामा नेपालको संविधान बमोजिम विशेषत: शिक्षा क्षेत्रमा नगरपालिकाको अधिकार सूचिभित्र परेका र स्थानीय सरकार सञ्चालन ऐन र संविधानमा निर्दिष्ट गरिएका शिक्षासम्बन्धी मौलिक हक, राज्यको पुनःसंरचना र अधिकारको बाँडफाँड, मुलुकको आर्थिक-सामाजिक रुपान्तरणका सवाल, दिगो विकास लक्ष्यप्रति नेपालको प्रतिबद्धता, सोह्रौ योजना, सन् २०२२ भित्र अति कम विकसितबाट विकासशील राष्ट्र बन्ने लक्ष्य तथा सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय सङ्कल्पलाई परिपूर्ति गर्न तथा नगरपालिकाको गुणस्तरीय र जीवनपयोगी शिक्षा प्रदान गर्न, शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गर्न, सक्षम समुन्नत र आत्मनिर्भर भबिष्यका कर्णधार, निःशुल्क, गुणस्तरीय, प्रबिधियुत्त शिक्षा विकासमा नागरिकको आधार, नगरको परिकल्पनाको मान्यता अनुरुप शिक्षामा सबैको सरल, सहज र समतामूलक पहुँच सुनिश्चित गर्न, शिक्षालाई सर्वव्यापी, समकालीन आवश्यकतामा आधारित, विज्ञान तथा प्रविधियुक्त, रोजगारमूलक तथा प्रतिस्पर्धी बनाउन एवम् पुन: संरचनासँगै तहगत सरकारका शिक्षाप्रतिको लगानीको प्राथमिकता समेत निर्धारण भएको सन्दर्भमा शिक्षामा संघ र प्रदेशबाट प्राप्त हुने अनुदानको प्राप्ति गर्न र शिक्षाका कार्यक्रमको व्यवहारिक कार्यान्वयन गर्न, आवश्यक स्रोतको पहिँचान, परिचालन र व्यवस्थापन गर्न, दिगो विकास लक्ष्य बमोजिम नगरका शिक्षाका सूचकहरुको विकास गर्न र सोही बमोजिमका उच्च शिक्षा, प्राविधिक शिक्षा र विद्यालय सुशासन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न, शिक्षामा सरोकारवालाको सहभागिता सुनिश्चित गरी गुणस्तरीय शिक्षा प्रदान गर्न, शिक्षा सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धता पुरा गर्ने उदेश्यका साथ रास्कोट नगरपालिकामा नयाँ शिक्षा क्षेत्र योजनाको कार्यढाँचा विकास गर्नुपर्ने अवस्था सिर्जना भएको हो ।

यो योजना आ.ब. २०८०/०८१ देखि २०९०/०९१ सम्म १० वर्षे हुनेछ ।

**२.२ दूरदृष्टि**

**" समृद्ध रास्कोट सबैको इच्छा, एक मात्र विकल्प गुणस्तरीय शिक्षा"**

**२.२ लक्ष्य**

**विश्वव्यापीकरणको चुनौतिको सामना र अवसरलाई उपयोग गर्न सक्ने मानवीय मूल्यप्रति सचेत आत्मनिर्भर नागरिक तयार गर्ने**

**२.३ उद्देश्य तथा रणनीति**

| क्र. सं. | उद्देश्य | रणनीति |
|---|---|---|
| १ | सबै बालबालिकाको लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्ने | हरेक बालबालिकालाई अनिवार्य र निःशुल्क आधारभूत तहको शिक्षामा पहुँच सुनिश्चित गरिने साथै दृष्टिविहीन बालबालिकालाई ब्रेललिपी तथा बहिरा बालबालिकालाई सांङ्केतिक भाषामा शिक्षा प्रदान गरिने । |
| | | अपाङ्गता भएका, दलित र आर्थिक रूपले विपन्न बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा निःशुल्क गरी उच्च शिक्षा निःशुल्क गर्नका लागि विभिन्नबाट पहल गरिने र आवश्यकताअनुसार संघ तथा प्रदेश सरकारसँग समन्वय गरी सेवाको सुनिश्चित गरिने । |
| | | सबै विद्यालयहरूमा वैज्ञानिक, प्राविधिक र व्यवसायिक शिक्षा प्रवर्धनमा सुनिश्चित गरी गुणस्तरीय सिकाइ कार्यढाँचा तयार गरी कार्यान्वयन गरिने । |
| | | घर, विद्यालय र सार्वजनिक क्षेत्रलाई शारीरिक, मानसिक वा अन्य किसिमका शोषण हिंसाबाट मुक्त गर्दै सबै विद्यालयमा सबै सरोकारवालाहरुको सहभागिता प्रबद्धन गरी विद्यालयलाई शान्ति क्षेत्र सुनिश्चित गरिने । |
| २ | प्रारम्भिक बालविकास र तथा शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अंगको रुपमा विकास गरी अनिवार्य गर्ने तथा सबै बालबालिकालाई बाल विकासको अनुभव सहित कक्षा १ मा प्रवेश गराउन संघीय सरकारले तोके बमोजिमको मापदण्ड नर्म्स र ढाँचा अनुसार एक टोल एक बालविकास केन्द्र र एक विद्यालय एक बालविकास केन्द्रको सञ्चालन र व्यवस्थापन गर्न पहल गर्ने | प्रारम्भिक बाल विकास केन्द्रमा उमेर समूहका सबै बालबालिकाको पहुँच पुर्याउँदै कक्षा १ मा भर्ना हुँदा प्रारम्भिक बाल विकास र शिक्षाको अनुभव सहित भर्ना सुनिश्चित गरिने । |
| | | बाल विकास केन्द्रको नक्साङ्कन गरी आवश्यकता अनुसार व्यवस्थापन गरिने |
| | | बाल विकास कक्षादेखि नै विद्यार्थीहरूको सिकाइ उपलब्धिको विश्लेषण गरेर कमजोर क्षेत्रमा तत्काल सुधार गर्ने |
| | | बाल विकास सहजकर्ताहरूको पहलमा स्थानीय शैक्षिक सामग्री निर्माण र प्रयोगमा वृद्धि गर्न पहल गरिने । |
| | | बालविकास केन्द्रमा नै आधारभूत नेपाली भाषा स्थानीय खसभाषा र गणितीय सिप सम्वन्धी ज्ञान, सिप र धारणामा अभिवृद्धि गर्न अनिवार्यनीति |

| | | |
|---|---|---|
| | | लागु गरिने |
| ३ | बालमैत्री अपाङ्गमैत्री सर्वसुलभ र योग्य शिक्षक सहितको नमुना बालविकास केन्द्र स्थापना गर्ने | नगरपालिका भित्र कम्तिमा एक नमुना बालविकास केन्द्र स्थापना गरिनेछ । |
| | | प्रत्येक वडामा बाल उद्यानको व्यवस्था गरिनेछ । |
| | | नगरक्षेत्र भित्रमा रहेका सबै प्रारम्भिक बाल विकास केन्द्रहरूको लेखाजोखा गर्ने र नमुना बालविकास केन्द्रका न्यूनतम मापदण्डहरू पूरा हुने गरी विस्तृत कार्य योजना निर्माण गरिनेछ । |
| | | तीनै तहका सरकार र अभिभावकको साझेदारीमा बालबालिकाहरूको सर्वाङ्गीण विकास एवं विद्यालय शिक्षाको पूर्वतयारीका लागि कम्तिमा एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरिने । |
| ४ | अनिवार्य तथा निःशुल्क आधारभुत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर अभिवृद्धि गर्ने | संघीय कानुन र मापदण्ड बमोजिम संघ प्रदेश र स्थानीय सरकारको समन्वय र सहकार्यमा विधालयको स्थापना समायोजन र उपयुत्त सिकाइ वातावरण तयार गरी विधालय उमेरका सम्पूर्ण बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित गर्ने |
| | | शैक्षिक गुणस्तरमा सुधार गर्दै सक्षम, सभ्य र स्वावलम्बी मानव संसाधनको विकास गरी उपयोग गर्नु । |
| | | सवै बालबालिकालाई प्रारम्भिक बाल विकास शिक्षाको अनुभवसहित आधारभूत शिक्षा अनिवार्य तथा नि:शुल्क र माध्यमिक शिक्षामा नि:शुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, उत्पादनमुखी,रोजगारमूलक र प्रविधिमैत्री बनाउनु । |
| | | पहुँच र गुणस्तर अभिबृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक,नवप्रवर्तनात्मक, अनुसन्धानात्मक,प्रविधिमैत्री र रोजगारमूलक बनाउदै मूल्यमा आधारित समाज र सबल अर्थतन्त्र निर्माण गर्नु । |
| | | प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासमा समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्नु । |
| | | नगर भित्रको शैक्षिक (ब्यवस्थापक र शिक्षण) जनशक्तिको क्षमता विकासका लागि मानव संसाधन केन्द्रको संस्थागत सुदृढिकरण गर्नु । |
| ५ | आधारभुत तह कक्षा १ मा भर्ना भएका सबै बालबालिकाहरुलाई आधारभुत तहको अन्तिम परीक्षामा शतप्रतिशत सामेल गरी माध्यमिक शिक्षा | शैक्षिक सत्रको सुरुमै हरेक बालबालिकाले पाठ्यपुस्तक प्राप्त गर्ने व्यवस्था मिलाउने । पाठ्यपुस्तक सुरक्षित गर्ने विद्यार्थीलाई प्रोत्साहन गर्ने |
| | | अपाङ्गता तथा आर्थिक विपन्नहरूको लागि छात्रवृत्ति तथा आवश्यक |

| | | |
|---|---|---|
| | अध्ययन गर्न प्रेरित गर्ने | उपकरण र सामग्रीहरूको व्यवस्था गरिने |
| | | अनिवार्य र निःशुल्क शिक्षामा पहुँच पुग्न नसक्ने बालबालिकाहरूको लागि पहुँच पुग्ने गरी छात्रवृत्ति र पाठ्यसामग्रीहरूको व्यवस्था गरिने |
| | | न्यूनतम मापदण्ड निर्माण गरी विद्यार्थी सङख्याको आधारमा बाल मैत्री विद्यालय भवन, खानेपानी र शौचालयको व्यवस्था गरिने |
| | | कमजोर विद्यार्थीहरूको लागि हरेक सरकारी विद्यालयमा उपचारात्मक तथा सुधारात्मक कक्षाहरू सञ्चालन गरिने |
| | | विद्यार्थीहरूको नियमितता (मेरो साथी खोई अभियान) मा जोड दिने र यसको लागि हाजिर लेखाजोखा गर्ने प्रणालीलाईव्यवस्थापन गरिने |
| ६ | निःशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्ने | अनिवार्य र निःशुल्क शिक्षा सुनिश्चत गर्नका लागि विद्यालय नपठाउने अभिभावकहरूलाई आफ्ना छोराछोरी नियमित विद्यालय नपठाउँदासम्म नगरपालिकाद्वारा प्रदान गरिने सेवासुविधाबाट वञ्चित गरिने |
| | | गुणस्तरीय शिक्षा सम्बन्धी सूचकहरू तयार गर्ने र सोहिअनुसार नमुना विद्यालयको विकास गर्ने। |
| | | अनिवार्य र निःशुल्क शिक्षा सुनिश्चत गर्नका लागि नगरस्तरीय शिक्षा कोषको व्यवस्था गरिने । |
| | | विज्ञान सामाग्री, पुस्तकालय, खेलकुद सामाग्री व्यवस्था, साँस्कृतिक कार्यक्रमका सामाग्रीहरू तथा प्रविधिमय सामाग्रीको व्यवस्था गरिने |
| | | कक्षा ८ को परीक्षालाई SEE को जस्तो बनाउँदै लैजान परीक्षा केन्द्र र केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक तोकेर व्यवस्थित रुपमा सञ्चालन गर्ने, उत्तरपुस्तिका परीक्षण र नतिजा प्रकाशनमा विश्वसनीयता रहने गरी कार्य गरिने |
| | | बढी उपस्थित हुने विद्यार्थी र विद्यार्थीहरूका अभिभावकहरूलाई सम्मान गर्ने र शिक्षण सिकाइ क्रियाकलापहरू प्रभावकारी गर्ने शिक्षकहरूलाई पुरस्कृत गरिने । |
| | | शिक्षक नभएको विद्यालयमा सो क्षेत्रमा कार्यरत कर्मचारी तथा पढेर बसेका विद्यार्थीहरूलाई स्वयम् सेवकद्वारा पढाउने व्यवस्था मिलाउने |
| ७ | नगरपालिका भित्रका सबै शैक्षिक निकायहरुमा सुशासन प्रर्वधन गरी बालबालिकाको सिकाइप्रति | गुनासो सुनुवाइ संयन्त्र कार्यविधिलाई कडाइका साथ लागू गरिने साथै सरकारी कर्मचारी, जनप्रतिनिधिहरू र शिक्षकहरूले आफ्ना छोराछोरीहरूलाई अनिवार्य रूपमा सरकारी विद्यालयमा पढाउने |

| | | |
|---|---|---|
| | उत्तरदायी प्रणालीमा विकास गर्ने । | व्यवस्थाको लागि पहल गरिने |
| | | कक्षागत सिकाइ उपलब्धिको मापदण्ड निर्माण गरी लागू गरिनेछ |
| | | नगरभित्र रहेका सबै सामुदायिक विद्यालयहरूमा विद्यार्थी सङख्याको आधारमा क्रमशः शिक्षक दरवन्दीको व्यवस्था गर्ने । शुन्य दरवन्दी भएका विद्यालयवाट शिक्षक दरवन्दीको व्यवस्था गर्दै क्रमशः दरवन्दी अभाव भएका विद्यालयलाई प्राथामिकताका आधारमा अनुदानमा दरवन्दी श्रृजना गरी लागु गरिने |
| | | शिक्षकहरूको नियमिततामा जोड दिने । यसको लागि हरेक कक्षामा घडीको व्यवस्थापन गरेर स्वयम् विद्यार्थीहरूबाट नै समयको बारेमा शिक्षकलाई सचेत गराउने व्यवस्था गरिने। |
| | | निजी विद्यालयहरूको गुणस्तर मापन गरी सेवामूलक बनाउन उनीहरूलाई लक्षित छात्रवृत्ति (कम्तिमा १०प्रतिशत) कोटा निर्धारण गरी कार्यान्वयन गराइनेछ । साथै कार्यान्वयन भए-नभएको बारेमा अनुगमन प्रणालीलाई प्रभावकारी बनाइनेछ । |
| | | कमजोर विद्यार्थीहरूको लागि हरेक सरकारी विद्यालयमा उपचारात्मक तथा सुधारात्मक कक्षाहरू सञ्चालन गरिने |
| | | सरकारी विद्यालयमा पढाउने शिक्षकहरूले सोहि विद्यालयमा ट्युसन पढाउन नपाउने नीति कडाइका साथ अवलम्वन गरिने |
| | | विद्यालयमा सबै पक्ष (स्वास्थ्यकर्मी, प्रहरी, शिक्षा,युवा तथा खेलकुद शाखा, महिला विकास, नगरप्रतिनिधि, बालप्रतिनिधि आदि) को सहभागिता सुनिश्चित गरेर शिक्षा विकास समिति गठन गरिने |
| | | विद्यायलयको शैक्षिक गुणस्तर कायम गर्न नगरक्षेत्र भित्रका सबै राजनैतिक दलहरूबाट राजनैतिक हस्तक्षेप नगर्ने प्रतिवद्धता लिने र शैक्षिक क्षेत्रमा राजनैतिक दलका क्रियाकलापहरूको प्रभाव नपार्ने र यसको लागि साझा सहमति निर्माण गरिने |
| | | नगरभित्रका सबै प्र.अ.हरूको भेला गरेर वास्तविक समस्याहरूको पहिचान गरी समाधानको लागि योजना बनाइने |
| ८ | विद्यालय तहको शिक्षामा रहेको भय, विभेद र पछौटेपनलाई न्युनीकरण गरी समतामूलक पहुँच र समावेशी सहभागीतासहित सबैकालागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने | दृष्टिविहीन, बहिरा र स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका बालबालिकाहरूको तथ्यांक संकलन गर्ने, वर्गीकरण गर्ने र पहिचान भएका बालबालिकाहरूलाई शिक्षा प्रदान गर्ने । आवश्यक पाठ्य तथा, शैक्षिक सामग्रीहरू एवम् उपकरणको व्यवस्था गरिने |

| | | |
|---|---|---|
| | | बाल विवाह उन्मूलन गर्न बालविवाह सम्वन्धी कार्यविधि तयार गरी बालविवाह न्यूनीकरण सम्वन्धी अभियानहरू सञ्चालन गरिने |
| | | समुदायस्तरमा माथिल्लो कक्षाका विद्यार्थीहरूले तल्लो कक्षाका विद्यार्थीहरूलाई सिकाउने वातावरण सिर्जना गरिने |
| | | प्रत्येक विद्यालयमा बाल सुरक्षा सम्बन्धी प्रहरीद्वारा कक्षा लिन लगाइनेछ । जस्तैः राती सुतीसकेपछि कोठामा बत्ति बाल्ने आदि । "प्रहरी मेरो साथी कार्यक्रम" अगाडि बढाइने |
| | | वेवारिसे बालबालिकाहरूको हकमा नगरपालिकाले नै संरक्षण एवम् शिक्षा प्रदान गर्ने व्यवस्था गर्ने |
| | | हरेक विद्यालयमा दण्डरहित शिक्षण सिकाइ क्रियाकलापहरूलाई कडाइका साथ अवलम्वन गरिनेछ, र सकारात्मक अनुशासनका विधि र प्रक्रिया लागु गर्न प्रोत्साहन गर्ने |
| | | दलित बालबालिकाहरूको शिक्षामा पहुँच पुर्याउन विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूको सहकार्यमा कोषको व्यवस्था गर्ने साथै दलित विद्यार्थीहरूका परिवार तथा विद्यार्थीहरूको लागि आयआर्जनका लागि सिपमूलक तालिम गोष्ठीको व्यवस्था गर्ने |
| ९ | अनौपचारिक तथा निरन्तर शिक्षालाई प्रभावकारी बनाइ सिप र रोजगारीका अवसर प्रदान गर्ने | विद्यालयबाहिर रहेका बालबालिकाहरूको अभिलेख तयार गरी उनीहरूलाई शिक्षाको मूलधारमा ल्याउन कहल गर्ने |
| | | शिक्षाबाट वञ्चित बालबालिकालाई वैकल्पिक कक्षाको व्यवस्था गर्ने साथै घुम्ती विद्यालय वा घुम्ती शिक्षाको व्यवस्था मिलाउन पहल गर्ने |
| | | आवश्यकताको आधारमा प्राविधिक र व्यावसायिक सिपमूलक रोजगारीमूलक विद्यालयहरूको स्थापना गर्ने वा अन्य पालिकाहरूसँग समन्वय गर्ने |
| | | स्थानीय स्तरमा भएका परम्परागत प्रविधिलाई आधुनिकीकरण गरी सम्भाव्यता अध्ययन गरी सिप सिकाउने पाठ्यक्रम र पाठ्यसामग्री निर्माण गर्ने |
| | | छोटो अवधिको प्राविधिक सिप सम्बन्धी तालिमहरू सञ्चालन गरिने |
| | | सामुदायिक सिकाई केन्द्रहरुलाई व्यवस्थित गरी अनौपचारिक कक्षाहरु सञ्चालन गर्ने |
| | | सामुदायिक सिकाइ केन्द्रका सहजकर्ताहरुको क्षमता विकास गरी साक्षरतामूलक कार्यक्रम सञ्चालन गर्ने र पूर्णसाक्षर नगरपालिका घोषणा |

| | | |
|---|---|---|
| | | गर्ने |
| | | राष्ट्रिय योग्यता प्रारूप अनुरूप योग्यता परीक्षणको ब्यवस्था गर्ने |
| १० | विद्यालयहरुलाई आपतकाल, संकटपूर्ण अवस्थामा सुरक्षित र विपतप्रति उत्थानशील गरी सुरक्षित विद्यालयको वातावरण निर्माण गर्ने | नगरका हरेक विद्यालयहरूमा विपद् तयारी तथा प्रतिकार्य योजना निर्माण गर्ने र यस्ता विषयवस्तुहरू विद्यालय सुधार योजनामा अनिवार्य रूकमा समावेश गर्ने |
| | | हरेक विद्यालयका बालबालिकाहरूलाई विपदप्रति सम्वेदनशिल हुने उपायहरूको बारेमा पूर्व अभ्यास र वास्तविक अभ्यास गर्न हरेक विद्यालयमा श्रोत शिक्षकको व्यवस्थापन गर्ने |
| | | छात्र र छात्राहरूको लागि बेग्ला बेग्लै शौचालयको व्यवस्था गर्ने तथा हात धुने, व्यक्तिगत सरसफाइ तथा विपद् जोखिम न्यूनीकरण विषयमा अभिभावकहरूलाई अभिमुखीकरण गर्ने । |
| | | कोरोना भाईरस (कोभिड-१९) जस्ता अकस्मात देखिने रोग तथा विपद् जोखिम व्यवस्थापन तथा न्यूनीकरण सम्बन्धी नगरस्तरीय योजना निर्माण गर्ने |
| | | विपद् प्रभावित, विस्थापित परिवार तथा बालबालिकाहरूको पुनर्स्थापना गर्न तथा तत्तकाल अस्थायी पढाइ केन्द्र मार्फत बालबालिकाहरूको पढाइलाई निरन्तर गर्ने । |
| | | विद्यालयले स्वास्थ्य चौकीसंगको समन्वयमा वर्षको २ पटक अनिवार्य रूपमा बालबालिकाहरूको स्वास्थ्य परीक्षण गरिने, जुकाको औषधी खाएको सुनिश्चत गर्ने तथा विद्यार्थीहरूको व्यक्तिगत सरसफाई (नङ काट्ने, कपाल कोर्ने, पोशाक सरसफाई) र विद्यालय स्तरीय सरसफाई सम्वन्धी क्रियाकलापहरू सञ्चालन |
| | | सबै विद्यालय र बालबालिकालाई संभावित विपद जोखिम उत्थानशील हुने गरी सुरक्षित विद्यालय निर्माण गर्नुका साथै सम्पूर्ण विद्यालयहरूमा आधारभूत स्वास्थ्य, सरसफाइ तथा स्वच्छताको व्यवस्था सुनिस्चित गर्ने |

**२.४ उपलब्धि तथा प्रमुख नतिजा**

१. प्रारम्भिक बाल विकास केन्द्रमा उमेर समूहका सबै बालबालिकाको पहुँच पुर्याउदै कक्षा १ मा भर्ना हुँदा प्रारम्भिक बाल विकास र शिक्षाको अनुभव सहित भर्ना भएका हुनेछन् ।

२. हरेक बालबालिकालाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क एवम् माध्यमिक तहको शिक्षा निःशुल्क तथा सबै किसिमका अपाङ्गता भएका बालबालिकालाई सबैतहको शिक्षा अनिवार्य र निःशुल्क भइ शिक्षामा समावेशी र समतामूलक पहुँच शुनिश्चित भएको हुने छ ।

३. अपाङ्गता भएका, दलित र आर्थिक रूपले विपन्न बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा निःशुल्क गरी उच्च शिक्षा निःशुल्क गर्नका लागि पहल गरिने र आवश्यकता अनुसार संघ तथा प्रदेश सरकारसँग समन्वय गरी सेवाको सुनिश्चित गरिने

४. सबै विद्यालयहरु प्रविधि मैत्री, गुणस्तरीय, वैज्ञानिक, बालमैत्री तथा समावेशी भएका हुनेछन् ।

**२.५ प्रमुख कार्यसम्पादन सूचकहरु र लक्ष्य निर्धारण**

| **क्र. सं.** | **सूचकको तह** | | **आधार वर्ष २०८१** | **२०८३** | **२०८५** | **२०८७** | **तथ्याङ्कको स्रोत** |
|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षा | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर (%) | स्थानीय | ९४.६ | ९६ | ९८ | १०० | फल्यास प्रतिवेदन |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | ९४.० | ९९.० | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १मा भर्ना भएका बालबालिका (%) | स्थानीय | ९९.२ | १०० | १०० | १०० | फल्यासप्रतिवेदन |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ६८.६ | ७३.० | ८५.० | ९५.० | |
| १.३ | प्रारम्भिक बाल विकास केन्द्र (सङ्ख्या ) | स्थानीय | ४० | ४१ | ४२ | ४४ | इएमआईएस |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| १.४ | प्रारम्भिक बाल विकास र शिक्षामा भर्ना भएका बालबालिकाले अनुदान पाउने (दिवा खाजा, खेल तथा सिकाई सामग्री, आदि) (सङ्ख्या हजारमा) | स्थानीय | ५००० | ६००० | ८००० | १०००० | इएमआईएस |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| १.५ | प्रारम्भिक बाल विकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक/सहजकर्ता (%) | स्थानीय | ४५ | ६० | ८५ | ९५ | इएमआईएस |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| २ | आधारभूत शिक्षा (कक्षा १-८ ) | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | स्थानीय | ९६.९ | ९७.५ | ९९.० | १०० | आईइएमआईएस |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ९६.९ | ९७.५ | ९९.० | १०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल भर्ना दर (%) | स्थानीय | ११५ | ११२ | ११० | १०५ | आईइएमआईएस |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर (%) | स्थानीय | ९६.८ | ९७.३ | ९९ | १०० | आईइएमआईएस |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ९७.२ | ९९.० | ९९.५ | १०० | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १ ५) कुल भर्ना दर (%) | स्थानीय | १३१ | १२५ | १२० | ११० | आईइएमआईएस |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | |
| २.५ | आधारभूत तह को कक्षा १-५ को खुद प्रवेश दर | स्थानीय | १५४.७ | १३० | ११५ | १०५ | फ्लयास प्रतिवेदन |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| २.६ | आधारभूत तह (प्राथमिक कक्षा १-८) मा कुल भर्ना दरमा लैतङ्गिक समता सुचाङ्क (%) | स्थानीय | ०.४८ | ०.५० | ०.६५ | ०.८० | आईइएमआईएस |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| २.७ | आधारभूत तह कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | ९८.२ | ९८.८० | ९९. | ९९.५ | आईइएमआईएस |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ९३.० | ९६.० | ९९.० | १०० | |
| २.८ | आधारभूत तह (प्राथिमक कक्षा १-५ मा भर्ना भई कक्षा ८ पुरा गर्ने दर (%) | स्थानीय | ९१.९ | ९६.२ | ९८ | १०० | आईइएमआईएस |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| २.९ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पुरा गर्ने छात्रा | स्थानीय | ४८.५० | ५५.०० | ६० | ८० | आईइएमआईएस |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.१० | कक्षा ३ का बालबालिकाको सिकाई उपलव्धी* (कम्पोजिट अङ्क) | स्थानीय | ४९.३ | ५५.०० | ६० | ८० | आईइएमआईएस |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| २.११ | कक्षा ५ का बालबालिकाको सिकाई उपलव्धी* (%). | स्थानीय | ४६.५ | ५५ | ६५ | ८० | आईइएमआईएस |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| २ १२ | कक्षा ८ का बालबालिकाको सिकाई उपलव्धी * (%). | स्थानीय | ८९.०१ | ९० | ९२ | ९५ | आईइएमआईएस |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| २.१३ | विद्यालय वाहिर रहेको बालबालिका (%) | स्थानीय | १.४७ | १ | ०.५ | ०.५ | फ्लयास प्रतिवेदन २०२४ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| २.१४ | मातृभाषामा पठनपाठन हुने विद्यालय (सङ्ख्या | स्थानीय | ० | ० | ० | ० | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| २.१५ | आधारभूत तहमा कार्यरत महिला शिक्षकको दर (%) | स्थानीय | ३.१४ | ५ | ६ | ७ | आईइएमआईएस |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| २.१६ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | स्थानीय | ९५ | ९६ | ९८ | १०० | आईइएमआईएस |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| माध्यमिक शिक्षा (९-१२) | | | | | | | |
| ३.१ | माध्यमिक शिक्षामा कुल भर्नादर (ग्रेड | स्थानीय | ९३.० | ९५ | ९७ | ९९ | फ्लयास प्रतिवेदन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ९-१२) (%) | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ७२.० | ९०.० | ९५.० | ९९.० | |
| ३ .२ | माध्यमिक शिक्षामा खुद भर्नादर* (ग्रेड ९-१२) (%)। | स्थानीय | ६१.२ | ७० | ८५ | ९० | फ्लयास प्रतिवेदन |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ४६.० | ५४.० | ८०.० | ९५.० | |
| ३ .३ | माध्यमिक शिक्षामा लैङ्गिक समानता सूचकांक* (ग्रेड ९-१२) | स्थानीय | १.०९ | १.०५ | १.०३ | १ | फ्लयास प्रतिवेदन |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ०.९५ | १.० | १.० | १.० | |
| ३ .४ | माध्यमिक शिक्षा (कक्षा १०) (%) मा पुग्न कक्षा १ मा भर्ना भएका बालबालिका। | स्थानीय | | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ५८.५ | ६५.० | ७५.० | ९०.० | आईइएमआईएस |
| ३.५ | माध्यमिक शिक्षा (कक्षा १२) (%) मा पुग्न कक्षा १ मा भर्ना भएका बालबालिका। | स्थानीय | | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | २२.५ | २५.५ | ३१.० | ५०.० | |
| ३.६ | माध्यमिक शिक्षा (कक्षा १२) पूरा गर्न कक्षा १ मा भर्ना भएका केटीहरूको अनुपात (केटाहरूसँग)। | स्थानीय | | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | १.०४ | १.०३ | १.०२ | १.०१ | |
| ३.७ | माध्यमिक शिक्षामा महिला शिक्षक (पुरुष शिक्षक) को अनुपात (ग्रेड ९-१२) । | स्थानीय | १.७ | १.४ | १.३ | १.२ | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | १८.० | २७.० | ३३.० | १८.० | |
| ३.८ | माध्यमिक शिक्षामा आवश्यक योग्यता र तालिम भएको शिक्षक* (%)। | स्थानीय | ८४ | ८८ | ९५ | १०० | आईइएमआईएस |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ९६.० | ९७.० | ९८.५ | १०० | आईइएमआईएस |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३.९ | माध्यमिक तहमा विज्ञान तथा प्राविधिक तथा व्यवसायीक विषयमा भर्ना दर | स्थानीय | विज्ञान | १५ | १८ | २० | २५ | आईइएमआईएस |
| | | | प्रा. वि | ६.९८ | १०.८० | १४.६१ | १५ | आईइएमआईएस |
| | | प्रदेश | विज्ञान | | | | | |
| | | | प्रा. वि | | | | | |
| | | राष्ट्रिय | विज्ञान | | | १५.० | २५.० | आईइएमआईएस |
| | | | प्रा. वि | | | ३०.० | ५०.० | आईइएमआईएस |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४.१ अनौपचारिक तथा जीवनपर्यन्त सिकाई | | | | | | | |
| ४.१ | साक्षरता दर (६ वर्ष र माथि) (%) | **स्थानीय** | ८५ | ९० | ९३ | ९५ | आईइएमआईएस |
| | | **प्रदेश** | | | | | |
| | | **प्रदेश** | | | | | |
| ४.२ | साक्षरता दर (१५ -५९) (%)। | **स्थानीय** | ९५ | ९७ | ९८ | १०० | आईइएमआईएस |
| | | **राष्ट्रिय** | | | | | |
| | | **राष्ट्रिय** | | | | | |
| ४.३ | साक्षरता दर (१५-२४ वर्ष) (%)। | **स्थानीय** | ९८ | ९९ | ९९.५ | १०० | आईइएमआईएस |
| | | **प्रदेश** | | | | | |
| | | **राष्ट्रिय** | | | | | |
| ४.४ | सबै वयस्कहरू (१५ वर्ष र माथि) * (%) को सङ्ख्या (सङ्ख्यात्मक सर्तहरूमा पढ्ने र लेख्ने)। | **स्थानीय** | ८८४७ | | | | जनगणना २०७८ |
| | | **प्रदेश** | | | | | |
| | | **राष्ट्रिय** | | | | | |
| ४.५ | महिला (१५ वर्ष र माथि) * (%) को सङ्ख्या (सङ्ख्यात्मक सर्तहरूमा पढ्ने र लेख्ने)। | **स्थानीय** | ४६३८ | | | | जनगणना २०७८ |
| | | **प्रदेश** | | | | | |
| | | राष्ट्रिय | | | | | |
| ४.६ | लैङ्गिक विकास सूचकांक*। | **स्थानीय** | ०.४८ | ०.५५ | ०.६० | ०.६५ | आईइएमआईएस |
| | | **प्रदेश** | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | **राष्ट्रिय** | | | | | |
| ३ प्राविधिक तथा व्यवसायीक शिक्षा तथा सिप विकास (TVEDS) | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्ने विद्यालयहरू (सङ्ख्या) । | **स्थानीय** | २ | निरन्तर | | ३ | आईइएमआईएस |
| | | **प्रदेश** | | | | | |
| | | **राष्ट्रिय** | | | | | |
| ५.२ | प्राविधिक र व्यावसायिक शिक्षा र सीप विकास वा तालिम (सङ्ख्या) को केन्द्र/संस्था सञ्चालन कार्यक्रमहरू | **स्थानीय** | १ | २ | ३ | ४ | आईइएमआईएस |
| | | **प्रदेश** | | | | | |
| | | **राष्ट्रिय** | | | | | |
| ५.३ | प्राविधिक र व्यावसायिक तालिमको साथ काम गर्ने उमेरको जनसङ्ख्या (%) | **स्थानीय** | | | | | |
| | | **प्रदेश** | | | | | |
| | | **राष्ट्रिय** | | | | | |
| ४. सुशासन र व्यवस्थापन | | | | | | | |
| ५ .१ | आधारभूत शिक्षामा विद्यार्थी-शिक्षक अनुपात (ग्रेड १-५) । | **स्थानीय** | १:२३ | १:२३ | १:२२ | १:२२ | आईइएमआईएस |
| | | **प्रदेश** | | | | | |
| | | राष्ट्रिय | | | | | |
| ५ .२ | आधारभूत शिक्षामा विद्यार्थी-शिक्षक अनुपात (ग्रेड १-८) । | **स्थानीय** | १:३२ | १:२९ | १:२८ | १:२५ | आईइएमआईएस |
| | | **प्रदेश** | | | | | |
| | | राष्ट्रिय | | | | | |
| ५ .३ | माध्यमिक शिक्षामा विद्यार्थी-शिक्षक अनुपात (ग्रेड ९-१२) । | **स्थानीय** | १:३० | १:२८ | १:२७ | १:२५ | आईइएमआईएस |
| | | **प्रदेश** | | | | | |
| | | राष्ट्रिय | | | | | |
| ५ .४ | बिजुलीको पहुँच भएका विद्यालयहरू* (%) । | **स्थानीय** | ८९.२८ | ९५ | ९८ | १०० | आईइएमआईएस |
| | | **प्रदेश** | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | | | | | | |
| ५ .५ | इन्टरनेटको पहुँच भएका विद्यालयहरू* (%) | **स्थानीय** | ५८ | ७० | ८५ | १०० | आईइएमआईएस | |
| | | **प्रदेश** | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ५ .६ | हात धुने सुविधामा पहुँच भएका विद्यालयहरू* (%) | **स्थानीय** | १२ | २० | २५ | २८ | आईइएमआईएस | |
| | | **प्रदेश** | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ५ .७ | अपाङ्गता मैत्री विद्यालय सङ्ख्या * | **स्थानीय** | ० | १० | १५ | २० | आईइएमआईएस | |
| | | **प्रदेश** | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ५ .८ | ग्रिन एण्ड क्लिन स्कूल (Number) | **स्थानीय** | ४ | १५ | २० | २८ | आईइएमआईएस | |
| | | **प्रदेश** | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ५ .९ | नर्सिङ हेरचाह र/वा सुविधा भएका विद्यालयहरू (नम्बर) | **स्थानीय** | ४ | ६ | ८ | १० | आईइएमआईएस | |
| | | **प्रदेश** | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ६ शिक्षामा लगानी | | | | | | | | |
| ८.१ | शिक्षा बजेटको अनुपात (%) | स्थानीय | ३६.१७ | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ८.२ | स्थानीय तहको  शिक्षामा प्रतिव्यक्ति लगानि (NRs ।) । | स्थानीय | १२०१५१ | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ८.३ | संघको आधारभूत शिक्षामा प्रतिव्यक्ति | स्थानीय | ११२७३ | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | लागनि  (ग्रेड १-८) (NRs ।)। | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| ८.४ | माध्यमिक शिक्षामा प्रतिव्यक्ति कोष (ग्रेड ९-१२) (NRs ।)। | स्थानीय | १९५९६ | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |

## परिच्छेद: ३  विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

### ३.१ प्रारम्भिक बाल विकास र शिक्षा

#### ३.१.१ परिचय

गर्भवस्था देखी ८ वर्ष सम्मको समयावधिलाई प्रारम्भिक वालविकासको समय मानिन्छ। नेपालमा प्रारम्भिक बालविकास कार्यक्रमको औपचारिक रुपमा शुरुवात २००७ सालमा काठमाण्डौमा स्थापना भएको मन्टेश्वरी स्कूलबाट भएको पाइन्छ । सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति २०१८ ले पहिलो पटक पूर्व प्राथमिक शिक्षामा जोड दिएको थियो । २०२२ सालमा बाल मन्दिर स्थापना भएपछि शिशु शिक्षालाई झन् बढावा दिएको पाइन्छ । शिक्षा मन्त्रालयले २०२५ सालदेखि शिशु कक्षासम्बन्धी पाठ्यक्रम तयार गरेको र २०२९ सालमा शिशु कक्षा व्यवस्था नियमावलीद्वारा यसलाई व्यवस्थित गरेको पाइन्छ । शिक्षा ऐन, २०२८ अनुसार ४ वर्ष उमेर पूरा भएका बालबालिकालाई दिइने शिक्षालाई प्रारम्भिक बाल शिक्षा भन्ने बुझिन्छ । वाल विकास केन्द्रलाई विद्यालय शिक्षाको अभिन्न अंगको रुपमा स्थापित गरी समुदाय र विद्यालयस्तरमा वाल विकास केन्द्रहरु सञ्चालन गरिने व्यवस्था गरियो । समुदाय स्तरमा सञ्चालित वाल विकास केन्द्रहरुको अनुगमन नियन्त्रणमा समस्या देखिएपश्चात् विद्यालयमा आधारित वाल विकास केन्द्रमा जोड दिन थालियो ।

शिक्षा ऐन, २०२८ को आठौं संशोधनले बाल विकास केन्द्रलाई विद्यालय संरचनामा एकीकरण गरेपछि आधारभूत शिक्षाको परिभाषामा प्रारम्भिक बाल शिक्षालाई समेत समावेश गराइएको छ । तत्कालीन शिक्षा विभागबाट विद्यालय क्षेत्र सुधार कार्यक्रम मार्फत प्रारम्भिक बालविकास सञ्चालन दिग्दर्शन, २०६१ र प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ (पहिलो संशोधन २०७५) तयार गरिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले चार वर्षको उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गर्नु पर्ने प्रावधान उल्लेख गरेको छ । उक्त प्रारुप अनुसार चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने कुरा उल्लेख छ । प्रारम्भिक बालविकास र शिक्षाको मुख्य उद्देश्य विविध किसिमका मनोरञ्जनात्मक सिकाइ सहजीकरण क्रियाकलापका माध्यमद्वारा बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग पुर्याउनु र कक्षा एकमा प्रवेशका लागि तयार पार्नु रहेको छ ।

#### ३.१.२ वर्तमान अवस्था

पछिल्लो शैक्षिक सत्र २०८० ।२०८१ को तथ्यांक अनुसार यस नगरपालिकामा २१ संघीय सरकारको अनुदानमा १९ स्थानीय तहको अनुदानमा गरि जम्मा ४० र संस्थागत ४ गरेर कूल ४४ बालविकास केन्द्र सञ्चालनमा रहेका छन्। जसमा २८ सामुदायिक विद्यालयमा आधारित, १२ समुदायमा आधारित र ४ वटा संस्थागत विद्यालयमा आधारित बाल विकास केन्द्र रहेका छन्। भर्ना भएका बालबालिकाहरु मध्ये छात्रा ६ सय ४९ जना र छात्र ७ सय ०८ जना गरि जम्मा १ हजार ३ सय ५७ जना बालबालिका रहेका छन् जसमा संस्थागत २ सय १७

जना रहेका छन् । यस नगरपालिकामा बालविकास केन्द्रको  खुद भर्ना दर ८८ प्रतिशत रहेको छ । नगरपालिकामा एक नमुना बालविकास केन्द्र रहेको छ । सरकारी स्वमित्वमा रहेका बाल विकास केन्द्रका शिक्षकहरुलाई आधारभुत क्षमता विकास तालिम पनि प्रदान गरिएको छ ।

### ३.१.३. चुनौति तथा अवसर

एकिकृत प्रारम्भिक बाल विकास शिक्षाको कार्यबिधि स्थानीय तहमा नहुनु, प्रारम्भिक बाल विकास शिक्षाको सर्वसुलभता नहुनु, उपयुक्त पूर्वाधारको विकासको कमी, गुणस्तरको सुनिश्चितता सहित प्रारम्भिक बाल विकास शिक्षाप्रतिको आकर्षण अभिबृद्धि गर्न नसकिनु, आवश्यक जनशक्ति व्यवस्थापन गर्न नसकिनु, पारिश्रमिक तथा सेवा शर्तको स्पष्ट मापदण्डको विकास नहुनु, गुणस्तरको न्यूनतम मापदण्ड विकास नहुनु, चेकलिष्टका आधारमा अनुगमन मूल्याङ्कन एवम् विद्यालय र केन्द्र बिचको अन्तर सम्बन्ध नहुनु,  अभिभावक शिक्षामा कमि, सरोकारवालाहरुलाई प्रारम्भिक बाल विकासको लगानीको महत्वकोबारे बुझाई स्पस्ट नहुनु आदि मुख्य चुनौतीहरु रहेका छन् ।

नेपालको संविधान २०७२ ले निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको संवैधानिक सुनिश्चितता गर्नुका साथै बालबालिकाको हक अन्तर्गत प्रारम्भिक वालविकास शिक्षालाई वालवालिकाको हकमा समावेश गरेको छ ।  स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा प्रारम्भिक शिक्षा र बालविकास लाई स्थानीय निकायको काम कर्तब्य र अधिकार भित्र समेटिनु तथा विद्यालय क्षेत्र विकास योजनाले प्रारम्भिक शिक्षा र वालविकासलाई विद्यालय शिक्षाको संरचनामा एकिकृत गरिसकेको र शिक्षा ऐन, २०२८ को आठौं संशोधनले समेत प्रारम्भिक वाल विकास र शिक्षालाई विद्यालय शिक्षाको संरचनामा समेटेको हुँदा प्रारम्भिक वालविकास र शिक्षालाई शिक्षा प्रणालीको जगको रुपमा आत्मसात गरिएको छ । नगरपालिकामा संघीय सरकारको अनुदानमा २१  र स्थानीय तहको अनुदानमा १९ गरि जम्मा ४० सामुदायिक बालविकास केन्द्र र संस्थागत ५ गरेर जम्मा ४५ केन्द्रमा २८ बिद्यालयमा आधारित र १७ सदुदायमा आधारित बाल बिकास केन्द्र रहेका छन् र भर्ना भएका बालबालिकाहरु मध्ये छात्रा ६ सय ४९ जना र पुरुष ७ सय ८ जना गरि जम्मा १ हजार ३ सय ५७ जना वालवालिका रहेका छन् । यस नगरपालिकामा बालविकास केन्द्रको  खुद भर्ना दर ८८ प्रतिशत रहेको छ । नगरपालिकामा प्रारम्भिक बाल विकास तथा शिक्षाको विस्तार तथा बिकासका लागि सरकारी तथा गैरसरकारी संघ संस्थाहरुको योगदान, सहयोग तथा भूमिका उपलब्ध रहेको र यसलाई बृद्धि गर्न सकिने अवस्था छ । अभिभावक, समुदाय, वडा कार्यालय, स्थानीय र प्रदेश सरकारहरुबीच साझेदारी र सहकार्य मार्फत प्रारम्भिक वाल विकास र शिक्षाको प्रर्वद्धन गर्न सकिने अवसर प्रशस्त छ ।

### ३.१.४ लक्ष्य

प्रारम्भिक बाल शिक्षा र बालविकास कार्यक्रमको विस्तार गरी बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गर्नु ।

### ३.१.५ उद्देश्य

- बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु,
- पाँच वर्षमुनिका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक, आध्यात्मिक,  वैज्ञानिक तथा नैतिक क्षमताको विकास गरी एकिकृत प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षालाई अधिकारमा आधारित बनाउनु र बालबालिकालाई विद्यालय प्रवेशको तयारी गराउनु,
- सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित आधारभूत तह कक्षा १ प्रवेशमा सहज बनाउने बानीको विकास गर्ने ।

### ३.१.६ रणनीति / क्रियाकलाप

- प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अंगको रुपमा विकास गरी यसलाई सबै बालबालिकाको लागि अनिवार्य गर्ने कार्यलाई सहजीकरण गरिने छ ।

- कम्तिमा एक विद्यालय, एक बाल विकास केन्द्रको अवधारणा अन्तर्गत बाल विकास केन्द्रको पुनर्बितरण गरी प्रदेश तहबाट समेत लगानी प्राप्त गरी बाल विकास केन्द्रको विकासका लागि लागत साझेदारी गरिने छ ।
- प्रारम्भिक बाल कक्षामा निर्धारित मापदण्ड अनुरुप बसाइँ व्यवस्था र सरसफाइलाई ध्यान दिई खेल सामग्री, सिकाइ सामग्री, मनोरञ्जन सामग्री, अडियो भिडियो सामग्री सहित आकर्षक, मनोरञ्जक र बालमैत्री कक्षाकोठा व्यवस्थापन सहितको नमूना बाल विकास केन्द्रको विकास गरिनेछ,
- पाँच वर्षभन्दा कम उमेर समूहका बालवालिकाहरुलाई पूर्व प्राथमिक शिक्षा दिन आवश्यक लगानी गर्न संघ संस्था र अभिभावकहरुलाई प्रेरित गर्ने वातावरण सिर्जना गरिनेछ,
- प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा कार्यक्रमलाई सबै सामुदायिक विद्यालयमा रहने र समुदायमा बाल स्याहार केन्द्र स्थापना गर्न समुदायलाई  अभिप्रेरित गरिनेछ,
- अभिभावक शिक्षा कार्यक्रमलाई परिवार साक्षरता, आय आर्जन, स्वास्थ्य तथा सरसफाइ तथा सीप विकास कार्यक्रमसँग आबद्ध गराएर प्रारम्भिक बाल शिक्षा तथा विकास- पूर्व प्राथमिक शिक्षा कार्यक्रममा समुदायको संलग्नता बढाइनेछ,
- अपांगता भएका बालबालिकालाई, खास गरी जटिल अपांगता भएका बालबालिकालाई लक्षित गरी विशिष्टीकृत, घरमा आधारित प्रारम्भिक बाल शिक्षा कार्यक्रम लागु गर्ने लगायत अपांगताको पहिचान गरी उपचारका लागि सिफारिस गरिनेछ,
- प्रारम्भिक बालविकास कक्षा र बालविकास केन्द्रका शिक्षकहरूको न्यूनतम योग्यता अनुरूक हाल कार्यरत बालविकास शिक्षकहरूलाई योग्यतामा आधारित वृत्ति विकास र स्तर वृद्धिको अवसर प्रदान गर्न साझेदारीका कार्यक्रमहरु सञ्चालन गरिनेछ,
- स्वास्थ्य, पोषण, शिक्षा र सुरक्षामा एकीकृत पद्दतिबाट विद्यालयमा बालबालिकाका लागि बहुक्षेत्रीय प्रारम्भिक बाल विकास योजना निर्माण गरिनेछ,
- ELDS अनुसार सिकाइको न्यूनतम मापदण्ड  सुनिश्चित गर्ने,
- प्रारम्भिक सिकाइ विकास मापदण्ड (ELDS) को आधारमा प्रारम्भिक विकास सिकाइलाई सवलिकरण गर्ने।
- प्रारम्भिक बाल विकास शिक्षा/पूर्व प्राथमिक शिक्षा कार्यक्रमहरू सञ्चालन भएका विद्यालयमा कम्तिमा एक जना शिशु वा बालस्याहार कार्यकर्ताको व्यवस्थापन गर्न आवश्यक सहयोग गर्ने,
- प्रारम्भिक बालविकास कक्षा र बालविकास केन्द्रका शिक्षकहरूको न्यूनतम योग्यता निर्धारण गरी हाल कार्यरत बालविकास शिक्षकहरूलाई योग्यतामा आधारित वृत्ति विकास र स्तर वृद्धिको अवसर प्रदान गर्न साझेदारीका कार्यक्रमहरु सञ्चालन गर्ने,
- स्वास्थ्य, पोषण, शिक्षा र सुरक्षामा एकीकृत पद्धतिबाट विद्यालयमा बालबालिकाका लागि बहुक्षेत्रीय प्रारम्भिक बाल विकास योजना निर्माणका लागि समन्वय र सहकार्य गर्ने,
- शिक्षकलाई ELDS अधारित पाठ योजना र मूल्यांकनमा दक्ष बनाउने र खेलमा आधारित सिकाइ विधिको प्रयोग गर्ने,
- बहुक्षेत्रीय (Health, Nutrition, WASH) समन्वयमा आधारित बालविकास प्रवर्द्धन,
- ३.१.७ प्रमुख उपलब्धि तथा नतिजा
- उपलब्धि
- रास्कोट नगरपालिकाका तीन बर्षदेखि पाँच बर्ष उमेर समूहका करीव ९६% प्रतिशत बालवालिकाले प्रारम्भिक बाल विकास शिक्षाको अनुभव हासिल गरेका हुनेछन् ।
- नगरपालिका भित्रका बाल विकास केन्द्रहरुमा एकिकृत न्यूनतम मापदण्डमा आधारित बालमैत्री नमुना केन्द्र स्थापित भएको हुनेछ ।
- सबै विद्यालयहरुमा र प्रत्येक टोलमा कम्तिमा पनि एउटा एकिकृत प्रारम्भिक बाल विकास केन्द्र वा पूर्व प्राथमिक कक्षा सञ्चालन भएको हुनेछ । सबै बाल शिक्षकहरु कम्तिमा बाल मनोविज्ञानमा आधारित तालिम प्राप्त र प्रबिणता प्रमाण पत्र उत्तीर्ण गरेको हुनेछन् ।

- भाषा, गणित, सामाजिक-भावनात्मक, सृजनात्मक कला, शारीरिक विकास लगायत ६ डोमेनमा बालबालिकाको सिकाइ स्तर वृद्धि भै बालबालिका कक्षामा सक्रिय सहभागिता गर्न थाल्नेछन ।
- बालबालिकाको school readiness मा प्रगति भै स्वास्थ्य, पोषण र WASH संयोजन प्रभावकारी हुनुको साथै ELDS आधारिक मूल्यांकन र अनुगमन प्रणाली स्थापना भएको हुनेछ ।

नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | नतिजा | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | वालबिकास को खुद भर्ना दर (%) | ९४.४ | ९५ | ९६ | ९७ | ९८ |
| २ | प्रारम्भिक बालविकास केन्द्रहरुको नक्साङ्कनका आधारमा विद्यमान केन्द्रहरुको पुनविर्तरण र नयाँ केन्द्रको स्थापना भइ सबै बालबालिकाको पहुँच सुनिश्चित हुने छ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| ३ | आवश्यकताका आधारमा प्रारम्भिक बालविकास र शिक्षाका नमुना कार्यक्रम लागु गर्ने | ० | ११ | ११ | ११ | ११ |
| ४ | प्रारम्भिक बालविकास र शिक्षाका सबै के आधारभूत मापदण्ड पुरा गरेका हुने छन् । | १० | २० | १४ | सबै | सबै |
| ५ | बालविकास केन्द्रका सबै बालबालिकाले विद्यालय खाजसहित स्वास्थ्य तथा पोषण सेवा प्राप्त गरेका हुने | १३५७ | १४०० | १४५० | १५०० | १५५० |
| ६ | सबै बालविकास केन्द्रहरुमा न्यूनतम तालिम प्राप्त शिक्षक तथा बालबालिकाको हेरचाह तथा सहयोगका लागि सहायक कर्मचारीको व्यवस्था गर्ने | ० | ११ | ११ | ११ | ११ |
| ७ | बालविकास केन्द्रहरुमा उक्त उमेर समूहका सबै बालबालिकाहरूको विकासात्मक र सिकाइ आवश्यकता सम्बोधन हुने प्रणालिको विकास | ० | ५ | १५ | १४ | १० |
| ८ | पाठ्यक्रम अद्यावधिक तथा सुधार | ० | १ | १ | १ | १ |

### ३.१.८ प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक  लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | ईकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य पहिलो ५ वर्ष | | | | | | भौतिक लक्ष्य (१०) वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डहरु विकास,  परिमार्जन तथा प्रबोधीकरण | पटक | १ | १ | १ | १ | १ | १ | १ | निरन्तर |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षाको नक्साङ्कन गरी पुनर्वितरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ३ | प्रारम्भिक बालमैत्री  भौतिक पुर्वाधार निर्माण | पटक | ५ | | | | | | | |
| ४ | विकासका साझेदार, गैरसरकारी संस्था, निजी क्षेत्र तथा समुदायलाई प्रारम्भिक बालविकास तथा शिक्षामा समन्वय, सहयोग, सहकार्य तथा लगानी बढाउन प्रोत्साहन | केन्द्रका लागि | | १० | १० | १० | १० | ० | ४० | ५ |
| ५ | बाल उदधान निर्माण | बालविकास | ४४ | ४ | १५ | १५ | १० | ० | ४४ | निरन्तर |
| ६ | बालबालिकालाई खुवाइने खाध्य सामग्रीको गुणस्तर परीक्षण गर्ने | पटक | १२० | ४ | १२ | १२ | १२ | १२ | ५२ | ६८ |
| ७ | तोकिएको उमेरका सबै अपाङ्गता, दुर्गम तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाकालागि प्रारम्भिक बालविकास र शिक्षामा सहज पहुँचका लागि वैकल्पिक कार्यक्रम सञ्चालन | बालविकास | ४४ | ० | ५ | १० | १५ | १४ | ४४ | निरन्तर |
| ८ | आपतकालिन तथा सङकटापन्न परिस्थितिमा पनि बालबालिकाको सुरक्षा र निरन्तर शिक्षाका लागि योजना निर्माण तथा कार्यान्वयन गर्ने | बालिवकास | ४४ | ० | १० | १० | १० | १० | ४० | ४ |
| ९ | न्यूनतम मापदण्डअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमकालागि सुरक्षित तथा अपाङ्गमैत्री शौचालय, कक्षाकोठा तथा सुरक्षित पानी र सरसफाइको व्यवस्था गर्ने । | बालविकास | ४४ | ० | ५ | १० | १० | १० | ३५ | ९ |
| १० | मापदण्डले तोके अनुसार पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्रि तथा बाहिरि वातावरण सुधार सिकाइ तथा खेल सामाग्रि व्यवस्थापन | बालविकास | ४४ | ० | ५ | १० | १४ | १५ | ४४ | निरन्तर |
| ११ | प्रारशम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका बालबालिकाका लागि स्थानीय स्थरमा उत्पादित पोषणयुक्त विद्यालय खाजाको व्यवस्था गर्ने | बालविकास | ४४ | ० | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| १२ | प्रारम्भिक बालविकास तथा शिक्षामा बालबालिकालाई | बालविकास | ४४ | ० | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | गुणस्तरीय एकिकृत सेवा प्रदान गरि बालबालिकाको कम्तिमा तीन महिनामा एकपटक स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्यसम्बन्धी अभिलेख व्यस्थापन, वृद्धि अनुगमन गरी कुपोक्षण भएका बालबालिकाका लागि आवश्यक प्रवन्ध गर्ने । | | | | | | | | | |
| १३ | सबै बालविकास केन्द्रहरुम ELDS सूचकअनुसार कक्षा कोठामा आवश्यक ६ डोमेनका सामग्री राख्ने तथा बालमैत्री कुनाहरू (learning corners) जस्तै- भाषा, गणित, कला, विज्ञान, भूमिकात्मक खेल आदि स्थापनाका लागि स्थानीय सामग्री (locally available resources) प्रयोग गरेर सिकाइ सामग्री निर्माण गर्ने | बालविकास | ४४ | ४४ | १० | १० | १० | १० | ४० | ४ |
| १४ | बालविकास शिक्षकहरुमा ELDS सम्बन्धि अभिमुखिकरण तथा ६० घण्टे तालिम र ELDS अनुगमन checklist तयारी संगै मूल्यांकन सम्बन्धि तालिम दिनुका साथै शिक्षकलाई coaching/mentoring र peer learning circles सञ्चालन गर्ने । | बालविकास | ४४ | ० | २ | १ | १ | १ | ५ | निरन्तर |
| १५ | बालबालिकाको सिकाइ उपलब्धि मूल्यांकन (School Readiness Assessment) बाल विकास अभिलेख (Child Development Record) अद्यावधिक गरि नियमित अवलोकन (Observation-based assessment) गर्ने । | बालविकास | ४४ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १६ | बालबालिकाहरुका लागि स्वास्थ्य परीक्षण, पोषण अवस्था मापन (growth monitoring) गर्ने विद्यालयमा पिउने पानी, हात धुने सुविधा, बालमैत्री शौचालय स्थापना गर्ने र स्वास्थ्य तथा पोषण शिक्षा (health & nutrition education sessions) सम्बन्धि कक्षा सञ्चालन गर्ने | विद्यालय | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ | निरन्तर |

### ३.२ आधारभूत शिक्षा
### ३.२.१ परिचय

परापूर्वकालदेखि आधुनिककालसम्म मानव सभ्यताको विकास, भातृत्व, सँस्कृति, कलाको हस्तान्तरण र जिवीकोपार्जनका कार्य सम्पादन गर्न समेत ठूलाले सानालाई र जान्नेले नजान्नेलाई ज्ञान, सिप, धारणा, विचार दिने र सिकाउने प्रचलनमा छ । सामाजिक मूल्य मान्यता, प्रचलन, प्रथा, सँस्कृति, रीतिथिति, भाषा, साहित्य, कला, ज्ञान, सीप, धारणा, अवधारणा, विचार, सिद्धान्त आदि हरेक पक्षहरु एक सामाजिक संरचनाबाट अर्को तहमा हस्तान्तरण हुँदै आइरहेको इतिहास मानव सभ्यताको इतिहास हो । यही जान्नेले नजान्नेलाई, ठूलाले सानालाई, सिपालुले नजान्नेलाई, अघिल्लो पुस्ताले पछिल्लो पुस्तालाई ज्ञान, सीप धारणा हस्तान्तरण गर्ने प्रक्रियाबाट शिक्षाको शुरुवात भएको पाइन्छ । यसरी एक पिँढीबाट अर्को पिँढीमा शिक्षा हस्तान्तरण हुँदै आईरहेको छ । शिक्षाले मानव जीवनलाई आत्मनिर्भर, सहज र व्यवस्थित बनाउँछ । मानिसलाई मानवोचित जीवनयाँपन गर्ने आधारभूत ज्ञान, सीप, दक्षता हासिल गराउने शिक्षा आधारभूत शिक्षा हो । आधारभूत शिक्षाले माध्यमिक शिक्षाको जग बसाल्ने र देश विकासको मेरुदण्डको भूमिका खेल्दछ । विश्वमा यस तहको शिक्षालाई भिन्न भिन्न संरचनामा राखिएको पाइन्छ । नेपालको सन्दर्भमा प्रारम्भिक बाल विकास शिक्षा देखि कक्षा आठ सम्मको शिक्षालाई अधारभूत शिक्षा मानिएको छ । शिक्षाको जग नै आधारभूत शिक्षा हो । देश विकास र समुन्तका लागि आधारभूत शिक्षाको विकास अनिर्वाय र अपरिहार्य छ । देश विकासको निम्ति आधारभूत शिक्षा पूर्वाधारको पनि पूर्वाधार मानिन्छ । शिक्षाले व्यक्तिको सर्वाङ्गीण विकास गरी असल, योग्य, सक्षम, प्रतिस्पधी र उत्पादनमुलक जनशक्ति तयार गर्दछ । राष्ट्रको आर्थिक, सामाजिक, साँस्कृतिक र पूर्वाधार विकासका लागि त्यस्तो जनशक्तिको योगदान महत्वपूर्ण हुन्छ । देशमा दिगो शान्ती, सुशासन, विकास र समृद्धिको लागि शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । सीपमूलक, वैज्ञानिक, व्यावहारिक एवं गुणस्तरीय शिक्षा समृद्ध नेपालको आधारशिला हो । मुलुकको सर्वाङ्गीण विकासको मूल आधार शिक्षा नै भएकोले गुणस्तरीय शिक्षामा सबै नागरिकको समतामूलक र न्यायोचित पहुँच स्थापित गर्नु आजको आवश्यकता हो ।

नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्वन्धी हक उल्लेखित छ । उक्त धाराले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ र प्रत्येक नागरिकलाई आधारभूततहको शिक्षा अनिर्वाय र निःशुल्क हुने ब्यवस्था गरएको छ । अनिर्वाय तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को परिच्छेद (३) को दफा (६) को उपदफा (१) मा प्रत्येक स्थानीय तहमार्फत राज्यले चार वर्ष पुरा भई बाह्र वर्ष उमेर पुरा नभएका प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिर्वाय शिक्षा प्रदान गर्ने व्यवस्था गर्नु पर्नेछ । यसैगरी उपदफा (३) मा स्थानीय तहले प्राकृतिक विपद, दुर्घटना, आकस्मिक घटना लगाएतका अन्य कारणबाट प्रभावित बालबालिकालाई सुरक्षित रुपमा आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने व्यवस्था गर्नु पर्नेछ । आधारभूत तहको शिक्षाको महत्वलाई दृष्टिगत गरेर नै यसलाई योजनावद्ध रुपमा व्यवस्थित र गुणस्तरीय बनाउनका लागि रास्कोट नगरपालिकाले यस योजनामा आधारभूत शिक्षा विकासका कार्यक्रमहरु समावेश गरेको छ ।

### ३.२.२ वर्तमान अवस्था
रास्कोट नगरपालिकाको आधारभूत तहको शिक्षामा पहुँच र गुणस्तरीयतामा क्रमिकरुपमा सुधार भएको छ । यस नगरपालिकाको आधारभूत शिक्षामा समतामूलक पहुँच र गुणस्तर कायम गर्न नगर शिक्षा समिति, शिक्षा युवा तथा खेलकुद शाखा मार्फतका विद्यालयहरुबाट विभिन्न कार्यक्रमहरु कार्यान्वयन गरिरहेको छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रको फल्यास प्रतिवेदन २०८० अनुसार रास्कोट नगरपालिकामा रहेका ३२ वटा विद्यालयहरु मध्ये २८ वटा सामुदायिक र ४ वटा संस्थागत विद्यालय रहेका छन् । यी मध्ये सबै विद्यालयमा कक्षा (१-५) संचालित रहेको र ६ वटा विद्यालयमा कक्षा (१-८) संचालित रहेका छन् । नगरपालिकामा आधारभूत तह कक्षा (१-५) संचालित ४ वटा संस्थागत विद्यालयहरू रहेका छन् । आधारभूत तहमा छात्रा २०२४ जना र छात्र १७३५ जना गरी जम्मा ३७५९ जना अध्ययनरत छन् । यस नगरपालिकामा रहेका बाहुन, क्षेत्री, ठकुरी ,योगी कुमाल, सार्की र दर्जी जातिहरुको बसोबास रहेको पाइन्छ । अधिकांश दलित परिवारका मानिसहरुको आर्थिक

अवस्था कमजोर भएका कारण यस नगरका विशेषगरी दलित जातिका बालबालिका  घरायसी काममा व्यस्त रहनाले उनीहरुको सिकाइ उपलब्धि न्यून रहेको देखिन्छ भने कतिपय बालबालिका आयआर्जनका लागि छिमेकी मुलुक भारतसम्म जाने गर्दछन् । अभिभावक कामका लागि बाहिर जाँदा बालबालिका पनि अभिभावकसँगै जाने भएकाले कक्षा छाड्ने र दोहोर्याउनेको बालबालिकाको संख्या बढ्दो रहेको पाइन्छ । त्यसैले यस जातिका बालबालिकाको शिक्षाको पहुँचमा कमि छ ।

यस रास्कोट नगरपालिकाले दलित, अपाङ्ग , सुस्त मनस्थित र सिमान्तकृत बालवालिकाहरुमा शिक्षाको पहुँच पुर्याउन विभिन्न कार्यक्रम तथा गतिविधि संचलान गरेको छ । आधारभूत तहका तहगत सक्षमता हासिल गर्न र गुणस्तरीय शिक्षा प्रदान गर्न शिक्षा, युवा तथा खेलकुद शाखाले रास्कोट नगरपालिकाका मा.वि. र आधारभूत विद्यालयलाई स्मार्ट बोर्ड वितरण तथा हस्तान्तरण गरेको छ भने सुशासन व्यवस्थापनको लागि सिसि टिभी क्यामरा जडान तथा माध्यमिक विद्यालयहरूमा विद्यालय सुरक्षा गार्डको व्यवस्था  गरिएको छ । यस किसिमको क्रियाकलापले नगरपालिकाको शैक्षिक प्रगति र उन्नतिमा ठूलो टेवा पुर्याएको छ ।

**३.२.३ चुनौती तथा अवसर**

यस नगरपालिकामा आधारभूत तहका सबै बालबालिकाहरुको विद्यालयमा पहुँच पुर्याउन (विशेष गरी विपन्न, दलित, जोखिममा रहेका तथा अपाङ्गता भएका बालबालिका) नसकिएको, बालबालिकाको सिकाई उपलब्धिमा उल्लेख्य वृद्धि गर्न नसकिएको, बालबालिकाले विद्यालय छाड्ने तथा कक्षा दोहोर्याउने दरमा कमी ल्याउन नसकिएको, विद्यालयको भौतिक संरचना पर्याप्त बनाउन साथै बालमैत्री भौतिक संरचनाको विकास गर्न नसकिएको, निःशुल्क तथा अनिवार्य शिक्षालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसकिएको, भौतिक पूर्वाधार सहितको आकर्षण सिकाई वातावरण विकास गर्न नसकिएको, शैक्षिक सेवा प्रवाहमा अपेक्षित सुधार गर्न नसकिएको, शैक्षिक प्रशासन तथा सुशासन व्यवस्थापन गर्न समस्या, सामुदायिक तथा नीजि विद्यालयबीचको शिक्षाको गुणस्तरीयमा दुरी घटाउन नसकिएको, बालमैत्री तरिकाले प्रविधिलाई शिक्षक र विद्यार्थीसँग जोडेर शिक्षण सिकाई गर्न नसकिएको, गुणस्तरीय शिक्षाको सुनिश्चितता सहित सार्वजनिक शिक्षा प्राप्तिको आर्कषण अभिवृद्धि गर्न नसकिएको, विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनः वितरण गर्न नसकिएको, आदी चुनौति रहेका छन् ।

नेपालको संविधान २०७२ ले अनिवार्य तथा निःशुल्क शिक्षाको सुनिश्चितता गरेको, नगरपालिकाबाट शिक्षक अनुदान कोटाको व्यवस्था भएको, स्थानीय पाठ्यक्रम निर्माण भई पठनपाठन भइरहेको, सरकारी तथा गैरसरकारी निकायबाट विद्यालयको भौतिक तथा शैक्षिक विकासमा सहयोग हुनु, विद्यार्थीहरुलाई निरन्तर छात्रवृत्तिको व्यवस्था तथा आवासीय विद्यालयको ब्यवस्था हुनु,माध्यमिक तहमा अध्ययनका लागि आधारभूत ज्ञान, सीप, धारणा हासिल गर्नु र गुणस्तरीय शिक्षामा वृद्धि गर्नु र सुधार हुनु आदी यस नगरपालिकामा आधारभुत शिक्षा क्षेत्रमा विद्यमान अवसरको रुपमा रहेका छन् ।

**३.२.४ लक्ष्य**

सबै प्रकारका आधारभूत शिक्षालाई अधिकारका रुपमा स्थापित गर्दै विद्यालयमा बालमैत्री वातावारणमा ५ देखि १२ वर्ष उमेर समूहका बालबालिकाहरुका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षामा पहुँचको सुनिश्चितता गर्ने ।

**३.२.५ उद्देश्यहरु**

१. सबै बालबालिकाहरुलाई आधारभूत तहमा अनिर्वाय तथा निःशुल्क शिक्षा प्रदान गर्नु ।

२. आधारभूत शिक्षामा सबैको पहुँच सुनिश्चित गर्दै सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।

३. आधारभूत तहमा खुद भर्ना दर तथा टिकाउ दर वढाउनु ।

४. माध्यमिक शिक्षा अध्ययनका लागि शारीरिक, मानसिक, भाषिक तथा साँस्कृतिक क्षेत्रमा विकास गर्नु ।

५. सिकाइलाई दैनिक जीवनसँग सम्वन्धित गराई अन्तरसम्वन्धित विषयवस्तु तथा व्यवहार कुशल सिपलाई एकिकृत गरी बालमैत्री तरिकाले सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।

६. आधारभूत शिक्षा प्रदायक विद्यालयहरुमा न्यूनतम सक्षमताको अवस्था सुनिश्चित गर्न विद्यालय सँग समन्वय गर्नु ।

७. आधारभूत शिक्षा गुणस्तरीय, जीवनपयोगी, व्यवहारमुखी, बालमैत्री र प्रविधिमैत्री वनाउनु ।

८. विपन्न, अपाङ्गता भएका, दलित, पिछडिएका वर्ग, सिमानकृत तथा कठिन परिस्थितीमा रहेका बालबालिकाहरुको आधारभूत शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने ।

९. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा क्रमिक सुधार गरी विद्यालय सञ्चालन पद्दतिलाई विविधता अनुकुलन उत्थानशिल र जवाफदेही बनाउनु ।

**३.२.६. रणनीतिहरु**

१. अधारभूत शिक्षा सबै बालबालिकाको सहज पहुँच सुनिश्चित गर्ने अभियान सञ्चालन गरिने छ ।

२. हरेक विषयवस्तुहरु बालबालिकाको विचमा हस्तान्तरण र सम्प्रेषण गर्दा बालबालिकाहरुलाई सोच्ने, तर्क गर्ने र अनुमान गर्ने अवसरको सृजना प्रदान गरी शिक्षण सिकाइ गरिने छ ।

३. अनिर्वाय तथा निःशुल्क अधारभूत शिक्षा उपलब्ध गराउन शिक्षा सँग सरोकार राख्ने सरकारी तथा गैर सरकारी संघ सँस्था वा निकायहरुसंग समन्वय र सहकार्य गरिने छ ।

४. विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालय भर्ना अभियानलाई सबै तहको सरकार, राजनीति दल, स्थानीय बुद्धिजिवी, सरकारी तथा गैर सरकारी निकायहरुको साझेदारीमा निरन्तरता दिइ सबै बालबालिकालाइ विद्यालयमा भर्ना गरी निःशुल्क तथा अनिर्वाय आधारभूत शिक्षाको सुनिश्चिताको नगरपालिकाले घोषणा गर्ने,

५. आधारभूत तह (कक्षा १ देखि ५ सम्म) सञ्चालन भएका सबै विद्यालयहरुमा दिवा खाजा कार्यक्रम कार्यान्यिन गर्दा बालबालिकाको स्वास्थ्यलाइ ध्यान दिइ स्थानीय स्तरमा उत्पादित खाद्यवस्तुलाई प्रथामिकता दिदै बजारीय खाजालाई विस्थापित गरी शैक्षिक क्षति न्यूनीकरण गर्न सहयोग गरिने छ ।

६. बालबालिकाको बौद्धिक विकासको लागि पियाजेको सिकाइ सिद्धान्त द्वारा शिक्षण सिकाइ गरिने छ ।

७. बुझाइका लागि, पूर्णताको लागि, स्थानान्तरण लागि र स्थायित्वका लागि कसरी शिक्षण गर्ने योजना निर्माण गरी शिक्षण गरिने छ

८. आधारभूत विद्यालयमा सक्षम, दक्ष, उच्च नैतिकवान र उच्च योग्यता भएको प्र.अ.को व्यवस्था गरी विद्यालय विकास तथा व्यवस्थापनप्रति प्र.अ. लाई उत्तरदायी बनाइने छ ।

१०. न्यूनतम सिकाई उपलब्धी हासिल गराउन आवधिक रुपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थी सिकाईमा शिक्षक जवाफदेही हुने प्रणाली विकास गरिने छ ।

११. संघीय सरकारले शिक्षाको न्यूनतम योग्यता र तयारीको मापदण्ड तथा विद्यार्थी शिक्षक अनुपात लगाएत दरवन्दीका आधारहरको तयगरे अनरुप शिक्षक दरवन्दी व्यवस्था गरी पुनर्वितरण र समायोजन गरिनेछ ।

१२. विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ कै अभिन्न अंगको रुपमा प्रयोगमा ल्याई विद्यार्थीलाइ आवश्यक सहयोग उपलब्ध गराइ सिकाइमा सुधार ल्याउने अवस्थाको सिर्जना गरी कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गरिने छ र विद्यार्थी मूल्याङ्कन तथा परीक्षा पद्दतिमा सुधार गरिने छ ।

१३. नतिजाप्रतिको जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको व्यावस्थापकीय पद्दतिमा सुधार गरिने छ ।

१४. शिक्षकलाइ पेशागत सहयोग प्रदान गर्न शिक्षक शिक्षा, तालिम, सहित आवश्यक शिक्षक सहायता संयन्त्रको विकास गरिने छ ।

१५. विद्यार्थीहरुको पूर्व सिकाइमा न्यून भएको विद्यालयसंग समन्वय गरी अत्तिरिक्त कक्षाहरुको व्यवस्था मिलाइने छ ।

१६. सबै सामुदायिक तथा संस्थागत विद्यालयमा आवश्यक न्यूनतम पूर्वाधार, समावेशी, पूर्वाधार र शिक्षक तथा स्रोत सुनिश्चित गरिने छ ।

१७. विद्यालयलाई कार्य सम्पादन स्वः मूल्याङ्कनका आधारमा प्रोत्साहन गरिने छ ।

१८. विद्यालयका प्र.अ., शिक्षकहरुसंग कार्य सम्पादन करार सम्झौता गरी विद्यालय र वालबिकासको सिकाइप्रति जिम्मेवारी र जवाफदेहिता बनाउन आवश्यक संयन्त्र निर्माण गरिनेछ ।

१९. जीवनोपयोगी सीप, व्यवहारिक सीप र मूल्यमा आधारित शिक्षाको प्रयोग लाई समेटिएको हाम्रो रास्कोट हाम्रो पहिचान नामको स्थानीय पाठ्यक्रम कार्यन्वयनका लागि पाठ्यपुस्तक र अन्य आवश्यक सन्दर्भ सामग्रीहरुको विकास गरी कार्यान्यिन गरिनेछ ।

२०. जनसांख्यिक बनोट , भौगोलिक अवस्थाको आधारमा विद्यालय नक्सांकन गरी विद्यालय गाभ्ने , सार्ने तथा नयाँ स्थापना गर्ने कार्यमा स्थानीय सरोकारवालाहरुसंगको समन्वयमा सहजीकरण गरिने छ ।

२१. आधारभूत शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी शिक्षण सिकाई वातावरण सिर्जना गर्न विद्यालयहरुसंग समन्वय र सहकार्य गरी नमूना आधारभूत विद्यालयहरुको विकास गरिने छ ।

२२. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले अगाडी सारेका विद्यालय शिक्षाको नयाँ पाठ्यक्रमको कार्यान्वयन गर्नका लागि तिनवटै तहका सरकारहरुवीच समन्वय र सहकार्य गरिने छ ।

२३. अनुगमन सुपरिवेक्षण संयन्त्रको विकास गरी आधारभूत तह सञ्चालन भएका विद्यालयको अनुगमन तथा सुपरिवेक्षण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

२४. विद्यालय शिक्षाको समग्र विपत् जोखिम व्यावस्थापनका विविध आयामहरुमा तीन तहकै सरकारबाट जारी गरिएका नीति, मार्गदर्शन कार्यढाँचा लगायतका विषयवस्तुहरुलाई स्थानीय परिवेश अनुसार स्थानीयकरण गर्दै समग्र विद्यालय शिक्षा पद्दतिलाई विपत् जोखिम व्यावस्थापन , उत्थानशिल बनाउन यसका लागि बहुक्षेत्रगत प्रयासहरुलाई समन्वय ढंगले अगाडी बढाइने छ ।

२५. प्रत्येक विद्यालयमा कक्षा १ देखि ३ सम्मको सिकाई उपलब्धि विकास गर्न विद्यार्थी, शिक्षक र अभिभावकलाई सक्रीय बनाउन अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गर्ने ।

२६. बालमैत्री र प्रविधिमैत्री वनाउन प्रत्येक शिक्षकलाई शिक्षण विधि र मनोविज्ञानमा तालिम प्रदानगरी एक शिक्षक एक ल्यापटप र प्रत्येक विद्यालयलाई आवश्यकता अनुसार स्मार्टवोर्ड वितरण कार्यक्रम तय गरिने छ ।

### ३.२.६ प्रमुख उलब्धि, तथा नतिजा

**मुख्य उपलब्धि**

रास्कोट नगरपालिकामा अनिवार्य तथा आधारभूत शिक्षामा समतामुलक, समावेशी पहुँच सहितको सहभागिता सुनिश्चित भइ आधारभूत शिक्षाको गुणस्तरमा अभिवृद्धि हुनेछ ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. स | प्रमुख नतिजा | आधार बर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह (कक्षा १-५)बिद्यालय बाहिर रहेका | ३ | २ | १ | ० | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बालबालिकाकोप्रतिशत | | | | | |
| २ | आधारभूत तह (कक्षा १-५) विद्यार्थी र तालिम प्राप्त शिक्षकको सङ्ख्या | ५० | १० | १० | १० | ७ |
| ३ | न्यूनतम सिकाई मापदण्ड ( Minimum Enabling conditions ) पूरा गरेका आधारभूत तहका विद्यालयको सङ्ख्या | ८ | ५ | ४ | ६ | ५ |
| ४ | न्यूनतम भौतिक पुर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता भएको विद्यालयको सङ्ख्या | १० | ४ | ४ | ४ | ६ |
| ५ | विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन भएका विद्यालयको सङ्ख्या | ० | ४ | १ | २ | १ |
| ६ | विद्यालयमा पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्ध | २८ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ७ | विद्यालय शिक्षा प्रणाली प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील विद्यालयको सङ्ख्या | ४ | ६ | ५ | ६ | ७ |
| ८ | सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइ पूर्णता पाएका विद्यालय सङ्ख्या | १० | ५ | ४ | ५ | ४ |
| ९ | शिक्षकको क्षमता विकास भई गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कार्यक्रम | ९ | ७ | ४ | ४ | ४ |

### ३.२.७ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | ईकाइ | लक्ष्य | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालयको नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | शिक्षक योग्यताका मापदण्ड र दरवन्दी निर्धारणका मापदण्ड तथा आधारको पुनरावलोकन तथा परिमार्जन र कार्यान्वयन | पटक | १ | ० | १ | ० | ० | ० | १ | |
| ३ | विद्यालयमा मापदण्ड अनुसार विद्यार्थी अनुपातका आधारमा शिक्षक व्यवस्था | शिक्षक | ४० | ४ | ६ | ५ | ५ | ४ | २४ | १६ |
| ४ | आधारभूत तहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्ने | प्रतिशत | १०० | ९५ | ९७ | ९८ | ९८.५ | ९९ | ९९ | १०० |
| ५ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेरवार, खाजा घर, करेसाबारी, बालबगैचा, कम्प्युटर श्रब्य दृश्य सामाग्री ) | विद्यालय | ४१ | ५ | ८ | ८ | ४ | ४ | २९ | १२ |
| ६ | विद्यालयको कार्य सम्पादन परीक्षण तथा विद्यार्थीको सिकाई उपलव्धि परीक्षण | प्रतिशत | १०० | २५ | २५ | २५ | २५ | | १०० | |
| ७ | राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ कार्यान्वयन | विद्यालय | सबै | २,३ र ६ | ४, ७ | ५, ८ | ९-१० | | | |
| ८ | कक्षा शिक्षण, विषयवस्तुको एकिकृत सिकाई, व्यवहार कुशल सिपहरुको एकीकरण तथा विद्यार्थी मुल्याङ्कन सम्बन्धि शिक्षक क्षमता विकास (बहुभाषिक सिकाई सहजीकरण तथा विद्यार्थी परामर्श सेवा समेत) | प्रतिशत | १०० | २५ | ३० | ३५ | ५ | ० | १०० | १०० |
| ९ | विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितीप्रति योजना तयार गरी उत्थानशिल बनाउने | पटक | योजना | १ | | | | | १ | |
| १० | विद्यालय सिकाईका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामाग्री तथा क्षमता विकास | विद्यालयप्रतिशत | १०० | ४० | ५० | ६० | ७० | ९० | १०० | |
| ११ | शिक्षक तयारी, विकास र सहायता प्रणालीको पुनर्सचना (तयारी कोर्ष तथा कार्यक्रम विकास ), (सहायता संरचना) | पटक | २ | ० | १ | १ | ० | ० | **२** | **निरन्तर** |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध | प्रतिशत | १०० | ५० | ५० | १०० | १०० | १०० | १०० | निरन्तर |
| १३ | विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | सङ्ख्या | २००० | १०० | १५० | २०० | ४०० | ८०० | १६५० | ३५० |
| १४ | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि विद्यार्थीलाइ पाठ्यपुस्तक वितरण | विद्यार्थी | ५३११ | ५३११ | - | - | - | - | ५३११ | |
| १५ | आर्थिक रुपमा विपन्नका लागि ड्रेस, स्टेसनरी ईत्यादिका लागि छात्रवृत्ती | विद्यार्थी | | ६० | ८० | ९५ | १२५ | १५० | २०० | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१. परिचय

नेपालको माध्यमिक शिक्षा (कक्षा ९ देखि १२) ले मानवीय मूल्यका साथै कला, संस्कृति, विज्ञान र प्रविधि क्षेत्रमा आधारभूत मूल्य मान्यताको ज्ञान, सिप तथा दृष्टिकोण र व्यवहारहरु आर्जन गरेको सक्षम जनशक्ति उत्पादन गर्ने लक्ष्य राख्दछ । यो तहको शिक्षा कामको संसारमा प्रवेश गर्न सक्ने सिप सहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो । यही दृष्टिकोणमा आधारित भएर विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ विकास भई सोअनुसार पाठ्यक्रमको कार्यान्वयन वि.सं. २०७७ बाट प्रारम्भ भएको छ । नेपालको संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ । संविधानमा विद्यालय तहको शिक्षालाई स्थानीय सरकारको अधिकार क्षेत्रभित्र रहने व्यवस्था छ । संविधानका उल्लेखित प्रावधानहरुले आम नागरिकका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न स्थानीय सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशानिर्देश गरेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सवैको निःशुल्क पहुँच सुनिश्चित गदै यसवाट सिर्जनशिलता, रचनात्मक, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयूक्त एवंम उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ । विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ ले विद्यालय तहदेखि नै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका वारेमा अध्ययन अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनशीलता अभिवृद्धि गर्ने रणनीति लिएको छ । स्रोह्रौ योजना (२०८१ ।८६) को अवधारणा पत्रमा गुणस्तरीय, समन्यायिक एवम् जीवनोपयोगी शिक्षा प्राप्तिका लागि खोज, अनुसन्धान र विकासमा आधारित नवीनतम्, व्यवहारिक, प्रयोगात्मक, सीपयुक्त र जीवन उपयोगी शिक्षाको प्रवर्धन गर्न शिक्षामा डिजीटल प्रविधि, प्रयोगशाला र बहुविधायुक्त पुस्तकालयको प्रयोग र माध्यमिक शिक्षालाइ वृत्तिविकाससँगै पढ्दै कमाउँदै र कमाउँ दै पढ्दै अवधारणाको कार्यान्वयन,सरकारद्वारा प्रदत्त सेवा सुविधालाई समन्यायिक वितरण, विद्यार्थीको शारीरिक, मानसिक र वौद्धिक विकासमा योगदान पुर्याउन योग, ध्यान, सकारात्मक सोच र नैतिक शिक्षाको प्रवर्धनमा आधारित शिक्षा प्रणाली अवलम्वन गर्ने अवधारणा राखेको छ ।

माध्यमिक तहमा साधारण, परम्परागत र प्राविधिक धारमा शिक्षा कार्यक्रम सञ्चालनमा छन् । कक्षा ११ र १२ मा धारको विकल्पहरु सहित एकलपथीय पाठ्क्रम लागू गरिएको छ । कक्षा १२ पछि उच्च शिक्षामा प्रवेश गर्न वा कामको संसारमा जान मार्ग प्रशस्त हुने व्यवस्था छ । अर्कोतिर श्रम वजारको माग अनुसार आधारभूत तथा मध्यमस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्ने गरी प्राविधिक तथा व्यवसायिक शिक्षाको समेत व्यवस्था गरिएको छ । शिक्षा नीति २०७६ ले माध्यमिक तहमा प्राविधिक धारलाई विषेश जोड दिएको छ । संविधानले प्रदत्त गरेका शिक्षाका अधिकारलाई सुनिश्चित गर्न स्थानीय तहले शैक्षिक नीति तथा योजना निर्माण गर्न अपरिहार्य भएको छ ।

### ३.३.२. वर्तमान अवस्था

रास्कोट नगरपालिकाको माध्यमिक तहको शिक्षामा विद्यार्थीको पहूँचमा क्रमिकरुपमा प्रगती भएको छ । यस पालिकामा जम्मा ४ वटा माध्यमिक विद्यालयहरु संचालित छन् । जसमा १ वटा संघीय सरकारवाट स्वीकृती प्राप्त र ३ वटा अनुमति प्राप्त हुन जहाँ वीज्ञान, शिक्षा, मानविकि, व्यवस्थापन, कानून र कम्यूटर विज्ञान तर्फका विषयहरु पठनपाठनमा ल्याईएका छन् । माध्यमिक तह (कक्षा ९ देखि १२) मा खुद भर्ना सङ्ख्या छात्रा ५५४ र छात्र ५९२ गरी कुल ११४६ छन् । यस नगरपालिकामा कक्षा १० को उतिर्ण प्रतिशत ९०.३४ र १२ को उतिर्ण प्रतिशत लमसम ५५ हाराहारी देखिन्छ । सोह्रौ योजानामा नेपालमा माध्यमिक तहको कुल भर्ना दर ८३.४ प्रतिशत र कक्षा १२ उतिर्ण दर ३५.६ प्रतिशत रहेको उल्लेख गरिएकोछ । यस पालिकामा माध्यमिक तह (कक्षा ९ देखि १२) मा खुद भर्ना दर ६१.२ प्रतिशत रहेको छ । कक्षा ९ देखि १२ मा लैङ्गिक समता सूचक समदरमा पुगेको छ । रास्कोट नगरपालिकाका सामुदायिक माध्यमिक विद्यालयको कक्षा ९ र १० मा जम्मा शिक्षकहरु ७

दरवन्दी, ४ राहत, संघीय अनुदान ५ गरी जम्मा १६ तथा कक्षा ११ र १२ मा ४ दरवन्दी, ८ राहत गरी जम्मा १२ जना कार्यरत छन् । नगर अनुदानका शिक्षकहरुको सङ्ख्या २ र विद्यालय शिक्षक २ जना कार्यरत छन्। यसरी कुल ९ देखि १२ का शिक्षक सङ्ख्या ३२ देखिन्छ । कक्षा ९ देखि १२ मा कुल ११४६ वालवालिकाहरु अध्ययनरत रहेका छन् । समग्रमा कक्षा ९ देखि १२ सम्म छात्राहरु बढी सङ्ख्यामा रहेका छन् । नेपाल सरकारले देशका सवै स्थानीय तहमा प्राविधिक शिक्षाको संस्थागत पहुँच पुर्याउने नीति लिएकोमा हालसम्म रास्कोट नगरपालिकामा प्राविधिक माध्यमिक शिक्षा १ वटा (९ देखि १२ कम्प्यूटर विज्ञान) तथा १ वटा (सिटिईभिटिद्वारा सम्वन्धन प्राप्त ) प्रि-डिप्लोमा इन एग्रिकल्चर विद्यालय संचालित छन् । आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका समुदायका वालवालिकाहरुको माध्यमिक शिक्षामा पहुँचका सम्वन्धमा यकिन तथ्याङ्क पाउन नसके पनि वनञ्चितिमा परेकाहरुको माध्यमिक शिक्षामा पहुँच कम छ । संविधानले माध्यमिक शिक्षालाई निःशुल्क भने पनि यसलाई पूर्ण निःशुल्क वनाउन सकिएको छैन । नियमित पठनपाठन शुल्क भने निःशुल्क नै छ । राजश्व, ग्रेडसिट तथा सामान्य प्रयोगात्मक परीक्षा दस्तुर कायमै छ ।

माध्यमिक तह कक्षा १०- एसईईमा र कक्षा ११ र १२ का परीक्षाको नतिजामा क्रमसः सूधार हुँदै छ । तै पनि पूर्ण उपलव्धी हासिल गर्न नसकेका कारण उच्च शिक्षावाट समेत वञ्चित छन । माध्यमिक शिक्षालाई जीवनोपयोगी सिपसँग पनि प्रत्यक्ष रुपले जोड्ने कार्यलाई थप प्रवाभकारी वनाई प्राप्त शिक्षा उपयोग गरी जीविकोपार्जनलाई सहयोग गर्नु आवश्यक छ । शिक्षकलाई नयाँ ज्ञान, सिप र प्रविधिमा अध्यावधिक गराई थप क्रियाशिल वनि सिकाई सुधार गर्नुपर्ने छ । सूचना तथा संचार प्रविधिलाई गुणस्तरीय शिक्षा प्राप्तिको साधनको रुपमा उपयोग गर्ने कार्यलाई विस्तार गर्नु छ । विगत लामो समयदेखि नै क्षमता विकासलाई गुणस्तरीय शिक्षाको मुख्य आधारका रुपमा व्याख्या गरिँदै आएको छ भने शैक्षिक संस्थाभित्र सिकाई संस्कार विकास गर्नु पर्छ भनेर बहस र पैरवी समेत हुँदै आएको छ । कर्मचारीका लागि तालिम तथा अध्ययन भ्रमण, शिक्षकका लागि पेशागत तालिम र अध्ययनको अवसर, प्रधानाध्यापकका लागि नेतृत्व विकास तालिम जस्ता पक्षमा काम पनि भईरहेका छन्।

संघीयताको संक्रमणकालीन अवस्था, कर्मचारीहरुको समायोजन, स्थानीय र प्रदेश तहको संरचना, कानुन र व्यवस्थापकीय स्पष्टताको अभाव जस्ता कारण संस्थागत विकासले अपेक्षित रुपमा गति लिन भने सकेको छैन । विभिन्न ढङ्गले विकास भएको व्यक्तिगत क्षमता पनि संस्थागत विकासमा रुपान्तरित गर्न सकिएको छैन । शिक्षकको योग्यता र तालिमलाई विद्यार्थीको सिकाइसँग आवद्ध गर्न अझै पनि सकिएको छैन । प्रायःजसो शैक्षिक संस्थामा सिकाइ संस्कृति विकास गर्न सकिएको छैन । पद्दतिगत रुपमा नेतृत्वका उत्तराधिकारीहरु तयार गर्न थप काम गर्नु पर्ने छ । संस्थागत सूचनालाई चुस्त दुरुस्त पार्ने गरी सूचना तथा संचार प्रविधिमा आधारित व्यवस्थापन प्रणालीलाई अझ विकास गर्नु पर्ने छ । प्रधानाध्यापकको नेतृत्व क्षमता राम्रो भएका तथा उपयुक्त टिमवर्क पद्दति ग्रहण गर्दे आएका विद्यालयको विकास तुलनात्मक रुपमा राम्रो भएका प्रसस्त उदाहरण भेटिएका छन् । त्यस्ता विद्यालयहरुबाट आवश्यक पाठ सिकेर कार्यान्वयनमा जानु उपयूक्त देखिन्छ । शिक्षकको अभाव हटाउन अंग्रेजी, गणित,विज्ञान विषयमा शिक्षक कम भएका विद्यालयका लागि शिक्षण सहयोग अनुदान दिइदै आएको छ भने यसलाई आवश्यकता अनुसार थप गर्ने र तिनलाई दरवन्दीमा रुपान्तरण गर्नु पर्ने देखिन्छ । गुणस्तरमा सहयोग पुर्याउन भौतिक सुविधाको विकास र वितरण गरिएको छ । इन्टरनेटको पहुँचमा प्रगति भएको छ । शिक्षकको अभिप्रेरणा, सुविधायुक्त विद्यालय वातावरण, स्तरीय परीक्षा प्रणाली, जीवनपयोगी सिपसँग गुणस्तरलाई जोड्ने काममा थप सुधार आवश्यक देखिएको छ ।

### ३.३.३. चुनौती र अवसर

सारमा हाम्रो क्षेत्रका चुनौतिका रुपमा केहि हदसम्म रहेको अनुदारवादि वि.व्य.स., कर्तव्य विराउने शिक्षक, गैह्र जिम्मेवार अभिभावक, नेतामुखी प्रशासक, सकारात्मक निर्देशनलाई पूर्ण कार्यान्वयन गर्न आर्थिक अभाव, लचिलो र द्विविधायुक्त नीति, प्रमाणपत्र धारि सिकारु, जे छ त्यहिँवाट सुधार होईन उच्च अपेक्षाको थुप्रो, “गरे सकिन्छ, नतिजा क्रमशः वा ढिलो पाईन्छ” होईन हाताहाती गुणस्तर खोज्नु, अधिकार प्राप्तिमा घेरावन्दि

हुने, कर्तव्य पालनामा कन्जुसाईको अंश कायमै रहेको, आवश्यकता र हाम्रा पालीकाको  समग्र सेरोफेरो, लगानि, प्रक्रिया र उत्पादन बीच बेमेल आदि जस्ता कुराहरुलाई सकारात्मक तथा सिर्जनशिल हिसावले वुझ्ने र वुझाउनु पर्ने पनि छ । स

यस स्थानीय तहमा माध्यमिक शिक्षाको प्रवर्धनका लागि निम्न अवसरहरु रहेका छन् ।

१. निःशुल्क माध्यमिक शिक्षालाई कार्यान्वयन गर्ने र माध्यमिक शिक्षाको पहुँचवाट वाहिर रहेको सङ्ख्यालाई विद्यालयमा ल्याउने ।
२. विपन्न वालवालिका, विभिन्न किसिमका अपाङ्गता भएका वालवालिका, दलित लगायत  पिछडिएका वर्ग र समुदायका वालवालिका, कठिन  परिस्थितीमा रहेका वालवालिकाहरुको माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने ।
३. माध्यमिक तहमा खुद भर्ना दर बढाउने ।
४. सूचना तथा संचार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार, शिक्षकको क्षमता वृद्धि र सिकाईमा प्रभावकारी ढंगले प्रयोग गरी सिकाई उपलव्धिमा सुधार गर्ने ।
५. सवै विद्यालयमा न्यूनतम सक्षमतामा अवस्था पुरागरी विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई वालमैत्री वनाउने ।
६. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील वनाउने ।
७. विद्यार्थी मूल्याङ्कनलाई सिकाई क्रियाकलापको अभिन्न अंगका रुपमा विकास गर्ने  र माध्यमिक तहको परीक्षा प्रणालीमा थप सुधार गरी विश्वसनीय र वैध बनाउने ।
८. संघीय सरकारको सहयोगमा आवश्यक विषयगत शिक्षक दरवन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम र योग्य विद्यालय जनशक्ति व्यवस्थापन गर्ने ।

**३.३.४. उद्देश्यहरु**

१. माध्यमिक शिक्षामा सवैको पहुँच सुनिश्चित गदै सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।
२. माध्यमिक विद्यालयमा भौतिक संरचनाहरुलाई वातावरणमैत्री, बालमैत्री, समावेशी र सुरक्षित  बनाई खुद भर्ना दर तथा टिकाउ दर बढाउनु ।
३. सिकाइलाई दैनिक जीवनसँग सम्वन्धित गर्नु र अन्तरसम्वन्धित विषयवस्तु तथा व्यवहार कुशल सिपलाई एकिकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।
४. माध्यमिक तहका विद्यार्थीहरुलाई न्यूनतम सिकाइ उपलव्धि सुनिश्चित गर्नु ।
५. माध्यमिक तहको प्राविधिक तथा व्यवसायिक शिक्षामा उल्लेखनीय सुधार ल्याउनु ।

**३.३.५ रणनीतिहरु**

माध्यमिक शिक्षाको प्रवर्धनका लागि माथि उल्लेखित उद्देश्यहरू प्राप्त गर्न निम्न अनुसारका रणनीतिहरू अवलम्वन गरिने छ।

**१. माध्यमिक शिक्षामा सवैको पहुँच सुनिश्चित गदै सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।**

१. माध्यमिक शिक्षामा सवै बालवालिकाको सहज पहुँच सुनिश्चित गर्न अभिभावक शिक्षा सञ्चालन गर्ने ।
२. प्रतिभाशाली विद्यार्थीलाई योग्यताका आधारमा सहयोग, कुशल शिक्षकलाई सिकाइ उपलव्धिका आधारमा सहुलियत वा प्रोत्साहन, कर्तव्यनिष्ठ प्रअलाई सम्मान गरी ३ स को कार्यक्रम लागु गरिने ।
३. माध्यमिक शिक्षामा शिक्षण सिकाइ आपूरण गर्न (विज्ञान, गणित र अंग्रेजी लगायतका विषयहरुलाई दैनिक जीवनसँग जोडेर पाठ्यक्रम केन्द्रीत) सम्वन्धित कक्षामा अतिरिक्त, कोचिङ, थप उपचारात्मक बुष्टर तथा आवासीय कक्षा सञ्चालन गर्ने ।

४. हरेक विद्यालयमा सूचना तथा संचार प्रविधि विस्तार गर्दै शिक्षण सिकाइमा सूचना तथा संचार प्रविधिको प्रयोग वढाईने छ । जसवाट अधिकतम प्रयोग गरी गुणस्तर अभिवृद्धी हुने ।
५. B३ Concept, Better Learning, Better teaching and Better school for quality Education को सवलीकरण गरिने ।
६. शिक्षामा खुशियाली आदान- प्रदान, खुशि कक्षा सञ्चालन हुने ।

**२. माध्यमिक विद्यालयमा भौतिक तथा शैक्षिक संरचनाहरुलाई वातावरणमैत्री, वालमैत्री, समावेशी ,स्वास्थ्य र सुरक्षित वनाई खुद भर्ना दर तथा टिकाउ दर वढाउनु ।**

१. विद्यालयमा अनुदान वितरण गर्दा कार्यसम्पादनमा आधारित र नतिजामा आधारित न्यायोचित विनियोजन पद्धती लागु गरिने ।
२. संघीय र प्रादेशिक सरकार एवं साझेदार निकायसँगको सहयोग, समन्वय र सहकार्यमा माध्यमिक विद्यालयमा भौतिक तथा शैक्षिक संरचनाहरुलाई वातावरणमैत्री, वालमैत्री, समावेशी, स्वास्थ्य र सुरक्षित वनाइनेछ ।
३. विद्यालयलाई वालमैत्री वनाई शैक्षिक वातावरणमा सुधार ल्याइ विद्यालयको चौतर्फि क्षमता विकास गर्ने ।
४. प्रशासनिक नेतृत्व र सुरक्षा गार्डको आवासीय व्यवस्थापन गर्ने ।
५. विद्यालय नर्सिङ कार्यक्रम अन्तरगत एक मा.वि. एक विद्यालय नर्स कार्यक्रम लागु गर्ने ।
६. माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर वढाउन वैकल्पिक माध्यमको प्रयोग तथा विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने।

**३. सिकाइलाई दैनिक जीवनसँग सम्वन्धित गर्नु र अन्तरसम्वन्धित विषयवस्तु तथा व्यवहार कुशल सिपलाई एकिकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।**

१. सिकाइलाई वास्तिवक जीवन तथा व्यवहारसँग सम्वन्धित गराउन विषयवस्तुको स्वरुपअनुसार प्रयोगात्मक अभ्यास, परियोजना कार्य वा सामुदायिक कार्य समावेश गरिनेछ ।
२. संघीय र प्रदेश सरकारको सहकार्यमा विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील वनाउने योजना तयार गरी कार्यान्वयन गरिनेछ ।
३. सिक्दै सिकाउँदै, टिकाउँदै र विकाउँदै कार्यक्रमहरु क्रमशः शुरु गरिनेछ ।
४. सिप पहिचान, सिपको प्रोत्साहन र सिपहरुको प्रयोग हुने वातावरण तय गरिनेछ ।
५. तिन सहयोग अभिमूखिकरण कार्यक्रमहरु शुरु गरिनेछ ।
६. मूल्यमान्यता प्रवर्धन र सँस्कृती जगेर्नामा ११ र १२ का विद्यार्थी कार्यक्रमहरु शुरु गरिनेछ ।
७. दैनिक जीवनसँग सम्वन्धित व्यवहारिक शिक्षा, दैनिक एक काम आफ्नै आफ्नै ठाँम अभियान शुरु गरिनेछ ।
८. विद्यार्थी योगदान सहित रास्कोट रुपान्तरण अभियान क्रमशः शुरु गरिनेछ ।

**४. माध्यमिक तहका विद्यार्थीहरुलाई न्यूनतम सिकाइ उपलव्धि सुनिश्चित गर्नु ।**

१. सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययनका लागि आर्कषण बढाउन पर्याप्त पूर्वाधार सहितको छात्रवृतिको व्यवस्था गरिने छ ।
२. माध्यमिक विद्यालयमा सक्षम र उत्प्रेरित प्रअको व्यवस्था गरी विद्यालय विकास तथा व्यवस्थापनप्रति प्रअलाई उत्तरदायी बनाइने छ ।
३. न्यूनतम सिकाइ उपलव्धि हासिल गराउन आवधिक रुपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाईमा शिक्षक जवाफदेही हुने प्रणाली विकास गरिने छ ।

४. संघीय सरकारले शिक्षकको न्यूनतम योग्यता र तयारीको मापदण्ड तथा विद्यार्थी शिक्षक अनुपात लगायत शिक्षक दरवन्दीका आधारहरुको तय गरेअनुरुप शिक्षक दरवन्दी व्यवस्था गरी पुनर्वितरण र समायोजन गरिने छ । यसो गर्दा कक्षा, विषय, संचालित संकाय र हालको आवश्यकतालाई मध्यनजर गरिनेछ ।
५. विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइकै अभिन्न अंङ्गको रुपमा प्रयोगमा ल्याई विद्यार्थीलाई आवश्यक सहयोग उपलव्ध गराएर सिकाइमा सुधार ल्याउने अवस्था सिर्जना गर्न कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्वन्धित क्षमता विकास गरिने छ र विद्यार्थी मूल्याङ्कन तथा परीक्षा पद्दतिमा सुधार गरिने छ ।
६. नतिजाप्रतिको जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापकीय पद्दतिमा सुधार गरिने छ ।
७. निश्चित अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलव्धि परीक्षण गरी जवाफदेहिता सुनिश्चित गरी सुधारको क्षेत्र पहिचान गरिने छ ।

**५. माध्यमिक तहको प्राविधिक तथा व्यवसायिक शिक्षामा उल्लेखनीय सुधार ल्याउनु ।**

१. रास्कोटको माध्यमिक तहको शिक्षासँग सम्वन्धीत आर्थिक, सामाजिक र भौगोलिक परिस्थिति अनुसार विद्यालयमा आधारित जीवनोपयोगी प्राविधिक तथा व्यवसायिक शिक्षालाई जोड दिने।
२. निःशुल्क माध्यमिक शिक्षा (व्यावसायिक, प्राविधिक तथा साधारण) मा सहज पहुँच सुनिश्चित गर्न संघ र प्रदेश सरकारको समन्वयमा माध्यमिक विद्यालयको क्षमता विकास गरिने छ ।
३. शिक्षकलाई पेशागत सहयोग प्रदान गर्न शिक्षक शिक्षा, तालिम, सहित आवश्यक शिक्षक सहायता संयन्त्रको विकास गरिने छ ।
४. कक्षा १० मा ९० प्रतिशत प्राप्ताङ्क प्राप्त गर्ने प्रतिभाशाली विद्यार्थीहरुलाई माथिल्लो शिक्षा पुरा गर्न विभिन्न प्रतिभा सहायता प्रणाली स्थापना गरिने ।

### ३.३.६ प्रमुख उपलव्धि तथा नतिजा

**उपलव्धि**

माध्यमिक शिक्षामा सवैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख नतिजा | एकाइ | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|---|
| १ | सवै वालवालिकालाई निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्ना दरमा वृद्धि हुने । | प्रतिशत | ७० | ८० | ८५ | ९० | ९८ |
| २ | सवै वालवालिकालाई निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई टिकाउ दरमा वृद्धि हुने । | प्रतिशत | ८० | ८५ | ९० | ९५ | ९७ |
| ३ | सवै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पुरा गरेको हुने । | प्रतिशत | ५५ | ६५ | ७५ | ८५ | ९५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | शिक्षा प्रणाली प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशिल हुने । | प्रतिशत | | ५० | ६० | ७० | ८० | ८० |
| ५ | विद्यालय शिक्षामा सूचना तथा संचार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइलाई सहयोग हुने । | प्रतिशत | | ३० | ४० | ५० | ७० | ७० |
| ६ | शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भई माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने । | प्रतिशत | ४० | ४५ | ५० | ५५ | ६० | ६० |

### ३.३.७ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | | परिमाणात्क लक्ष्य (५ वर्ष) | | | | भौतिक लक्ष्य १० वर्षको लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिका तयारी, विद्यालयमा विनियम समेत वनाउने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | कक्षागत तथा विषयगत शिक्षक, शिक्षक सहयोग अनुदान एवं विद्यालय कर्मचारी व्यवस्थापन ( विद्यालयमा नियमित नर्स, सुरक्षा गार्ड, खेलकुद, पटके नृत्य, संगित प्रशिक्षक, काउन्सिलर सेवा र अन्य) | जना | ७६ | १२ | १६ | १६ | १६ | १६ | ७६ | निरन्तर |
| ३ | भर्ना अभियान | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | ५ |
| ४ | निरन्तर अभिभावक शिक्षा, नियमित अन्तरक्रिया वैठक र टोल शिक्षा सुधार समिति गठन | पटक | ४० | ८ | ८ | ८ | ८ | ८ | ८ | निरन्तर |
| ५ | आवश्यकतानुसार मनोसामाजिक परामर्श कक्षा | पटक | १५ | ० | ३ | ३ | ३ | ३ | ३ | ३ |
| ६ | प्रशासनिक नेतृत्व र सुरक्षा गार्ड आवास एवं शिक्षक विद्यार्थी आवास | विद्यालय | ५ | १ | १ | १ | १ | १ | ५ | ५ |
| ७ | स्टीम पद्धती र कोर स्कील विकासमा जोड | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ८ | विद्यालय वाहिर रहेका वालवालिकाहरुलाई विद्यालयमा ल्याउन तथा भर्ना भएकालाई नियमितता गराउन घरदैलो कार्यक्रम | पटक | ४० | ८ | ८ | ८ | ८ | ८ | ४० | निरन्तर |
| ९ | उत्सव,दिवस तथा समारोह मनाउने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १० | केन्द्रिकृत तथा मोवाइल अतिरिक्त क्रियाकलाप सञ्चालन | पटक | ३० | ६ | ६ | ६ | ६ | ६ | ३० | निरन्तर |
| ११ | अन्तर जिल्ला लामो अनुभव आदान प्रदान भ्रमण | पटक | २ | १ | ० | ० | ० | १ | २ | निरन्तर |
| १२ | अन्तर मा.वि.भेटघाट कार्यक्रम | पटक | २० | ४ | ४ | ४ | ४ | ४ | २० | निरन्तर |
| १३ | अन्तर मा.वि.लसहयोग संजागठन तथा परिचालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १४ | स्वच्छ, निश्पक्ष र मर्यादित विद्यालय परीक्षा एकाई , ( मासिक, आवधिक परीक्षा तोकिएको ग्रिडअनुसार ) | पटक | ६० | १२ | १२ | १२ | १२ | १२ | ६० | निरन्तर |
| १५ | व्यवस्थित र भयरहित बातावरणमा कक्षा ८,१० र १२ को परीक्षा सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १६ | विविध शैक्षणिक तथा शिक्षण योजना निर्माण तथा कार्यान्वयन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | शिक्षकले कक्षा कोठामा विताउने समयलाई प्रभावकारी वनाउने संयन्त्र विकास | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १८ | सल्लाह, परार्मश र चेतना विकासका लागि खुसी शिक्षा अभियान खुसी घर),खुसी समाज, खुसी शिक्षक र खुसी विद्यार्थी( | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १९ | ३घरमा सहयोग) सहयोग अभिमूखिकरण कार्यक्रम (तिन),समुदायमा सहयोग र विद्यालयमा सहयोगमासिक एक शुक्रवार सहयोग शुक्रवार पद्धती ( | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २० | गुनासो सुनुवाई संयन्त्र,लैंगिक फोकल व्याक्ति,एस वास समिति आदि गठन एवं परिचालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २१ | दैनिक जीवन सँग सम्वन्धीत व्यवहारिक शिक्षा, दैनिक एक काम आफ्नै आफ्नै ठाँम अभियान ( घर परिवारमा, छरछिमेकमा र समुदायमा ) | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २२ | मूल्यमान्यता प्रवर्धन र सँस्कृती जगेर्नामा( ११ र १२ विद्यार्थी सद्भाव प्रकट,सत्कार र सम्मानजन्य शैली विकास,प्रचलित संस्कृती,मेलापर्व र रितिरिवाज आदीको सृर्जनशिल व्याख्या र जगेर्ना कार्य) | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २३ | विद्यार्थी योगदान सहित रास्कोट रुपान्तरण सामाजिक कार्यमा छात्रछात्राहरु विपद्, महामारी, सामाजिक सुरक्षाका कार्य, तथ्याङक सकंलन कार्य, रैथाने वाली तथा जटिवुटि पहिचान एवं संरक्षण कार्य आदी | पटक | १५ | ० | ३ | ३ | ३ | ३ | १२ | ३ |
| २४ | संगित, नृत्य, गायन, योग, व्यायम र विभिन्न खेलकूद अभ्यासहरु | पटक | १५ | १ | ३ | ३ | ३ | ३ | १३ | २ |
| २६ | निःशुल्क पा .पु.छात्रवृत्ती, दिवाखाजा, स्वास्थ्य तथा पोषण, सरसफाई र स्वच्छता, एमएचएम कक्षा, विद्यालय मानसिक स्वास्थ्य कार्यक्रम सञ्चालन | पटक | ३२ | १ | १ | १ | १ | १ | सबै | निरन्तर |
| २७ | वालकेन्द्रित सिकाइ, वालमैत्री सिकाइ वातावरणका लागि शैक्षिक सामग्री निर्माण तथा प्रयोग | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २८ | विद्यालय अनुगमन, कक्षा अवलोकन, सुपरिवेक्षण र शिक्षक सहायता प्रणाली प्रभावकारी कार्यान्वयन (अनुगमन, मूल्याङकन र पृष्ठपोषण | पटक | १५ | १ | ३ | ३ | ३ | ३ | १३ | २ |
| २९ | अतिरिक्त तथा वैकल्पीक शिक्षक व्यवस्था,लकवुक, नियमित गृहकार्य, नेतृत्व सिप विकास, समुहकार्य प्रणाली, विधुत आपुर्ति, इन्टरनेट, सिसिटिभि,विधुतिय हाजिरी,निम्नतम फर्निचर र नियमित सरसफाईको व्यवस्थापन र आवश्यक संयन्त्र परिचालन | पटक | १५ | ० | २ | ३ | ३ | ३ | ३ | १ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३० | सवै मा.मा विषयगत किट केन्द्र व्यवस्थापन तथा एक शिक्षण सामग्रि हव .वि. चालनप्रभावकारी परि निर्माण तथा। | सङ्ख्या | २० | ४ | ४ | ४ | ४ | ४ | २० | निरन्तर |
| ३१ | सवै मावहरुमा कम्प्युटर ल्यावि, विज्ञान प्रयोगशाला र पुस्तकालयको व्यवस्थापन | सङ्ख्या | २० | ० | ४ | ४ | ४ | ४ | २० | ४ |
| ३२ | विभागीय तथा विषयगत समिति, इन्चार्जको व्यवस्था, परिचालन साथै कार्यसम्पादन करार सम्झौता । | सङ्ख्या | २० | ० | ४ | ४ | ४ | ४ | २० | ४ |
| ३३ | सूचना तथा संचार प्रविधिको प्रयोगमा क्षमता विकास | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ३४ | सूचना तथा संचार प्रविधिको प्रभावकारी कार्यान्वयन ()निरन्तर विधुत आपूर्ती, नियमित इन्टरनेट, प्रत्येक कक्षा कोठामा स्मार्ट वोर्ड, इन्टरएक्टीभ पेनल वोर्ड, एक शिक्षक एक ल्यापटप र सो सञ्चालन सम्वन्धी आधारभूत ज्ञान( | विद्यालय | २० | १ | ३ | ४ | ४ | ४ | २० | ४ |
| ३५ | माध्यमिक शिक्षामा सवैको पहुँच सुनिश्चित गर्न आवश्यकता अनुसार यातायातको व्यवस्था | विद्यालय | २२ | १ | २ | ३ | ४ | ४ | १८ | ४ |
| ३६ | सरोकार सम्वद्ध पक्षहरुका विचमा समन्वय, छलफल र अन्तरक्रिया | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ३७ | आवश्यकताको आधारमा तथा लागत सहभागिताको आधारमा भौतिक पूर्वाधारका कार्यक्रम सञ्चालन गर्ने )भवन, तथा कक्षा कोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेरवार, खाजाघर, हरित विद्यालय ,चमेनागृह, अडिटोरीयम हल ( | वटा | १४ | | १ | २ | ३ | ४ | १० | ४ |
| ३८ | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | ५ |
| ३९ | विद्यालयलाई शैक्षिक सामग्री सहयोग तथा विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| ४० | विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि प्रअ तथा शिक्षकलाई सहयोग | निरन्तर | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४१ | वाल समूह, जुरेस, स्काउट, टिन्स क्लव गठन, क्षमता विकास र परिचालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४२ | वि.व्य.स , पिटिए पदाधिकारीको क्षमता विकास र नियमित वैठक | पटक | ३६ | ४ | ४ | ४ | ४ | ४ | १६ | २० |
| ४३ | विभिन्न किसिमका अपाङ्ता भएका विपन्न तथा जेहन्दार विद्यार्थीलाई सहयोग कार्यक्रम | जना | ५०० | ० | २५ | ५० | ७५ | १०० | २५० | २५० |
| ४४ | वार्षिक रुपमा विद्यालयको कार्यसम्पादन परीक्षण सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४५ | विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील वनाउन आकस्मिक व्यवस्थापन योजना निर्माण तथा कार्यान्वयन, सो को फोकल व्यक्ति तोक्ने | विद्यालय | ३८ | १० | १० | १० | ८ | ० | ३८ | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४६ | प्रविधि तथा व्यवहार कुशल सिपहरुको एकीकरण तथा विद्यार्थी मूल्याङ्कन सम्वन्धी शिक्षक क्षमता विकास तालिम | जना | | १ | १ | १ | १ | १ | १ | |
| ४७ | उत्कृष्ट विद्यालयलाई सम्मान कार्यक्रम | वटा | | १ | १ | १ | १ | १ | ४ | ४ |
| ४९ | शिक्षकले कक्षा कोठामा विताउने समयको पूर्ण कार्यान्वयनमा सहयोग | विद्यालय | ४ | ० | ४ | - | - | - | ४ | निरन्तर |
| ५० | शिक्षकको पेशागत सहयोगका लागि आवश्यक संयन्त्र निर्माण तथा क्षमता विकासको लागि माग र आवश्यकताको आधारमा तालिम सञ्चालन | पटक | १० | ० | २ | २ | २ | २ | ८ | २ |
| ५१ | कक्षा कोठा आधारित मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियामा एकिकृत गर्ने गरी सुधार तथा प्रयोग | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ५२ | आर्थिक रुपमा विपन्न तथा सिमान्तकृत वालवालिकाका लागि विविध स्पोनसर क्रियाकलाप ( ड्रेस तथा स्टेशनरी, दिवा खाजा इत्यादिका लागि छात्रवृत्ति) | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ५३ | शिक्षण सिकाई सहजीकरणमा APPLE विधि अवलम्वन | विद्यालय | ३२ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५४ | सिकाई उपलब्धि वृद्धिमा सहयोग गर्न PALAS पद्दति सञ्चालन | विद्यालय | ३२ | ० | १ | १ | १ | १ | ४ | १ |
| ५५ | विषय र संकाय पुनरावलोकन कार्यक्रम | विद्यालय | ३२ | ० | १० | १० | १० | २ | ३२ | निरन्तर |
| ५६ | सिक्दै सिकाउँदै, टिकाउँदै र विकाउँदै अभियान | विद्यालय | ३२ | ० | १० | १० | १२ | - | ३२ | निरन्तर |
| ५७ | सिप पहिचान, प्रोत्साहन र प्रयोगको वातावरण सिर्जना | विद्यालय | २५ | ० | ५ | ५ | १० | ५ | २५ | निरन्तर |
| ५८ | विद्यार्थी प्रतिभा पहिचान, पृष्ठभूमि पहिचान, मनोविज्ञान वुझ्ने, सकारात्मक संगितपूर्ण विद्यालय, निर्धारित नर्म्स अनुसार योजनावद्ध सिकाई क्रियाकलापका नियमित कार्यहरु | विद्यालय | ३२ | ० | १० | १० | १२ | - | ३२ | निरन्तर |

## ३.४ अनौपचारिक शिक्षा र जीवनपर्यन्त शिक्षा

### ३.४.१ परिचय

सिकाइ निरन्तर प्रकृया हो । यो जीवन पद्दतिसंग गाँसिएको हुन्छ । सिकाइ का माध्याम औपचारिक र अनौपचारिक हुन्छन । अनौपचारिक र जीवनपर्यत्न शिक्षा निरन्तर चलिरहन्छ । निरक्षरका लागि साक्षरता साक्षरताका लागि साक्षत्तोर सिप विकास आय आर्जन जस्ता कार्यक्रमहरु अनौपचारिक शिक्षा संग सम्वन्धित हुन्छन । पठन संस्कृतिको विकास र ज्ञानमा आधारित समाज निर्माणका लागि अनौपचारिक शिक्षाले महत्वपूर्ण टेवा पुर्याउँछ । राष्ट्रिय शिक्षा निती २०७६ ले नेपाललाई पूर्ण साक्षर तुल्याई अनौपचारिक बैकल्पिक परम्परागत खुला शिक्षाका माध्यमबाट आजीवन सिकाई संस्कृतिको विकास गर्नु । सबै प्रकारका अपाङ्गता भएका ब्यक्तिका लागि गुणस्तरीय शिक्षाको पँहुच सुनिश्चित गरि जीवन पर्यन्त शिक्षाका माध्यामबाट मर्यादित जीवन यापन गर्न सक्षम रप्रतिस्पर्धी नागरिक तयार गर्ने उदेश्य निर्धारण गरेको छ । दिगो विकासका लक्ष्य नं ४ मा सबैका लागि गुणस्तरीय शिक्षा आजीवन सिकाइ पर्यन्त गर्ने लक्ष्य निधारण गरेको छ । साक्षर नेपाल वर्ष २०७६को अवधारणाले सोही वर्ष नेपाललाई साक्षर मुलुक घोषणा गर्ने लक्ष्य निधारण गरेको थियो । बि.सं. २०६५ देखि साक्षरता कार्यक्रमलाइ मुलुकभर अभियानका रुपमा सञ्चालन गरियो । एकातिर प्रौढ शिक्षा, साक्षरता शिक्षा कार्यक्रम हुँदै २०६९ देखि शुरू भएको साक्षर नेपाल अभियानमार्फत नेपाललाई नै साक्षर घोषणाका लागि तयारी भइरहेको अवस्था छ भने अर्कोतिर प्राथमिकदेखि उच्च तहसम्मको शिक्षा, खुला तथा दूर शिक्षाको मार्गबाट प्राप्त गर्नसक्ने संयन्त्र निर्माण गरएिको छ । हालसम्म ५२ जिल्लाहरू साक्षर जिल्ला घोषणा भइसकेका छन् । साक्षरता तथा निरन्तर शिक्षा एवम् जीवनपर्यन्त शिक्षाका कार्यक्रम सञ्चालन गर्न संविधानतः स्थानीय तहलाई अधिकार प्रदान गरिएतापनि सङ्घ र प्रदेश सरकारले समेत यो कार्यक्रममा साझा अधिकारलाई प्रयोग गर्दे सहयोग र सहजीकरण गरीरहेको अवस्था छ । देशभर २१५१ वटा सामुदायिक सिकाइ केन्द्रहरू अनौपचारिक शिक्षाको महत्वपूर्ण अङ्ग भई काम गरिरहेका छन् भने नगरपालिकामा सामुदायिक सिकाइ केन्द्रहरूले विद्यालय शिक्षाको पहुँचमा नपुगेका व्यक्तिका लागि प्राथमिक शिक्षा विस्तार कार्यक्रम, अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम, खुला शिक्षा (निम्नमाध्यमिक र माध्यमिक), खुला विश्वविद्यालयबाट सञ्चालित खुला सिकाइका कार्यक्रमहरू समेत सञ्चालनमा छन् ।

### ३.४.२ वर्तमान अवस्था

नेपाल सरकार तथा रास्कोट नगरपालिकाले औपचारिक तथा अनौपचारिक शिक्षा मार्फत सबै नागरिकलाई पूर्ण साक्षर बनाउने लक्ष्य राखेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको साक्षरता दर ७६.२ प्रतिशत, कर्णाली प्रदेशको ७६.१ प्रतिशत, कालीकोट जिल्लाको ७२.७ प्रतिशत र रास्कोट नगरपालिकाको ७२.०प्र तिशत रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार रास्कोट नगरपालिकामा १४९४ पुरुष र २६९८ महिला गरी जम्मा ४१९२ (सरदर २८ प्रतिशत) मानिसहरु निरक्षर रहेको देखिन्छ । तत्पश्चात संघ, प्रदेश र स्थानीय तहको सहयोगमा सञ्चालन भएका साक्षरता कार्यक्रमबाट निरक्षरहरुको संख्यामा कमी आई हालको मितिसम्म करिव ९०० जना प्रोढहरु मात्र निरक्षर रहेको अवस्था छ । यसरी यस नगरपालिकामा ९५ प्रतिशतभन्दा बढि जनसंख्या साक्षर भएकोले हालै यस नगरपालिकालाई शाक्षर नगरपालिका घोषणा गरिएको छ।

स्रोत: रास्कोट नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा

### ३.४.३ अवसर तथा चुनौतीहरु

सबै व्यक्तिहरूलाई कार्यमूलक रुपमा साक्षर बनाउनु, साक्षरतालाई उत्पादन र उत्पादकत्वसँग जोड्नु, विभिन्न घोषणा गर्नु, अनौपचारिक ढंगले साक्षर भएका व्यक्तिलाई औपचारिक शिक्षामा निरन्तरता दिनु, अनौपाचरिक शिक्षालाई नविनतम प्रविधिसँग तादम्यता गर्नु, समाजमा पठन संस्कृतिको विकास गर्नु, निरन्तर शिक्षालाई आय आर्जन र जीवनोपयोगी सिपसँग जोडेर प्रदान गरिनु, विद्यालय शिक्षाबाट बञ्चित व्यक्तिका लागि खुला शिक्षाको पहुँच अभिबृद्धि गर्नु आदि अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाका चुनौतिका मुख्य विषयहरू हुन् । साक्षर नगरपालिका घोषणा हुन बाँकी नगरपालिकहरूमा साक्षरताका कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । साक्षर घोषणा भएका जिल्लाहरूमा निरन्तर शिक्षा तह एक र दुईका कार्यक्रमहरू सञ्चालनमा छन् । प्राथमिक तहदेखि उच्च तहसम्मको शिक्षा खुला तथा दूर शिक्षा पद्दतिबाट प्रदान गरिँदै आएको छ । उच्च

तहको शिक्षा प्रदान गर्न खुला विश्वविद्यालयसमेत स्थापना भई विभिन्न कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । तीनवटै तहका सरकारको साझा अधिकार क्षेत्रको नीति रहेकाले आपसी साझेदारीमा लगानी अभिबृद्धि गर्न सक्ने अवस्था विद्यमान रहेको छ ।

**३.४.४ लक्ष्य**

रास्कोट नगरपालिका भित्र रहेका सवै नागरिकलाई साक्षर बनाई सिपयुक्त र दक्ष नागरिक तयार गर्ने ।

**३.४.५ उद्देश्यहरु**

१. रास्कोट नगरपालिका भित्रका सबै नागरिकलाई साक्षर बनाउने ।
२. अनौपचारिक शिक्षा मार्फत पत्येक नागरिकलाई साक्षर वानाई जीवन उपयोगि सिपहरु सिकाउने ।
३. साक्षरता कार्यक्रम सञ्चालन गर्न स्थायी संयन्त्रको रुपमा CLC हरु थप गर्ने ।
४. संघीय र प्रदेश सरकारबाट विकसित मापदण्ड, निर्देशिका, कार्यविधि अनुरुप साक्षरता र जीवनपर्यन्त सिकाई कार्यक्रमहरु सञ्चालन गर्ने ।

**३.४.६ रणनीति**

१. विद्यालय बाहिर रहेका विद्यालय उमेरका वालबालिकालाई अनिवार्य विद्यालयको औपचारिक शिक्षा लिने वातावरण सृर्जना गर्ने ।
२. पौढहरुलाई निश्चित समयमा आर्थिक ब्यबस्थापन गरि अनिवार्य अनौपचारिक शिक्षामा सहभागि गराउने ।
३. रास्कोट नगरपालिकाले सवै नागरिकहरु साक्षरतामा बृद्धि भए-नभएको एकिन गरि सोको रिपार्टको आधारमा थप कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।
४. अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ उदेश्यहरु हासिल गर्न साक्षरता अभियान सफतापुर्वक सञ्चालन गर्न संघीय र प्रदेश सरकार, गैरसरकारी तथा समुदायमा आधारित संघ संस्था र संचार माध्यमहरुसंग समन्वय र सहकार्य गरिने ।
५. साक्षरता कार्यक्रम सञ्चालन गर्न व्यवस्थापन, अनुगमन, निरक्षर प्रमाणीकरणका लागी वडा कार्यालय, वडा समिति र वडा साक्षरता समितिलाई जिम्वेवार बनाइने छ ।
६. सुहाउँदो विषयमा साक्षरतालाई आन्तरिक मुल्यांकनसंग आवद्ध गरि एक बिद्यार्थी एक निरक्षर ब्याक्तिको अवधारणलाई आत्मसाथ गरि निरक्षर ब्यक्तिलाई साक्षर बनाइनेछ ।
७. साक्षरता सहजकर्ता छनौट र नियुक्ती प्रकृयालाई पारर्दशि बनाइनेछ ।

**३.४.७ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धि**

क) सवै नागरिकका लागि साक्षरता ,निरन्तर शिक्षा र आजीवन सिकाईका अवसर प्राप्त हुनेछन ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| **क्र..सं** | **नतिजा** | **आधार वर्ष २०८१** | **२०८२** | **२०८३** | **२०८४** | **२०८५** | **जम्मा** |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | भाषिक तथा गणितीय साक्षरता सिप ( वर्ष १५ मा भन्दाथि ) | २०० | ७०० | ० | ० | ० | ९०० |
| २ | भाषिक तथा गणितीय साक्षरता सिप (१५ वर्ष भन्दा माथि महिला) | ६५.३ | ७० | ९५ | ९६ | ९७ | ९८ |
| ३ | आधारभुत सुविधा सम्पन्न सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | १५ |
| ४ | सामुदायिक पुस्तकालय को सङ्ख्या | १ | २ | २ | २ | २ | ९ |
| ५ | नगर स्तरिय प्रौढ तथा साक्षरता कार्यक्रम संचालन | १० | १० | १० | १० | १० | ५० |
| ६ | महिला तथा किशोर किशोरिहरुलाई शिक्षा,स्वास्थ्य र आर्थिक स्वाबलम्वनका कार्यक्रम संचालन भएको हुने छ। | १० | १० | १० | १० | १० | ५० |

### ३.४.८ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाई | लक्ष्य | परिमाणात्मक लक्ष्य )पाँच वर्ष( | | | | | | भौतिक लक्ष )१० वर्ष( |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | पूर्णरुपमा साक्षर नगर बनाउनका लागि निरक्षरहरुको तथ्याङ्क संकलन तथा खण्डिकृत डाटाबेस तयारी | पटक | ६ | १ | १ | १ | १ | १ | ५ | १ |
| २ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन गरी निरक्षरहरुको सङ्ख्यामा पूर्णरुपमा निर्मुल बनाउने। | कक्षा संख्या | ६ | १ | २ | १ | ० | ० | ४ | २ |
| ३ | सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण | सङ्ख्या | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ४ | टोल बस्ती स्तरमा साक्षरता कक्षा सञ्चालन गर्ने | सङ्ख्या | २००० | १५० | २५० | ३५० | ४५० | ५०० | १७०० | ३०० |
| ५ | कक्षा ८-१२ को आन्तरिक मुल्याङ्कनद्वारा एक विद्यार्थी एक साक्षर अभियान सञ्चालनका लागि विद्यार्थी परिचालन | सङ्ख्या | १००० | ० | २०० | ३०० | ४०० | ० | ९०० | १०० |
| ६ | विद्यालयमा पढाइ कुना स्थापनाका लागि सचेतना कार्यक्रम सञ्चालन | सङ्ख्या | ३८ | १० | १० | १० | ८ | ० | ३८ | निरन्तर |
| ७ | सहभागीहरूको सक्रिय सहभागितामा, समुदायको आवश्यकता अनुसार डिजाइन गरिएका कार्यक्रमहरूअनौपचारिक शिक्षा गतिविधिहरू सामान्यतया स्थानीय सरकार, गैर-सरकारी संस्था (NGO), र सामुदायिक संस्थाहरूद्वारा संचालित गर्ने | पटङ्क | १० | ० | २ | २ | २ | २ | ८ | २ |
| ८ | नगर स्तरिय प्रौढ तथा साक्षरता कार्यक्रम संचालन | जना | ५०० | ० | १०० | १०० | १०० | १०० | ४०० | १०० |
| ९ | महिला तथा किशोर किशोरिहरुलाई शिक्षा,स्वास्थ्य र आर्थिक स्वाबलम्वनका कार्यक्रम संचालन गर्ने । | पटक | ५ | ० | १ | १ | १ | १ | ५ | निरन्तर |
| १० | साक्षरता, जीवनोपयोगी सिप, र सामुदायिक विकासलाई बढावा दिन बालबालिका, युवा, र वयस्कहरूलाई शैक्षिक, सामाजिक, र व्यावसायिक क्षमता विकासका कार्यक्रम संचालन गर्ने। | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

# परिच्छेद – ४ अन्तरसम्बन्धित विषय तथा क्षेत्र

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाई सामग्री तथा मूल्याङ्कन

### ४.१.१. परिचय

शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सिपमुलक र रोजगार मुलक बनाइ समाजबाद उन्मुख राष्ट्र निर्माणका लागि औपचारिक शिक्षा पद्दतिलाई मार्गदर्शन गर्ने महत्त्वपूर्ण दस्तावेज पाठ्यक्रम हो । यसले अपेक्षित ज्ञान, सिप र अभिवृद्धि हासिल गर्न गराउन विद्यार्थीलाई मद्दत गर्दछ । कुन शिक्षा र कुन तहमा के के सिकाउने, के कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउने र विद्यार्थीले सिकेको वा नसिकेको कुरा सुनिश्चित गरी आवश्य पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्छ । मानवीय आवश्यकता, बालबालिकाका रुची, सामाजिक मूल्य मान्यता र समाज तथा विश्व परिवेशमा विकसित ज्ञान, सिप र प्रविधि अनुकूल पाठ्यक्रमलाई एक गतिशिल र लचिलो प्रक्रियाका रुपमा लिन सकिन्छ । विद्यालय शिक्षाको पाठ्यक्रम तर्जुमा गर्ने कार्य संघीय सरकारको भएकाले राष्ट्रिय पाठ्यक्रम कार्यान्वयन गर्ने गराउने दायित्व स्थानीय सरकारको रहेको छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ शैक्षिक सत्र २०७७ देखि कक्षा १ र ११ मा सुरू भएर शै.स. २०८० सम्म कक्षा १२ मा लागु भइ कार्यान्वयनमा आइसकेको छ । सोही प्रारुप २०७६ अनुसार आधारभुत तह कक्षा १-३, ४-७, र ६-८ लाई १, २ र ३ तथा माध्यमिक तहका ९-१० र ११-१२ लाई तह ४ र ५ गरी ५ ओटा सिकाई सक्षमता स्तरमा विभाजन गरिएको छ । पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १ देखि ३ सम्म अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी व्यवहार कुशल र जीवनोपयोगी सीपहरु समावेश हुने गरी सिकाई क्रियाकलाप तर्जुमा गरी सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ । पाठ्यक्रममा विद्यालय तह पुरा गरिसकेपछि पेशा, व्यवसाय तथा रोजगारीमा जान चाहनेलाई सहयोगल गर्ने र उच्च शिक्षा प्रवेश गर्न चाहानेहरूका लागि तयारी गराउने गरी माध्यमिक तहमा अनिवार्य तथा विभिन्न ऐच्छिक विषयहरु समावेश गरी प्राविधिक धार अध्ययन गर्नसक्ने व्यवस्था गरिएको छ । विद्यालय शिक्षाको समग्र पाठ्यक्रमलाई सक्षमतामा आधारित बनाई विकास र कार्यन्वयन गरिएको छ भने विषयबस्तु र सिकाई क्रियाकलापको भार पाठ्यघण्टा ( Credits houurs ) मा निर्धारण गरिएको छ । विद्यालयले कक्षा १ देखि ८ सम्म मातृभाषा वा स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामाग्री स्थानीय तहको सहयोग र समन्वयमा सम्बव्धित क्षेत्र वा विषयको विज्ञ, अभिभावक र शैक्षिक सरोकारवालाहरुको संलग्नतामा तर्जुमा गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था रहेको छ । विद्यार्थी मूल्याङ्कनको नतिजालाई अक्षराङ्कन पद्दतिमा आधारित बनाई व्याख्या गर्ने समेत व्यवस्था छ ।

विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रुपमा स्थापित गर्न नसकिनु गुणस्तर सुधारको निमित्त प्रमुख समस्याको रुपमा रहि आएको छ । निरन्तर विद्यार्थी मूल्याङ्कन गरी कक्षोन्नति गर्ने नीति(Liberal Promotion Policy) ले विद्यार्थीलाई कुनैपनि हालतमा अनुत्तीर्ण गर्न नहुने मात्रको बुझाइले यथार्थ धरातलमा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्दतिले सार्थकता पाएको छैन । त्रैमासिक, अर्धवार्षिक र वार्षिक लिखित परीक्षा जस्ता औपचारिक मूल्याङ्कनमा क्रमशः सुधार गरी आधारभूत तहको कक्षा १-३ मा पूर्ण रुपमा निरन्तर वा आन्तरिक मूल्याङ्कन, कक्षा ४ देखि माथि आन्तरिक तथा बाह्य मूल्याङ्कनको व्यवस्था, केही कक्षाका केही विषयहरुमा स्तरीकृत परीक्षाको प्रारम्भ, अक्षराङ्कन मूल्याङ्कन पद्दति अनुसार नतिजा प्रकाशन गर्ने परिपाटीको सुरुवात भई परीक्षण र मूल्याङ्कनमा सुधारको प्रयास नभएको होइन । तापनि मूल्याङ्कनलाई शिक्षण सिकाई क्रियाकलापको अभिन्न अङ्गको रुपमा सिकाइमा निरन्तर पृष्ठपोषण प्रदान गरी सिकाई सुधार गर्ने कार्य तथा परीक्षा लगाएत मूल्याङ्कनका साधन र विधिहरूलाई प्रभावकारी बनाउने कार्यमा सुधारको थप खाँचो आवश्यक छ । कक्षा ८, १० र १२ मा सञ्चालन हुने बाह्य परीक्षालाई थप व्यवस्थित, वैध, र विश्वसनीय बनाउनुपर्ने आवश्यकता रहेको छ । विद्यालयमा आधारित मूल्याङ्कनको

नतिजा विश्लेषण र प्रबोधीकरणको कार्यलाई सुदृढ, व्यवस्थित र अनिवार्य गर्न सकिएको छैन, जसले गर्दा मूल्याङ्कन प्रक्रिया औपचारिकतामा मात्र सीमित भएको छ ।

**४.१.२ उद्देश्यहरू**

समग्र रूपमा पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी राष्ट्रिय नीतिको कार्यान्वयनको सुनिश्चितता गर्नु यस योजनाको प्रमुख उद्देश्य रहेको छ । यसका लागि निम्नलिखित उद्देश्यहरु राखिएको छः

१. नेपाल सरकारद्वारा जारी गरिएको विद्यालय शिक्षाको तहगत तथा कक्षागत पाठ्यक्रम कार्यान्वयनको सुनिश्चितता गर्नु ।
२. सिकाइलाई दैनिक जीवनसँग जोड्ने र विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।
३. नगरपालिकाले निर्माण गरेको स्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित स्थानीय पाठ्यक्रमलाई थप परिमार्जन तथा सुधार गरी सोही पाठ्यक्रम अनुसारका पाठ्यसामाग्रीहरुको निमार्ण गरी कार्यान्वयनमा ल्याउनु ।
४. सिकाइ समस्या समाधान गर्न निरन्तर, शिक्षक निर्मित, अद्यावधिक र स्तरीकृत निर्माणात्मक मूल्याङ्कन पद्दतिमार्फत सिकाइमा सुधार गर्नु ।
५. बहुपाठ्यपुस्तक नीति अवलम्बन गरी विद्यार्थीहरूमा आधुनिक परिवेश सुहाउँदो ज्ञान, सिप र व्यवहार विकासमा सहयोग पुर्याउनु ।

**४.१.३ रणनीतिहरु**

१. विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ र त्यस अनुरुप निर्मित पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
२. स्थानीय सरोकारवालाहरुको सहभागिता र अपनत्व महसुस गरी नगरपालिकाले निर्माण गरेको स्थानीय पाठ्यक्रमलाई थप परिमार्जन गरिनेछ ।
३. रास्कोट नगरपालिकाले निर्माण गरेको स्थानीय पाठ्यक्रम अनुसारका कक्षा १ देखि ८ सम्मका पाठ्यपुस्तक तथा पाठ्यसामग्रीहरु निर्माण गरी प्रत्येक विद्यालय र विद्यार्थीलाई वितरण गरिने छ ।
४. प्रति विद्यार्थी लागत अनुदानलाई पाठ्यक्रम, पाठ्यसामग्री, सन्दर्भ सामग्री र सिकाइ सामग्री व्यवस्थापन तथा उचित प्रयोगसँग आवद्ध गरिनेछ ।
५. रास्कोट नगरपालिका भित्रका सम्पूर्ण विद्यालयहरुमा बहुपाठ्यपुस्तक नीति अवलम्बन गर्न प्रोत्साहित गरिनेछ ।
६. प्रारम्भिक कक्षाहरूमा मातृभाषाको प्रयोगलाई प्राथमिकता दिइनेछ ।
७. सहकार्यात्मक, सहपाठी सिकाइ पद्दतिलाई कमजोर सिकाइस्तर भएकाहरूमा प्रयोगको व्यवस्था मार्फत सिकाइको स्तर सुधार गरिनेछ ।
८. सिकाइ स्तरको थप सुधार गर्न अतिरिक्त तथा उपचारात्मक कक्षाहरूको व्यवस्था गरिनेछ ।
९. विद्यार्थी मूल्याङ्कनलाई सिकाइको अभिन्न अङ्गको रूपमा स्थापित गरिनेछ । तहगत र कक्षागत पाठ्यक्रम अनुरूप निरन्तर तथा आन्तरिक मूल्याङ्कन पद्दति कार्यान्वयनलाई थप व्यवस्थित र अनिवार्य गरिनेछ ।
१०. आधारभूत तहको अन्त्यमा लिइने परीक्षामा थप सुधार गरिनेछ, कक्षा १-३ सम्म पूर्ण निरन्तर तथा आन्तरिक मूल्याङ्कन र कक्षा ४ देखि ११ सम्मको वार्षिक परीक्षालाई पालिकास्तरमा नै एकीकृत रूपमा सञ्चालन गरिनेछ ।
११. मूल्याङ्कनको नतिजालाई पूर्णतः अक्षराङ्कन पद्दतिमा लगि व्यवस्थित गरिनेछ ।

**४.१.४ प्रमुख उपलब्धि तथा नतिजा**

क) उपलब्धि

- विद्यालय तहको पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रतिप्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार गर्न सहयोग हुने ।

ख) नतिजा तथा परिमाणात्मक लक्ष्य

| **क्र.सं.** | **प्रमुख नतिजा** | **आधार वर्ष २०८१** | **२०८२** | **२०८३** | **२०८४** | **२०८५** | **जम्मा** |
|---|---|---|---|---|---|---|---|
| १ | राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार प्रारम्भिक बालविकास तथा शिक्षादेखि कक्षा १२ सम्मका पाठ्यक्रम कार्यान्वयन हुने । | २८ | १० | ० | ० | ० | ३८ |
| २ | कक्षा १-३ मा व्यवहार कुशल सिपहरू सहित अन्तरविषयक तथा बहुविषयक ढाँचाको एकीकृत पाठ्यक्रम कार्यान्वयन हुने । | २२ | - | - | - | - | २२ |
| ३ | कक्षा १-८ सम्म सबै विद्यालयमा हाम्रो रास्कोट हाम्रो पहिचान स्थानीय पाठ्यक्रम कार्यान्वयनको पक्षलाई थप व्यवस्थीत हुने । | २८ | - | - | - | - | २८ |
| ४ | प्रारम्भिक बालविकास तथा शिक्षा देखि आधारभूत तहसम्म विशेषतः कक्षा १-३ मा आवश्यकतानुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण हुने । | ० | ५ | ५ | १० | २ | २२ |
| ५ | बहुपाठ्यपुस्तक प्रयोग हुने र पाठ्यपुस्तकको गुणस्तरमा सुधार हुने | २२ | ५ | ५ | १० | २ | २२ |
| ६ | कक्षाकोठा सिकाइको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारको माध्यमका रूपमा मूल्याङ्कनको प्रयोग हुनाका साथै विभिन्न तहमा सञ्चालन गरिने सार्वजनिक परीक्षाले विद्यार्थीको क्षमताको मापन गर्ने । | २८ | २८ | २८ | २८ | २८ | २८ |
| ७ | पाठ्यसामग्रीहरु अपाङ्गमैत्री तथा सामाजिक-साँस्कृतिक तथा भौगोलिक विविधता सापेक्ष हुने । | २८ | २८ | २८ | २८ | २८ | २८ |
| ८ | सिकाइ क्रियाकलाप बालमैत्री, स्थानीय सन्दर्भ सापेक्ष, सान्दर्भिक तथा प्रभाकारी हुने । | २८ | २८ | २८ | २८ | २८ | २८ |
| ९ | स्थानीय पाठ्यक्रम परिमार्जन तथा सुधार अुनसन्धानमा आधारित हुने । | २८ | २८ | २८ | २८ | २८ | २८ |
| १० | स्थानीय पाठ्यक्रमअनुसार पाठ्यपुस्तक कार्यान्वयनका लागि नतिजा अर्थात् विद्यार्थीको सिकाईमा आधारित उत्तरदायित्व वहन हुने । | २८ | २८ | २८ | २८ | २८ | २८ |

### ४.१.५ क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | परिमाणात्मक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (वर्ष १०) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ | | | | | | | | |
| | पाठ्यक्रम अनुसारको सिकाइ निरन्तरता | कक्षा | कक्षा १ विषय ३ | कक्षा २ विषय ३ | कक्षा ३ विषय ३ | कक्षा ४ विषय ५ | कक्षा ५ विषय ५ | कक्षा १-५ विषय १९ | निरन्तर |
| | स्थानीय पाठ्यपुस्तक तथा शिक्षक निर्देशिका तयारी | कक्षा | | १, २,३ | ४, ५ | ६,७ | | १ - ७ | निरन्तर |
| | पाठ्यक्रम तथा पाठ्यसामग्री अभिमुखीकरण संघ र प्रदेश सरकारको सहयोगमा | कक्षा विषय तथा तह वा स्थान | | कक्षा १ विषय ३ | कक्षा २ विषय ३ | कक्षा ३ विषय ३ | कक्षा ४ विषय ५ | कक्षा ५ विषय ५ | निरन्तर |
| २ | विद्यार्थी मूल्याङ्कन - मापदण्ड विकास (आन्तरिक, प्रयोगात्मक, बाह्य) | | | | | | | | |
| | मूल्याङ्नका साधनको अद्यावधिक | कक्षा विषय | कक्षा १ विषय ३ | कक्षा २ विषय ३ | कक्षा ३ विषय ३ | कक्षा ४ विषय ५ | कक्षा ५ विषय ५ | कक्षा १-५ विषय १९ | निरन्तर |
| | कक्षाकोठामा आधारित परीक्षण तथा मूल्याङ्कनका आधार तथा नमुना विकास र प्रबोधीकरण पृष्ठपोषण र अभिलेखनसमेत) | कक्षा÷ विषय तथा तह | कक्षा १ विषय ३ | कक्षा २ विषय ३ | कक्षा ३ विषय ३ | कक्षा ४ विषय ५ | कक्षा ५ विषय ५ | कक्षा १-५ विषय १९ | निरन्तर |
| | हाम्रो रास्कोट हाम्रो पहिचान | | | | | | | | |
| ३ | स्थानीय पाठ्यक्रम समायोजन, परिमार्जन गर्ने | कक्षा विषय | कक्षा १ विषय ३ | कक्षा २ विषय ३ | कक्षा ३ विषय ३ | कक्षा ४ विषय ५ | कक्षा ५ विषय ५ | कक्षा १-५ विषय १९ | निरन्तर |
| ४ | स्थानीय पाठ्यसामग्री, शिक्षक स्रोत सामग्री समायोजन, परिमार्जन तथा विकास | कक्षा/ विषय | कक्षा १ विषय ३ | कक्षा २ विषय ३ | कक्षा ३ विषय ३ | कक्षा ४ विषय ५ | कक्षा ५ विषय ५ | कक्षा १-५ विषय १९ | निरन्तर |
| ५ | विभिन्न विषयमा विद्यार्थीका लागि नमुना डिजिटल अन्तरक्रियात्मक सामग्री विकास तथा प्रयोग गर्ने | कक्षाबिषय | कक्षा १ विषय ३ | कक्षा २ विषय ३ | कक्षा ३ विषय ३ | कक्षा ४ विषय ५ | कक्षा ५ विषय ५ | कक्षा १-५ विषय १९ | निरन्तर |
| | विद्यार्थीहरूलाई पाठ्यक्रम विकास केन्द्रद्वारा | पटक | ५ | १ | १ | १ | १ | ५ | निरन्तर |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विकास गरिएका सम्पूर्ण डिजिटल सामग्रीको प्रयोग गर्न सहयोग गर्ने | | | | | | | | |
| | बहुपाठ्यपुस्तक नीति गुणस्तर सुनिश्चित गर्ने, मूल्याङ्कन तथा छनोट | ढाँचा विकास तथा कक्षा | ५ | १ | १ | १ | १ | ५ | निरन्तर |
| | निःशुल्क पाठ्यपुस्तक उपलब्धिलाई प्रभावकारी गराउने | कक्षा विषय | १-१० | १-१० | १-१० | १-१० | १-१० | | |
| | पाठ्यपुस्तकको बहुवर्षे प्रयोगको परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| | विभिन्न किसिमका अपाङ्गता भएकाहरुका विद्यार्थीको लागि अनूकुल पाठ्यपुस्तक/पाठ्यसामग्री विकास तथा निःशुल्क उपलब्ध गराउने | कक्षा विषय सङ्ख्या | १ देखि ३ | ४ देखि ५ | ६ देखि ८ | ९ र १० | ११ र १२ | १ देखि १२ | १ देखि १२ |
| ६ | तिनै तहको कार्य विवरण अनुसार क्षमता विकासका कार्यक्रम तयार | पटक | ० | १ | १ | १ | १ | ४ | १ |
| ७ | नयाँ पाठ्यक्रममा आधारित शिक्षक तालिम तथा सहायता प्रणाली मार्फत शिक्षकको क्षमता विकास | पटक | ० | १ | १ | १ | १ | ४ | १ |
| ८ | सिकारूको सिकाइ उपलब्धिप्रति जवाफदेही बनाइ सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आवद्ध गर्ने | पद्दति विकास-पटक कार्यान्वयन | ० | १ | १ | १ | १ | ४ | १ |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

शिक्षण सिकाइ क्रियाकलापमा शिक्षक एक जीवन्त स्रोत हो । यही जीवन्त स्रोतको क्रियाशिलतामा शिक्षण सिकाइमा अरू स्रोतहरूले गति लिने गर्दछन् । शिक्षकमा भएको पेसाप्रतिको समर्पण र उत्साह, विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ ।

हाम्रो मुलुकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्दछ । शिक्षक तयार गर्ने काम विश्वविद्यालय र कक्षा ११/१२ संचालित विद्यालयहरूले गरिरहेका छन् । शिक्षक अध्यापन अनुमति पत्र सम्बन्धी काम र रिक्त शिक्षक दरबन्दीमा स्थायी पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवासम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्ने गरेको छ भने आयोगबाट सिफारिस भई आएका शिक्षकहरूलाई नियुक्ति र पदस्थापन गर्ने कार्य स्थानीय तहहरूबाट हुने गरेको छ । यसैगरी अस्थायी वा विद्यालयको निजी स्रोतमा शिक्षक नियुक्ति गर्ने, शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य पनि स्थानीय तहबाट हुने गरेको छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य गर्दछ भने प्रदेश शिक्षा तालिम केन्द्रहरूले शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम गर्दै आएका छन् ।

शिक्षाको गुणस्तर अभिवृद्धिका लागि समग्र मुलुकमा जस्तै यस नगरपालिकामा पनि शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गर्ने, शिक्षक तयारी गर्ने, कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने आदि सवालमा क्रमशः केही सकारात्मक कामहरू भएको देखिए तापनि त्यसको सँगसँगै धेरै किसिमका चुनौतिहरू पनि देखिएका छन् । अतः यस योजनामा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ । पहिचान गरिएका चुनौतीहरूको सामना गरी शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि यस नगरपालिकाको सन्दर्भमा शिक्षक व्यवस्थापनको अवस्था, शिक्षक व्यवस्थापन तथा विकासको उद्देश्य, उद्देश्य पूरा गर्नका लागि अपनाइने रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरी प्रस्तुत् गरिएको छ ।

### ४.२.२ वर्तमान अवस्था

#### (क) स्थानीय तहमा शिक्षक व्यवस्थापन र विकासको अवस्था

शिक्षक व्यवस्थापनको विषय स्थानीय तहले सर्वाधिक चासो लिएको विषय हो । यद्यपि शिक्षा ऐन र नियमावली संशोधन नभएको कारण यसले मूर्त रूप लिन सकेको छैन । तथापि स्थानीय तहहरूले आफ्नो पालिकाभित्र शिक्षकहरूको सरुवा एवम् करार नियुक्ति गर्ने काम गरिरहेका छन् । कतिपय स्थानीय तहहरूले गरेका शिक्षकका सरुवाहरू पनि विवादित भएर न्यायालयसम्म पनि पुगेको अवस्था छ । शिक्षकहरूका पेसागत संस्थाहरूले शिक्षकहरूलाई स्थानीय तहको मातहतमा नराखी सङ्घीय सरकारको मातहतमा राख्नुपर्ने जस्ता विषयहरू अघि सारेको अवस्था पनि त्यत्तिकै महत्वपूर्ण रहेको देखिन्छ ।

रास्कोट नगरपालिकाको सन्दर्भमा भने शिक्षक व्यवस्थापनको सन्दर्भमा सकारात्म कार्यहरू सम्पादन भएका छन् । सर्वप्रथम सम्बन्धित तहका स्थायी शिक्षकहरू केही सीमित स्थायी दरबन्दी भएका विद्यालयहरूमा थुप्रिएर काम गरिरहेको र अन्य विद्यालयहरूले दरबन्दीमा कार्यरत स्थायी शिक्षकहरू नपाइरहेको अवस्थाका कारण राहत र निजी दरबन्दीका शिक्षकहरूबाट त्यस्ता विद्यालयहरूको प्रशासन सञ्चालन भइरहेको अवस्था थियो । नगरपालिकाले यो अवस्थामा सुधार गर्नका लागि सम्बन्धित तहका दरबन्दीमा कार्यरत स्थायी शिक्षकहरूलाई प्रधानाध्यापकको

जिम्मेवारी दिएर विद्यालयहरूमा पठाएको छ । यद्यपि स्थायी शिक्षकहरूमा विद्यालयको नेतृत्व लिनका लागि वाञ्छनीय क्षमता हुन्छ भन्ने कुरामा नगरपालिकाले विश्वास गरेको अवस्था छ । नगरपालिकाले नगरको समानीकरण अनुदानबाट तलबभत्ता पाउने गरी शिक्षकको अभाव भएका विद्यालयहरूमा शिक्षकको नियुक्ति गरी पठाएको अवस्था छ । यसरी नियुक्ति हुने शिक्षकहरूमा प्राथमिक, निम्न माध्यमिक, माध्यमिक र उच्च माध्यमिक तहमा क्रमशः १०, २३ , ८ र २ जना गरी जम्मा ४३ जना शिक्षकहरूको व्यवस्था गरिएको छ । नगरपालिकाले यसका अतिरिक्त १२ वटा आविका २१ बटा कक्षा समायोजन गरी शिक्षाको गुणस्तर र शिक्षकको आपूर्तिलाई सम्बोधन गरेको छ । त्यसैगरी यस पालिकाले ४ वटा माविमा ४ जना खेलकुद प्रशिक्षक र ४ जना सुरक्षागार्डको व्यवस्था गरेको छ । यस नगरपालिकामा कार्यरत बाल शिक्षक र विद्यालय कर्मचारिलाई नगरपालिकाको समानीकरण वजेटबाट केहि रकम थप गरी न्युनतम रकम ज्याल रकम सुनिश्चित गरेको छ । नगरपालिकाको प्रस्तुत् कदमले विद्यालयहरूमा शिक्षकहरूको अपर्याप्पताबाट सिर्जना भएका समस्याहरूको आंशिक रुपमा समाधान भएको देखिन्छ ।

**रास्कोट नगरपालिकाका शिक्षक तथा कर्मचारिको विवरण**

| क्र.स. | तह | स्था. द. | राहत | संघीय अनुदान | नगर अनुदान | सट्टा | अंग्रेजी माध्यम | विषेश शिक्षा | कर्मचारी | स.स.का. | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मा.वि.(११/१२) | ४ | ८ | | २ | | | | | | १४ |
| २ | मा.वि. | ७ | ४ | ५ | ६ | | | | ८ | | ३२ |
| ३ | नि.मा.वि. | ६ | ४ | ७ | १६ | ४ | ३ | | ६ | | ४६ |
| ४ | प्रा.वि. | ४९ | २८ | | १० | | | | १९ | | १०६ |
| ५ | प्राविधिक धार | ४ | | | | | | | | | ४ |
| ६ | सामुदायिक अध्यन केन्द्र | | | ३ | | | | | | | ३ |
| ७ | बाल शिक्षक | | | २१ | १९ | | | | | २ | ४२ |
| ८ | खेलकुद प्रशिक्षक | | | | ४ | | | | | | ४ |
| ९ | सुरक्षा गार्ड | | | | ४ | | | | | | ४ |
| १० | आया | | | | | | | २ | | | २ |
| **जम्मा** | | **७०** | **४४** | **३६** | **६३** | **४** | **३** | **२** | **३३** | **२** | **२५५** |

**शिक्षक विधार्थी अनुपात**

**स्रोतः शिक्षा, युवा तथा खलकुद शाखा रास्कोट नगरपालिका २०८१**

| क्र.स. | तह | विद्यार्थी सङ्ख्या | शिक्षक सङख्या | अनुपात |
|---|---|---|---|---|
| १ | उ.मा.वि. | ४४३ | १४ | १:३२ |
| २ | मा.वि. | ७१३ | २४ | १:३० |
| ३ | नि.मा.वि. | १३३९ | ४० | १:३३ |
| ४ | प्रा.वि. | २८३१ | ८७ | १:३२ |
| ५ | प्राविधिक धार | ९० | ४ | १:२३ |
| ६ | सामुदायीक अध्यन केन्द्र | | ३ | |
| ७ | बाल शिक्षा | ११४० | ४० | १:२७ |
| जम्मा | | ६५५६ | २१३ | १:३१ |

**(ख) शिक्षण पेसाप्रति आकर्षण र नियुक्ति**

शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गर्नका लागि शिक्षाको राष्ट्रिय नीति २०७६ ले सबै विद्यालयमा योग्य तथा सक्षम विषयगत शिक्षकको व्यवस्थापन गर्दै उनीहरूको उत्प्रेरणा, पेसागत नैतिकता र सक्षमता अभिवृद्धि गर्नुका साथै शिक्षकको कार्य सम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्ने नीति अघि सारेको छ । नेपालको पन्ध्रौँ योजना (२०७६/०७७- २०८०/०८१) ले यस पेसामा अब्बलप्रतिभाहरूलाई आकर्षित गर्न विश्वविद्यालयमा उत्कृष्ट अङ्क हासिल गरेका व्यक्तिलाई सोझै शिक्षण पेसामा प्रवेश गर्न पाउने कानुनी व्यवस्था गर्ने उल्लेख गरेको छ । शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसार शिक्षक हुनका लागि शिक्षण अनुमति पत्र अनिवार्य हुनु पर्ने, स्थायी शिक्षक हुनका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उत्तीर्ण भएको हुनुपर्ने, बढुवाका लागि निश्चित मापदण्ड पूरा गर्नुपर्ने र पेसाको सुरक्षा लगायतका कारणले शिक्षण पेसालाई समाजमाप्रतिष्ठित पेसाका रूपमा लिइने अवस्थामा सुधार हुँदै गएको छ ।

आगामी दिनहरूमा निरन्तर शिक्षक पेसागत विकास तथा सहयोग, पूर्वानुमानयोग्य सरुवा र बढुवा प्रणाली, कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा, दण्ड र पुरस्कारसम्बन्धी स्वच्छ र पारदर्शी प्रणाली, विश्वविद्यालयमा सर्वोत्कृष्ट स्थान ल्याउन सफल मिहिनेती, मेधावी तथा प्रतिभावान व्यक्तिहरूलाई शिक्षक पदमा कुल रिक्त पदको निश्चित प्रतिशत छुट्याई सोझै प्रवेश गराउन सकिने गरी कानुनी तथा प्रक्रियागत व्यवस्थाको सुनिश्चिततामार्फत शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गराउन आवश्यक देखिएको छ ।

शिक्षक सेवा आयोगले शिक्षकको निम्ति लिइने परीक्षामा कानुनबमोजिम आरक्षणको व्यवस्था गरेको छ। यसले शिक्षण पेसालाई समावेशी बनाउन सहयोग पुगेको भएतापनि विद्यार्थी र विद्यालयहरूलाई अब्बल शिक्षक पाउने सवालमा अवरोध भएको गुनासाहरू पनि सरोकारवालाहरूबाट उठाइएको अवस्था छ । यसका अतिरिक्त विद्यालय र कक्षाकोठालाई नैतिक आचरण, कम्प्यूटर सम्बन्धी दक्षता, बालबालिकाप्रति सकारात्मक प्रवृत्ति र आर्थिक लाभ तथा आम्दानी भन्दा पनि सामाजिक प्रतिष्ठा र सम्मानलाई महत्व दिने स्वभावको शिक्षकको आवश्यकता भएतापनि शिक्षक सेवा आयोगको पाठ्यक्रमले त्यस प्रकारको शिक्षक छनौटका लागि पूर्ण योगदान गर्न नसकेको देखिन्छ ।

**(ग) शिक्षक तयारी**

नेपालमा विद्यालयको शिक्षा शास्त्रको उच्च माध्यमिक तह र विश्वविद्यालयहरूले सञ्चालन गर्दै आएका वि.एड., एम.एड.लाई नै शिक्षक तयारी कोर्ष वा प्राज्ञिक योग्यता र व्यावसायिक योग्यता दुवै मानिएको छ । यस्ता कार्यक्रमहरूमा विद्यार्थी भर्नाका आधारहरूमा न्यूनतम ग्रेड तोकिएको हुँदा यसकै परिणामस्वरूप विश्वविद्यालयका यी कार्यक्रमहरूमा उत्तीर्ण दर पनि न्यून रहेको देखिन्छ । शिक्षक सेवा आयोग नियमावली, २०५७ बमोजिम शिक्षा शास्त्रबाट कक्षा १२ उत्तीर्ण एवम् विश्वविद्यालयबाट बि.एड. वा एम.एड. गरेपछि अध्यापन अनुमतिपत्रका लागि योग्य मानिन्छ । अध्यापन अनुमति पत्र प्राप्त गरेको व्यक्ति मात्र शिक्षकका लागि योग्य हुन्छ । शिक्षा ऐन, २०२८ (संशोधनसहित) तथा शिक्षा नियमावली, २०५९ र शिक्षक सेवा आयोग नियमावली, २०५७ मा भएको व्यवस्थाअनुसार नेपालमा प्राथमिक र निम्नमाध्यमिक तहका लागि शिक्षाशास्त्रमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण वा कक्षा १२ वा अन्यबाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी १० महिने शिक्षक तालिम लिई अध्यापन अनुमति पत्र प्राप्त गरेका र माध्यमिक तहका लागि शिक्षा शास्त्रबाट स्नातक तह उत्तीर्ण वा अन्यबाट स्नातक तह उत्तीर्ण गरी एक वर्षे वि.एड. पश्चात अध्यापन अनुमति पत्र प्राप्त गरेका व्यक्ति मात्र शिक्षक हुन योग्य मानिन्छ । यसैगरी माध्यमिक तह कक्षा ११-१२ मा अध्यापन गर्नका लागि स्नातकोत्तर तह उत्तीर्ण गरी अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनुपर्ने प्रावधान छ । शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन भने शिक्षक सेवा आयोगले गर्दै आएको छ ।

यसैगरी विद्यालय तहको पाठ्यक्रम र विषयहरू हेरेर प्रवेश परीक्षा सञ्चालन गरी छनौट भएका विद्यार्थीहरूलाई मात्र विश्वविद्यालयमा शिक्षक शिक्षा कार्यक्रममा भर्ना लिने व्यवस्था गर्नु उपयुक्त हुन्छ । विश्वविद्यालयका शिक्षक शिक्षा कार्यक्रमहरू एकातिर अनुसन्धान र अभ्यास शिक्षणमा आधारित हुन नसक्नाले शिक्षणसम्बन्धी व्यावहारिक कुशलताको कमी देखिएको छ भने अर्कोतिर सीमित अवधिमा विषयवस्तु र शिक्षणसम्बन्धी विषय अध्ययन गर्नुपर्ने भएकाले दुवै पक्षमा पर्याप्त सिकाइ हुन नसक्ने अवस्था छ ।

नेपालमा शिक्षक तयारी कार्यलाई वास्तविक आवश्यकता र अनुसन्धानमा आधारित बनाउन सकिएको छैन । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र विश्वविद्यालयहरूबिच शिक्षक तयारी गर्ने कार्यमा प्रभावकारी समन्वय र सहकार्य हुन सकेको छैन । यसै गरी यस रास्कोट नगरपालिकामा विभिन्न तरिकाले नियुक्ति पाएका शिक्षकहरू, जस्तै- शिक्षक सेवा आयोगबाट छनौट भई नियुक्ति पाएका स्थायी, अस्थायी, राहत, संघ अनुदान, नगर अनुदानका र विद्यालयको निजी स्रोतबाट तलब सुविधा पाउने शिक्षक आदि छन् । विभिन्न किसिमका शिक्षकहरूका सेवाको सर्त र सुविधा पनि फरक फरक छन् । शिक्षकको कार्यसम्पादन मूल्याङ्कन बढुवा प्रयोजनका लागि मात्र भएको र यसलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोडी शिक्षकलाई विद्यार्थीको सिकाइमा जिम्मेवार बनाउने प्रयोजनमा प्रयोग गर्न सकिएको छैन ।

**(घ) शिक्षणसिकाइ क्रियाकलाप**

विद्यालय तहको पाठ्यक्रम प्रारूप, २०७६ ले पनि शिक्षण सिकाइलाई विद्यार्थीकेन्द्रित, प्रविधिमैत्री, परियोजनामा आधारित, समूहकार्यमा आधारित, सामुदायिक क्रियाकलापमा आधारित बनाउन जोड दिएको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा एकीकृत गर्दै प्रविधिमैत्री, व्यावहारिक र नतिजामूलक बनाउने उल्लेख गरेको छ । मूलतः बालबालिकाको सिकाइ उपलब्धि कक्षाकोठामा सञ्चालन गरिने शिक्षणसिकाइ क्रियाकलापमा निर्भर रहने हुँदा नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना, परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन् । यसको फलस्वरूप विद्यालयको शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने, प्रविधिको प्रयोग गरी शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता प्रयास भए तापनि अपेक्षित उपलब्धि हासिल भएको अवस्था देखिँदैन ।

विद्यालय क्षेत्र विकास योजना अवधिमा कक्षाकोठाको शैक्षणिक अभ्यास वा क्रियाकलापलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षकको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएका थिए । यस अवधिमा शिक्षक पेसागत विकास प्रमाणीकरण तालिम, छोटो अवधिको मागमा आधारित कष्टमाइज्ड तालिमहरू सञ्चालन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन प्रयत्न गरियो । यति हुँदा पनि हाम्रा शिक्षकहरूलाई एकातिर कक्षाकोठाका शिक्षण सिकाइ क्रियाकलापहरूमा रमाउनका लागि उपयुक्त वातावरणको सिर्जना गर्न नसकेको अवस्था छ भने अर्कोतिर शिक्षण सिकाइ क्रियाकलापमा रमाउने स्वभावका शिक्षकहरू छनौट गरेर कक्षा कोठामा लिन नसकेको अवस्था पनि त्यत्तिकै खट्किएको देखिन्छ । कतिपय विद्यालयको कमजोर भौतिक पूर्वाधार, उच्च गतिको इन्टरनेट सुविधाको कमी, स्रोतको कमी, विषयगत दक्ष, योग्य र उत्प्रेरित शिक्षकको कमी, शैक्षणिक सामग्रीको कमी, उपयुक्त कार्य वातावरणको कमी आदिका कारणले कक्षाकोठाको शिक्षण सिकाइमा अपेक्षित सुधार हुन नसकेको अवस्था छ ।

**(ङ) शिक्षक पेसागत सहयोग पद्दति**

नेपालमा शिक्षक पेसागत सहयोगका लागि वि.स. २०२८ मा लागु भएको राष्ट्रिय शिक्षा पद्दति योजनाले लिडर र फिडर विद्यालय (Leader and Feeder School) को अवधारणा अघि पनि सारेको थियो । यसैगरी विद्यालय सुपरिवेक्षणबाट शिक्षक सहायता उपलब्ध गराउन प्राथमिक विद्यालय निरीक्षक, माध्यमिक विद्यालय निरीक्षकहरूको व्यवस्था गरिएको थियो । ग्रामीण विकासका लागि सेती परियोजना (१९८१-१९९१) हुँदै नेपालको शिक्षा सुधारका लागि निरन्तर रूपमा धैरै परियोजना र कार्यक्रमहरू कार्यान्वयनमा आएका छन् र ती सबैले शिक्षकको पेसागत सहयोगलाई महत्त्व दिई विभिन्न तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन भएको देखिन्छ ।

ग्रामीण विकासका लागि सेती परियोजना तथा आधारभूत तथा प्राथमिक शिक्षा परियोजनादेखि नै नेपालमा शिक्षक पेसागत सहयोगका लागि स्रोत केन्द्रहरू स्थापना भएर क्रमशः तिनको सङ्ख्या बिस्तार गरी १०५१ स्रोत केन्द्रहरूमार्फत शिक्षक पेसागत सहयोग प्रदान हुँदै आइरहेको थियो । स्रोतकेन्द्रहरूले आफ्नो सेवाक्षेत्रका विद्यालयहरूमा कार्यरत शिक्षकहरूलाई नयाँ पाठ्यक्रम तथा पाठ्यपुस्तक र शिक्षक निर्देशिकासम्बन्धी अभिमुखीकरण गर्ने, शैक्षिक विषयवस्तुमा प्रधानाध्यापकहरूसँग नियमित बैठक गर्ने, शैक्षिक सामग्री निर्माण तथा प्रयोगसम्बन्धी कार्यशाला सञ्चालन गर्ने, कक्षा अवलोकन गरी पृष्ठपोषण प्रदान गर्ने, अतिरिक्त क्रियाकलापहरू सञ्चालनमा सहयोग गर्ने, शैक्षणिक योजनाहरू निर्माणमा सहयोग गर्ने, शिक्षकहरू बिचको अन्तरक्रिया गराउने आदि कार्यहरू हुने गर्थे । सङ्घीय संरचनाको कार्यान्वयनसँगै हाल आएर स्रोत केन्द्र पद्दति विघटन भएको हुँदा स्रोतकेन्द्रबाट सम्पादन हुने उल्लिखित कार्यहरूमा गतिरोध भएको अवस्था छ । स्रोतकेन्द्रले सम्पादन गर्दै आएका कामहरू

समेत स्थानीय तहले गर्नुपर्ने अवस्था भए तापनि यस स्थानीय तहमा शिक्षा सेवाका कर्मचारीहरू र स्पष्ट कानुन र नीति निर्देशनको अभावका कारण कार्यसम्पादन प्रभावकारिता देखिएको छैन ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले विद्यालयमा विषयगत शिक्षकको सुनिश्चितता गर्नुका साथै शिक्षकको तयारी, प्राप्ति, विकास र उपयोग प्रणालीमा सुधार गरी विद्यालय शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्ने एवम् स्थानीय तहमा सेवा निवृत्त शिक्षकहरूलाई अध्ययन अनुसन्धान, शिक्षक सहायता, अनुगमन आदिमा प्रयोग गर्ने उल्लेख गरेपनि यसतर्फ आवश्यक कानुन र कार्यक्रमको व्यवस्था मिलाउन सकिएको छैन । दिगो विकास लक्ष्य (२०१६-२०३०) अनुसार सिकाइ आदानप्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जालीकरणका लागि शिक्षक पेसागत सहयोगका लागि गठन भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय सङ्घसंस्थाहरूबीच सञ्जाल विकास गर्न अति कम विकसित मुलुकका लागि दिइएको सुविधाको उपयोग हुन सकेको छैन ।

शिक्षाका पुराना संरचनाहरू विघटन भएको र नयाँ संरचनाको विकास पनि नभइसकेको अवस्थामा अन्य मुलुकमा झैं हाम्रो नगरपालिका र समग्र मुलुकमा नै प्रचलनमा भएका शिक्षक पेसागत सहयोगका विभिन्न उपागमहरू जस्तैः कक्षा अवलोकन र छलफल, मेन्टरिङ, नियमित अनुगमन तथा पृष्ठपोषण आदानप्रदान, शिक्षकहरूको सिकाइ सञ्जाल, कन्फरेन्स, सहपाठीसँगको अन्तरक्रिया, प्रतिबिम्बित अभ्यास आदि दिशाविहीन भएको अवस्था छ ।

**(च) शिक्षक क्षमता विकास कार्यक्रम**

राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार सबै प्रकारका विद्यालयमा अध्यापन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरी सोको आधारमा निरन्तर पेसागत विकास कार्य सञ्चालन गर्ने उल्लेख छ । यसैगरी आधारभूत तहका शिक्षकले विषयगत शिक्षण, बहुकक्षा शिक्षण, कक्षा शिक्षण पद्दतिसम्बन्धी ज्ञान र सिप हासिल गरी पठनपाठनमा सो को प्रभावकारी प्रयोग गर्न सक्ने गरी शिक्षक तालिम र क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिने व्यवस्था गरेको छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले स्थानीय तहले विद्यालयलाई केन्द्रबिन्दु बनाएर शिक्षकको निरन्तर पेसागत विकास कार्यक्रमहरू, जस्तैः कष्टमाइज्ड तालिम, कार्यशाला, सेमिनार, अवलोकन भ्रमण,प्रतिबिम्बन, शिक्षक नेटवर्क, सहकार्यात्मक रूपमा गरिने अनुसन्धान (Collaborative Research) मेन्टरिङ, कोचिङ आदि सञ्चालन गरिने व्यवस्था गरेको छ । साथै सो नीतिमा सूचना तथा सञ्चार प्रविधिको विकासमा भएको तीव्र विकाससँगै तालिम दिने पद्दतिमा समेत परिमार्जन गरी आमने सामने, विद्यालयमा आधारित, मिश्रित, अनलाइन तथा भर्चुअल पद्दतिबाट तालिम सञ्चालन गरिने उल्लेख छ ।

मुलुक सङ्घीय संरचनामा गएसँगै शिक्षकको पेसागत विकासमा अग्रणी भूमिका निर्वाह गरिरहेको साविकको शैक्षिक जनशक्ति विकास केन्द्र साबिकको शिक्षा विभागमा गाभिन गई सो विभाग हाल शिक्षा तथा मानव स्रोत विकास केन्दमा रुपान्तरण भएको छ । शैक्षिक जनशक्ति विकास केन्द्र गाभिएसँगै मुलुकभरि रहेका २९ ओटा तालिम केन्द्रहरू पनि गाभिएर ७ ओटा प्रदेश स्तरीय शिक्षा तालिम केन्द्रमा रुपान्तरण भएका छन् । शिक्षक पेसागत विकासका कार्यक्रमहरू सञ्चालनका लागि मापदण्ड बनाउने, प्रारूप बनाउने, तालिम पाठ्यक्रम विकास गर्ने र प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट हुँदै आएको छ । शिक्षकको पेसागत विकासका लागि सात ओटा प्रदेशस्तरीय शिक्षा तालिम केन्द्रहरूले अनलाइन तथा अफलाइन विधिबाट एक महिने प्रमाणीकरण शिक्षक तालिम (दुई चरणमा) र कष्टोमाइज्ड शिक्षक तालिम सञ्चालन गर्दै आएको अवस्था छ ।

पेसागत विकासको एउटा प्रचलित मोडल भनेको १०-२०-७० मोडल हो । यस मोडलका अनुसार कुनै पनि व्यक्तिले पेसागत विकासका लागि आवश्यक पर्ने कुल सिप र दक्षातामध्ये दश प्रतिशत सिप र दक्षता विद्यालय तथा विश्वविद्यालयका कक्षाहरूबाट आर्जन गर्दछ । बीस प्रतिशत सिप र दक्षता पेसासँग सम्बन्धित तालिम गोष्ठी र अन्तरक्रियाहरूबाट सिक्दछ भने बाँकी सत्तरी प्रतिशत सिप र दक्षता उसले आफ्नो कार्य सम्पादनको क्रममा सिक्दछ । यसका लागि पेसामा काम गर्ने व्यक्ति पेसाप्रति मन, बचन र कर्मले समर्पणभावका साथ जुटेको हुनुपर्दछ । हाम्रो मुलुकका

सार्वजनिक विद्यालयहरूमा कार्यरत शिक्षकहरूको व्यवस्थापनको क्रममा देखा परेका विविध समस्याहरूको न्यायोचित किसिमले सम्बोधन हुन नसक्दा हाम्रो पेसागत विकासको अवस्था प्यारालाइज्ड भएको अवस्था छ ।

**(छ) शिक्षक उत्तरदायित्व**

राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार विद्यार्थीहरूले परीक्षामा हासिल गरेको परिणाम समेतको आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधारका लागि शिक्षकहरूलाई जिम्मेवार र जवाफदेही बनाइने छ र शिक्षकको सक्षमता, विद्यार्थीको सिकाइ उपलब्धि, सिकाइ क्रियाकलाप सम्बन्धमा गरिएका अनुसन्धान, शैक्षिक सामग्री निर्माण, नवप्रवर्तनात्मक कार्य, अतिरिक्त र सहक्रियाकलाप सञ्चालन, पेसागत जिम्मेवारी तथा जबाफदेहिता वहन जस्ता स्पष्ट र पारदर्शी सूचकका आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने व्यवस्था गरिने उल्लेख छ । यसका साथै राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार शिक्षकलाई प्रशासनिक रूपमा प्रधानाध्यापकप्रति र सिकाइ उपलब्धिका लागि विद्यार्थी तथा अभिभावकप्रति जबाफदेही बनाउने र प्रधानाध्यापकलाई सिकाइ र विद्यालय व्यवस्थापनका लागि विद्यार्थी, अभिभावक र स्थानीय तहप्रति जबाफदेही बनाइने उल्लेख गरेको छ । यतिमात्र नभई रास्कोट नगरपालिका लगायत कतिपय अरू पालिकाहरूले समेत प्रधानाध्यापकहरूसँग कार्यसम्पादन सेवा करार गरेको र प्रधानाध्यापकले शिक्षकहरूसँग कार्यसम्पादन सेवा करार गरी उत्तरदायित्व बोध गराउने गरेको देखिएको छ ।

नेपालमा शिक्षक उत्तरदायित्वको सन्दर्भमा कुरा गर्दा थुप्रै सामुदायिक विद्यालयहरूले राम्रा अभ्यास प्रस्तुत गरेको छन् । यस सन्दर्भमा पर्याप्त विद्यार्थीहरू भएका, नियमित पठनपाठन हुने र विद्यार्थीको सिकाइ उपलब्धि पनि उच्च भएका केही विद्यालयहरूका अभ्यासलाई नमुनाका रूपमा पनि लिन सकिन्छ । शिक्षक सेवा आयोग नियमावली, २०५७ ले शिक्षकको बढुवालाई अध्यापन गरेको सम्बन्धित विषयमा विद्यार्थीले प्राप्त गरेको उपलब्धिसँग जोड्ने काम गरेर उत्तरदायी बनाउने प्रयास गरे पनि यो औपचारिक मात्र हुनगई यसबाट खासै योगदान भएको देखिँदैन ।

विद्यार्थीको सिकाइ उपलब्धि कमजोर हुनुमा प्रमुख समस्या भनेको काम गर्ने र काम नगर्ने शिक्षककोबिचमा सेवासुविधा र प्रोत्साहनको सवालमा भिन्नता पहिल्याउन नसक्नु हो । कामको आधारमा भन्दा पनि नियुक्तिको प्रकृतिको आधारमा सेवा सुविधाको वितरण हुने गर्दछ । प्रोत्साहन त छँदैछैन भनेपनि हुन्छ र भएपनि त्यसको वितरण न्यायपूर्ण छैन । शिक्षण सिकाइको सवालमा कतिपय अवस्थामा व्यवस्थापनविद पिटर ड्रकरले भनेझैँ पनि भइरहेको छ । उनको भनाइ छः 'कुनै पनि संस्थामा काम गर्नेहरूले त्यो संस्थामा पुरस्कृत हुने व्यक्तिलाई हेरिरहेका हुन्छन । यदि त्यो पुरस्कार कामचोर, अल्छी र अनावश्यक किसिमले बाठो व्यक्तिले पायो भने क्रमशः त्यो संस्थाका अरू काम गर्नेहरू पनि कामचोर, अल्छी र अनावश्यक किसिमले बाठो हुँदै जान्छन् र अन्ततः उक्त संस्था धराशायी हुन्छ ।'हाम्रा शिक्षक लगायत शिक्षामा काम गरिरहेको जनशक्ति यही नियतिको सिकार भएकै कारण पनि उनीहरूले अपेक्षा गरेअनुरूप उत्तरदायित्व बोध नगरेको र तदनुरूपको उपलब्धि हासिल हुन नसकिरहेको अवस्था छ ।

**(ज) शिक्षकको आपूर्ति र वितरण**

शिक्षा नियमावली, २०५९ को नियम ९२ अनुसार सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दीको विवरण अनुसूची १२ मा व्यवस्था गरेको छ । पूर्व प्राथमिक विद्यालयमा १ जना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तीमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा ३ जना, कक्षा ६-८ का लागि कम्तीमा ४ जना र माध्यमिक तह ९-१२ का लागि ८ जना शिक्षक रहने व्यवस्था उक्त नियमावलीमा छ । नियमावलीअनुसार नेपालमा शिक्षक विद्यार्थी अनुपात हिमाली भेकमा १:३०, पहाडी भेकमा १:४० र तराई तथा काठमाडौँ उपत्यकामा १:५० रहेको छ । यही अनुपातलाई आधार मानेर शिक्षक सङ्ख्या कम भएका विद्यालयमा स्थानीय तहबाट नियुक्त भएका शिक्षकहरूका लागि नेपाल सरकारले शिक्षक सहायता अनुदान रकम प्रदान गर्दै आएको छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अभिलेखअनुसार प्रदेश, जिल्ला र विद्यालयपिच्छे शिक्षक विद्यार्थी अनुपात फरक फरक छ । तराईमा शिक्षक विद्यार्थी अनुपात उच्च रहेको पाइन्छ भने हिमाली भेकमा यो अनुपात न्यून रहेको छ ।

रास्कोट नगरपालिकाको शैक्षिक तथ्याङक हेर्दा नगरपालिकामा कक्षा १ देखि १२ सम्म अध्ययन गर्ने कुल विद्यार्थीहरूको सङ्ख्या ६५५६ रहेको देखिन्छ । साथै यस नगरपालिकामा सामुदायिक विद्यालयहरू २८ र संस्थागत विद्यालयहरू ३, समुदायमा आधारित बालविकास १२ वटा गरी जम्मा विद्यालयहरू ४३ रहेको देखिन्छ । यसरी विश्लेषण गर्दा शैक्षिक तथ्याङ्क २०७८ अनुसार आधारभूत तहको कक्षा १ देखि ५ सम्मको मुलुकको विद्यालय शिक्षक अनुपात ३.६ र यस नगरपालिकाको उक्त अनुपात ५.२ रहेको छ । त्यसरी नै कक्षा १ देखि ५ सम्मको शिक्षक विद्यार्थी अनुपात मुलुकको २४.० रहेको छ भने यस नगरपालिकाको उक्त अनुपात ३२.५७ रहेको छ । त्यसरी नै कक्षा ६-८ को शिक्षक विद्यार्थी अनुपात मुलुकको ५१.० रहेको छ भने यस नगरपालिकाको उक्त अनुपात ३३.४७ रहेको छ । यसैगरी कक्षा ९- १० र कक्षा ११-१२ को शिक्षक विद्यार्थी अनुपात मुलुकको ४०.० र ७३.० रहेको छ भने यस नगरपालिकाको उक्त अनुपात क्रमशः २९.७ र ३१.६४ रहेको छ । माध्यमिक तह प्राविधिक धारमा यस नगरपालिकाको शिक्षक विद्यार्थी अनुपात २२.५ रहेको छ ।

### ४.२.३ चुनौती र अवसर

रास्कोट नगरपालिकाको मानव स्रोतको नक्साङ्कन गर्दा दक्ष र सक्षम जनशक्तिको आपुर्ति नै शिक्षक व्यवस्थापनको प्रमुख चुनौति रहेको छ ।शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गर्नु एवम् शिक्षण पेसालाई रोजाइको पेसा बनाएकालाई शिक्षण पेसामा प्रवेश गराउनु, कक्षाकोठाको आवश्यकता र पाठ्यक्रमको मर्म एवम् बालबालिकाको रुचिअनुसारको शिक्षकको आपूर्तिका निम्ति शिक्षक सेवा आयोगको परीक्षा र पाठ्यक्रमलाई समसामयिक बनाउनु, विद्यालय तहको पाठ्यक्रम र शिक्षण आवश्यकतालाई सम्बोधन हुने गरी विश्वविद्यालयका शिक्षक तयारी कोर्स वा शिक्षक शिक्षा कार्यक्रमहरूलाई समायोजन गर्नु, सक्षम शिक्षक आपूर्तिका लागि विश्वविद्यालयमा शिक्षा सङकायमा विद्यार्थी भर्ना र शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रक्रिया सुधार गरी व्यवस्थित बनाउनु, कक्षाकोठालाई पेसागत विकास र सिकाइको थलोको रूपमा विकास गर्नु, पुरस्कार र दण्डको प्रावधानलाई वस्तुगत र न्यायोचित किसिमले कार्यान्वयन गरिनु, विद्यालयहरूमा तहगत रूपमा न्यूनतम विषयगत शिक्षक दरबन्दीको व्यवस्थापन गर्नु, नपुग शिक्षकको आपूर्ति नगरपालिकाले आफ्नै लगानीबाट गर्नेगरी निरन्तर स्रोतको व्यवस्थापन गर्नु र शिक्षकको सरुवा र वृत्ति विकासलाई पारदर्शी, निष्पक्ष, न्यायोचित र विद्यार्थीको सिकाइ उपलब्धिमा आधारित बनाउनु शिक्षक व्यवस्थापन तथा विकासका क्षेत्रमा देखिएका मुख्य चुनौतीहरू हुन् ।

पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि सुनिश्चित गर्न र शिक्षण सिकाइलाई विद्यार्थीकेन्द्रित बनाउन शिक्षण विधि तथा शिक्षण सिकाइ क्रियाकलापमा विविधता ल्याउनु, शिक्षक पेसागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु, शिक्षकलाई राजनीतिक गन्ध आउने थरिथरिका पेसागत संस्थातिर नभई विशुद्ध पेसाको उन्नयनमा सहयोग पुऱ्याउने गरी सबैको साझा पेसागत संस्थाप्रति प्रतिबद्ध बनाउनु, शिक्षकको पेसागत विकासको अवसर विस्तार र प्रभावकारीतामा सुधार गर्ने गरी संस्थागत प्रबन्ध गर्नु, विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गर्ने कार्यलाई प्रभावकारी बनाउनु, आदि पनि शिक्षक व्यवस्थापन तथा विकासका क्षेत्रमा देखिएका चुनौतीहरू च अवसरनै हुन् ।

### ४.२.४ उद्देश्यहरू

उपर्युक्त चुनौती र अवसरहरूका आधारमा यस नगरपालिकाको दश वर्षे शिक्षाक्षेत्र योजनामा शिक्षक व्यवस्थापन र विकासको लक्ष्य पर्याप्त सङ्ख्यामा भएका पेसाप्रति समर्पित र दक्ष शिक्षकहरूबाट बालबालिकाको सिकाइ उपलब्धिप्रति उत्तरदायी भई सहजीकरण गर्नु रहेको छ भने योसँग सम्बन्धित उद्देश्यहरू देहायबमोजिम निर्धारण गरिएका छन्:

१. शिक्षक तथा कर्मचारिको व्यवस्थापनको वर्तमान स्वरूप तथा प्रक्रियामा परिवर्तन गरी पेसाप्रति समर्पित र सक्षम शिक्षक तथा कर्मचारि आपूर्ति गर्नु ।
२. नपुग शिक्षक दरबन्दीमध्ये राष्ट्रिय शिक्षा नीतिअनुसार प्रदेशसँग समन्वय, सहकार्य र सहलगानीका आधारमा कानुन बमोजिम शिक्षक दरबन्दीको सिर्जना गरी न्यायोचित किसिमले वितरण गर्नु ।
३. सबै तहमा शिक्षकहरूको योग्यताको पुनरावलोकन गरी विषयवस्तुमा दक्ष र निपुर्ण शिक्षकको सुनिश्चितता गर्नु ।
४. शिक्षक विकास तथा निरन्तर पेसागत सहायता प्रणाली स्थापना गर्नु ।
५. सुपरिवेक्षण, शिक्षक तालिम, आवश्यक प्रोत्साहन, निरन्तर पेसागत विकास र सिकाइ आदान प्रदान कार्यक्रमका मध्यमबाट सबै तहमा सक्षम,प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु ।

**४.२.५ रणनीतिहरू**

माथि उल्लेखित उद्देश्य पूरा गर्न निम्न अनुसारका रणनीतिहरू अवलम्बन गरिनेछ।

१. शिक्षक सक्षमता प्रारूपलाई स्थानीयकरण गरी यसलाई शिक्षक तयारी, भर्ना र छनौट प्रक्रियामा आबद्ध गरिने छ ।

२. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान एवम् दरबन्दी पुनर्वितरण तथा थप गरिने छ ।

३. रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा एक वर्षअघि नै छनौट गरी प्रत्येक शैक्षिक सत्रको पहिलो महिनामा नै नियुक्ति गरिने र प्रकाशित प्रतीक्षा सूचीबाट अर्को वर्षको छनोटसम्म शिक्षक नियुक्त गर्ने कार्य गरिने छ ।

४. सुत्केरी बिदामा बस्ने महिला शिक्षकको बिदा अवधिभर पठनपाठन नियमित गर्नका लागि सट्टा शिक्षकको व्यवस्था गरिने छ ।

५. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान एवम् दरबन्दी पुनर्वितरण तथा थप गरिने छ ।

६. शिक्षा नीति अनुसार नपुग शिक्षक दरबन्दीमध्ये स्थानीय तह र प्रदेश सरकारले आर्थिक भार बेहोर्ने गरी कानुनबमोजिम सिर्जना गरिएका शिक्षक दरबन्दीहरूको न्यायोचित किसिमले वितरण गरी शिक्षकहरूको नियुक्ति र पदस्थापन गरिने छ ।

७. प्रारम्भिक बालविकास एवम् पूर्व प्राथमिक शिक्षा र कक्षा १-३ का लागि कक्षा १२ उत्तीर्ण, कक्षा ४-८ का लागि स्नातक तह उत्तीर्ण र कक्षा ९-१२ का लागि स्नातकोत्तर उत्तीर्ण गरेको शिक्षकको योग्यता अद्यावधिक गरिने छ ।

८. कुनै विद्यालयमा कुनै शिक्षकको काम सन्तोषजनक भएमा बढीमा पाँच वर्ष काम गर्न पाउने र तत्पश्चात प्रधानाध्यापकको सिफारिसमा सरुवा गर्न सक्ने कानुनी प्रावधान बनाई सरुवालाई वस्तुनिष्ठ, न्यायोचित र अनुमानयोग्य बनाउनका लागि सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरिने छ ।

९. शिक्षक नियुक्ति, सरुवा तथा तालिम तथा पेसागत विकासमा सहभागी गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्दतिको विकास गर्न सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरिने छ ।

१०. पुरस्कार र प्रोत्साहन कार्यक्रमलाई सम्बन्धित प्र.अ. तथा शिक्षकको सामाजिक आचरण, पेसाप्रतिको निष्ठा र समर्पणभाव, विद्यार्थीको सिकाइ उपलब्धि र उनीहरूको अभिमतलाई समेत आधार बनाई लागु गरिने छ ।

११. सेवानिवृत्तका लागि स्वेच्छिक रूपमा अवकाश हुन चाहने शिक्षकहरूलाई विशेष प्रोत्साहनको व्यवस्था गरिने छ ।

१२. प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिम प्रदान गर्ने कार्यलाई अनिवार्य गरिने छ ।

१३. स्थानीय शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गर्न, यसकालागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल तथा आवश्यकता अनुसार अनुभवी शिक्षकबाट सहयोग तथा मेन्टरिङको पद्दति विकास गर्ने ।

१४. शिक्षकहरूको साझा सङ्गठनको रूपमा एउटा मात्र शिक्षक महाँसघलाई शिक्षकको पेसागत सहयोग र विकासका निम्ति क्रियाशील बनाउनका लागि सहकार्य गर्ने ।

१५. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनका लागि शिक्षक तथा कार्य सम्पादनमा सुधार गरी नतिजाप्रति जबाफदेही हुने पद्दति विकास गरिने छ।

१६. शिक्षकको सेवा, सर्त, सुविधा, प्रोत्साहन, बढुवा लगायतका वृत्ति विकासका लागि पुनरावलोकन गरी समसामयिक बनाउने सवालमा सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरिने छ ।

१७. विषयवस्तुका अतिरिक्त शिक्षण पेसाप्रति गर्व गर्ने, बालबालिकासँग रमाउने, सामाजिक सेवाभावले अभिप्रेरित र आचरणको हिसाबले निष्कलङ्कित व्यक्ति शिक्षण पेसामा छनौट हुने गरी सङ्घीय शिक्षक सेवा आयोग र प्रदेश शिक्षक सेवा आयोगको पाठ्यक्रमलाई पुनरावलोकन गर्नका लागि सुपरिवेक्षण गरिने छ ।

### ४.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**(क) उपलब्धि (Outcomes)**

१. पर्याप्त मात्रामा सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइ सक्षमतामा सुधार भएको हुने ।

**(ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | नतिजा | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | शिक्षक विद्यार्थी अनुपात | १:३२ | १:३० | १:२८ | १:२६ | १:२५ | १:२५ |
| २ | टी.पी.डी. तालिम प्राप्त शिक्षकको सङ्ख्या | ८५ | १० | १० | १० | १० | १२५ |
| ३ | शिक्षण सिकाइको सुधारमा योगदान गर्ने शिक्षकलाई प्रोत्साहन हुने शिक्षक संख्या | ० | १० | १० | १० | १० | ४० |
| ४ | सुविधायुक्त प्रयोगशालाको प्रबन्ध | ० | १ | १ | १ | १ | ४ |
| ५ | स्थानीय सिप र व्यवसायका लागि पहिचानयोग्य हव | ० | ३ | ३ | ३ | ३ | ३ |
| ६ | विषयगत शिक्षक समूह निर्माण | ० | २ | ३ | ४ | ४ | |
| ७ | शिक्षकहरूले आधुनिक शिक्षण विधि, प्रविधि र नवीनतम शैक्षिक प्रविधिमा क्षमता विकास र शिक्षकहरूको पेशागत योग्यताको विकास। | ० | ५ | ५ | ५ | ५ | २० |
| ८ | नगरपालिकाले शिक्षकहरूको नियुक्ति, स्थानान्तरण, प्रोन्नति र मूल्याङ्कनको पारदर्शी प्रणाली लागू भएको | १ | १ | १ | १ | १ | ५ |
| ९ | शिक्षकहरूको कार्यदक्षता र जवाफदेहिता बढाउने उद्देश्यले नियमित मूल्याङ्कन प्रणाली कार्यान्वयन गरिएको | १ | १ | १ | १ | १ | ५ |
| १० | शिक्षकहरूको पारिश्रमिक र कार्यकालीन सुविधामा सुधार गरिएको | १ | १ | १ | १ | १ | ५ |

### ४.२.७ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ( ५ वर्ष ) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| शिक्षकको पेसागत आकर्षण र नियुक्ति | | | | | | | | | | |
| १ | शिक्षकहरूका निम्ति कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधाका निम्ति वस्तुनिष्ठ मापदण्ड बनाई कार्यान्वयन गरिने | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| २ | नगरपालिकाका सबै शिक्षकको स्वास्थ्य बिमा अनिवार्य गरिने | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| ३ | सरुवा र बढुवालाई वस्तुनिष्ठ बनाउने गरी कानुनको निर्माण एवम् कार्यान्वयन गरिने | पटक | ५ | ० | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | अस्थायी तथा प्रदेश र स्थानीय तहबाट दरबन्दी सिर्जना गरी नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि उपयुक्त मापदण्ड तथा निर्देशिका निर्माण तथा परिमार्जन | पटक | ५ | ० | १ | १ | १ | १ | ५ | १ |
| ५ | स्थानीय तहबाट महँगी, यातायात, खाजा खर्च, सञ्चार खर्च आदिको व्यवस्था गरेर शिक्षकको सेवा सुविधालाई अझै आकषर्क बनाउने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ६ | बालविकासका शिक्षक र विद्यालयका कर्मचारीलाई न्यूनतम पारिश्रमिक उपलब्ध गराउने गरि मापदण्ड वा कार्यविधि तयार तथा परिमार्जन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| शिक्षक तयारी | | | | | | | | | | |
| ७ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागी गराउन क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ८ | नयाँ नियुक्ति पाएका शिक्षकहरूलाई सेवा प्रवेश तालिम सञ्चालन गरिने | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| ९ | शिक्षक बन्नका लागि हालको योग्यतालाई बृद्धि गर्नका लागि पहल गर्ने वा मापदण्डको विकास (प्रारम्भिक बालबिकास/पूर्ब प्राथमिक शिक्षा र कक्षा १-३ का लागि कक्षा १२ उत्तीर्ण, कक्षा ४-८ का लागि स्नातक तह उत्तीर्ण र कक्षा ९-१२ का लागि स्नाकोत्तर भएको सुनिश्चीतता गर्ने) | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १० | शिक्षण पेसालाई रोजाइको पेसा बनाउन चाहनेहरूका निम्ति पेसामा प्रवेशका लागि पूर्व | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सेवाकालीन तालिम र मनोसामाजिक परामर्शको ब्यवस्था | | | | | | | | | |
| शिक्षण सिकाई क्रियाकलाप | | | | | | | | | | |
| १ | नियमित शिक्षणसिकाइ सुनिश्चित गर्न मापदण्डको विकास गरी कार्यान्वयन गरिने | पटक | २ | १ | - | - | - | - | १ | १ |
| २ | कमजोर बिद्यार्थीका लागि बिशेष सहयोगी कक्षा सञ्चालन गर्ने पालिका स्तरिय उपचारात्मक शिक्षण पद्दति लागु गर्ने । | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ३ | दृष्टिसम्बन्धी अपाङ्गता भएका सबै बालबालिकाका लागि ब्रेललिपि लगायतबाट र श्रवणसम्बन्धी अपाङ्गता भएकालाई साङ्केतिक लगायतबाट सिक्ने व्यवस्था मिलाउने र पहल गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | प्रत्येक माध्यमिक विद्यालयमा एक पुस्तकालयको प्रबन्ध गर्ने र प्रत्येक आधारभूत कक्षामा पुस्तक कुना व्यवस्था गरिने | पुस्तकालय/विद्यालय | ० | ४/३२ | १/८ | १/८ | १/८ | १/८ | ४/३२ | निरन्तर |
| ५ | एक शिक्षक एक ल्यापटपको व्यवस्था गरिने | शिक्षक संख्या | ३०० | | ५० | ५० | ५० | ५० | २०० | १०० |
| ६ | प्रत्येक विद्यालयमा आवश्यक एक विज्ञान प्रयोगशालाको प्रबन्ध विज्ञान सामग्रीयुक्त कम्तिमा/ गरिने | विद्यालय | ३२ | ० | ५ | ५ | ५ | ५ | २० | १२ |
| ७ | प्राविधिक तथा व्यावसायिक शिक्षा धारको<br>सम्बन्धित पढाइलाई व्यावहारिक र सिपमा आधारित बनाउन प्रयोगात्मक पक्षमा जोड दिने र यसका लागि सुविधायुक्त प्रयोगशालाको प्रबन्ध गरिने | संख्या | २ | ० | १ | ० | ० | ० | १ | १ |
| ८ | प्रत्येक विद्यालयमा उच्च गतिको सुरक्षित इन्टरनेट सेवाको उपलब्धतामार्फत शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढाउने | विद्यालय | ३२ | ४ | ७ | ७ | ७ | ७ | ३२ | निरन्तर |
| ९ | विद्यार्थीको सिकाइ सुनिश्चित गर्न शिक्षकले काममा बिताउने समय सुनिश्चित गर्न प्र.अलाइ जिम्वेवार गरिने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | शिक्षण सिकाइमा सुधारका लागि शिक्षकहरूलाई प्रधानाध्यापक र विद्यार्थीप्रति जवाफदेही बनाउने र प्रधानाध्यापकबाट शिक्षकलाई विद्यार्थीको सिकाइ उपलब्धिको आधारमा बढुवा र अन्य प्रोत्साहनको व्यवस्था गरिने | संख्या | १०० | १० | १० | १० | १० | १० | ५० | ५० |
| ११ | स्थानीय आवश्यकता अनुसार स्थानीय पाठ्यक्रम निर्माण गरी हरेक विद्यालयलाई केही न केही स्थानीय सिप र व्यवसायका लागि पहिचानयोग्य हवको रूपमा विकास गरिने | सङ्ख्या | २८ | ३ | ३ | ३ | ३ | ३ | १५ | १३ |
| १२ | प्रत्येक शिक्षकले प्रत्येक शैक्षिक सत्रमा शिक्षण सिकाइ क्रियाकलापहरूको सुधारका लागि कार्यमूलक अनुसन्धान गर्नुपर्ने र त्यस्ता उत्कृष्ट अनुसन्धानलाई नगरपालिकाले प्रकाशन गरी सम्प्रेषण गरिने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १३ | शिक्षण सिकाइ लगायत विद्यालयको समग्र पक्षको नगरपालिकाले अनुसन्धान र अनुगमन गरी प्रतिवेदन दिन विज्ञहरू सम्मिलित भएको तेस्रो पक्षलाई खटाइने | जना | २५ | ५ | ५ | ५ | ५ | ५ | २५ | निरन्तर |
| | शिक्षक पेसागत सहयोग पद्दति | | | | | | | | | |
| १ | स्थानीय तहमा शिक्षक पेसागत सहयोग मार्गदर्शन कार्यविधिको विकास तथा कार्यविधि निर्माण तथा अध्यावधिक गरिने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | शिक्षक मेन्टरिङ कार्यक्रम सञ्चालनका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गर्न शिक्षण पेमहिनासम्म अनुभवी विज्ञ शिक्षकको सा ३सामा प्रवेश गरेको शिक्षकका लागि कम्तिमा थमा राखेर कार्य गराउने | जना | २७० | ५ | १० | २० | २५ | ३० | ९० | १८० |
| ३ | शिक्षकहरूको संस्था शिक्षक महासङ्घलाई शिक्षकहरूको पेसागत सहयोगको निम्ति जिम्मेवार बनाउनकालागि महासङ्घको क्षमताविकास गर्ने। | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | प्रधानाध्यापकबाट नियमित रूपमा शिक्षकको कार्यसम्पादनको अनुगमन तथा मूल्याङ्कन गरिने | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| ५ | शिक्षकलाई परामर्श कार्य गर्न, अध्ययन अनुसन्धान, अनुगमन गर्न तथा विज्ञ सेवा प्रदान गर्नका लागि स्थानीय तहमा सेवानिवृत्त दक्ष शिक्षकहरूको विज्ञ टोली गठन गरिने | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| ६ | सहपाठी कक्षा अवलोकन गरिने | विद्यालय | ३२ | ० | ३२ | - | - | - | ३२ | निरन्तर |
| ७ | शिक्षकको पेसागत विकास आवश्यकताअनुसार शैक्षिक तालिम केन्द्रहरूमा खटाइ शिक्षकहर लाई पेसागत विकास तालिम लिन प्रेरित गर्ने र तालिम पश्चात विद्यालयमा आई सिकाइ | संख्या | १०० | १० | १० | १० | १० | १० | ५० | ५० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आदान-प्रदानको संस्कार विकास गरिने | | | | | | | | | |
| ८ | स्थानीय तहमा विषयगत शिक्षक समूह निर्माण गरी उक्त समूहलाई सम्बन्धित विषयमा पेसागत दक्षता अभिवृद्धिका लागि उपयोग गरिने | विषयगत शिक्षक समूह | १० | १० | १० | १० | १० | १० | १० | १० |
| ९ | विद्यालयहरूले गरेका असल अभ्यासहरूको अवलोकन एवम् सिकाइका लागि अवलोकन भ्रमणको व्यवस्था गरिने ( अन्तर जिल्ला) | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| १० | शिक्षकलाई विद्यार्थीको सिकाइ उपलब्धिप्रति जिम्मेवार बनाउने र सोका आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्न प्रधानाध्यापक लाई जिम्मेवार बनाउन बैठक तथा कार्यशाला | विद्यालय | ३२ | ० | ३२ | - | - | - | ३२ | निरन्तर |
| ११ | विद्यालयमा उपलब्ध शिक्षकहरूमध्ये हरेक हिसाबले उत्कृष्ट र सक्षम शिक्षकलाई प्रधानाध्यापक बनाइने | जना | २८ | ५ | ५ | १० | ५ | ३ | २८ | |
| १२ | शिक्षक र कर्मचारीले प्रधानाध्यापकसँग र प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समिति र विव्यसले पालिकासँग करार सम्झौता गरी कार्य गरिने | सबैं | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| शिक्षक आपुर्ति र वितरण | | | | | | | | | | |
| १ | मौज्दात शिक्षक दरबन्दी र सिर्जना गरिएका दरबन्दीको विषयगत हिसाबले फेहरिष्त तयारी गरी विज्ञापनका लागि प्रदेश शिक्षक आयोगमा पठाइने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| २ | स्थायी शिक्षक नआउँदासम्म बैकल्पिक सूचीका उम्मेदवारहरूलाई करार नियुक्ति गरी काममा लगाउनकालागि कार्यविधि तथा मापदण्डको निर्माण तथा अध्यावधिक | पटक | ५ | ० | १ | १ | १ | १ | ५ | निरन्तर |
| ३ | एकदिन पनि विद्यालयको शिक्षण सिकाइमा बाधा नपर्ने गरी शिक्षक अवकास, सरुवा र नियुक्ति वा पदस्थापन भई काम गर्ने शिक्षकको व्यवस्थापन कार्यविधि निर्माण तथा अध्यावधिक | विद्यालय | ३२ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | लामो समय सुत्केरी बिदामा बस्ने महिला शिक्षकको बिदा अवधिभर नियमित शिक्षण गर्न सट्टा शिक्षकको व्यवस्था गर्न कार्यविधि तथा मापदण्डको निर्माण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

## ४.३ शिक्षामा समता र समावेशीकरण

### ४.३.१ वर्तमान अवस्था

शिक्षा पाउनु सबै बालबालिकाको नैसर्गिका अधिकार भएको हुँदा नेपालको संविधान (२०७२) को धारा ३१ ले यो अधिकारलाई स्थापित गरेको छ। सबै वर्ग र क्षेत्रका बालबालिकाको समानजक न्याय, पहुँच र प्रतिनिधित्वका लागि समावेशी शिक्षा आजको उपयक्तु र सान्दर्भिक मुद्दा बनेको छ। यसै सन्दर्भमा, अपाङ्गता भएका र आर्थिक रूपिले विपन्नका हकमा भने उच्च शिक्षा सम्मै निःशुल्क हुनपर्छ। दृष्टिवहीन नागरिकले ब्रेनलिपि तथा बौद्धिक अपाङ्गता भएकाले साङ्केतिक भाषा मार्फत निःशुल्क शिक्षा पाउने हक सुरक्षित गरिएको छ। प्रत्येक समदुायलाई मातृ भाषामा शिक्षा पाउने, त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने हक संविधानले दिएको छ । सानो समाजको रूपमा हेर्ने विद्यालयदेखि नै समावेसी शिक्षा विकासको अभ्यास गर्नेहो भने तिनै बालबालिका निर्मार्ण गर्ने भविष्यको समाज पनि बृहत रूपमा समावेशी समाज बन्नसक्ने कुरामा विश्वास गर्न सकिन्छ। फरक क्षमता भएका, भिन्न बालबालिकाहरु अन्य बालबालिका भन्दा फरक भएतापनि उनीहरुलाई भिन्नै विद्यालयको परिकल्पनागर्दा समाजबाट अलग हुने सम्भावनालाई काम गरेर अन्य व्यक्ति जस्तैसमाजमा साँगै हुर्कने, बढ्ने, पढ्ने एवं संगसंगै प्रतिस्पर्धि बन्ने अवसरलाई सुनिश्चित गर्न शैक्षिक समता र समावेशीकरणको अभ्यासले मद्दत गर्द छ । एकल अधिकार अन्तरगत संविधानाले स्थानीय सरकारलाई माध्यमिक तहसम्मको जिम्मेवारी दिएको छ। शिक्षामा विशेष व्यवस्था गर्न स्थानीय तहहरूलाई ऐन-कानून र निर्देशिका बनाएर लागूगर्ने अधिकार रहेको छ। बालविकास केन्द्रदेखि माध्यमिक तहसम्म गुणस्तरीय शिक्षामा सबैको पहुँच लक्ष्य भए त्यसैबाट उच्च शिक्षामा विशेष गरी दलित र आदिवासी जनजाति अन्तर्गत पनि लोपोन्मखु र सीमान्तीकृतको पहुँचका लागि बलियो आधार तयार हुने गर्द छ। नागरिकबीचका यस्ता असमानता हटाउन सरकारले आरक्षणरसंगै सकारात्मक विभेदको नीति अवलम्बन गरे पिन त्यसको कार्यान्वयमा देखापरेका विभिन्न अवरोधका कारण पर्याप्त देखिँदैन । यस नगरपालिकामा विपन्न दलित, पिछडिएका समदुायका र अपाङ्गतामा रहेका बालबालिकाहरूको विद्यालय छाड्ने दर बढी हुन, माध्यमिक शिक्षा पूरा गर्ने दर कम हुन, विद्यालयमा उपस्थित र शिक्षण सिकाइमा सक्रीयताको दर कम रहेको अवस्था विद्यमान छ। यस परिपेक्षमा, शिक्षा प्राप्त गर् नसबै बालबालिकाको नैसर्गिका अधिकार भएकोले जातजाति, भाषाभाषी, लिङ्ग, धर्म, संस्कृति तथा शारीरिक बनावट आदि कुनै कुराको आधारमा भेदभाव नगरी सबैलाई सहज र सरल तरिकाले अध्ययन गर्नसक्ने वातावरण सिर्जना गर्नु आजको आवश्यकता भएको हुँदा विद्यालय शिक्षामा सबैको पहुँच सुनिश्चत गरी समान सहभागिता वृध्दि गर्नु यस योजनाको एक मुख्य उद्देश्य रहेको छ। यो शिक्षा योजनाको उप-क्षेत्र अन्तर्गत, कुनैप्रकारको विशेष आवश्यकता भएका बालबालिकाहरूलाई समेत सहज हुने गरी कक्षाकोठाको व्यवस्था मिलाइनेछ। विपन्न दलित, पिछडिएका समदुायका र अपाङ्गता भएका बालबालिकाहरूप्रति गरिनु पर्ने व्यवहारका बारेमा शिक्षकहरूलाई तालिम प्रदान गरिने र सकेसम्म सहज एवम् सिकारुमैत्री वातावरण सिर्जना गर्न प्रयास गरिने छ ।

### ४.३.२ लक्ष्य

आर्थिक तथा समाजिक रुपमा पछाडी परेको वर्गको शिक्षामा समतामुलक पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गरी शैक्षिक सुशासनलाई जोड दिँदै सबै प्रकारका विभेदलाई हटाउने।

### ४.३.३ उद्देश्य

१. विद्यालयमा कुनै प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चतता गरी बालबालिकाको नियमित उपस्थिति र सहभागिता र सिकाइ हुने वातावरण सिर्जना गर्नु ।
२. विविधता, समता र समावेशी शिक्षाका मुल्य मान्यता अनूकूल गुणस्तरीय सेवा प्रवाह गर्न विद्यमान संरचनाहरूलाई जवादेहि बनाई विद्यालय शिक्षामा भेदभाव रहित शिक्षा सेवा पहुँच र सहभागिता सुनिश्चित गर्ने,
३. विद्यालयहरूमा कुनैप्रकारको हिंसा, विभेद र दुर्व्यवहार हुन नदिने वातावरण सिर्जना गरेर शिक्षित समूहका बालबालिकाहरूको सिकाईमा सहभागिता वृद्धिगर्ने र गुणस्तर सुधार गर्ने,
४. शैक्षिक सुशासन कायम गर्न विद्यालय तथा विभिन्न संघसंस्था र कार्यालयहरूलाई जवाफदेही बनाउने,

### ४.३.४ रणनीतिहरु

१. विद्यालयमा सिकाइका लागि आवस्यक भौतिक तथा शैक्षिक अवस्था पूरा गरी अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउने । यसका लागि बालमैत्री विद्यालय प्रारुप (CFSF) तथा निर्धारित सिकाइका लागी आवश्यक पूर्वधार पूरा गर्ने ।

२. पाठ्यक्रममा स्थानीयभाषा, सस्कृति, भूगोल, वातावरण, इतिहास तथा नागरिक ज्ञान तथा सिपका साथै बृहत यौनिकता शिक्षा तथा प्रजनन् स्वास्थ्य सम्बन्धी विषयवस्तु समावेस गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गर्ने ।

३. विद्यालयमा सबै प्रकारका लैङ्गिक तथा अपाङ्ग मैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विषेश लक्षित सबै बालबालिकाहरूलाई विद्यालय शिक्षाको पहुँचमा ल्याउने ।

४ अपाङ्गताको प्रारम्भिक लेखाजोखा (Disability screening) गर्दै अपाङ्गताका किसिम तथा स्वरुप पहिचान गरी विशेष कार्यक्रमको माध्यमबाट उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यक्तानुसार विशेष विद्यालयको प्रवन्ध गर्ने ।

५. जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, आर्थिक रुपमा पछिपरेका तथा सिमान्तकृत समुदायका बालबालिका,सामाजिक बहिस्कारमा परेका बालबालिका तथा आपाङ्ताभएका बालबालिका समेट्ने गरी आवश्यकतामा आधारित बैकल्पिक शिक्षा कार्यक्रमका विभिन्न नमुना समेत विकास गरी पहुँच सुनिश्चित गरिने ।

६. छात्रवृतिकालागि विपन्न, लक्षित,आर्थिक रुपले विपन्न ,सुविधा विहिन,कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिका आवश्यकता अनुसार पोशाक, स्टेसनरी तथा सिकाइ समाग्रीका लागि सहभागी हुने व्यवस्था गर्ने ।

७. आधारभूत तहमा मातृभाषा,स्थानीय भाषा,वा वहुभाषा प्रयोग गरी सिकाइको अवसर प्रदान गर्ने ।

८. सिकाइ त्रिलयाकलाप सहभागिता मूलक बनाइ विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम गरिनेछ भने विद्यालयमा कुनै प्रकारको विभेद, दुव्यबहार,हेपाई,नहुने सुनिश्चिततासहित बाल मैत्री वातावरण सृजना गरिने ।

९. लक्षित समूह तथा आर्थिक, सामाजिक, भौगोलिक, आपाङगता भएका तथा लैङ्गिक समानतामा भएका बालबालिकाका लागि सिकाइ आवश्यकता सम्बोधन हुने गरी नमुना शैक्षिक सामाग्री विकास, सिपयुक्त जनशक्ति र समयसापक्ष पाठ्क्रमको व्यवस्था गरिने ।

१०. औपचारिक विद्यालय शिक्षाबाट बन्चितीमा परेका लक्षित समूहका बालबालिकाहरूको शिक्षा पाउने हकको सुनिश्चितताका लागि समुदाय, सामुदायिक अध्यन केन्द्र, गैर सरकारी सङ्घ संस्था, निजि क्षेत्र र औपचारिक विद्यालयहरूलाई सहभागी गराइने ।

### ४.३.५ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

१. लक्षित समुदायका बालबालिकाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भई सिकाइ उपलब्धिमा सुधार आएको हुने छ ।
२. समाजमा पछाडीपरेका र आर्थिक तथा समाजिक रुपले कमजोर अपाङ्गता भएका र सहारा ववहीन बालबालिकाहरूको विद्यालयमा समतामुलक पहुँच भएको हुनेछ

**नतिजा तथा परिणात्मक लक्ष्य**

| क्र. सं. | प्रमुख नतिजा | आधार बर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ३.६ | ३ | २ | १ | ० |
| २ | आधारभूत तहमा लैङ्गिक समता सुचक | १.१६ | १.१० | १.०५ | १.० | १.० |
| ३ | माध्यमिक तहमा विद्यालय बाहिर रहेका किशोर किशोरीहरुको प्रतिशत | १.१ | १ | ०.८ | ०.५ | ० |
| ४ | माध्यमिक तहमा लैङ्गिक समता सुचक | १.०३ | १.० | १.० | १.० | १.० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाई प्रक्रिया लगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता र समावेशिता अभिवृध्दी भएका विद्यालय | १५ | २२ | २८ | ३२ | ३२ |
| ६ | अपाङ्गता, गरिब, विपन्न, अभिभावक विहिन, बेसहारा बालबालिकाहरूको अलभिलेख अद्यावधिक | १ | १ | १ | १ | १ |
| ७ | विविधता, समता एवंम समावेशी शिक्षाका - मान्यता अनूकूल शैक्षिक सुशासन कायम भएका विद्यालय | १० | १७ | २५ | ३० | ३२ |
| ८ | लक्षित समूहले तोकिए बमोजिम छात्रवृत्ती एवं प्रोत्साहन वितरण गरेका विद्यालय | ३२ | ३२ | ३२ | ३२ | ३२ |

#### ४.३.६ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | शिक्षाको मूलप्रबाह बाहिर रहेका र नरहेका सवै बालबालिकाहरूको तथयाङ्क संकलन र बिश्लेषण गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | सबै प्रकारका विभेदको अन्तका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| ३ | लक्षित बर्गको लागि छात्रवृत्ती वितरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | विद्यालयमा गनुासो सनुवुाई अधिकारीको व्यवस्था सहित प्रणालीको व्यवस्था गर्ने | विद्यालय | ३२ | ५ | १० | १० | ७ | ० | ३२ | निरन्तर |
| ५ | विद्यालयमा विभिन्न प्रकारका बालक्लब गठन | क्लब | ३२ | ५ | १० | १० | ७ | ५ | ३२ | निरन्तर |
| ६ | विद्यालयमा जिम्मेवारी सहितको लैङ्गिक सम्पर्का व्यक्ति तोक्ने | विद्यालय | ३२ | ० | १० | १० | ७ | ५ | ३२ | निरन्तर |
| ७ | विद्यालय बाहिरका बालबालिकाहरू रहेका विपन्न दलित, समुदायमा विव्यस, अभिभावक, शिक्षकहरूको संलग्नतामा घरदैलो कार्यक्रम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ८ | बालिका तथा समावेशी शिक्षा संजाल सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ९ | लागु पदार्थ दुर्वयशनी सचेताना कार्यक्रम सञ्चालन (आधारभूत र माध्यमिक विद्यालयहरुमा( | पटक | १५ | १ | ३ | ३ | ३ | ३ | १३ | २ |
| १० | छात्राहरुका लागि निः शुल्क सेनिटरी प्याड वितरण | पटक | ६० | २ | १२ | १२ | १२ | १२ | ५० | १० |
| ११ | दलित तथा अति विपन्न छात्राहरूलाई सरकारी तथा सार्वजनिक सेवामा पहुँच | जना | १०० | १० | २० | २० | २० | २० | ९० | १० |
| १२ | आवश्यकताअनुसार समता र समावेशीरूपमा पेशागत तालिमको व्यवस्थापन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १३ | दलित, लोपोन्मुख र अति विपन्न छात्राहरूलाई उच्च शिक्षा अध्ययन छात्रवृत्ति | जना | ९० | ० | १० | १० | १० | १० | ४० | ५० |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचय

बालबालिकाको शैक्षिक पहुँच, सहभागिता र सिकाई स्तर अभिवृध्दी गर्ने र उनीहरूको स्वास्थ्य तन्दुरुस्त राख्न सामुदायिक विद्यालयमा खाजा कार्यक्रम सञ्चालित छ । तात्कालिक रूपमा बालबालिकाको भोक न्युनीकरण गर्दै उनीहरूको पोषण तथा स्वास्थ्य स्थितिमा सुधार गरी शैक्षिक पहुँच, सहभागिता, निरन्तरता र सिकाई स्तर समेत अभिवृध्दी गर्ने दिर्घकालीन लक्ष्यका साथ दिवा खाजा कार्यक्रम आधारभूत विद्यालय तहमा विगत केही वर्ष देखि कार्यान्वयनमा छ। यसको दायरा प्रतिवर्ष विस्तार हुँदै गएको छ । नेपालको संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा नि:शुल्क हुनेछ र प्रत्येक नागरिकलाइ खाद्य सुरक्षा समेत प्रत्याभत् गरेको छ। दिगो विकासका लक्ष्यमा गरिबी न्युनीकरण, भोक उन्मुलन र सबैलाई गुणस्तरीय आधारभूत शिक्षा सुनिश्चित गर्ने राष्ट्रिय प्रतिबद्धता व्यक्त गरिएको छ। आर्थिक रूपमा विपन्न, मानव विकास सूचकाङ्कमा पछि परेका समदुायका बालबालिकालाई दिवा खाजासहित नि:शुल्क शिक्षा सुनिश्चित गरिने व्यवस्था अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले गरेको छ। विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्था उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकाले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु आवश्यक हुन्छ । विद्यालयमा हुने सरसफाई तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने भएको हुँद आवश्यक परिपाटीको व्यबस्था मिलाउनु सम्बन्धित स्थानीय तह र विद्यालयको जिम्मेवारी भित्र पर्दछ । यसले बालबालिकाको भावी जीवनका लागि सरसफाई तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नाका साथै परिवार तथा समदुायमा पनि यसले सकारात्मक प्रभाव पार्ने भएको हुँदा आवश्यकता अनुरुप सरसफाई र स्वच्छतामा सुधार आवश्यक छ । यस रास्कोट नगरपालिका अन्तरगतका विद्यालयहरूमा भर्ना दर वृध्दि गर्ने, शिक्षाको पहुँचमा पुर्याउने, स्वास्थ्य, पोषणमा सुधार ल्याउने, कक्षा छोड्ने र दोहोर्याउनेको अन्त्य गर्ने, नियमितता गराउने र सामुदायिक विद्यालयमा आकर्षण गराउने उद्देश्यले बालबालिकालाई दिवा खाजा उपलब्ध गराउँदै आएका छ । बहुक्षेत्रीय पोषण कार्यक्रम दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम अन्तरगत विभिन्न प्रयासहरूको बाबजुद यस नगरपालिकामा अन्तरगतका विद्यालयहरूमा दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाई तथा स्वच्छताका प्रभावकारीतालाई अझै व्यवस्थापन गर्नु पर्ने सबै विद्यालयमा स्वास्थ्य कमीको व्यवस्था गर्नुपर्ने विद्यालय खाजाका लागि उपयक्तु स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्नु पर्ने विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्नुपर्ने र सरसफाई तथा स्वच्छताका लागि मापदण्ड विकास गरेर कार्यान्वयन गर्नुपर्ने जस्ता चनुौतीहरू पहिचान गरिएको छ ।

### ४.४.२ लक्ष्य

विद्यालयमा अध्ययनरत बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार गरेर मनोसमाजिक कुशलतामा अभिवृध्दी तथा सिकाईमा सुधारसहित सुरक्षित तथा रमाईलो सिकाई वातावरणमा पूर्ण पहुँच तथा सहभागिताको सुनिश्चित गर्ने।

### ४.४.३ उद्देश्य

१. बालबालिकालाई स्वस्थय एवंम पोषण युक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्न।
२. स्वास्थ्य, पोषण र सरसफाई तथा स्वच्छता सेवाको गुणस्तर वृद्धिगरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाई उपलब्धिमा सुधार गर्न।

### ४.४.४ रणनीतिहरु

१. दिवा खाजा कार्यक्रमलाई क्रमश विस्तार गर्दै आधारभूत तहसम्मक सम्पूर्ण बालबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको व्यवस्था गर्ने ।

२. दिवा खाजाका लागि विद्यालयमा आवस्यक पर्ने विभिन्न सुविधा विस्तार गर्ने जस्तै : विद्यार्थी सख्याको अनपुातमा पर्याप्त पानी, साबनु तथा सफाई सामग्रीसहित आवश्यक स्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय तथा युरिनल, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाईको प्रबन्धलमिाईनेछ ।
३. विद्यालयहरूमा प्राथमिक उपचार किट, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाच, छात्राहरूका लागि महिनावरी स्वच्छताको व्यबस्थापलाई प्रभावकारी बनाईनेछ ।
४. दिवा खाजाको लागि स्थानीय उत्पादनमा आधारित बस्तहुरुलाई प्राथमिकता दिइनेछ।
५. दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थावयत्व र दिगोपनको लागि तीनै तहका सरकारहरूसाँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारहरूको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गरिने छ ।
६. दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाई र स्वच्छता सम्बन्धि कार्यक्रमको अनुगमन तथा मुल्याङ्कनका साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी थप प्रभावकारी बनाइनेछ ।

### ४.४.५ उपलब्धि र नतिजा

**उपलब्धि**

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्था सुधार भएको हुने छ भने मनोसामाजिक कुशलता मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार बर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिका मध्ये दिवा खाजा प्राप्त गरेका | ११४० | सबै | सबै | सबै | सबै |
| २ | आधारभूत तहमा दिवा खाजा सञ्चालन गरेका विद्यालय | २८ | २८ | २८ | २८ | २८ |
| ३ | माध्यमिक तहमा दिवा खाज सञ्चालन भएका विद्यलाय | ४ | ४ | ४ | ४ | ४ |
| ४ | बार्षिक रुपमा विद्यार्थीहरुको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | १ | ५ | १० | २० | २८ |
| ५ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालयको सङ्ख्या | १० | १५ | २० | २५ | २८ |
| ६ | नर्सिङ्ग सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | ४ | ४ | ४ | ४ | ४ |
| ७ | पालिका मार्फत प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तह कक्षा ८ सम्मका सामुदायिक विद्यालयका सबै बालबालिकाहरूको स्वस्थकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवा खाजा प्राप्त गरेका विद्यालय | ४० | ४० | ४० | ४० | ४० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | सामुदायिक माध्यमिक विद्यालय र संस्थागत विद्यालयमा अभिभावकको सहभागितामा दिवा खाजा वा खाना कार्यक्रम सञ्चालन भएका विद्यालय | ० | २ | ४ | ४ | ४ |

### ४.४.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ( पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | स्वास्थ्य, पोषण र सरसफाई तथा स्वच्छता सम्बन्धि मापदण्ड तर्जुमा तथा कार्यान्वयन | पटक | १ | ० | १ | ० | ० | ० | १ | निरन्तर |
| २ | दिवा खानाका लागि भान्सा तथा भण्डार, भाँडा वर्तन तथा आवस्यक सामाग्रिको प्रवन्ध | विद्यालय | ३२ | २ | १० | १० | १० | ० | ३२ | निरन्तर |
| ३ | सबै विद्यालयमा दिवा खाजा, स्वास्थ्य, पोषण र सरसफाई तथा स्वच्छता सम्बन्धि कार्यक्रम सञ्चालन | पटक | ३२ | २ | ३२ | ३२ | ३२ | ३२ | ३२ | निरन्तर |
| ४ | दिवा खाजाको लागि चाहिने खाद्य सामाग्री आर्पुतिको लागि स्थानीय कृषि सहकारी, किसान समूहलाई तालिम तथा सहयोग | समुह सहकारी | १५ | १ | ३ | ३ | ३ | ३ | १३ | २ |
| ५ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनपुातमा पर्याप्त पानी, साबनु तथा सफाई सामग्रीको व्यवस्थापन सहित छात्र र छात्राका लागि अलग शौचालयको व्यवस्था | पटक | ३२ | २ | १० | १० | १० | ० | ३२ | निरन्तर |
| ६ | माध्यमिक विद्यालयहरुका दिवा खाजा व्यवस्थानको लागि भाडाकुडा र चमेना गह निर्माण | पटक | ११ | २ | २ | ३ | २ | २ | ११ | निरन्तर |
| ७ | दिवा खाजाका लागि आवस्यक तालिम तथा अन्तरक्रिया | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ८ | कक्षा ६ देखि १२ सम्मका छात्राहरुलाई महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको व्यवस्था | जना | १७१७ | १७१७ | - | - | - | - | १७१७ | निरन्तर |
| ९ | आवधिक स्वास्थ्य जाँच जुकाको औषधि र सूक्ष्मपोषक तत्व प्रदायक ट्याबलेटहरु (भिटामिन ए र आइरन फोलिक एसिड आदि) प्रदान | निरन्तर | ४६७१ | ४६७१ | - | - | - | - | ४६७१ | निरन्तर |
| १० | विद्यालयहरुमा प्राथमिक उपचार किट बितरण तथा प्रतिस्थापन | विद्यालय | | २८ | २८ | २८ | २८ | २८ | २८ | २८ |

## ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ वर्तमान अवस्था

आपतकालिन तथा संकटपूर्ण अवस्थामा बालबालिकाले सिक्न पाउने अधिकारको सुनिश्चितताको लागि आपतकालिन तथा संकटकालिन अवस्थामा शिक्षाको सन्दर्भ जोडिएको हुन्छ । यस अवधारणा अन्तरगत शिक्षा क्षेत्रमा देखा पर्ने सम्भावित जोखिमको पूर्वतयारी, आपतकाल पश्चात क्षतिको कम हुनेगरी तत्कालिन विद्यालय तहको शिक्षा सेवाको सचुारुपनाको व्यवस्थापन, आपतकालीन अवस्थामा आपूरण सम्बन्धि कार्यढाचाँलाई समेटेर यो उप-क्षेत्र अन्तरगत लक्ष्य, उद्देश्य, रणनीतिहरु तथा कार्यनीतको तर्जुमा गरेरएको छ । प्राकृतिक तथा मानवीय प्रकोप, कोभिड- १९ को कारण बालबालिकाको सिक्ने र शिक्षा प्राप्त गर्ने अधिकारमा अवरोध पुगेकाव अवस्थाबाट पाठ सिकी आपतकालिन अवस्थामा शिक्षाको कार्यढाचाँ निर्माणको कार्य, यो योजनाको खण्डमा समावेश गरेरएकोछ । व्दन्द, महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाईलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई आपतकालिन तथा संकटपूर्ण अवस्थामा शिक्षाको रूपमा लिने गरेरन्छ । यसको मूख्य उध्देश्य विभिन्न कारणलेउत्पन्न संकटकालिन अवस्थामा बालबालिका लगायत शिक्षासाँग सम्बद्ध व्यक्ति, परिवार तथा समदुायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, समाजिक व्दन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशिल हुनेगरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । आपतकालिन तथा सङ्कट पूर्ण परिस्थितिमा बालबालिकाहरूले प्राप्त गर्न पाउन पर्ने विद्यालय तहको शिक्षाको अधिकारलाई सुनिश्चितको लागी माथि उल्लेखित विद्यमान नीतिगत व्यवस्था भएतापनि स्थानीय तहको शिक्षामा कार्यान्वयको प्रभावकारिता कम देखिन्छ । आपतकालिन अवस्थामा शिक्षाको भूमिकालाई सामान्य उद्धार कार्यका रूपमा हेररनु एक ठलो चनुौतीको विषय बनेको छ । अहिले आपतकालिन अवस्थाको लागि शिक्षा महत्वपूर्ण र अनिवार्य कार्यक्रमका रूपमा स्थापित गर्नु अति आवश्यक देखिन्छ । त्यसैले शिक्षाको यो नयाँ भूमिका यस नगरपालिकाको शैक्षिक व्यवस्थामा पनि सुनिश्चित गर्नु जरुरी छ । सामान्य समयभन्दा आपतकालिन अवस्थामा शिक्षाका विषयवस्तु, विधि र सामग्री फरक हुन्छन् । तर, नेपालको शिक्षासम्बन्धि योजनाहरू 'सबैको लागि शिक्षा' वा 'सहस्राब्धी विकास लक्ष्य' होस् वा 'विद्यालय क्षेत्र सुधार कार्यक्रम' यी कुनैयोजनामा आपतकालिन शिक्षा व्यवस्थाको योजना नगरिएको हुँदा, यस रास्कोट नगरपालिकाको शिक्षा क्षेत्र योजना अन्तरगत आपतकालिन तथा संकटकालिन अवस्थामा शिक्षाका क्षेत्रका लक्ष्य, उद्देश्य, रणनीतिहरू, उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप निम्नानसुर तय गरेरएको छ ।

### ४.५.२ लक्ष्य

आपतकालिन तथा सङ्कटपूर्ण परिस्थीमा बालबालिकाहरुले प्राप्त गर्ने पाउनु पर्ने विद्यालय तहको शिक्षाको अधिकारलाई सुनिश्चित गर्ने ।

### ४.३.३ उद्देश्य

१. विपद व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाचाँको विकास गर्ने ।
२. सम्भावित विपद व्यवस्थापन तथा उत्थानशिलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्ने ।
३. आपतकालिन अवस्थामा बैकल्पिक सिकाईका विधिहरु प्रयोग गरी बालबालिकाहरुको सिक्न पाउने अधिकारको सुनिश्चित गर्ने ।
४. सबै तहका बालबालिकाहरुलाई सिकाई आपुरणको अवस्था सिर्जना गर्ने ।

### ४.५.४ रणनीतिहरु

१. विपद तयारी, रोकथाम, प्रतिकार्य र पनु:स्थापनाका लागि विद्यार्थी, शिक्षक, अभिभावक तथा कर्मचारीको क्षमता विकास गरिने छ ।

२. विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गरिने छ।
३. विपदबाट जोगिनका लागि विद्यार्थीहरुमा जनचेतना कार्यक्रम कार्यान्वयन गरिने छ ।
४. विपदको अवस्थामा शिक्षालाई निरन्तरता दिनका लागि आवश्यक हुने यन्त्र उपकरण, खाध्यान्न, पोशाक तथा अन्य राहत समग्री प्रवन्ध गर्नुका साथै वैकल्पिक विधिको प्रयोग गरी शिक्षण सिकाई क्रियाकलाप अगाडी बढाईनेछ ।
५. खतरा पहिचान तथा जोखिम क्षेत्रको नक्साङ्कन गरेर विपद व्यवस्थापनका लागि सबैवडामा आपतकालिन संयन्त्रको निर्माण गरिनेछ।
६. कोभिड १९ लगायतका महामारीबाट बच्न पूर्वसावधानी रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने ।
७. प्रत्येक विद्यालयमा प्राथमिक उपचारका लागि चाहिने सामग्रीहरुको व्यवस्थापन गरिने छ ।
८. प्रत्येक विद्यालयमा आपतकालिन कोषको निर्माण गरिनुका साथै जनशक्ति व्यवस्थापन तालिम,गोष्ठीको व्यवस्था गरिने छ ।
९. शिक्षासम्बन्धि ऐन, कानुन, पाठ्यक्रम र शिक्षासम्बन्धि नीतिहरूको पुनरावलोकन गरी आवश्यकतानसुार परिमार्जन गर्दा विपद् तथा सङ्कटमा शिक्षा सम्बन्धि विकास गरिएका मापदण्ड, कार्यविधि तथा निर्देशिकाहरूलाई एकीकृत गरिने छ ।
१०. नगरपालिमकामा शिक्षा समुह (Educatio Cluster) गठन तथा परिचालन ।
११. प्राकृतिक प्रकोपको जोखिम न्यूनीकरणका लागि हरितविद्यालय अभियान, जलवायु परिवर्तन शिक्षा तथा दिगो विकासका निमित्त शिक्षा जस्ता कार्यक्रमहरूलाई कार्यान्वयनमा ल्याइनेछ ।

### ४.५.५ उपलब्धि र नतिजा

**मुख्य उपलब्धीहरू**

१. विपत व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुने छ ।
२. सम्भावित विपतको व्यवस्थापन तथा उत्थानशिलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुने छ ।
३. आपतकालीन तथा सङ्कटपूर्ण परिस्थिमा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार बर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन सिप सहित कोभिड-१९ जस्ता महामारी तथा बिपत् जोखिम न्यूनीकरण सम्बन्धि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सङ्ख्या | ४ | ४ | ४ | ४ | |
| २ | हरित विद्यालय सङ्ख्या | ४ | ८ | १० | ८ | |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | १० | १० | ८ | | |
| ४ | आपतकालिन कोषको स्थापना भएका विद्यालय | ० | ४ | ६ | ८ | १० |
| ५ | प्राथमिक उपचार तथा उद्दार गर्ने सामग्रीको व्यवस्था भएका विद्यालय | ४ | ६ | ५ | १३ | २८ |
| ६ | बैकल्पिक विधिको माध्यमबाट शिक्षण सिकाई गराउन सक्षम विद्यालय | ४ | ६ | ५ | ५ | २० |
| ७ | विद्यालय तथा समग्र शिक्षा प्रणालीमा प्राकृतिक प्रकोप व्यवस्थापनका लागि | ० | ४ | ६ | १० | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पूर्व तयारी, प्रतिकार्य तथा पुनर्उत्थानको योजना तथा क्षमता विकास भएका विद्यालय | | | | | |
| ८ | वैकल्पिक माध्यमहरूको उपयोग गरी  सिकाई गराउन सक्ने विद्यालय | ४ | ६ | ५ | ५ | २० |
| ९ | अनलाईन कक्षाहरु सञ्चालनको लागि क्षमता भएका विद्यालयहरु | ४ | ६ | ५ | ५ | २० |
| १० | डिजिटल सिकाई सामग्रीहरूमा बालबालिकाको पहुँच पुग्ने र भर्चुअल माध्यमबाट सिकाईमा पहुँच पुग्ने विद्यालय। | ४ | ६ | ५ | ५ | २० |

### ४.५.२ प्रमुख क्रियाकलाप र परिणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विपत् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड निर्माण वा पुनरावलोकन | निरन्तर | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| २ | विद्यालयहरुको जोखिम नक्साङ्कन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ३ | विद्यालय शिक्षा आपतकालिन कोषको स्थापना तथा कोष वृद्धि | पटक | १ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | स्थानीय तह र विद्यालयको क्षमता विकास कार्यक्रम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | प्राथमिक स्वास्थ्य सामग्रीको व्यवस्था | विद्यालय | ३२ | ३२ | ३२ | ३२ | ३२ | ३२ | ३२ | ३२ |
| ६ | वैकल्पिक विधिको प्रयोग र शिक्षालाई निरन्तरता सम्बन्धि क्षमता विकास कार्यक्रम | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ७ | शिक्षक तथा विव्यसका लागि विपद व्यवस्थापन सम्बन्धि क्षमता विकास तालिम | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| ८ | ReAL Plan निर्माण तथा कार्यान्वयन | विद्यालय | ३२ | ० | १० | १० | १० | २ | ३२ | निरन्तर |
| ९ | आपतकालिन तथा संकटकालिन अवस्थामा राहतकोषको व्यबस्थपन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १० | विपत पूर्वतयारी प्रतिकार्य पुनर्स्थापना तथा उत्थानशिलताका लागि सचेतना कार्यक्रम | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| ११ | हरित विद्यालय स्थापना | विद्यालय | ३२ | ४ | ८ | १० | १० | ० | ३२ | ६ |
| १२ | विपद प्रतिरोधी विद्यालय सङ्ख्या | विद्यालय | ३२ | ५ | ८ | १० | १० | २ | ३२ | निरन्तर |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ वर्तमान अवस्था

विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धि मापदण्ड सबै विद्यालयले अनिवार्य पालना गर्नु पर्ने भएता पनि यस नगरपालिकाका सबै विद्यालयहरूमा पूर्ण पालना हुन सकेको छैन । विद्यालय भवन बनाउँदा ६० प्रतिशत जमिन खाली छाड्न पर्ने, कक्षाकोठा सँगै खानेपानी, शौचालय, शिक्षक प्रशासनिक कार्यकक्ष, खेल मैदान, पुस्तकालय, भान्सा तथा खाजाघर, मनोरञ्जन कक्ष, बैठक कक्ष, पोसाक वा स्यानिटरी प्याड परिवर्तन कक्ष अनिवार्य हुनुपर्ने व्यवस्थाको मापदण्डमा भएतापनि हाल यस नगरपालिका अन्तरगतका सामुदायिक विद्यालयहरू मापदण्ड अनुरुप तयार गर्न सकिएको अवस्था छैन । यो अवस्थामा मापदण्ड विहिन भौतिक पुर्वाधारले विद्यार्थीको मनोविज्ञानमै असर परेको देखिन्छ । असुरक्षित भवन र कक्षाकोठा, शौचालय र खानेपानीको अभाव आदिको आकर्षण घटाउनेमात्र नभई विद्यार्थीहरु पढाइमा केन्द्रित नहुने अवस्था देखिन्छ । भौतिक पूर्वाधारको सन्दर्भमा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा आवद्ध गरेरए पनि प्राविधिक एवमं वस्तुलनिष्ठ आकँलन गर्न सकिएको छैन । पूर्वाधार विकासका विधि तथा प्रक्रियालाई गुणस्तरीय, पार्दशी र जवाफदेही बनाउने, सुरक्षित विद्यालयको लागि भौतिक पूर्वाधारका लागि उपयक्तु मापदण्ड र मोडालिटी विकास गर्ने, पूर्वाधार विकास एवंम विस्तारका लागि गुरू योजना निर्माण, आवश्यक स्रोतको ब्यवस्था, भौतिक पूर्वाधारहरू बालमैत्री तथा अपाङ्गमैत्री बनाउने चुनौतीहरू विद्यमान छन् । यस नगरपालिका अन्तरगतका सामुदायिक विद्यालयमा विद्यार्थीको रुचि घट्दै जानुको प्रमूख कारण भौतिक पूर्वाधार रहेको छ । शैक्षिक गुणस्तरका लागि स्तरीय शिक्षक जस्तै भौतिक संरचना पनि आवश्यक पर्ने भएको हुँदा विद्यालय भौतिक पूर्वाधार विकासमा सम्बन्धित सरोकारवालाहरूको आकर्षण आजको आव्श्यकता बनेको छ ।

### ४.६.२ लक्ष्य

सबै बालबालिकाहरूलाई सुरक्षित र उपयक्तु भौतिक वातावरणसहित गुणस्तरीय शिक्षाको अवसरलाई सुनिश्चित गर्ने।

### ४.६.३ उद्देश्य

१. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वधार विकास गर्ने
२. अपाङ्गतामैत्री, बालमैत्री, समावेशी र सुरक्षित विद्यालयको अवधारणा अनुरुप सुरक्षित र उपयक्तु भौतिक वातावरण सहित गुणस्तरीय विद्यालय शिक्षाको व्यवस्थापन गर्नु
३. सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वधार विकास मर्मत संभार तथा सबलिकरण गर्नु ।
४. विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धि मापदण्ड २०८० अनुसार विद्यालय भौतिक पूर्वाधार विकास र विस्तारका लागि तोकेबमोजिमको मापदण्ड कार्यान्वयन गर्न/गराउनु।
५. पार्दशिता र जवाफदेहिता सुनिश्चित गरी भौतिक पूर्वाधार विकासका कार्यक्रमहरू सञ्चालन गर्न।
६. जलवायु परिवर्तनका असरबाट सुरक्षित हुन Climate Smart Infrastructure बनाउन परामर्श गर्नु ।

### ४.६.४ रणनीतिहरु

१. भौतिक पूर्वधार विकासकालागि सञ्चालित विद्धालयको तह विद्यार्थी सङ्ख्या प्रक्षेपण र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गरि सोहि मापदण्डका आधारमा स्थानीय तहस्तरीय विद्यालय पूर्वाधार विकास समितीको गठन भएको हुनेछ ।
२. विद्यालयको तह र विद्यार्थी संख्याका आधारमा आवश्यक पर्ने भौतिक पूर्वाधारको आँकालन गरिने छ ।
३. भुगोल, हावापानी, विद्यार्थी सङ्ख्या र विगतका आधारमा भौतिक पूर्वाधार विकास सम्बन्धि मापदण्ड यकिन गरिने छ ।

४. विद्यालयहरूको भौतिक पूर्वाधार विकासका लागि संघीय र प्रदेश सरकार तथा स्थानीय गैरसरकारी संघ-संस्थाहरूसंग स्रोत व्यवस्थापनमा साझेदारीको अवधारणा अपनाइनेछ ।
५. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक निर्माण गर्ने (Build Back Better BBB) अवधारणा कार्यान्वयनको आरम्भ गरिने छ ।
६. पूर्वाधार विकाससंगै सुरक्षित विद्यालय, समाजिक एवंम वातावरणीय पक्षलाई एकीकृत प्रणालीको रूपमा संस्थागत क्षमता सुदृढीकारण गरिने छ ।
७. सम्बन्धित सरोकारवालाहरूबीच समन्वय, सहकार्य र साझेदारीमा विद्यमान पूर्वाधारको समुचित उपयोग सुनिश्चित गरिने छ।
८. विद्यालयको भौतिक पूर्वधार विकासमा स्थानीय समुदाय, सरकारी एवम् गैरसरकारी तथा समुदायमा आधारित सङ्घ संस्थाको समेतको परिचालन गरी साझेदारीमा कार्य गर्न पहल गरिने छ ।

### ४.४.५ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

१. सबै विद्यालयमा पर्याप्त आवश्यक भौतिक संरचना निर्माण हुने छन् ।
२. सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक वातावरणसहितको विद्यालयमा अध्ययन गर्ने अवसर प्राप्त भएको हुनेछ ।
३. विद्यालयका भौतिक संरचना बालमैत्री, अपाङ्गता मैत्री र सुरक्षित हुने छन् ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार बर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | भुकम्प प्रतिरोधी विद्यालय | २० | २ | २ | ३ | ५ |
| २ | नयाँ निर्माण गर्नुपर्ने कक्षा कोठा सङ्ख्या | १०६ | १० | १६ | २० | २० |
| ३ | सवलीकरण गर्नुपर्ने कक्षाकोठ सङ्ख्या | ४४ | १४ | १० | १० | १० |
| ४ | नयाँ निर्माण गर्नुपर्ने शौचलाय सङ्ख्या | १० | २ | ३ | २ | ३ |
| ५ | बाढी पहिरो हावा हुरी लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय सङ्ख्या | ८ | २ | २ | २ | २ |
| ६ | विद्यालयहरू भौतिक रुपमा वातावरण मैत्री, बालमैत्री र अपाङ्गमैत्री विद्यालय संख्या | १५ | २ | २ | ४ | ५ |
| ७ | आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार भएका विद्यालय संख्या | ४ | १२ | १८ | २३ | २८ |
| ८ | विद्यालय भौतिक सम्पत्तिको संरक्षरण, सम्वर्धन र उपयोग एवंम निरन्तर मर्मत संम्भारका लागि पध्दतिको विकास हुनेछ। | ३२ | ३२ | ३२ | ३२ | ३२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | विद्यालय भौतिक पूर्वाधार विकासको लागि पूर्वाधारको स्वरूप र मापदण्ड एकिन हुनेछ। | ० | १ | १ | १ | १ |

### ४.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालय पूर्वाधार विकास समितीको गठन तथा पुनर्गठन | पटक | १ ० | १ | १ | १ | १ | १ | ५ | ५ |
| २ | भौतिक पूर्वाधार विकासको लागि आवश्यकता पहिचान | पटक | २ | | १ | | | | १ | १ |
| ३ | खानेपानी, सरसफाई तथा स्वच्छतासम्बन्धि पूर्वाधार कार्यक्रम सञ्चालन | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| ४ | अपागङ्गमैत्री विद्यालय भवन निर्माण | ओटा | २० | २ | २ | २ | २ | २ | १० | १० |
| ५ | विद्यालयको सवलीकरण तथा मर्मतसम्भार | संख्या | ३२ | ५ | ५ | ५ | ५ | ५ | २५ | ७ |
| ६ | प्रारम्भिक बालबवकासका लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालय | ओटा | ४० | ० | ५ | ५ | ५ | ५ | २० | २० |
| ७ | विद्यालय पुनःनिर्माण तथा सवलीकरण कार्यक्रम | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ८ | मापदण्ड एवम् स्तरीकरण सूचक अनुसार एक विद्यालय सम्पूर्ण पूर्वाधार विकासको अवधारणा कार्यक्रमको सञ्चालन | सङ्ख्या | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ९ | विद्यालयहरूमा बनेका संरचनाको नियमित मर्मत सम्भार कोष स्थाकना र परिचालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| १० | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रवन्ध | ओटा | २८ | ३ | ४ | ४ | ४ | ४ | १९ | ९ |
| ११ | विद्यालय घेराबार | ओटा | २८ | ४ | ४ | ४ | ४ | ४ | २० | ८ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | विद्यालयमा पिङ र चिप्लेटी निर्माण | ओटा | ५६ | १० | १० | ८ | ० | ० | २८ | २८ |
| १३ | विद्यालयको मागका आधारमा फर्निचर निर्माण | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| १४ | विद्यालय खाजा घर निर्माण | ओटा | ५ | १ | १ | १ | १ | १ | ५ | |
| १५ | प्रत्येक वडामा १विद्यालय अनुरुप नानमु १- भौतिक पूर्वाधार निर्माण गर्दै जाने | पटक | ११ | २ | २ | २ | २ | २ | १० | १ |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ वर्तमान अवस्था

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को सूचना तथा सञ्चार प्रविधिलाई विद्यालय शिक्षामा शैक्षिक रूपान्तरणका लागि विषय, विषयवस्तुको माध्यमका रूपमा प्रयोग गर्नेगरी पाठ्यक्रम विकास गर्ने; सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सुनिश्चित गर्न पाठ्यक्रम, पाठ्यसामग्री विकास एवं तिनको विद्युतीयप्रतिको उपलब्धिलाई जोड दिने; डिजिटल साक्षरता, प्रविधिमा आधारित सिकाई सहजीकरण लागि अन्तरक्रियात्मक विद्युतीय सामग्री विकास गर्ने; सिकाई सहजीकारण प्रक्रियालाई प्रविधिमा आधारित बनाउन अत्यावश्यक सिकाई वातावरण विकासमा प्राथमिकता दिइने व्यबस्थाको उल्लेख गरेको छ । तसर्थः सूचना तथा प्रविधिमा विद्यार्थीहरुको सहभागिता वृद्धि गर्न सबै विद्यालयहरुको ICT सम्बन्धि कार्ययोजना तर्जुमा गरेर ICT लाई शैक्षिक क्रियाकलापमा जोड्नु आजको आवश्यकता रहेको छ । सामुदायिक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगको सन्दर्भलाई हेर्ने हो भने केहि विद्यालयहरुमा कम्प्युटर प्रविधिसम्बन्धि पठनपाठन हुँदै आएको पाइन्छ तर यो पर्याप्त देखिँदैन । विद्यालय क्षेत्र विकास कार्यक्रमले सूचना तथा सञ्चार प्रविधिलाई महत्वपूर्ण कम्पोनेन्टको रूपमा लिइ विद्यार्थीहरूमा सूचना तथा सञ्चार प्रविधि सीपको विकास गराउने, कक्षाकोठामा हुने शिक्षण सिकाई क्रियाकलापमा सुधार ल्याउने, सिकाई सामग्रीको पहुँचमा बिस्तार गर्ने, र शैक्षिक व्यवस्थापन र सेवा प्रवाहलाई प्रभावकारी र चुस्त बनाउनेमा जोड दिएतापनि सामुदायिक विद्यालयमा यसको कार्यान्वयको पाटो कमजोर देखियो । सामुदायिक विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा केही सकारात्मक प्रयास भएता तापनि सन्तोष गर्ने अवस्था छैन । यस रास्कोट नगरपालिकामा आर्थिक अभावका कारण विद्यालयहरुमा कम्प्युटर तथा इन्टरनेटको पहुँच पुर्याउन सकिएको छैन । ICT युक्त वातावरण सिर्जना गर्नका लागि पूर्वाधारको अभाव हुनु, सूचना प्रविधि सम्बन्धि दक्ष मानवीय स्रोतको विकासको कमी हुनु, पाठ्यक्रममा कम्प्युटर शिक्षा लगायतका प्रविधिसम्बन्धि विषयको व्यापकता नहुनु, सबै विषय, तह र कक्षाका पाठ्यसामग्री डिजिटलाइजेशन हुन नसक्नु जस्ता समस्या र चुनौतीको कारण यस पालिका अन्तरगतका विद्यालयहरूको शिक्षामा सूचना तथा सञ्चारको प्रयोगलाई व्यापक बनाउन सकिएको छैन ।

### ४.७.२ लक्ष्य

विद्यार्थीको प्रभाबकारी सिकाई तथा शिक्षा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रवविको उचित प्रयोग गरेर सामुदायिक विद्यालयहरूको शैक्षिक व्यवस्थापनमा सुधारका साथै शिक्षामा सुशासनको प्रवर्धन गर्ने ।

### ४.७.३ उद्देश्य

१. पालिका भित्रका सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र पहुँच विस्तारका साथै सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्ने ।
२. सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच विस्तार गरेर कक्षाकोठामा हुने शिक्षण सिकाई क्रियाकलापमा सुधार ल्याउने,
३. शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र समतामुलक बनाउने

### ४.७.४ रणनीतिहरु

१. सिकाइलाई सहजीकरण गर्न सूचना तथा सञ्चार प्रविधिको एकीकृत सिकाई रणनीतिको छनोट गरेर उपयोग गर्ने
२. सिकाईको मुल्याङ्कन र पृष्ठपोषण प्रदान गर्न सूचना तथा सञ्चार प्रविधिको उपयोग गर्ने
३. शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धि नीति र डिजिटल संस्कृतिमा भएको विकासबारे अनूकूल पेसागत व्यवहार प्रदान गर्न सबै शिक्षकहरूको क्षमता विकास गर्ने

४. सिकाई सहजीकरण प्रक्रियालाई प्रविधिमा आधारित बनाउन अत्यावश्यक सिकाई वातावरण विकासलाई प्राथमिकता दिने
५. शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गरिने ।

### ४.७.५ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

१. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई प्रविधिको प्रवर्धन हुनेछ ।
२. डिजिटल साक्षरता, प्रविधिमा आधारित सिकाई सहजीकरणका लागि अन्तरक्रियात्मक विद्युतीय सामग्रीको विकास भएको हुनेछ जसबाट समग्र विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।
३. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग भएको हुनेछ।
४. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुगेको हुनेछ।
५. सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुनेछ ।
६. सामुदायिक सिकाई केन्द्रमा सूचना प्रविधिको प्रयोगमा विस्तार हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र स | सूचक | आधार बर्ष २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएको विद्यालय सङ्ख्या | ८ | ६ | ६ | ४ | ४ |
| २ | शिक्षण सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएको विद्यालय सङ्ख्या | ८ | ६ | ६ | ४ | ४ |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालयको सङ्ख्या | १६ | १८ | २० | २४ | २८ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | १५ | २० | २५ | २८ | २८ |
| ५ | विद्यूतको पहुँच पुगेको विद्यालयको सङ्ख्या | २८ | २८ | २८ | २८ | २८ |
| ६ | सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन भएका विद्यालय सङ्ख्या | २ | ४ | ६ | १५ | २५ |
| ७ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास | ४ | १० | १५ | २० | २८ |

### ४.५.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | ICT सम्बन्धि शिक्षकहरूका लागि क्षमता अभिवृध्दी कार्यक्रम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | सूचना प्रविधिमा आधारित मेन्टर शिक्षकको व्यवस्था | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ३ | इन्टरनेट जडान कार्यक्रम | विद्यालय | ३२ | ० | १० | १० | १० | २ | ३८ | |
| ४ | आईई.एम.आई.एस. व्यबस्थापन तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | नगरपालिकाको Education Portal को विकास | वटा | १ | १ | - | - | - | - | १ | निरन्तर |
| ६ | एक विद्यालय १ ल्यापटप | ओटा | ३२ | ८ | १० | १० | ४ | ० | ३२ | |
| ७ | कम्प्यूटर ल्याबको स्थापना | ओटा | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| ८ | विद्यलयहरुमा इ हाजिरीको जडान | ओटा | ३२ | ८ | ८ | १२ | ४ | ० | ३२ | निरन्तर |
| ९ | इ सि इ डि सहित मावि कक्षाहरुमा स्मार्ट बोर्ड र स्मार्ट टिभी को व्यवस्था | वटा | १०० | ५ | १० | १५ | २० | २५ | ७५ | २५ |

# परिच्छेद -५ अन्य उप-क्षेत्र

## ५.१ उच्च शिक्षाको व्यवस्थापन

नेपालको शिक्षा संरचनामा माध्यमिक तहको शिक्षा पूरा गरेपछि विश्वविद्यालय स्तरको शिक्षा उच्च शिक्षा मानिन्छ। उच्च शिक्षा राष्ट्रको आर्थिक र सामाजिक परिवर्तनको लागि आवश्यक स्वस्थ, प्रतिस्पर्धी, नवप्रवर्तनात्मक, स्वाबलम्बी, रोजगारमूलक र गुणस्तरीय मानव संशाधन उत्पादन गर्ने उद्देश्य राख्दछ। माध्यमिक शिक्षा पूरा गरेपछि, विद्यार्थीहरू आफ्नो रुचि र क्षमताका आधारमा विभिन्न क्याम्पस तथा विश्वविद्यालयमा उच्च शिक्षा प्राप्त गर्न सक्छन्। नेपालमा उच्च शिक्षा प्रदान गर्ने चार तहको नीति व्यवस्था गरिएको छ। नेपालको संविधान, २०७२ ले महिला, दलित, अपाङ्गता भएका र आर्थिक रूपले कमजोर नागरिकलाई निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ। संविधानले केन्द्रीय विश्वविद्यालयहरूलाई संघीय सरकारको अधिकार क्षेत्र र प्रदेश स्तरीय विश्वविद्यालयहरूलाई प्रदेश सरकारको अधिकार क्षेत्रमा राखेको छ।

आजको आवश्यकता भनेको उच्च शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्नु, गुणस्तरीय शिक्षा प्रदान गर्नु र आधुनिक ज्ञान, विज्ञान, कला, सीप र प्रविधिमा दक्ष जनशक्ति तयार गर्नु हो। उच्च शिक्षा क्षेत्रले देशको आर्थिक र सामाजिक विकासमा अहम भूमिका खेल्न सक्छ, तर नेपालमा उच्च शिक्षा प्रदायक संस्थाहरूको गुणस्तरमा कमी देखिन्छ। विशेषतः क्याम्पसहरूमा आवश्यकताका आधारमा शिक्षा प्रदान गर्नको सट्टा, रुचि र जागिरको खोजीमा क्याम्पसहरू खोल्ने प्रचलनले गुणस्तर घटाएको छ। यस खण्डमा उच्च शिक्षामा समावेशी पहुँच, गुणस्तर, समता र व्यवस्थापकीय प्रबन्धको वर्तमान अवस्थाको समीक्षा गर्दै आगामी दश वर्षका लागि रास्कोट नगरपालिकाको उच्च शिक्षा विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू र लक्ष्यहरू उल्लेख गरिएको छ।

### ५.१.१ वर्तमान अवस्था

रास्कोट नगरपालिकामा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त श्री रास्कोट बहुमुखी क्याम्पस तथा कर्णाली बिज्ञान क्याम्पस सञ्चालनमा रहेकोमा बिबिध कारणले दुबै क्याम्पसहरूमा हाल पठनपाठन बन्द रहेको छ। व्यवस्थापन तथा बिज्ञान संकायअन्तर्गत ४ वर्षे स्नातक तहको अध्यापन भैरहेका यी क्याम्पसहरूमा पुनः पठनपाठन शुरू गर्नसके नगरपालिका भित्रका मात्र नभई आसपासका स्थानीय तहका युवायुवतीहरूले समेत आफ्नै घरबाट उच्च शिक्षा प्राप्त गर्ने अवसर प्राप्त गर्नेछन्। भौतिक संरचना पूर्ण नभए तापनि, यी क्याम्पसहरूले आफ्नै भवनमा पठनपाठन संचालन गर्दै आएका थिए। क्याम्पसहरूलाई भौतिक रूपमा सुविधा सम्पन्न बनाई, पुनः पठनपाठन शुरू गरी उच्च गुणस्तरीय शिक्षा प्रदायक संस्थाको रूपमा रूपान्तरण गर्न आवश्यक छ। यसो गर्न सकिएमा उच्च शिक्षामा गरिब, दलित, अपाङ्गता भएका र पछाडि पारिएका समुदायको पहुँच पुग्न सहज हुन जाने छ।

### ५.१.२ चुनौती र अवसर

सामाजिक र आर्थिक समस्याहरूका बाबजुत, उच्च शिक्षा अध्ययनका लागि क्याम्पसहरूको स्थापना र संचालन भइरहेको छ, यद्यपि, यी क्याम्पसहरूको गुणस्तरीय शिक्षा प्रदान गर्ने दिशामा चुनौतीहरू रहेका छन्। क्याम्पसहरूको सुधारका लागि भौतिक पूर्वाधार र आर्थिक लगानीमा वृद्धि, दक्ष शिक्षकहरूको व्यवस्थापन, र जीवनोपयोगी शैक्षिक कार्यक्रमहरूको आवश्यकतालाई ध्यानमा राख्नु महत्वपूर्ण छ। त्यस्तै, उच्च शिक्षा व्यावसायिक, व्यवहारिक र शैक्षिक बेरोजगारी न्यूनीकरणका दृष्टिकोणबाट विकास गर्नुपर्छ। उच्च शिक्षा प्राप्त जनशक्तिले रोजगार सिर्जना गर्न सक्षम हुनुपर्छ र क्याम्पसहरूले स्थानीय प्राकृतिक स्रोत साधन र मौलिक कला संस्कृति तथा सभ्यताको अध्ययन र अनुसन्धानमा भूमिका खेल्नुपर्छ।

तर भौगोलिक विकटता र विविध समस्याहरूका बाबजुत, त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त यी दुई क्याम्पसहरूको पुनःसञ्चालन गर्ने चुनौती नगरबासीहरूमा रहेको छ। यसले स्थानीय समुदायका लागि उच्च शिक्षा प्राप्त गर्न घर नजिकैको क्याम्पसमा अध्ययन गर्ने अवसर प्रदान गर्दछ, जुन एक ठूलो अवसर रहेको छ।

### ५.१.३ उद्देश्य

१. बिगतमा सञ्चालन भएका क्याम्पसहरूलाई पुन; सञ्चालनकालागि प्राथमिकता दिनु,
२. उच्च शिक्षामा सबै वर्ग,लिङ्ग र जात तथा समुदायका नागरिकहरुको समावेशी पहुँच अभिबृद्धि गर्नु,
**३.** उच्च शिक्षाका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउनु**,**
४. सामाजिक र आर्थिक विकासका लागि युग सुहाउँदो, प्रतिस्पर्धी र उद्यमशील मानव संशाधनको विकास गर्नु,

### ५.१.४ रणनीति

१. नगरपालिका भित्रका विद्यालय शिक्षाको कक्षा १२ वा सो सरहको तह पुरा गरेका विद्यार्थीको विवरण तयार गरी उनीहरूको क्षमता र योग्यता अनुसार उच्च शिक्षाको प्रबन्धका लागि योजना तयार गर्ने।
२. त्रिभुवन विश्वविद्यालय तथा मध्यपश्चिम विश्वविद्यालयसंग आवश्यक समन्वय गरी धुबै क्याम्पसहरूमा पठन पाठन शुरू गर्ने।
३. खुला एवं दूर शिक्षा लगायतका व्यस्थामार्फत उच्च शिक्षामा पहुँच बृद्धिका लागि आवश्यक पहल गर्ने।
४. उच्च शिक्षामा महिला, आदिबासी/जनजाती, दलित, अपाङ्गता भएका नागरिक एवम् आर्थिक रूपले विपन्न समूदाय र वर्गको पहुँच बढाउनका लागि आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्ने।
५. उच्च शिक्षालाई राष्ट्रिय विकासका प्राथमिकताका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकूद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने।
६. विद्यार्थीहरूलाई उच्च शिक्षाका अवसरहरु उपलब्ध गराउनका लागि उच्च शिक्षा सञ्चालन गर्ने संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने।
७. पालिका अन्तर्गत सञ्चालित हुने उच्च शिक्षा प्रदायक संस्थाको सञ्चालन तथा व्यवस्थापनमा आवश्यक सहयोग उपलब्ध गराइने।
८. उच्च शिक्षा प्रदायक संस्थाहरूको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापनका लागि केन्द्र तथा प्रदेश सरकारसँग समन्वय, सहकार्य र सहजीकरण गर्ने।
९. उच्च शिक्षाको विकासका लागि सार्वजनिक, सामूदायिक तथा निजीस्तरमा साझेदारी गर्ने कार्यलाई प्रोत्साहन गर्ने।
१०. आर्थिक रूपमा पिछडिएका प्रतिभावान तथा सीमान्तकृत, दलित, अपाङ्गता भएका, लोपोन्मुख जाति/जनजाति, महिला विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर सृजना गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने।

### ५.१.५ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

उच्च शिक्षामा समावेशी पहुँच अभिबृद्धि भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | रास्कोट नगरपालिकाका कक्षा १२ वा सो सरहको तह पुरा गरेका विद्यार्थीहरुको क्षमता र योग्यता अनुसार उच्च शिक्षामा पहुँच | २०० | ४०० | ६०० | ८०० | १००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | नगरपालिका भित्र उच्च शिक्षा प्रदायक संस्थाको पुनर्स्थापना | - | १ | १ | - | - |
| ३ | नगरपालिकामा उच्च शिक्षा प्रदायक संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिबृद्धि | ० | १ | १ | १ | १ |
| ४ | उच्च शिक्षा उत्पादन र आर्थिक उपार्जनसँग जोडिएको हुने | ० | १ | १ | १ | १ |
| ५ | उच्च शिक्षामा सार्बजनिक, निजी तथा सामूदायिक सहभागितामा लगानी अभिबृद्धि | ० | १ | १ | १ | १ |

### ५.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | भौतिक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | भूगोल र विद्यार्थीको माग तथा आवश्यकताका आधारमा उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाको स्थापना गर्ने | संख्या | १ | | १ | १ | | | २ | |
| २ | उच्च शिक्षा प्रदान गर्ने संस्थाहरूको न्यूनतम भौतिक पूर्वाधार विकास गर्ने | संख्या | | | १ | १ | २ | २ | २ | |
| ३ | उच्च शिक्षामा दक्ष, क्षमतावान र कर्तव्यनिष्ठ तथा पेशाप्रति समर्पित जनशक्तिको व्यवस्थापन गर्ने | संख्या | १५ | ० | ५ | ५ | २ | ३ | १५ | १० |
| ४ | उच्च शिक्षा अध्ययनका लागि अपाङ्गता भएका तथा आर्थिक रुपले विपन्न जेहेन्दार विद्यार्थीहरुका लागि छात्रवृत्ति प्रदान गर्ने | संख्या | ८५ | | ५ | १० | १० | १० | ३५ | ५ |
| ५ | उच्च शिक्षामा अंग्रेजी, गणित तथा विज्ञान विषयका कार्यक्रमहरु सञ्चालन गर्ने | क्याम्पस | १ | | | १ | १ | १ | १ | १ |
| ६ | उच्च शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील बनाउन योजना निर्माण गरी कार्यान्वयन गर्न सहयोग गर्ने | पटक | ५ | ० | १ | १ | १ | १ | ५ | निरन्तर |
| ७ | उच्च शिक्षामा विभिन्न साझेदार निकायहरुको लगानी तथा साझेदारी वृद्धि गर्न कार्यविधि तथा मापदण्डको निर्माण तथा अध्यावधिक | पटक | ५ | ० | १ | १ | १ | १ | ५ | निरन्तर |

## परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन

### ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

#### ६.१.१ परिचय

आधुनिक राज्य व्यवस्थामा सुशासन र जनशक्ति व्यवस्थापनको सवाल एक महत्वपूर्ण सवाल हो । त्यसैले पनि भन्ने गरिन्छ- "सुशासन राज्यप्रणालीमा प्राणी जगतलाई नभई नहुने वायु जस्तै हो जसको उपस्थितिको बारेमा खासै चासो राखिँदैन तथापि यसको अनुपस्थितिले भने जीवनमा ठूलो फरक पर्दछ । " सुशासनको बारेमा हाम्रो मुलुकमा पनि बेलाबेलामा चर्चा भइरहन्छ । सुशासनको खम्वाको रूपमा रहेका कानुनी शासन, सहभागिता, पारदर्शिता, उत्तरदायित्व र जवाफदेहिता, समता र समावेशिता, प्रभावकारिता र मितव्ययिताजस्ता कुराहरूको पालना भएन र धज्जी उडाउने काम शासकबाट भयो भन्ने कुराहरूको बारेमा बेलाबेलामा चर्चापरिचर्चा हुनु हाम्रो मुलक र हाम्रो प्रदेशमा नौलो मानिदैन । शिक्षा क्षेत्रमा यसको बहस झनै चर्को रूपमा उठ्ने गरेको छ । सामान्यतया गुणस्तर भन्नाले उपभोक्तालाई बस्तु वा सेवाबाट प्राप्त हुने सन्तुष्टि हो । उपभोक्तालाई प्राप्त हुने सन्तुष्टिको स्तर जति उच्च हुन्छ, वस्तु वा सेवा त्यत्ति धैरै गुणस्तरीय भन्ने बुझिन्छ । शिक्षामा गुणस्तर भन्नाले पहिलो कुरा, परिवार र समुदायबाट सहयोग र प्रोत्साहन प्राप्त स्वस्थ र सिकाइका लागि उत्प्रेरक सिकारु, दोश्रो कुरा, सिकाइका लागि स्वस्थ, सुरक्षित, लैङ्गिक समतामूलक र उपयुक्त स्रोतसाधन र सुविधायुक्त वातावरण, तेश्रो कुरा, साक्षरता, जीवनोपयागी सिप र ज्ञान लगायत लैङ्गिकता, स्वास्थ्य, पोषण, सङ्क्रामक रोगहरूबाट बचावट गर्नका लागि सान्दर्भिक हुने पाठ्यक्रम, विषयवस्तु र शैक्षिक सामग्री, चौथो कुरा, सिकाइ सहजीकरणमा प्रवर्धन र विभेदको न्यूनीकरणलाई सहयोग पुग्ने गरी उपयुक्त कक्षाकोठा, विद्यालय र मूल्याङ्कन प्रणालीमा आधारित तालिमप्राप्त र दक्ष शिक्षकबाट सहजीकरण गरिएको बालकेन्द्रित शिक्षण प्रणाली र पाँचौं कुरा, शिक्षाका राष्ट्रिय लक्ष्य र समाजमा सकारात्मक सहभागिताको परिपूर्ति हुने गरी ज्ञान, सिप र अभिवृत्ति भएका नागरिकहरूको उत्पादन आदि पर्दछन् । (UNICEF, June, २०००)

शिक्षामा सुशासन र गुणस्तर व्यवस्थापन एउटै सिक्काका दुई पाटाजस्तै अन्तरसम्बन्धित विषयहरू हुन । एउटाको उपस्थिति भएको ठाउँमा अर्कोको उपस्थिति पनि अनिवार्य मानिन्छ । अर्थात जहाँ सुशासन हुन्छ त्यहाँ गुणस्तर पनि हुन्छ । त्यसैगरी जहाँ गुणस्तर हुन्छ त्यहाँ सुशासन पनि हुन्छ । यसको विपरित जहाँ सुशासन हुँदैन त्यहाँ गुणस्तरका कुरा गर्नु पनि हास्यास्पद हुन्छ र गुणस्तर नभएको ठाउँमा सुशासनको अवस्था कमजोर हुनु पनि अन्यथा नभई स्वभाविक मानिन्छ । हाम्रो मुलुकको शिक्षामा सुशासन र गुणस्तर सङ्कटमा परेका कुराहरू धैरै पहिलेदेखि उठिरहेका छन् । सुशासन र गुणस्तरलाई उच्च बनाउनका लागि विभिन्न समयमा विभिन्न प्रयासहरू पनि हुँदै आएका छन् तथापि प्रयासहरू त्यति सफल भएको देखिँदैन, जति हुनुपर्थ्यो । योजनाको यस खण्डमा सुशासन र शैक्षिक गुणस्तरको वर्तमान अवस्थाको विश्लेषण गर्दै यससँग सम्बन्धित चुनौती र अवसरहरू, योजनाले निर्धारण गरेका उद्देश्य र रणनीतिहरू, योजनाका अपेक्षित उपलब्धि र लक्षित क्रियाकलापहरूलाई सिलसिलेवार किसिमबाट प्रस्तुत् गरिएको छ ।

#### ६.१.२ वर्तमान अवस्था

विगत लामो समयसम्म सरकार र शैक्षिक कार्यक्रमहरूको प्राथमिकता शिक्षामा सबैको पहुँच हुनु पर्ने विषयले पाएको अवस्था हो । अबका सरकार र कार्यक्रमहरूले भने पहुँचका साथसाथै गुणस्तरलाई समेत प्राथमिकतामा राखेको अवस्था छ । शिक्षालाई व्यावहारिक, रोजगारमूलक, वैज्ञानिक, जीवनोपयोगी, सान्दर्भिक,प्रतिस्पर्धी आदि जे बनाउने भनेपनि त्यो भनेको गुणस्तरीय शिक्षा हो भन्ने कुरामा कसैलाई द्विविधा छैन । अबको सरकार र सरकारका योजना, नीति र कार्यक्रमहरूले यिनै शब्दावलीहरूको प्रयोग गर्दै शिक्षालाई सम्बोधन गरेको अवस्था छ ।

विद्यालय क्षेत्र विकास योजनाले शिक्षाको गुणस्तरलाई सम्बोधन गर्दै सिकाइको वातावरण, पाठ्यक्रम, शिक्षण सिकाइको सामग्री (पाठ्यपुस्तक लगायत), विधि, मूल्याङ्कन तथा परीक्षाको सान्दर्भिकता तथा गुणस्तरीयतामा अभिवृद्धि गराई विद्यार्थीको सिकाइमा सुधार सुनिश्चित गर्नु पर्ने

कुरामा जोड दिएको थियो । राष्ट्रिय शिक्षा नीति २०७६ ले सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरूपको मानव संशाधन विकास गर्ने लक्ष्य राखेको छ । शिक्षालाई गुणस्तरीय बनाउनका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले पाठ्यक्रम र मूल्याङ्कनमा समेत परिमार्जन गरेको छ । अबको शिक्षण सिकाइ र मूल्याङ्कनका क्रियाकलापहरूले शिक्षाको संज्ञानात्मक पक्षको मात्र लेखाजोखा नगरी उसको सिप, व्यवहार र अभिवृत्तिको समेत मूल्याङ्कन गर्ने गरी हरेक विषयमा पच्चीस प्रतिशत भार आन्तरिक मूल्याङ्कनका लागि व्यवस्था गरेको छ ।

शिक्षाका संरचनाहरू पनि व्यवस्थित र आवश्यकता अनुसारका हुन सकिरहेका छैनन् । संस्थागत संरचनाका चुरो कुरो भनेको नीति नियम र कानुनको निर्माण गर्नु हो । त्यो काम हुन सकेको छैन । संविधानको मर्म अनुरूप शिक्षा, शिक्षक र निजामती सेवाका कानुनहरू निर्माण हुन नसकिरहेको अवस्था छ । यसकारण पनि कतिपय प्रदेश र स्थानीय तहहरूले जागरुकता देखाएर बनाएका ऐन कानुन पनि कामयावी हुन नसकिरहेको अवस्था छ । उल्लिखित विश्लेषणबाट बोध हुन्छ कि नेपालमा शिक्षाको क्षेत्रमा सुशासन र गुणस्तर व्यवस्थापनको पाटो अपेक्षाकृत प्रभावकारी हुन नसकिरहेको अवस्था छ । यी दुबै पक्ष प्रभावकारी नहुनुमा यसलाई परिचालन गर्ने मानिस वा जनशक्ति पनि सक्षम र इमान्दार भएनन् कि भन्ने कुरा पनि त्यत्तिकै जल्दोबल्दो किसिमबाट उठिरहेको छ । काम गर्ने मानिसहरू किन सक्षम र इमान्दार हुन सकेनन् त भन्ने कुरालाई सिंहावलोकन गरेर विश्लेषण गर्नु पर्ने भएको छ । कतै इमान्दारीपूर्वक काम गर्नेहरू होर्चाअर्घेलोमा परेका छन् भन कतै काम नगर्नेहरू सम्मान र प्रसंशाको पगरी पाउनेमा परेका छन् । कतै काम गर्नका लागि जनशक्तिको अभाव छ भने कतै जनशक्तिले काम नपाएर घाम तापेर बसेको अवस्था छ । कतै सुविधाको उपभोग गर्न पनि भ्याइनभ्याइ छ भने कतै सुविधाको नाममा तोकिएको तलवभत्ता बाहेक अरू केही छैन । एउटै ऐन कानुनबाट प्रवेश गरेकाहरूको बिचमा समेत विभेद छ । प्रभावकारी कानुनको अभावमा कतिपय सुशासन र गुणस्तर व्यवस्थापन सँगसँगै जनशक्ति व्यवस्थापनका पाटो समेत बिलखबन्दमा परेको देखिन्छ ।

शिक्षण संस्थाहरूमा कतिपय स्वअभिप्रेरित जनशक्तिले अनुकरणीय काम गरेको अवस्था छ । दृष्टान्तको रूपमा कतिपय सामुदायिक विद्यालयहरूमा प्रधानाध्यापक र तिनीहरूको टिमले विद्यालयलाई आकर्षणको केन्द्र बनाउन सफल भएका सन्दर्भहरूलाई लिन सकिन्छ । कतिपय विद्यालयलाई पनि गुणस्तरीय शिक्षा प्रदान गर्ने सवालमा त्यहाँ काम गर्ने टिमले अहोरात्र खटेर काम गरेको अवस्था छ । हाम्रा धेरै विद्यालयहरू भने मर्नु र बाँच्नुको अवस्थामा छन् । कतै शिक्षकहरू धेरै छन् विद्यार्थीहरू छैनन् । कतै विद्यार्थीहरू धेरै छन् शिक्षकहरू छैनन् । सरकारले शिक्षकहरूलाई अपायक हुने गरी शिक्षक दरबन्दीको कटौती र पुनर्वितरण गर्न नसकेको अवस्था छ । संघ सरकारले गर्न नसकेको काम स्थानीय तहले काज सरुवा गरी केही हदसम्म समाधान गरेको छ । कतिपय शिक्षकहरू वर्षौंदेखि घरदेखि टाढा काम गरेको अवस्था छ भने कतिपयले घरै नछोडेर एउटै विद्यालयबाट निवृत्त भएको अवस्था छ ।

### ६.१.३ चुनौती र अवसर

शैक्षिक सुशासन र गुणस्तर व्यवस्थापनमा मुलुकमा थुप्रै चुनौतीहरू छन् जसमध्ये समयमा शिक्षा ऐन र कानुनहरू निर्माण गरेर कार्यान्वयन गर्नु, शिक्षालयहरूमा आवश्यकता अनुसारको शिक्षक दरबन्दी पदपूर्ति गर्नु, शिक्षामा अब्बल क्षमताको उम्मेदवारहरूलाई प्रवेश गराउनु, जनशक्ति व्यवस्थापनको सवालमा विद्यालय व्यवस्थापन समितिको कामलाई विश्वसनीय र निष्पक्ष बनाउनु, शिक्षालयका कर्मचारी र अध्यापकलाई तोकिएको जिम्मेवारीप्रति जिम्मेवार बनाउनु, कामको आधारमा दण्ड र पुरस्कारको व्यवस्थापन गर्नु, उपयुक्त स्थानमा उपयुक्त व्यक्तिको व्यवस्थापन गर्नु, शिक्षालयहरूको नियमनकारी भूमिकालाई प्रभावकारी बनाउनु, शिक्षालयहरूलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्नु, बालविकासका सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीलाई कानुनले तोकेको न्यूनतम पारिश्रमिक उपलब्ध गराउनु, शिक्षामा पर्याप्त लगानीको सुनिश्चित गर्नु आदि प्रमुख रूपमा रहेका छन् । मुलुकमा बल्झिएका यिनै चुनौतीहरूका कारण रास्कोट नगरपालिकासमेत उल्लिखित चुनौतीहरूबाट अछुतो हुन नसिकरहेको अवस्था छ ।

यसका अतिरिक्त रास्कोट नगरपालिकामा भएका शिक्षाका अवसरहरूको कुरा गर्नु पर्दा शिक्षा क्षेत्रमा नगरपालिकाले मनग्य लगानी गरेको, सम्बन्धित तहका स्थायी शिक्षकहरूलाई प्रधानाध्यापकमा नियुक्त गरी कामकाजमा लगाएको, अधिकार र जिम्मेवारीका आधारमा प्रधानाध्यापक लगायत शिक्षकहरूसँग कार्यसम्पादन करार गर्ने तयारी गरेको, शिक्षक दरबन्दीको सिर्जना गरी शिक्षक दरबन्दी अपर्याप्त भएका विद्यालयहरूमा शिक्षक दरबन्दी वितरण कार्यविधि तयारी गरेको, धरधूरी सर्वेक्षण मार्फत सामाजिक क्षेत्र लगायत तथ्याङ्कहरू अद्यावधिक गरेको, उच्च शिक्षा अन्तर्गत मेडिकल साइन्स इन्जिनियरिङ र चार्टर्ड एकाउन्टेन्सी अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था गर्नु प्रर्ने, स्थानीय आवश्यकतामा आधारित स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरेको र पाठ्यपुस्तकको निर्माण गर्नु पर्ने आदिलाई शिक्षामा सुशासन र गुणस्तर प्रवर्धन गर्नका लागि नगरपालिकाले विकास गरेका अवसरहरूको रूपमा लिन सकिन्छ ।

### ६.१.४ उद्देश्यहरू

योजनाको यस उप-क्षेत्रको लक्ष्य शिक्षामा सुशासन र गुणस्तर व्यवस्थापन मार्फत नागरिक समाजलाई समतामूलक र समावेशी किसिमबाट शैक्षिक व्यवस्थापनमा समान किसिमले जिम्मेवार बनाउँदै नगरपालिकाको शैक्षिक पद्दतिलाई सबैका निम्ति पारदर्शी, विश्वससीय र मितव्ययी बनाउनु रहेकामा यस अन्तर्गतका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

१. सबै प्रकारका सिकारुहरूको गुणस्तरीय शिक्षामा सहज पहुँच र सोको व्यवस्थापनका लागि आवश्यक संस्थागत संरचना स्थापना गर्नु ।
२. नगरपालिकाको अब्बल शैक्षिक जनशक्तिलाई अन्य पालिका, प्रदेश वा विदेश पलायन हुनबाट रोकी आफ्नै नगरपालिकामा काम गर्नका लागि प्रोत्साहित गर्नु ।
३. पढाइ तथा सिकाई सिप विकासका लागि शिक्षण माध्यम सुधार, सेवा प्रणाली सवलीकरण , अभिभावक र समुदायको सहयोग तथा संलग्नता अभिवृद्धि गर्नु ।
४. गुणस्तरीय शिक्षाप्रतिको सरोकारवालाहरूको बुझाइमा परिमार्जन र शिक्षामा उनीहरूको सहभागितालाई शैक्षिक अभिमुखीकरण र प्रशिक्षणका तथा सार्वजनिक सुनुवाईका माध्यमबाट शैक्षिक सुशासन कायम गर्नु ।

### ६.१.५ रणनीतिहरू

प्रस्तुत् उद्देश्यहरू पूरा गर्नका लागि देहायका रणनीतिहरू अवलम्बन गरिएको छ :

१. विद्यालयहरूमा काम गर्ने वैतनिक र अवैतनिक व्यक्तिहरूको शैक्षिक पृष्ठभूमि, सामाजिक क्षेत्रमा गरेको योगदान, मूल्यनिष्ठ व्यक्तित्व आदिको समेत मनोवैज्ञानिक परीक्षण र विश्लेषण गरी ठीक ठाउँमा ठीक ब्यक्तिको चयन गर्ने कार्यलाई पालिकाको शिक्षा सम्बन्धी ऐन कानुनमा व्यवस्था गरी कार्यान्वयन गरिने छ ।
२. कानुनमा एउटा विद्यालयमा विशेष अवस्था बाहेक बढीमा पाँच वर्षभन्दा बढी समय प्रधानाध्यापक एवम् शिक्षक भई काम गर्न नपाउने गरी सरुवा प्रणालीलाई पारदर्शी, निष्पक्ष र अनुमानयोग्य बनाई लागु गरिने छ ।
३. जनप्रतिनिधि, अभिभावक, शिक्षाप्रेमी र समाजसेवीहरूको बाहुल्यता हुने गरी विद्यालय व्यवस्थापन समिति गठन गर्ने र विद्यालय व्यवस्थापन समितिले गरेका निर्णयहरूको कार्यान्वयन गर्नका लागि कार्यकारी अधिकार प्रधानाध्यापकलाई हुने गरी कानुन बनाई कार्यान्वयन गरिने छ ।
४. निवृत्त र अवकाशप्राप्त शैक्षिक व्याक्तिव र योग्य शिक्षकहरूको समेत रोष्टर तयार गरी नगरपालिकाभित्र शैक्षिक सुपरीवेक्षण, अनुगमन, अनुसन्धान, तालिम आदि सञ्चालन गरिने छ ।

५. विद्यालय व्यवस्थापन समितिमा प्रधानाध्यापकबाट पेश भएका प्रस्तावहरूलाई अनुमोदन गर्ने वा नगर्ने वा संशोधन सहित गर्ने अधिकार निहित राखी अनुमोदन भएका निर्णयहरूको कार्यान्वयन गर्ने पूरा अधिकार प्रधानाध्यापकलाई हुने गरी कानुनी व्यवस्था गरी सोको प्रभावकारी कार्यान्वयन गरिने छ ।

६. प्रधानाध्यापकलाई आफ्नो जिम्मेवारी इमान्दारीपूर्वक सम्पादन गर्न उत्प्रेरित गर्नका लागि प्रोत्साहन स्वरूप खाइपाइ आएको तलवको कम्तिमा पनि १०प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गरिने छ ।

७. विद्यालय व्यवस्थापन समितिको क्रियाशिलतामा अभिभावकहरूसँगको संवाद र अन्तरक्रियालाई निरन्तरता प्रदान गरी अभिभावक र शिक्षाका सरोकारवालाहरूलाई बालबालिका र शिक्षालयप्रति जिम्मेवार हुन अभिप्रेरित गरिने छ।

८. विद्यालयहरूमा सम्पादन गर्ने कामलाई सार्वजनिक सुनुवाइ, वेभसाइट, डिजिटल बोर्ड, नोटिस बोर्ड, गुनासो एवम् सुझाव पेटिका, नियमित अन्तरक्रिया र संवाद मार्फत सार्वजनिक गरिने छ ।

९. प्रत्येक विद्यालयमा नागरिक वडापत्र अनिवार्य राखिने छ ।

१०. विद्यालयको आम्दानी दाखिला र भुक्तानी प्रणालीलाइ बैंक मार्फत गरिने छ ।

११. शैक्षिक कार्यविधि र प्रक्रियालाई प्रक्रियामुखीभन्दा पनि परिणाममुखी बनाई कार्यसम्पादन गर्ने गरी संयन्त्रको निर्माण एवम् कार्यान्वयन गरिने छ ।

१२. प्रारम्भिक कक्षामा पढाइ सेवा प्रणाली सुधार तथा सुदृढीकरण गर्न नियमित अनुगमन तथा पृष्ठपोषण प्रणाली सुदृढ गराइने छ।

१३. अनौचारिक शिक्षा, निरन्तर शिक्षा र खुला शिक्षाको क्षेत्रमा काम गर्नका लागि स्थानीय तहमा साधन, स्रोत र प्रविधिसम्पन्न सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन गरिने छ ।

१४. सिकारुको मूल्याङ्कनको आधारमा सिकारुका सिकाइका कमजोर पक्षहरू, सिकारुले थप सुधार गर्नुपर्ने पक्षहरू, शिक्षकले गर्नुपर्ने थप शिक्षण क्रियाकलापसमेत स्पष्ट हुने गरी विद्यार्थीको प्रगति विवरण कार्ड तयार गरी समय-समयमा अभिभावकलाई समेत प्रदान गरिने छ ।

१५. शिक्षालय सिकारुको हो। त्यसकारण शिक्षालय अरूको भावना र इच्छा अनुसार होइन कि सिकारुको भावना र इच्छाअनुसार चलायमान हुनुपर्छ भन्ने कुरालाई आत्मसात गरी विद्यार्थीको उत्प्रेरणाको स्तर र विद्यालयको बालमैत्री वातावरणको अभिवृद्धि हुने गरी PLAS (Planning of Learning Achievement by Students) कार्यक्रम, विहानीपख विद्यालय खुल्ने समयमा हरेक दिन शिक्षकहरूबाट विद्यार्थीहरूलाई भलाकुसारीका साथ स्वागत गर्ने र सोही समयमा विद्यालय परिसरमा बालमनोविज्ञान र राष्ट्रिय भावनामा सकारात्मक प्रभाव पार्ने किसिमका गीतसङ्गीत श्रवण कार्यक्रम, विद्यार्थीहरूको बौद्धिकता (Intelligence) पहिचान कार्यक्रम आदि जस्ता कार्यक्रमहरू सञ्चालन गरी विद्यार्थीको सक्षमताको पहिचान र जगेर्ना गरिने छ ।

१६. विभिन्न प्रकारका जोखिम र हिंसामा परेका परेका बालबालिकाहरूका लागि मनोसामाजिक परामर्श तथा शैक्षिक पुनर्लाभको व्यवस्था गरिने छ ।

१७. उत्कृष्ठ विद्यालयहरूलाई नमुना विद्यालयको रूपमा विकास गरी त्यस्ता विद्यालयहरूबाट अरू विद्यालयहरूले सिक्ने गरी प्रेरणादायी वातावरणको विकास गरिने छ ।

१८. संस्थागत विद्यालय र सामुदायिक विद्यालयहरूले गरेका राम्रा अभ्यासहरू एक अर्कालेे अनुकरण र कार्यान्वयन गर्ने गरी उपयुक्त वातावरण सिर्जना गरिने छ ।

१९. अभिभावक लगायत नागरिक सबैका लागि शिक्षा साझा सरोकारको विषय हो भन्ने कुराको सहजीकरण गरी विद्यालय र बालबालिकाको विकासमा अपनत्वको भावना विकासका लागि बस्ती बस्तीहरूमा बस्ती वा टोल शिक्षा समिति गठन गरी शैक्षिक जागरणका कार्यहरू सञ्चालन गरिने छ ।

### ६.१.६. प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि (Outcomes)**

१. शिक्षामा सुशासन र गुणस्तरमा अभिवृद्धिमार्फत विद्यालयलाई समतामूलक र समावेशी किसिमबाट शैक्षिक शुशासनमा समान किसिमले जिम्मेवार बनाउदै शैक्षिक पद्दति पारदर्शी, विश्वासनीय, गुणस्तरीय र मितव्ययी हुने ।

**ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | नतिजा | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | आइएमइआइएस,सिप अभिवृद्धि तालिम प्राप्त विद्यालय संख्या | ३२ | ३२ | ३२ | ३२ | ३२ | ३२ |
| २ | प्रारम्भिक कक्षामा पठन सिप विकास भएको हुने तथा कक्षामा सिकाई माध्यम सुधार तथा प्राणाली सुधार भएको हुने । | १ | २ | २ | २ | २ | ९ |
| ३ | कामको आधारमा पुरस्कार, प्रोत्साहन र वृत्ति विकासको अवसर प्रदान हुने | १ | १ | १ | १ | १ | १ |
| ४ | विद्यालयहरू हरेक किसिमका अभावबाट मुक्त गराई न्याय, समता, शान्ति र सुशासनका क्षेत्रको रूपमा स्थापित भएका हुने । | १ | १ | १ | १ | १ | १ |
| ५ | विद्यालयमा नागरिक वडापत्र राखिएको विद्यालय संख्या | ५ | १५ | २५ | ३२ | ३२ | ३२ |
| ६ | विद्यालयहरूले सम्पादन गर्ने क्रियाकलापहरू प्रति सरोकारवालाहरूको सहभागिता र सोच सकारात्मक र प्रेरणादायी हुने र विद्यालयको आम्दानि दाखिला र भुक्तानी प्रणालिलाइ बैंक मार्फत भएको हुने प्रणालिको विकास । | १ | १ | १ | १ | १ | ५ |
| ८ | नगरपालिकाको अब्बल जनशक्ति नगरपालिकाको विकासका निम्ति प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नगरपालिकाको उन्नति र प्रगतिका लागि खुसीपूर्वक समर्पित भएको हुनकालागि वातावरणको निर्माण। | १ | १ | १ | १ | १ | ५ |
| ९ | सक्षम शिक्षकलाई प्रधानाध्यापक बनाई विद्यालयको विकासका लागि प्रधानाध्यापकलाई अधिकार सम्पन बनाइएको हुने । | १ | १ | १ | १ | १ | ५ |
| १० | विद्यार्थीलाई सरकारले प्रदान गर्ने हरेक निःशुल्क सामग्री लगायत वित्तीय सहयोग र सुविधाहरूको रकम बैङ्क मार्फत उनीहरूकै खातामा भौचर पद्दतिबाट उपलब्ध गराइएको हुने। | १ | १ | १ | १ | १ | ५ |
| ११ | विभिन्न प्रकारका जोखिम र हिंसामा परेका बालबालिकाहरूका लागि मनोसामाजिक परामर्श तथा शैक्षिक पुनर्लाभको व्यवस्था गरिएको हुने । | १ | १ | १ | १ | १ | ५ |
| १२ | उत्कृष्ठ विद्यालयहरूलाई नमुना विद्यालयको रूपमा विकास गरी त्यस्ता विद्यालयहरूबाट अरू विद्यालयहरूले सिक्ने गरी प्रेरणादायी वातावरणको विकास गरिएको हुने । | १ | १ | १ | १ | १ | ५ |
| १३ | संस्थागत विद्यालय र सामुदायिक विद्यालयहरूले गरेका राम्रा अभ्यासहरू एक अर्कालेे अनुकरण र कार्यान्वयन गर्ने गरी उपयुक्त वातावरण सिर्जना गरिएको हुने । | १ | १ | १ | १ | १ | ५ |
| १४ | विद्यालय प्रोफाइल,सामाजिक परीक्षण र अन्तिम लेखापरीक्षण गरिएको हुने । | १ | १ | १ | १ | १ | ५ |
| १५ | विद्यालय र बालबालिकाको विकासमा अपनत्वको भावना विकासका लागि | १ | १ | १ | १ | १ | ५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बस्ती बस्तीहरूमा बस्ती वा टोल शिक्षा समिति गठन गरी शैक्षिक जागरणका कार्यहरू सञ्चालन गरिएको हुने । | | | | | | |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.२.१ वर्तमान अवस्था

सन् २०३० सम्मका लागी विश्वव्यापी रुपमा तय गरिएका दिगो विकासका १७ लक्ष्यहरुमा लक्ष्य ४ गुणस्तरीय शिक्षामा केन्द्रित छ । लक्ष्य ४ विशेष गरी समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चित गर्ने र जीवन पर्यन्त शिक्षाका अवसर उपलब्ध गराउने उल्लेख गरेको छ । यो लक्ष्य हासिल गर्न बिभिन्न प्रयासहरू भएतापनि उचित प्रतिफल देखा परेका छैन । विगतमा तर्जुमा गरिएका शिक्षा नीतिको कार्यान्वयन पक्ष कम्जोर हुँदा औपचारिकताका लागी मात्र तर्जुमा भएको देखिन्छ । तसर्थ, यो योजना यस रास्कोट नगरपालिकाको शिक्षा क्षेत्रको आवश्यकता, अवसर र सम्भावनाको आँकलन गरी बनाइएको हुँदा यस नगरपालिकाको शैक्षिक गतिविधिलाई व्यवस्थित गर्ने आधारमात्रको रुपमा हेरिएको छ । यसको प्रभावकारी कार्यान्वयनको लागी सम्पूर्ण सरोकारवालाहरूको एकीकृत प्रयासको आवश्यकता पर्दछ । पालिकाभित्रको विशिष्ठ परिवेश सापेक्ष शिक्षा नीति निर्माण गरी सोहीअनुरुप पको रणनीति र कार्यनीति तयार गरिएको हुँदा यस नगरपालिकाको शिक्षा क्षेत्रको विकासमा यो उपयोगी दस्तावेज हुन सक्छ । विगतमा संचालित शिक्षा क्षेत्रमा कार्यक्रमहरुले शिक्षाको पहुँच र सहभागीता समेट्न नसके को अवस्थामा समावेशी शिक्षाको विश्वव्यापी मान्यतालाई मध्यनजर गरी यो शिक्षा क्षेत्र योजना तर्जुमा गरि कार्यान्वयन गर्न लागीएको हो। यस योजनासाँग सम्बन्धित सम्पूर्ण पक्षहरूको समावेशी सहभागीता सुनिश्चित गरी कार्य नगरपालिकाको कुनै एक सदस्यको संयोजकत्वमा स्थानीय शिक्षा योजना कार्यान्वयन तथा समन्वय समिती गठनगरिनेछ। उक्त समितीको सदस्य-सचिवमा नगरपालिकाको शिक्षा शाखा प्रमुखलाई तोकिने छ। साथै यो शिक्षा क्षेत्र योजनाको कार्यान्वयनको जिम्मेवारी मुख्यरुपमा यही समितिले गर्नेछ। यो समितीको कार्य निम्न बमोजिम हुनेछ।

- शिक्षा क्षेत्र योजना तर्जुमामा नेतृत्वदायी भूमिका निर्वाह गर्ने।
- शिक्षा क्षेत्र योजना अन्तरगत तर्जुमा गरिएका नीति तथा रणनीतिहरू कार्यपालिका मार्फत सभाबाट पारित गराउने र कार्यान्वयनका लागी बजेटको सुनिश्चितता गर्ने
- शिक्षा क्षेत्र योजनालाई आवश्यकता अनुरुप बार्षिक रुपमा अध्यावधिक गर्नेगराउने,
- यो शिक्षा क्षेत्र योजना अन्तरगतका कार्यक्रमरू सञ्चालन गर्नेगराउने,
- स्थानीय सरकार र अन्य संघ-संस्थाबाट पालिका क्षेत्रभित्र सञ्चालन हुनेशिक्षा क्षेत्रका कार्यक्रमरू बीच समन्वय गर्नेगराउने, समितिसूचकमा आधारित भई शिक्षा क्षेत्र अन्तरगतका कार्यक्रमकोअनुगमन गर्ने,
- कार्यक्रमकोगुणस्तर सुनिश्चित गर्न नियमित रूपमा कार्यक्रमकोअनुगमन र समीक्षा गर्ने अन्य सहयोगी निकार्यहरूबीच समन्वय गर्ने,
- शिक्षा अन्तरगतका नगरपालिका क्षेत्र सम्बन्धि अध्ययन, अन्वेषण गर्नेगराउने, र अन्य आवश्यक कार्यहरू गर्ने, गराउने,

### ६.२.३ लक्ष्य

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु।

### ६.२.४ उद्देश्य

१. स्थानीय तहमा सञ्चालन हुनेशैक्षिक कार्यक्रमकार्यान्वयनमा समन्वय र सहकार्यलाई सुदृढिकरण गरी यो रास्कोट नगरपालिकाको शिक्षा योजनालाई प्रभावकारी बनाउन सरोकारवालाहरूलाई सुसूचित गर्नु ।
२. यो नगरपालिका शिक्षा क्षेत्र योजना अन्तरगतका स्वीकृत कार्यक्रमकार्यान्वयनबाट बालबालिकामा न्यूनतम सिकाई सुनिश्चित गर्न समग्र विद्यालय शिक्षाको पहुँच , गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धीको लागी आवश्यक सहजीकरण गर्नु

३. शिक्षा क्षेत्र योजनाका उप-क्षेत्र अन्तरगत तर्जुमा गरिएका कार्यक्रमको कार्यान्वयनमा एकरूपता कार्यम गर्न प्रभावकारी शैक्षिक व्यवस्थापन गर्न मदत पयुा्उनु,
४. बार्षिक कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा प्रभावकारीता अभिवृद्धी गर्न सम्बन्धित तह/ निकार्यको भूमिका स्पष्ट गरी अपेक्षित नतिजा हासिल गर्न जिम्मेवार र जवाफदेही बनाउनु
५. बार्षिक कार्यक्रम कार्यान्वयन र स्रोत परिचालन एवंम् प्रतिवेदन पद्दतिलाई दिशानिर्देशन गर्नु/ गराउनु।

**६.२.५ रणनीतिहरू**

१. नीति तर्जुमा आधारित अनुगमन प्रणालीको माध्यमबाट कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी शिक्षित नतिजा सुनिश्चित गर्न नीति निर्देशन तथा समन्वय गर्ने।
२. संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सर्शत अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी बार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने।
३. कार्यक्रम कार्यान्वयनका लागी आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने।
४. एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने।
५. विद्यालयमा विद्यालय व्यवस्थापन समिती र शिक्षक अभिभावक संघ गठनगर्नेर विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने।
६. विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गर्ने।
७. विद्यालय व्यवस्थापन सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागी प्राध्यानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने।
८. वित्तिय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धि आवश्यक मापदण्ड तयार गरी लागुगर्ने।
९. अभिभावक तथा सरोकारवालाहरूसग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजीक परीक्षणलाई प्रभावकारी बनाउने।
१०. समुदायिक सिकाई केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागी साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आयआर्जन र सिप विकासका कार्यक्रमरू सञ्चालन गर्दै आजीवन सिकाई केन्द्रका रूपमा समेत कार्य गर्ने

**६.२.६ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धि**

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चित भएको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

१. शिक्षा क्षेत्र योजनाका उप-क्षेत्र अन्तरगत तर्जुमा गरिएका कार्यक्रमको कार्यान्वयनमा एकरूपता कायम गर्न प्रभावकारी शैक्षिक व्यवस्थापन गरिएको हुनेछ ।

२. सबै विद्यालयमा विद्यालय व्यवस्थापन समिती र शिक्षक अभिभावक संगको सहाकार्यबाट विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक भई कार्यान्वयनमा सहजीकरण भएको हुनेछ ।

३. समुदायिक सिकाई केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागी साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आयआर्जन र सिप विकासका कार्यक्रमरू सञ्चालन गर्दै आजीवन सिकाई केन्द्रका रूपमा कार्य सम्पादन भएका हुनेछन्।

४. शिक्षाका सबै निकार्य तथा विद्यालयमा सुशासन प्रबद्धान भई बालबालिकाको सिकाईप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

५. स्थानीय तहमा सञ्चालन हुने शैक्षिक कार्यक्रम कार्यान्वयनमा समन्वय र सहकार्य सुदृढिकरण भएको हुनेछ ।

६. स्वीकृत कार्यक्रम कार्यान्वयनबाट बालबालिकामा न्यूनतम सिकाई सुनिश्चित गर्न समग्र विद्यालय शिक्षाको पहुँच, गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धीको लागी आवश्यक सहजीकरण भएको हुनेछ ।

७. बार्षिक कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा प्रभावकारीता अभिवृद्धी गर्न सम्बन्धित तह/ निकार्यको भूमिका स्पष्ट गरी अपेक्षीत नतिजा हासिल गर्न जिम्मेवार र जवाफदेही बनेका हुनेछन्।

### ६.२.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. स | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष ) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | बार्षिक बजेट तथा कार्यक्रम निर्माण | बर्ष | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| २ | शिक्षा क्षेत्र योजनाको प्रभावकारी कार्यान्वयनको लागी आवश्यक कानुन निर्देशिका तथा कार्यविधिको विकास | पटक | १९ | २ | २ | २ | २ | १ | ९ | १० |
| ३ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | बर्ष | १० | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | उपलब्ध शिक्षा क्षेत्रगत कानुन निर्देशिका मापदण्डको छपाई तथा प्रबोधीकरण | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| ५ | लगानीको लागी स्थानीय गैससहरूसँग साझेदारी | बर्ष | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| ६ | एकिकृत शैक्षिक सूचना प्रणाली सुदृढिकरण | निरन्तर | १९ | १ | २ | २ | २ | २ | ९ | १० |
| ७ | सम्बद्ध सबैसंस्थाहरूको लागी सामाजीक परीक्षण | पटक | ५ | १ | १ | १ | १ | १ | | ५ |
| ८ | अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्नअभिभावक भेला तथा बैठकहरू आयोजना | पटक | ४ | ० | १ | १ | १ | १ | ४ | निरन्तर |

# परिच्छेद :७ लगानि र स्रोत व्यवस्थापन

## ७.१ परिचय

आर्थिक पक्ष सबै कुराको आधार हो । सबल अर्थव्यवस्था भएको राष्ट्रमा हरेक पक्षका विकास गुणात्मक हिसाबले हुन्छ । शिक्षा समाज विकासको आधार स्तम्भ हो । शिक्षा प्रणालीसँग राष्ट्रको भविष्य पनि जोडिएको हुन्छ । राष्ट्रिय विकासका लागि हरेक क्षेत्रमा आवश्यक पर्ने मानव संशाधनको विकास देशको स्तरीय शिक्षा प्रणालीबाट मात्र सम्भव हुन्छ । त्यसैले शिक्षा प्रणालीले समयको आवश्यकतालाई बुझ्नुपर्छ, २०७९) । ज्ञानको विष्फोटन भइरहेको वर्तमान समयमा पाठ्यक्रम, पाठ्यवस्तु, शिक्षण विधि, परीक्षा प्रणाली, मूल्याङ्कन पद्दतिमा परिवर्तन गर्दै जानुपर्छ । समयको मागलाई शिक्षा प्रणालीले सम्बोधन गर्न सक्नुपर्छ जसको लागि सबल अर्थ व्यवस्थाको आवश्यकता राज्यले शिक्षा क्षेत्रमा प्रशस्त लगानी गर्न सक्नुपर्छ । समाज, समुदाय, व्यक्तिले पनि शिक्षालाई पहिलो प्राथमिकतामा राखी खर्च गर्नुपर्छ र मात्र शिक्षा व्यवस्थामा आमुल परिवर्तन हुन्छ । शिक्षामा सरकारी, गैरसरकारी, वैदेशिक सहयोगबाट स्रोत सङ्कलन हुन्छ भने वर्तमान समयमा विद्यालय शिक्षामा सरकारी क्षेत्र अन्तर्गत केन्द्र सरकार, प्रदेश सरकार, स्थानीय सरकारबाट आर्थिक सहयोग प्राप्त हुन्छ । त्यसै गरी गैर सरकारी क्षेत्र अन्तर्गत घरपरिवार, व्यक्ति, विद्यार्थी, विभिन्न संघसंस्था चन्दादाताबाट पनि रकम प्राप्त हुन्छ । वैदेशिक सहयोग अन्रतगत विभिन्न मुलुक तथा दातृनिकाय आदिबाट प्राप्त हुने सहयोगलाई लिन सकिन्छ । यी र यस्तै क्षेत्रबाट वित्तीय साधन तथा स्रोतहरु सङ्कलन भई विद्यालय शिक्षाका विभिन्न पक्षहरुमा स्रोत बाँडफाँड गरी सञ्चालन हुँदै आएको छ । यसैगरी शिक्षामा स्वयम् विद्यार्थी र अभिभावकको ठूलो लगानी भएको पाइन्छ । एउटा प्रत्यक्ष लगानी विद्यार्थीले शुल्कको रुपमा बुझाउँछन भने अर्को अप्रत्यक्ष लगानी आफ्ना बालबच्चाका लागि पाठ्यपुस्तक, स्टेशनरी, विद्यालय पोशाक आदि अभिभावकले गर्छन् । त्यसैगरी राज्यले विद्यालयमा आवश्यक पर्ने सारा भौतिक व्यवस्थापन, खाजा खर्च मानव संशाधन व्यवस्थापन र पारिश्रमिक व्यवस्थापन राज्यले गर्छ (श्रेष्ठ र साथीहरु, २०७७) । विद्यालय शिक्षामा सुधार ल्याउने विभिन्न प्रकारका स्रोतहरु छन् । जसमा सरकारी स्रोत अन्रतगत प्रत्यक्ष स्रोत र अप्रत्यक्ष स्रोतहरु पर्दछन् । खासगरी सरकारले विद्यालय शिक्षामा सामान्य आय, सामान्य कर, भन्सार, शुल्क, निसर्त आय, निसर्त कर, ऋण, चिठ्ठा, अनिवार्य श्रम जस्ता पक्षबाट खर्च व्यवस्थापन गर्ने पहल गर्छ भने विदेशी दाताहरुले अनुदान रकम ऋण स्वरुप विद्यालय शिक्षाको विकासको लागि आर्थिक व्यवस्थापन गरी दिन्छन् । गैर सरकारी संस्थाले, दानदातव्य, ऋण रकम, शैक्षिक शुल्कहरु विद्यालयलाई उपलब्ध गराउँछन् । वर्तमान समयमा कतिपय विद्यालयहरुले आर्थिक पक्षको उचित व्यवस्थापन गर्न नसक्दा त्यहाँको शैक्षिक, भौतिक, सामाजिक पक्ष जटिल भई त्यसको असर विद्यालयको गुणस्तरमा पनि पर्दै गएको अवस्था छ । यसका लागि विद्यालयका प्रधानाध्यापकसँग प्रशासनिक, सुपरीवेक्षण, व्यवस्थापनका अतिरिक्त विद्यालयमा वित्तीय प्रशासन खरिद व्यवस्थापन स्रोत सङ्कलन, स्रोत परिचालन, प्राथमिकताको आधारमा खर्चको बाँडफाँड गरी समग्र विद्यालयको व्यवस्थापकीय पक्षको विकास गर्ने क्षमता पनि हुनुपर्छ । साथै समय-समयमा खर्चको पारदर्शिताका लागि विद्यालयमा लेखा परीक्षण गराई आय-व्ययकोप्रतिवेदन सार्वजनिक समेत गर्नुपर्छ । विद्यालयको आर्थिक हैसियत हेरी भोली मितव्ययी हिसाबले रकम खर्च गर्ने, केही रकम ठूलो भैपरी आएमा त्यसलाई समाधान गर्न बचत समेत गरेर राख्नुपर्छ । यसरी आर्थिक कारोबारलाई नियमित, मितव्ययी, प्रभावकारी, पारदर्शी, जवाफदेही र औचित्यपूर्ण बनाई प्रचलित लेखाप्रणाली अनुसार सरलीकृत बनाइ, एकरुपता कायम गर्ने समयमा नै आर्थिक प्रतिवेदन तयार गर्न तथा लेखा परीक्षण कार्यका लागि आवश्यक विवरण तथा कागजपत्र चुस्तदुरुस्त राख्ने कार्यमा सहजीकरण तत्कालीन शिक्षा विभाग (हाल शिक्षा तथा मानव स्रोत विकास केन्द्र) ले विद्यालय लेखाङ्कन दिग्दर्शन २०७४ समेत तयार गरी कार्यान्वयननमा छ । यद्यपी आर्थिक स्रोत सङ्कलन, प्राथमिकताको आधारमा विभाजन, कामको प्रगति मूल्याङ्कन, आर्थिक खर्चको पारदर्शी योजना बनाउनु सामान्य काम होइन, यसका लागि विशेष सीप र तालिमको आवश्यकता पर्छ । विद्यालयको आर्थिक स्रोत सबल भएर मात्र पुग्दैन, त्यसको प्रभावकारी व्यवस्थापन पनि गर्न सक्नुपर्छ । सामुदायिक विद्यालयको वर्तमान अवस्था के कस्तो छ ? आर्थिक स्रोत के के हुन्? आवश्यकता अनुसार आर्थिक स्रोतले धान्छ, धान्दैन ? नधान्ने अवस्थामा स्रोतको खोजी कसरी गर्ने ? भन्ने विषयमा चर्चा गरी सोको निष्कर्ष निकाल्नुपर्छ (२०६७) । विद्यालयमा अनेकौँ समस्याहरु हुन्छन् । तिनको समाधान आर्थिक पक्षको उपलब्धताले मात्र हुन्छ । त्यसैले आर्थिक व्यवस्थापनका लागि प्र.अ.ले. विशेष भूमिका निर्वाह गरी स्रोत सङ्कलन र परिचालन गर्नुपर्छ । आर्थिक पक्ष जटिल विषय हो । स्रोत जुटाउन, व्यवस्थापन गर्न,

परिचालन गर्न त्यति सजिलो छैन । फेरी आर्थिक हर हिसाब पारदर्शी हुनुपर्छ । अन्यथा एकातर्फ संस्थामा वित्तीय संकट देखापर्छ भने अर्कोतर्फ प्रधानाध्यापकको विश्वासनियता माथि शंका उत्पन्न हुन्छ र विद्यालयमा द्वन्द उत्पन्न हुनसक्छ । त्यसैले उपलब्ध रकमलाई परिचालन गरी लेखा परीक्षण गराई जहिल्यै पनि दुरुस्त राख्नुपर्छ ।

**७.२ वर्तमान अवस्था**

शैक्षिक गुणस्तर सुधार र दक्ष एवं सिपयुक्त जनशक्ति तयार गर्नका लागी आर्थिक पक्ष महत्वपूर्ण हुने गर्दछ । शिक्षा क्षेत्रमा नेपाल सरकारले हरेक आर्थिक वर्षमा विनियोजन गर्ने बजेटलाई मध्यनजर गर्दा हरेक आ.व मा कुल बजेटको करिव १०प्रतिशत भन्दा न्युन अवस्थामानै विनीयोजन गर्ने गरेको पाइन्छ । तेसै गरि कर्णाली प्रदेशमा कुल बिनियोजित बजेटको ३प्रतिशत( आ.व २०८१-०८२ को बजेट बक्तब्य भन्दा कम बजेट विनीयोजीत गर्ने गरेको पाईन्छ । स्थानीय स्तरका कुरा गर्दा रास्कोट नगरपालिकाले समानीकरणको कुल बजेटको ३०प्रतिशत बजेट आ.व २०८१-०८२ मा शिक्षामा विनीयोजन गरेको पाइन्छ । जुन रकम विद्यालय क्षेत्रको समग्र पक्षको सुधार गरि गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि अप्रयाप्त नै देखिन्छ । विनीयोजीत बजेटमा पनि न्यायोचित वितरणको अभाव,शुसासन र पारदर्शिताको अभाव , दृढ राजनीतीक इच्छा शक्तिको अभाव , राजनीतीक अस्थिरता बढ्दो भ्रष्टाचार आदिका कारण लक्षित ठाउमा पुगेको अवस्था छैन यस्ता कुराहरुलाई मध्यनजर गर्दै शिक्षा क्षेत्रमा आवश्यकता अनुसारको बजेट विनीयोजन र सोको प्रभावकारी उपयोग गरि गुणस्तरीय शिक्षा हासिल गरि बिश्व परिवेश तथा देश सिहाउदो दक्ष तथा सिपयुक्त जनशक्ति तयार गर्नु चुनौतिकै विषय रहेको छ । रास्कोटको समग्र शैक्षिक क्षेत्रको विकास गरि गुणस्तरीय शिक्षा प्रदान गर्ने मनसायले १० वर्षे रणनीतिक नगर शिक्षा योजना निर्माण गर्ने जमर्को गरेको छ ।

**७.३ चुनौतीतथा अवसरहरु**

आवश्यक्ता अनुसारको बजेट विनीयोजन र वितरणमा असहजता हुनु, राजनीतीक इच्छा शत्तीको अभाव देखिनु, अभिभावक तथा शिक्षकमा इमानदारीता त्याग र समरपर्णको अभाव,विद्यार्थीहरुको शतप्रतिशत उपलब्धी हासिल गर्ने कुरामा असहजता आदी चुनौतिको रुपमा रहेका छन भने रास्कोट नगरपालिकाका अन्तरगतका सबै विद्यालयहरु पूर्णरुपमा भौतीक आर्थिक तथा वातावरणीय दृष्टिले सम्पन्न भई गुणस्तरीय सिकाइको लागि उपयुक्त रहेका, बालबालिका हरुको सर्वाङगीण विकास देखिनु, दक्ष जनशक्ति उत्पादन भइ आर्थिक विकासमा महत्वपूर्ण टेवा पुग्ने अवसरहरु रहेका छन

**७.४ लक्ष्य**

शिक्षा क्षेत्रमा आवश्यकता अनुसारको वित्तिय व्यवस्थापन गरी गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु ।

**७.५ उदेश्य :**

१. आवश्यकता अनुसार वित्तीय स्रोतको व्यवस्थापन गर्ने ।
२. समानुपातिक र आवश्यकताका आधारमा बजेट वितरण गर्ने ।
३. बजेट तर्जुमा प्रणालीमा सुधार गर्ने (एकृकीत बजेट र खर्च) ।
४. वित्तीय रेखाङ्कन तथा प्रतिवेदन प्रणालीमा समय सापेक्ष सुधार गर्ने ।
५. आन्तरिक लेखा परीक्षण नियमित तथा प्रभाभकारी बनाउने ।

**७.६ रणनीति**

१. आर्थिक वर्षको शुरुमै नगरशिक्षाले आवश्यक बजेको अनुमान गरी सम्बन्धित निकायमा माग गर्ने ।

२. विद्यालयमा आफ्नै स्रोतको पहिचान र उपयोग गरी आयआर्जनमा ध्यान दिने ।

३. आवश्यक्ताको आधारमा बजेट विनियोजन गर्ने ।

४. विद्यालय शिक्षामा कानुनमा तोकिएबमोजिम संघीय र प्रदेश सरकारसंग लागत साझेदारीमा कार्यक्रम सञ्चउलन गर्ने।

५. शिक्षामा सरकारी अनुदान खर्चको जिम्वेवारी नगरपालिकाको भएकाले शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न जबाफदेही हुने पद्धतीको विकास गर्ने ।

६. सुत्र र नतिजामा आधारित स्रोत विनीयोजन पद्धतीको अंगिकार गर्ने ।

७. अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपुरक, सर्शत र विशेष अनुदानको अवलम्वन गरिने।

८. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्दतिको अवलम्वन गरिने।

### ७.७ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

१. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवस्यक स्रोतको व्यवस्थापन भएको हुने छ ।

२. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिममेवारी र उत्तरदायित्व सुदृढ भएको हुने छ ।

३. स्थानीय तहमा विद्यालय शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा सुधार हुनेछ ।

**प्रमुख नतिजा**

१. विद्यालय शिक्षाको गुणस्तर सुधारको लागि आवश्यक स्रोतको पहिचान र परिचालन हुनेछ।
२. विद्यालय शिक्षाका हरेक निकायमा कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व निर्वाह भएको हुनेछ ।
३. मापदण्डका आधारमा खर्च गर्ने पद्धतिको विकास हुनेछ।
४. निजी शिक्षण संस्थाहरूले सार्वजनिक सेवा, समाजिक उत्तरदायित्त्व र सेवामुलक रूपमा विद्यालय सञ्चालन गरेका हुनेछन् ।
५. स्रोत व्यवस्था र परिचालनमा समुदाय र गैससहरूसँगको साझेदारी विकास भएको हुनेछ ।
६. सबै शिक्षण संस्थाहरूको समाजिक परीक्षण भएको हुनेछ ।

## ७.८ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष

| क्र. सं. | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | पाचँ वर्षका लागि कार्यक्रमगत स्रोत अनुमान | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | कार्यक्रमहरूको प्राथमिकीकरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ३ | लगानीको लागि स्थानीय गैससहरूसँग साझेदारी | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | नतिजामा आधारित स्रोत विनियोजन पध्दति विकास तथा कार्यान्वय | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | खर्चको प्रक्रिया र तीनै तहका सरकारको भूमिका र दायित्व सम्बन्धि कार्यशाला सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ६ | योजनामा आधारित स्रोत बाँडफाड लगानी गर्ने प्रणालीको स्थापना अध्यावधिक | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ७ | सुत्र र नतिजामा आधारित स्रोत विनियोजन सम्बन्धि तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ८ | विद्यालयको लेखा प्रणाली सुदृढीकरणको लागि लेखासम्बन्धि तालिम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

## ७.९ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान

हाल रास्कोट नगरपालिकाले कुल बार्षिक बजेटको ३६.१७ प्रतिशत शिक्षा क्षेत्रमा बिनियोजन गरेको छ । सङ्घ र प्रदेश सरकारले भन्दा स्थानीय सरकारले बढी शिक्षामा लगानी बृद्धि गरेको देखिन्छ । नगर सरकारले छुट्यायको बजेटको अधिकांश स्रोत शिक्षकको तलब, थप तलब लगाएतको चालु खर्चमा खर्च भइरहेको छ । हालको लगानी प्रारम्भिक बाल विकास, आधारभूत शिक्षा, माध्यमिक शिक्षामा शिक्षकको क्षमता बृद्धि, नमुना बिद्यालय, बाल मैत्री बिद्यालय, खानेपानी तथा स्वाच्छता सम्बन्धी, बाल बगैँचा, हरियाली, बिद्यालय भवन, जिरो दरबन्दी भएका बिद्यालयहरूलाई शिक्षक अनुदान, भैतिक सुधार, प्रशासनिक सुधारमा लगानी, विधार्थी प्रतिभा प्रस्फुटन्, आवास व्यवस्थापन, सिकाइ आपुरण तथा द्रुत सिकाइ लगाएतका क्षेत्रमा कम लगानी भएको अवस्था छ । आगामी दिनहरूमा यी क्षेत्रमा बजेट तथा कार्यक्रम बढाउनका लागि थप पहल गर्ने लक्ष्य लिइएको छ । यस योजनाको सुनिश्चितताको लागि त बजेट स्रोतको व्यवस्थान गरिने छ ।

यो योजनामा शिक्षाका सबै क्षेत्र अन्तर्गत प्रस्ताव गरिएका कार्यक्रम अनुसार बजेट अनुमान गरिएको छ । बजेट अनुमान गर्दा सबैका लागि नि शुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितता सहित गुणस्तर सुधारलाई विशेष ध्यान दिइएकोको छ भने प्रारम्भिक बालविकास तथा शिक्षामा न्यूनतम सक्षमताका मापण्ड पूरा गरी गुणस्तरीय सेवा सुनिश्चित गर्नका लागि आवश्यक हुनेगरी लगानीमा वृध्दि गर्न पर्ने आवश्यकतालाई ख्याल गरेर लगानी वृध्दि गरिएको छ। माध्यमिक शिक्षालाई निःशुल्क गर्न, सान्दर्भिकता बढाउन र गुणस्तर सुधार गर्न, भर्ना वृध्दि तथा टिकाउ दर बढाउन र व्यवसायिक सीप तथा प्रविधिमा आधारित सिकाईको गुणस्तर सुधार गर्न आवश्यक पर्ने बजेट समावेश गरिएको छ । आगामी ५ वर्ष यो शिक्षा क्षेत्र योजना अन्तर्गतका गतिविधिलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न र सेवा प्रवाहलाई प्रभावकारी र सयम सापेक्ष बनाउन स्थानीय निकाय, विषयतगत कार्यालय, अ/गैसस, विकास साझेदार, निजी क्षेत्र तथा समदुाय समेतको साझेदारीमा जम्मा रु ९७ करोड ४३ लाख ३७ हजार श्रोत परिचालनको लागि प्रस्ताव गरिएको छ । विषयगत क्षेत्र अनुसार श्रोत अनुमान, बजेट बाडफाँड र नपगु बजेटको स्थिति तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र. सं. | शिक्षा योजनाका उपक्षेत्रहरू | प्रस्तावित बजेट (रु.हजारमा) | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाचौँ वर्ष | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ९७७७ | १०००० | १०५०० | १०१०० | १०१५० | २३२७७७ | ५.१८ |
| १.१ | ELDS Report Card को प्रयोग | ३०० | ३३० | ३६३ | ३९९ | ४३९ | १८३१ | |
| १.२ | स्थानीय एकिकृत प्रारम्भिक बाल विकास (LIECDP) योजना तर्जुमा र कार्यान्वयन | ० | २५० | ६० | ७० | ८० | ४६० | |
| १.३ | प्रारम्भिक बाल विकास संचालक समिति गठन तथा सवलीकरण | ० | ५० | ६० | ७० | ८० | २६० | |
| १.४ | कक्षा कोठा व्यवस्थापन | ० | १५५० | १५० | ३०० | ३०० | २३०० | |
| २ | आधारभूत शिक्षा | ७०५२४ | ७१००० | ७१५०० | ७२००० | ७२५०० | ३५७५२४ | ३६.६९ |
| २.१ | कक्षा कोठा व्यवस्थापन | ५८०० | ६३८० | ७०१८ | ७७२० | ८४९२ | ३५४१० | |
| २.२ | निरन्तर विद्यार्थी लेखाजोखा प्रणाली सवलीकरण | ० | १५०० | १६५० | १८१५ | १९९७ | ६९६२ | |
| २.३ | घुम्ती शिक्षक बैठक | ३० | ४० | ५० | ६० | ७० | २५० | |
| २.४ | शिक्षण सिकाई आपुरण (कक्षा १-८) | ० | ५६७ | ५६७ | ५६७ | ५६७ | २२६८ | |
| ३ | माध्यमिक शिक्षा | २२४५८ | २२९०० | २३४०० | २३९०० | २४४०० | ११७०५८ | १२.०१ |
| ३.१ | कक्षा कोठा व्यवस्थापन | ० | ८०० | ८८० | ९६० | १०५६ | ३६९६ | |
| ३.१ | निरन्तर विद्यार्थी लेखाजोखा प्रणाली सवलीकरण | ८० | १६० | १७६ | १९३ | २१३ | ८२२ | |
| ३.२ | घुम्ती शिक्षक बैठक | ० | २० | २५ | ३० | ४० | ११५ | |
| ३.३ | शिक्षण सिकाई आपुरण (कक्षा ९-१२) | ० | १०२० | १०८० | १०८० | १०८० | ४३२० | |
| ३.४ | विद्यालयमा खानेपानी तथा सरसफाई | ० | ४०० | ४०० | ४०० | ४०० | १६०० | |
| ४ | पाठ्यक्रम,पाठ्यपुस्तक,सिकाई सामग्रि तथा मूल्याङ्कन | ५०० | ८०० | १००० | १००० | १००० | ४३०० | ०.४४ |
| ४.१ | आ. पाठ्यपुस्तक तथा सिकाइ सामग्री | ० | ५०० | ५५० | ६०५ | ६६५ | २३२० | |
| ५ | शिक्षक व्यवस्थापन र विकास | १३०६५ | १६००० | १६००० | १६००० | १९००० | ८००६५ | ८.२२ |
| ५.१ | ऊ. शिक्षक तालिम तथा क्षमता विकास | ३०० | ३३० | ३६३ | ३९९ | ४३९ | १८३१ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | अनौपचारिक शिक्षा र जीवनपयान्त सिकाई | १८६९ | २००० | २००० | २५०० | २५०० | १०८६९ | १.१२ |
| ६.१ | विद्यालय बाहिर रहेका बालबालिकाको तथ्यांक संकलन | ० | १५० | १६५ | १८५ | २०० | ७०० | |
| ६.२ | सामुदायिक सिकाई केन्द्र सञ्चालन | ९०० | ९०० | १२०० | १४०० | १५०० | ६१०० | |
| ६.३ | रूपान्तरण कक्षा सञ्चालन | ० | ३४५ | ३८० | ४१७ | ४६० | १६०२ | |
| ६.४ | राष्ट्रिय योग्यता प्रारूप (NQF) कार्यान्वयन | ० | ० | ३०० | ३५० | ४०० | १०५० | |
| ६.५ | किशोर-किशोरीहरूलाई सीप विकास सहयोग | ० | १००० | १००० | १००० | १००० | ४००० | |
| ६.६ | किशोर-किशोरीहरूलाई व्यवसायिक योजना निर्माणमा सहयोग | ० | २५० | २५० | २५० | २५० | १००० | |
| ६.७ | किशोर-किशोरीहरूलाई बजारसंग आवद्दता | ० | ५० | ५० | ५० | ५० | २०० | |
| ७ | प्राविधिक तथा व्यवसायिक शिक्षा | ३२०० | ३२०० | ३२०० | ३२०० | ३२०० | १६००० | १.६४ |
| ८ | शैक्षिक समता र समावेशीकरण | ४८०८ | ५००० | ५००० | ५५०० | ६००० | २६३०८ | २.७० |
| ८.१ | अभिभावक क्षिक्षा | ५० | ५० | ५० | ५० | ५० | २५० | |
| ८.२ | अपांगता भएका बालबालिकालाई सहयोग तथा IEP | ० | १०० | १०० | १०० | १०० | ४०० | |
| ८.३ | SATC सवलीकरण | ० | १००० | १००० | १००० | १००० | ४०००० | |
| ८.४ | मातृभाषामा सिक्षण सिकाई क्रियाकलाप प्रवर्धन | ० | ० | ० | ० | ० | ० | |
| ८.५ | छात्रवृत्ति तथा प्रोत्साहन | ११९९ | १३१९ | १४५१ | १५९६ | १७५५ | ७३२० | |
| ९ | दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम | १७७०८ | २०००० | २०२०० | २०४०० | २०४५० | ९८७५८ | १०.१३ |
| १० | विद्यालय सुरक्षा विपद व्यवस्थापन तथा उतथानशिलता | ५०० | ८०० | १००० | १००० | १००० | ४३०० | ०.४४ |
| १०.१ | बृहत्तर विद्यालय सुरक्षा कार्ययोजना (CSSMP) तर्जुमा र कार्यान्वयन | ० | २०० | २०० | २०० | २०० | ८०० | |
| १०.२ | जलवायु परिवर्तन अनुकुलन सहयोग | | १५० | १५० | १५० | १५० | ६०० | |
| ११ | विद्यालयको भौतिक पूर्वाधार विकास | १०००० | १०००० | १०५०० | १०५०० | १०५०० | ५१५०० | ५.२८ |
| ११.१ | निर्माण कार्य | ० | ५०००० | ५५००० | ६०५०० | ६६५५० | २३२०५० | |
| ११.२ | उपकरण तथा जडान सामग्री | २५९५ | २८५५ | ३१४० | ३४५४ | ३७९९ | १५८४३ | |
| १२ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | सुशासन तथा व्यवस्थापन | ४८० | ५०० | ५०० | ५०० | ५०० | २४८० | ०.२५ |
| १३९१. | संस्थागत क्षमता विकास | १४१२९ | १४१२९ | १४५०० | १४५०० | १५००० | ७२२५८ | ७.४२ |
| १३.२ | स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | १५३७० | १५३७० | १५५०० | १५५०० | १६००० | ७७७४० | ७.९८ |
| १४ | अनुगमन तथा मूयांकन | ५०० | ५०० | ६०० | ६०० | ८०० | ३००० | ०.३१ |
| १५ | लगानी र स्रोत व्यवस्थापन | ३०० | ३०० | ३०० | ३५० | ४०० | १६५० | ०.१६ |
| क. | तलब तथा पारिश्रमिक | ८२२५४.४ | ९०४७९.८ | ९९५२७.८ | १०९४८०.६ | १०४२८.७ | ३९२१७१.३ | |
| ख. | कार्यक्रम खर्च | ० | ५०० | ५५० | ६०५ | ६६५.५ | २३२१.५ | |
| | **कुल जम्मा रकम** | **१८५१८८** | **१९२४९९** | **१९५७००** | **१९७५५०** | **२०३४००** | **९७४३३७** | **१००** |

# परिच्छेद ८: अनुगमन तथा मूल्याङ्कन

## ८.१ वर्तमान अवस्था

योजना तर्जुमा गरेर कार्यान्वयन कार्य अन्तर्गत अपेक्षित परिवर्तन र वास्तविक परिवर्तनको विश्लेषण गर्ने प्रक्रिया नै मुल्याङ्कन हो । मुल्याङ्कन क्रियाकलाप लक्षित भएर दिशा निर्देश गर्दछ । लगानीको उपलब्धि मापन गर्ने काम मुल्याङ्कनले गर्दछ । मुल्याङ्कनले कार्यक्रमको डिजाइन गर्न, सुधार गर्न, प्रभावकारी गराउन र पुनरावलोकन गर्न सहयोग गर्दछ । जवाफदेहीताको लागी, योजनाको विस्वसनीयता वृध्दि गर्न, तुलना गर्न र योजनालाई सुधार गर्न पनि मुल्याङ्कन आवश्यक हुन्छ । त्यसकारण मुल्याङ्कन कार्यक्रमको अभिन्न अङ्ग हो । यो शिक्षा क्षेत्र योजना अन्तर्गत तर्जुमा गरेर स्वीकृत गरिएका शैक्षिक कार्यक्रमरूमा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटीहरू छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरू निरन्तर तालिका अनसुर समय अनुसार कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मखु भएका छन् वा छैनन् भन्नेकुरा लक्ष्य गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुननिरीक्षण, पर्यवक्षेण एवंम जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ । शैक्षिक कार्यक्रमरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारीताको सन्दर्भमा सुव्यवस्था एवम् उद्देश्यपूर्ण ढङ्गले जाचँबुझ तथा लेखाजोखा गर्ने कार्य मुल्याङ्कन हो । मुल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रीत हुन्छ । अनुगमन सामान्यतया कार्यक्रम कार्यान्वयनको मात्र गरिन्छ भने मुल्याङ्कन कार्यक्रम सञ्चालनका चरण साथै कार्यक्रम सम्पन्न भए पश्चातपनि गरिन्छ । अनुगमन र मुल्याङ्कन शैक्षिक कार्यक्रमरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन् । राष्ट्रिय शिक्षा नीति २०७६ शैक्षिक कार्यक्रमको प्रारम्भिक, मध्यावधि र अन्तिम मुल्याङ्कन गर्नुपर्ने प्रावधान राखेको छ । त्यसैगरी शिक्षा क्षेत्र योजनाले पनि कार्यक्रमको मध्यावधिक र अन्तिम मुल्याङ्कन गर्ने तथा विद्यार्थीको आवधिक र निरन्तर मुल्याङ्कन गर्नुका साथै शिक्षकहरूको पनि कार्यसम्पादन मुल्याङ्कन गर्ने नीति लिएको छ । सबै विद्यालयहरुमा एकीकृत प्रतिवेदन प्रणालीको विकास भै नसक्नु, सहभागितात्मक तथा सामूहिक अनुगमन तथा मुल्याङ्कन प्रणालीको सुनिश्चितताको आभाब हुन, अनुगमन तथा मुल्याङ्कनमा सूचना तथा प्रविधिको उपयोग विस्तार तथा व्यवस्थित हुन नसक्नु, नतिजामा आधारित अनुगमन हुन नसक्नु, योजनाको कार्यक्रमको प्रभावकारी कार्यान्वयन, अनुगमन, मुल्याङ्कन, समन्वय र सहजीकरण गर्न पर्याप्त जनिशक्त नहुनु, जनिशक्तको अभाव हुनु, भएका जनशक्तिमा पनि यस्तो ज्ञान सीप र क्षमता पर्याप्त नहुनु, अनुगमन र मुल्याङ्कनलाई प्राथमिकतामा नराख्नु, कार्यक्रम कार्यान्वयन गर्न अनुगमन तथा मुल्याङ्कन गर्न स्रोत सामग्री र आर्थिक अभाव हुनु, कार्य मुल्याङ्कनका आधारमा राम्रो गर्नेलाई प्रोत्साहन, मुल्याङ्कन र परस्कृत गर्न र अनुचित गर्नेलाई दण्ड गर्न नसक्नु आदि जस्ता यावत कारणले विद्यालय सपुरिवेक्षण अन्तर्गत अनुगमन संयन्त्रको व्यवस्था र कार्यान्वय अन्योलताको अवस्था देखिन्छ । यसका लागि राष्ट्रिय मापदण्डको तर्जुमा हुन आवश्यक रहेकोछ । उक्त मापदण्ड अनुरूप स्थानीय तहिले आ-आफ्नो क्षेत्रमा योजनावद्ध रूपले विद्यालयमा स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तकको प्रयोग, शिक्षण सिकाई क्रियाकलापको सञ्चालन, विद्यार्थी मुल्याङ्कन, विद्यालयको सूचना र अभिलेख व्यवस्थापन, शिक्षक र कर्मचारीको परिचालन, आर्थिक कारोबारको लेखा र लेखा परीक्षण लगायतको नियमन तथा शैक्षेणिक योजना निर्माण, शिक्षण सामग्रीको निर्माण र प्रयोगको सुपेरिवेक्षण गरी शिक्षण सिकाई क्रियाकलाप सञ्चालनमा शिक्षकलाई पेसागत सहयोग गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

## ८.२ लक्ष्य

स्थानीय तहको शिक्षा क्षेत्रको अनुगमन तथा मुल्याङ्कनको एकत्रित प्रणाली विकास भई नतिजामा आधारित अनुगमन तथा मुल्याङ्कन प्रणालीको व्यवस्थापनको प्रवर्धन गर्ने ।

**८.३ उद्देश्य**

१. अनुगमन तथा मुल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास गर्नु ।

२. अनुगमन तथा मुल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु ।

३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चनुौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।

४. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयनको लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्नु ।

५. कार्यक्रमको तेस्रो पक्षबाट कार्यक्रमको प्रभावकारिता मुल्याङ्कन, समाजिक तथा लेखा परीक्षण लगायतका कार्यलाई आवश्यकता अनुसार सहजीकरण गर्नु ।

**८.४ रणनीतिहरू**

१. अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले तोकेबमोजिम अनिवार्य तथा नि: शुल्क शिक्षा कार्यान्वयनको अवस्थाकोप्रतिवेदन तयार गरी स्थानीय तहमा पेस गर्ने ।

२. कार्यक्रमको कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।

३. प्रभावकारी अनुगमनको लागि संयन्त्र निर्माण गर्ने ।

४. शैक्षिक अनुगमन तथा मुल्याङ्कन मार्गदर्शन निर्माण र प्रयोग गर्ने ।

५.कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन रप्रतिवेदनको लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने ।

६. नतिजामुलक अनुगमन तथा मुल्याङ्कन प्रणाली अवलम्वन गर्ने ।

७. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परिक्षालाई थप व्यवस्थित र नियमित गर्ने

८. कक्षाकोठाको सिकाईको अनुगमन, सुपेरिवेक्षण तथा मुल्याङ्कनलाई प्रभावकारी बनाउन कार्यस्थिमा आधारित अनुगमन, मुल्याङ्कन, सुपेरिवेक्षण एवंम प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने ।

९. योजनाअन्तर्गत सञ्चालित कार्यक्रम तथा पररयोजना वा क्रियाकलापहरूको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मुल्याङ्कन प्रणाली स्थावपत गर्ने ।

**८.५ प्रमुख उपलब्धि र नतिजा**

**उपलब्धी**

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणालिको विकास भएको हुने छ ।

२. नतिजा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुने छ ।

३. योजना कार्यान्वयका चरणमा आएका  समस्या तथा चुनौतिलाई सम्वोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुने छ ।

४. अनुगमन तथा मुल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुने छ ।

**प्रमुख नतिजा**

१. कार्यक्रमकोतेस्रो पक्षबाट कार्यक्रमको प्रभावकारिता मुल्याङ्कन, समाजिक तथा लेखा परीक्षण लगायतका कार्यहरू भएका हुनेछन्।

२.  योजना कार्यान्वयनका चरण आएका समस्या तथा चनुौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुनछे ।

३. अनुगमन तथा मुल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुनेछ ।

४. नतिजामा आधारित अनुगमन प्रणाली स्थावपत भइ योजना तथा कार्यक्रमकोप्रभावकारी कार्यान्वयन भएको हुनेछ ।

**८.९ प्रमुख क्रियाकलाप र परिणात्मक लक्ष्य**

| क्र. स | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | अनुगमन तथा मुल्यांकन संयन्त्र निर्माण/ अद्यावधिक | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | अनुगमन तथा मुल्यांकन मार्गदर्शन निर्माण/ अद्यावधिक | पटक | १ | ० | १ | - | - | - | १ | निरन्तर |
| ३ | नतिजामा आधारित अनुगमन तथा मुल्यांकन प्रणाली कार्यान्वयन | बार्षिक | २० | १ | ३ | ३ | ३ | ३ | १३ | ७ |
| ४ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथाप्रतिवेदन तयार गर्ने | पटक | १५ | १ | ३ | ३ | ३ | ३ | १३ | २ |
| ५ | स्थितिप्रतिवेदन तयार तथा छपाई | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ९ | कार्यक्रम कार्यान्वयन पशुस्तका तयारी | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| १० | विद्यालय कार्यसम्पादन एवंम मूयाङ्कन गर्ने, गराउने | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ११ | शिक्षा योजना कार्यान्वयनको मूल्याङ्कन | पटक | २ | ० | १ | - | - | १ | २ | निरन्तर |

## अनुसुचि-२: शिक्षा क्षेत्रका प्रमुख सुचकहरु

| क्र. सं. | सूचकहरु | रास्कोट नगरपालिकाको शिक्षा योजनाका मुख्य उपलब्धि अनुसार ५ वर्षे अपेक्षित लक्ष्य सूचक | |
|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास तथा शिक्षा | पहिलो ३ वर्ष | अन्तिम २ वर्ष |
| ११. | कुल भर्ना दर -GER) | ८३.९७ | ९९.४५ |
| १२. | खुद भर्ना दरNER) | ८२ ४५. | ९४४९. |
| १३. | लैङ्गिक समता सूचक | १.०३ | १.४ |
| १४. | प्रारम्भिक बालविकास तथा शिक्षाको अनभुवसहित कक्षा १ मा भर्ना हुने बालबालिकाकोप्रतिशत | ८५.४२ | ९३.९७ |
| १५. | निर्धारित योग्यता पुगेका शिक्षकप्रतिशत | १०० | १०० |
| १६. | आधारभूत तालिम प्राप्त शिक्षकप्रतिशत | १०० | १०० |
| २ | आधारभूत शिक्षा  कक्षा- ( १-८) | पहिलो ३ वर्ष | अन्तिम २ वर्ष |
| २१. | कुल प्रवेश दर (GIR) (कक्षा १) | १०३ २८. | १००००. |
| २ २. | खुद प्रवेश दर (NIR) (कक्षा १) | ९७ ८१. | १००००. |
| २३. | कुल भर्ना दर (GER) (कक्षा १- ५) | ११० ००. | १००००. |
| २४. | खुद भर्ना दर ( १कक्षा -५ ) | ९९ ००. | १००००. |
| २५. | कुल भर्ना दर (GER) (कक्षा ६- ८) | ११० ००. | १००००. |
| २६. | खुद भर्ना दर (NER) (कक्षा ६-८) | ९८ ००. | १००००. |
| २७. | कुल भर्ना दर ( GER) (कक्षा १-८) | ११५ ००. | १००००. |
| २८. | खुद भर्ना दर (NER) (कक्षा १-८) | ९८ ००. | १००००. |
| २९. | खुद भर्ना दरमा लैङ्गिक समता सूचक (GPI) (कक्षा १-८) | १ ०२. | १००. |
| २१.० | विद्यार्थी टिकाउ दर (८कक्षा ) | ९६.१९ | १०० |
| २११. | आधारभूत तह पुरा गर्नेदर | ९८ ००. | १००००. |
| २१२. | विद्यार्थी उत्तिर्ण दर (१कक्षा -५) | ९५ ००. | १००००. |

| | | | |
|---|---|---|---|
| २१३. | विद्यार्थी उत्तिर्ण दर (६कक्षा -८) | ९८ ००. | १००००. |
| २१४. | कक्षा दोहो(५-१) याउनेदर- | १२ ५४. | ८७८. |
| २१५. | कक्षा दोहो(८-६) याउनेदर- | ९ ७९. | ४९०. |
| २१६. | विद्यालय छाड्नेदर कक्षा (५-१) | २ ८९. | १४५. |
| २१७. | विद्यालय छाड्नेदर कक्षा (६-८) | २ ९०. | १४५. |
| ३ | माध्यमिक शिक्षा ( ९कक्षा -१२ ) | पहिलो ३ वर्ष | अन्तिम २ वर्ष |
| ३१. | कुल भर्ना दर (९कक्षा -१०) | ११०.८४ | १२१.९२ |
| ३२. | खुद भर्ना दर (९कक्षा -१०) | ९३.७५ | १०३.१३ |
| ३३. | १३ कुल भर्ना दर ( ९कक्षा -१२) | ७९.७७ | ८७.७४ |
| ३४. | खुद भर्ना दर ९( कक्षा-१२) | ६३.९४ | ७०.३४ |
| ३५. | कुल भर्ना ११( कक्षा ११-१२) | ५६.६६ | ६२.३३ |
| ३६. | खुद भर्ना दर ( कक्षा११-१२) | ४१.७८ | ४५.९६ |
| ३७. | खुद भर्ना दरमा लैङ्गिक समता सूचकाङ्ग ( ९कक्षा -१२ ) | ०.९८ | १.०० |
| ३ ८. | उत्तिर्ण दर ( ९कक्षा -१०) | १०८.१५ | ११०.८५ |
| ३९. | कक्षा दोहो याउनेदर- (९-१०) | ३.६१ | २.७१ |
| ३१. | विद्यालय छाड्नेदर (९कक्षा -१०) | १.९३ | १.४५ |
| ३११. | उत्तिर्ण दर (११कक्षा -१२) | ९५.४७ | १००.०० |
| ३१२. | कक्षा दोहो याउनेदर-(११कक्षा -१२) | ०.०० | ०.०० |
| ३१३. | विद्यालय छाड्नेदर (११कक्षा -१२) | ३.६६ | २.७५ |
| ४ | अनौपचारिक शिक्षा तथा निरन्तर सिकाई | पहिलो ३ वर्ष | अन्तिम २ वर्ष |
| ४१. | ५ वर्ष माथिको साक्षरता दर | ९० ००. | ९५००. |
| ४२. | १५- को २४साक्षरता दर | ९० ००. | ९५००. |
| ४३. | १५ वर्ष माथिको साक्षरता दर | ९७ | १०० |
| ५ | शिक्षक श्वस्थापन तथा पेसागत विकास | पहिलो ३ वर्ष | अन्तिम २ वर्ष |
| ५१. | महिला शिक्षकप्रतिशत (आधारभूत तह) | ४७ | ५५ |

| | | | |
|---|---|---|---|
| ५२. | महिला शिक्षक प्रतिशत माध्यमिक तह | ३५ | ४० |
| ६ | न्यूनतम सक्षमता अवस्था (PMEC) पूरा गरेका विद्यालयप्रतिशत | पहिलो ३ वर्ष | अन्तिम २ वर्ष |
| ६१. | प्रारम्भिक बालविकासतथा शिक्षा केन्द्रप्रतिशत | ७० | ९० |
| ६२. | आधारभूत विद्यालयप्रतिशत  (१ कक्षा-८) | ७० | ९० |
| ६३. | माध्यमिक विद्यालय प्रतिशत (१२-९ कक्षा) | ६० | ८५ |
| ७ | कुल बजेटमा शिक्षा क्षेत्रमा बजेट | पहिलो ३ वर्ष | अन्तिम २ वर्ष |
| ७१. | नगरपालिका बजेटमा शिक्षामा बिनियोजित बजेट (प्रतिशत) | १८ | २० |
| ७२. | प्रदेश बजेटमा शिक्षामा बिनियोजित बजेट (प्रतिशत) | १८ | २० |
| ७३. | संघीय  बजेटमा शिक्षामा (रावष्ट्र्य)बिनियोजित बजेट (प्रतिशत) | १७ | २० |

## सन्दर्भ सामग्रीहरू


१. नेपालको संविधान- २०७२
२. स्थानीय सरकार सञ्चालन ऐन -२०७४
३. दिगो विकास लक्ष्य- ( सन् २०१५-२०३० )
४. सोह्रौ आवधिक योजना- २०८१/०८२- २०८५/०८६
५. पन्ध्रौ आवधिक योजना
६. अनिवार्य तथा निःशुल्क शिक्षा ऐन- २०७५
७. राष्ट्रिय शिक्षा ऐन - २०७६
८. राष्ट्रिय शिक्षा पद्दतिको योजना- २०२८
९. राष्ट्रिय पाठ्यक्रम प्रारुप- २०७५
१०. स्थानीय सरकार सञ्चालन ऐन- २०७४
११. विद्यालय क्षेत्र विकास योजना -(२०७३-०७४/२०७७-०७८)
१२. विद्यालय शिक्षा क्षेत्र योजना- २०२२/२३ - २०३१/३२
१३. नेपाल जीवन स्तर मापन सर्वेक्षण- २०८०
१४. आर्थिक सर्वेक्षण २०८०,
१५. शिक्षा विज्ञान तथा सञ्चार मन्त्रालय
१६. "विभिन्न क्षेत्र तोकी बिभाजन गरेको", नेपाल राजपत्र, नेपाल सरकार, अन्तिम पहुँच जनवरी २०२२
१७. *"स्थानीय तहहरूको विवरण"*, www.mofald.gov.np/en (नेपालीमा), सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, अन्तिम पहुँच १७ जुलाई २०१८
१८. "सदरमुकामभित्रकै सम्पदा संरक्षणविहीन", सत्यपाटी (नेपालीमा), वि.सं. २०७५ आश्विन २, अन्तिम पहुँच २०२२-०२-०८। वेब्याक मेसिन अभिलेखिकरण २०२२-०२-०८ मिति
१९. "कालिकोट बजारको ईतिहास", पश्चिम नेपाल (नेपालीमा), २०१६-०८-२३, अन्तिम पहुँच २०२२-०२-०८
२०. "ओझेलमा कालिकोटका ऐतिहासिक, पुरातात्विक सम्पदा (फोटो फिचर)", खबर नेपाल, २०१९-०२-०८, अन्तिम पहुँच २०२२-०२-०८
२१. "सुन्दर कालिकोट", कान्तिपुर समाचार (नेपालीमा), अन्तिम पहुँच २०२२-०२-०८